# जीउ, ज्यान सम्बन्धी अपराधको प्रवृत्तिगत अध्ययन

प्रकाशक

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

अपराधशास्त्रीय अनुसन्धान केन्द्र

रामशाहपथ, काठमाडौं

# जीउ, ज्यान सम्बन्धी अपराधको प्रवृत्तिगत अध्ययन


**सम्पादन**

उपन्यायाधिवक्ता सोमकान्ता भण्डारी

**सम्पादन सहयोग**

शाखा अधिकृत उर्मिला जि.सी.

नायब सुब्बा चन्दन कुमार ठाकुर

**प्रकाशक**

महान्यायाधिवक्ताको कार्यालय, अपराधशास्त्रीय अनुसन्धान केन्द्र

प्रकाशित मितिः २०७४, भाद्र

प्रकाशन संख्याः १००० (एक हजार प्रति)

**सहयोग**

कानुनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रम,

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (RoLHR UNDP)

# विषय सूची


१. नेपालमा अपराधको प्रवृत्ति विश्लेषणः समस्या र चुनौतीहरु ....................................१

✍कृष्णजीवी घिमिरे

२.भवितव्य ज्यान सम्बन्धी अपराधको प्रवृत्ति : एक विश्लेषणात्मक अध्ययन...................१८

✍नारायणप्रसाद पौडेल

३.ज्यान सम्बन्धी अपराधको प्रवृत्तिः एक विश्लेषणात्मक अध्ययन ............................... ३५

✍रेवतीराज त्रिपाठी

४.अपहरण तथा शरीर बन्धक सम्बन्धी अपराधको प्रवृत्तिः एक विश्लेषणात्मक अध्ययन ........... ५८

✍विश्वराज कोइराला

५.आवेशप्रेरित हत्या सम्बन्धी अपराधको प्रवृत्तिः एक विश्लेषणात्मक अध्ययन..................७२

✍खेमराज ज्ञवाली

६.अंगभंग कुटपिट सम्बन्धी अपराधको प्रवृत्तिः एक विश्लेषणात्मक अध्ययन....................९५

✍दुर्गा खड्का

७.ज्यान मार्ने उद्योग सम्बन्धी अपराधको प्रवृत्तिः एक विश्लेषणात्मक अध्ययन ................१११

✍सोमकान्ता भण्डारी

८.हातहतियार र खरखजाना अपराधको प्रवृत्ति : एक विश्लेषणात्मक अध्ययन...............१२७

✍प्रतिमा दाहाल

# नेपालमा अपराधको प्रवृत्ति विश्लेषणः समस्या र चुनौतीहरु

✍कृष्णजीवी घिमिरे
सहन्यायाधिवक्ता

## १.विषय प्रवेश

जुनसुकै राज्यले पनि अपराध नियन्त्रण कार्यका लागि स्पष्ट अपराध नीति, दण्ड नीति तथा दण्ड विधान बनाएर कार्यान्वयनका लागि स्पष्ट संयन्त्रहरु बनाएको हुन्छ । हरेक राज्यको प्रमुख उद्देश्य अपराधविहीन समाजको निर्माण रहेकाले फौजदारी न्याय प्रणालीको मूलभूत उद्देश्य राज्यमा अपराध नियन्त्रण गरी अपराधमुक्त तथा भयमुक्त समाजको स्थापना गर्नु हो । यसका लागि अपराधीलाई दण्डित गर्नु र निर्दोषको संरक्षण पनि त्यतिकै जरुरी मानिन्छ । समाजमा शान्ति सुरक्षा र अमन चयन कायम गर्ने कार्य फौजदारी कानुनको कार्यान्वयन प्रभावकारी फौजदारी न्याय प्रशासनबाट हुन्छ । अपराधको रोकथाम, अपराधीलाई कानुनको दायरामा ल्याइ समाजमा सुरक्षाको अनुभूति दिलाउने कार्यमा आधुनिक मान्यताहरु आत्मसात गरिएको ब्यापक, सरल र समयानुकूल फौजदारी कानुन, प्रभावकारी फौजदारी न्याय प्रशासन तथा सफल दण्ड नीति आवश्यक पर्दछन् । यसको लागि फौजदारी कानुन र फौजदारी न्याय प्रशासनका क्षेत्रमा नियमित अध्ययन र अनुसन्धान हुनु जरुरी हुन्छ । फौजदारी न्याय प्रशासनले कसैले कानुन उल्लंघन गरेमा उल्लंघनकर्तालाई कानुनको दायरामा ल्याई सजाय गर्ने मात्र हैन, सामान्यतया कानुन पालना गर्ने नागरिकलाई स्वेच्छाले अपराधबाट टाढै रहने वातावरणको सृजना गर्दछ ।[1]

समाजमा घट्ने विभिन्न अपराधको कारण, प्रकार, प्रवृत्ति, अपराधका अन्य पक्षहरु, अपराधीहरुको आचरण, व्यवहार, चरित्र, पारिवारिक सामाजिक पृष्ठभूमि, पेशा तथा अपराधको रोकथाम र अपराधीहरुलाई दण्ड सजाय गर्ने सम्बन्धित कानुनको प्रभावकारिता र परिणाम एवं अपराधीले अपराध गर्न प्रयोग गर्ने प्रविधि, सीप, सङ्गठन जस्ता समग्र पक्षहरुमा आधिकारिक एवं वैज्ञानिक ढंगले अध्ययन र अनुसन्धान गर्ने गराउने व्यवस्था हुन नसक्दा फौजदारी कानुनको प्रभावकारिता, दण्ड सजायको असर, अपराध कानुनप्रतिको सामाजिक धारणा, अपराधको प्रवृत्ति लगायतका विषयमा सही र वैज्ञानिक विश्लेषण हुन सक्दैन । फौजदारी न्याय प्रणाली र अपराध सम्बन्धी कानुनको प्रभावकारिता बढाउन अपराधको रोकथाम र निवारण गर्न तथा अपराधीहरुको सुधार र तिनको पुनर्स्थापना समेत गरी समाजलाई अपराधमुक्त बनाउन गरिएका कानुनी, नीतिगत र संस्थागत प्रयासको अध्ययन र विश्लेषण हुन सकेमा त्यसले देखिएका समस्या र कमजोरीहरुलाई हटाउन र भविष्यमा गर्नुपर्ने सुधारका उपाय पत्ता लगाउन मद्दत गर्दछ । यस लेखमा अपराधशास्त्रको परिचय, अपराधको प्रवृत्ति विश्लेषणको आवश्यकता र महत्व, अन्य मूलुकको तुलनात्मक अध्ययन, नेपालमा अपराधको प्रवृत्ति र विश्लेषण, संवैधानिक तथा कानुनी व्यवस्था, विद्यमानस्थिति र बेसलाइन सर्वेको समीक्षा, समस्या, चुनौती र समाधानका लागि सुझाव सहित निष्कर्ष प्रस्तुत गरिएको छ ।

---

[1] K I Vibute, PSA PILLAI'S CRIMINAL LAW, (Tenth eds.), Butterworth Wadhwa, Nagpur, (2011), at 3

## २. पृष्ठभूमि

राज्यको उद्देश्य अपराधको रोकथाम र नियन्त्रण गर्नु हो । अपराधी विरुद्ध मुद्दा चलाएर सजाय दिलाउने कार्य अपराधको रोकथाम गर्ने उद्देश्यले चालिने कदमहरु मध्येको एक उपाय मात्र हो । अपराधको रोकथाममा कानुन कार्यान्वयन इकाईको प्रभावकारिता, अपराध विरुद्ध जनचेतनाको विकास, सुधारात्मक दण्ड ब्यवस्था, कानुनको उचित कार्यान्वयन, राज्यका संस्थाहरुको कार्यमा एकरुपता र चुस्तता जस्ता कुराहरु पर्दछन् । समाजको विकासको साथसाथै अपराधको पनि विस्तार हुन्छ । नयाँ प्रविधिको विकासको साथसाथै नयाँ नयाँ अपराधहरुको जन्म हुन्छ । यस्ता अपराधहरुको रोकथाम र अपराधको अनुसन्धान तथा अभियोजन एवं न्यायिक कारबाहीकालागि राज्यले नीतिगत ब्यवस्था गर्नुपर्ने हुन्छ । यसको लागि अपराध सम्बन्धी विस्तृत र नियमित अध्ययन आवश्यक छ । अपराध सम्बन्धी अध्ययन गर्ने शास्त्रलाई अपराधशास्त्र भनिन्छ ।[२]

अपराधशास्त्र भनेको अपराध र आपराधिक ब्यवहारको वैज्ञानिक अध्ययन गर्ने शास्त्र हो । अपराधशास्त्रीहरुले विभिन्न सिद्धान्तहरुको विकास गरेका छन् जसले अपराध किन घट्छ ? भन्ने कुराको विश्लेशण गर्नुको साथै अपराधीको ब्यवहार निरीक्षण गरी ती सिद्धान्तहरुको ब्यावहारिक परीक्षण गर्दछन् । यी सिद्धान्तहरुले अपराध नियन्त्रण, रोकथामको लागि चालिनुपर्ने कदमको प्रारुप तयार गर्न मद्दत गर्दछ । सदरल्याण्डले यसलाई कानुन निर्माण, कानुनको उल्लंघन र कानुनको उल्लंघनलाई संगठित समाजका तर्फबाट गरिने संवोधन समेतको अध्ययनको रुपमा परिभाषित गरेका छन् । अपराधशास्त्र भनेको फौजदारी कानुनको निर्माण, उल्लंघन र त्यसको उपचार (response) को अध्ययन हो र अपराधशास्त्रीय अध्ययन केन्द्रको क्षेत्रभित्र तिनै कुराहरुको अध्ययन पर्दछन् ।

## ३. अपराधशास्त्रको अध्ययन क्षेत्र

सदरल्याण्डका अनुसार अपराधशास्त्रले दुई क्षेत्र समेट्दछ । पहिलो हो कानुनको उल्लंघनको क्षेत्र जसभित्र अपराधको प्रकृति, अपराधको विस्तार र यसका कारणको बारेमा अध्ययन/सामाजिक मर्यादा वा कानुनको उल्लंघन भित्र कुनैपनि कार्यलाई कसरी अपराधीकरण गरिएको छ ? भन्ने कुरा पर्दछ । यस अन्तर्गत अपराधको समाजशास्त्र, अर्थात् फौजदारी कानुनको निर्माण विकास, संशोधन जस्ता कुराहरुको अध्ययन पर्दछन् । दोस्रो हो अपराधको कारणको अध्ययन जसमा मानसिक तथा शारीरिक संरचना, आर्थिक सामाजिक अवस्था जसको कारण आपराधिक घटना घटदछन् आदि कुराको अध्ययन गरिन्छ । फौजदारी न्याय प्रणाली जसभित्र आपराधिक कार्य वा फौजदारी कानुनको उल्लंघनमा संगठित समाजको तर्फबाट गरिने औपचारिक सम्बोधन पर्दछ । फौजदारी न्याय प्रणालीमा चासो राखेर गरिने अपराधशास्त्रीय अध्ययनमा अपराधको दरमा किन वृद्धि भएको हो ? कारागार किन भरिएको हो ? यसको प्रभाव के कस्तो परेको छ ? विभिन्न प्रकारका निगरानी पद्धतिको प्रभावकारिता कस्तो छ भन्ने जस्ता कुराहरुको अध्ययन गरिन्छ ।[३]

---

[२] सहन्यायाधिवक्ता रेवतीराज त्रिपाठीद्वारा महान्यायाधिवक्ताको कार्यालयमा प्रस्तुत अपराधशास्त्रीय अध्ययन केन्द्रको स्थापना सम्वन्धी अवधारणापत्र, २०७१ (अप्रकाशित)

[३] Gennar F. Vito et.al Criminology Theory, Research and Policy, John and Bratlett Publication, 2007, p. 5

आपराधिक कार्यप्रतिको राज्यले गर्ने कारबाही वा सम्बोधन अपराधको कारणका सम्बन्धमा समाजले बनाएको धारणामा आधारित हुन्छ । राज्यको फौजदारी कानुनले कतिपय कार्यहरुलाई अपराध भनी परिभाषित गरी त्यस्तो कार्यको लागि सजायको व्यवस्था गरेको हुन्छ । प्रथमतः फौजदारी कानुनले बदलाको भावनालाई निरुत्साहित गर्दछ । किनभने अपराधीलाई दण्ड दिने कार्य पीडितको नभएर राज्यको जिम्मेवारी भित्रको कुरा हो । दोस्रो कुरा कानुनले जनमत र सार्वजनिक नैतिकताको प्रतिनिधित्व गर्दछ । तेस्रो कुरा अपराधीलाई गरिने सजायले अरु संभावित अपराधीलाई चेतावनि दिन्छ अर्थात् हतोत्साहित गराउछ ।

अर्को कार्य फौजदारी कानुनले अपराध सुहाउँदो दण्डको व्यवस्था गर्दछ । अपराधले समाजमा जति गम्भीर असर गर्दछ त्यतिनै गम्भीर अपराधको रुपमा परिभाषित गरिन्छ र त्यत्तिनै कठोर दण्डको व्यवस्था गरिन्छ । अर्थात अपराधले पुऱ्याएको क्षतिको तुलनामा दण्ड तोकिन्छ अर्थात् अपराधको गम्भीरता र दण्डका बीच सन्तुलन कायम गरिएको हुन्छ । यद्यपि कतिपय श्वेतग्रीवी अपराधमा भने गम्भीरताको तुलनामा सजाय कम हुन्छ ।[४]

अपराध सम्बन्धमा दुई वटा धारणा रहेका छन् । पहिलो धारणा अनुसार कुनैपनि कार्यलाई अपराध भन्ने सम्बन्धमा समाजको समान धारणा रहेको हुन्छ । यो समान धारणा समाजको संस्कृति अर्थात विश्वास, मूल्य, धारणा र व्यवहारमा आधारित हुन्छ । यस मान्यता अनुसार अपराधशास्त्रीहरुको मत रहेको पाइन्छ कि कानुन समाजका सबैको लागि स्वच्छ हुन्छ । अर्को धारणा अनुसार कानुन समाजका विपरित स्वार्थहरुको द्वन्द्व वा प्रतिस्पर्धा हो । यस अनुसार कानुन शक्तिमा भएका बर्गको स्वार्थ, मूल्य र विश्वास हो । कतिपय अवस्थामा राजनीतिक हित समूहले कानुनलाई आफ्नो विश्वास र मूल्यका आधारमा स्वरुप दिने प्रयास गर्दछन् । हत्या, डकैति जस्ता सर्वब्यापी अपराध (crimes mala in se) सर्वसम्मतिमा आधारित हुन्छन् भने कानुनवाट निषेधित अपराध (mala prohibita) द्वन्द्वको सिद्धान्तमा आधारित हुन्छ । अपराधशास्त्रले आपराधिक व्यवहारको अध्ययन गर्ने उद्देश्य राख्दछ । आपराधिक व्यवहार बुझ्न सकिएमा आपराधिक घटना कसरी कहाँ घटित हुन्छन् भन्ने कुराको अनुमान गर्न सकिन्छ र त्यसलाई कसरी, नियन्त्रण, उन्मुलन वा निरोध गर्ने भन्ने रणनीति निर्माण गर्न सहज हुन्छ ।[५]

## ४. अपराधशास्त्रीय सिद्धान्त

अपराधशास्त्रीय सिद्धान्तले तर्कसम्मत र स्पष्ट रुपमा कुनै पनि तथ्य किन अपराधसँग सम्बन्धित छ भन्ने कुराको ब्याख्या गर्दछ । वैज्ञानिक सिद्धान्त परीक्षणयोग्य पनि हुन्छ । जसको आधारमा सो सम्बन्धमा अध्ययन गर्न चाहने मानिस बास्तविक संसारमा गएर तथ्य संकलन गरी यसको वैधताको परीक्षण गर्न सक्दछ । विभिन्न समयमा विद्वानहरुले आपराधिक व्यवहारको विभिन्न कोणहरुबाट अध्ययन गरेका छन् । यसको आधारमा उनीहरुले अपराध के कारणले घटित हुन्छ ? मानिस किन अपराधी हुन्छ ? अपराधको प्रभावकारी नियन्त्रण गर्न कस्तो कानुनी र दण्डको ब्यवस्था गरिनु पर्दछ ? भन्ने सम्बन्धमा ब्यक्त विद्वानहरुका धारणाबाट नै

[४] Ibid p. 8-9

[५] Sue Titus, Crime and criminology, 4th ed. 1985, Holt, Rinehart and Winston, p. 66

अपराधशास्त्रीय सिद्धान्तहरु निर्माण भएका हुन् ।[६] यी सिद्धान्तहरुले फौजदारी कानुनको निर्माण र सुधारमा महत्वपूर्ण योगदान दिन्छन् ।

## ५.अपराधको प्रवृत्ति विश्लेषणको आवश्यकता र महत्व

कुनै पनि मूलुकमा अपराध रोकथाम र नियन्त्रण गर्न अपराध घटिसकेपछि कानुन बमोजिम दण्ड सजाय दिलाएर संभव नभई आपराधिक घटना घट्दै नघटुन भन्नेतर्फ राज्यको विशेष ध्यान जानु जरुरी हुन्छ । जसका लागि अपराध घट्नुका कारण, अपराधका प्रकार, अपराधको प्रवृत्ति तथा अपराधले समाजमा ल्याउने परिणामहरु पहिल्याउनु आवश्यक हुन्छ । फौजदारी न्याय प्रशासनलाई सबल र सक्षम बनाउनका लागि अपराधको रोकथाम, दण्ड सजाय सम्बन्धी व्यवस्था, त्यसको प्रयोग र समाजमा परेको प्रभाव, अपराध पीडितको न्यायमा पहुँच तथा अपराधबाट समाजमा परेको प्रभाव, अपराध गर्ने व्यक्तिको आचरण, प्रवृत्ति जस्ता विविध पक्षहरुको अध्ययन अनुसन्धान गर्ने तथा अनुसन्धानले देखाएको तथ्य र निष्कर्षका आधारमा गर्नुपर्ने हुन्छ । अपराधको संख्यात्मक विवरण, फौजदारी मुद्दाको संख्या र ती मुद्दाहरुमा प्राप्त हुने सफलता एवं असफलताको स्थितिलाई प्रत्येक मूलुकको समग्र सामाजिक, आर्थिक, शैक्षिक, भौगोलिक, जनसांख्यिक मापदण्डको आधारमा अध्ययन एवं समीक्षा गरी अपराधको प्रवृत्ति (Crime Trend) निर्धारण गर्न सकिन्छ । फौजदारी न्याय प्रणालीमा चासो राखेर गरिने अपराधशास्त्रीय अध्ययनमा अपराधको दरमा किन वृद्धि भएको हो ? कारागार किन भरिएको हो ? यसको प्रभाव के कस्तो परेको छ ? विभिन्न प्रकारका निगरानी पद्धतिको प्रभावकारिता कस्तो छ भन्ने जस्ता कुराहरुको अध्ययन गरिन्छ ।[७] जसको लागि निरन्तर अध्ययन र अनुसन्धान हुनु जरुरी हुन्छ ।

## ६ विभिन्न मुलुकका भएका व्यवस्था

विभिन्न मुलुकमा अपराध रोकथामको लागि अपराधको प्रवृत्ति अनुसन्धान गरी उपयोगी उपायहरुपहिल्याउन अपराधशास्त्रीय अनुसन्धान सम्बन्धी निकायहरुको व्यवस्था गरिंदै आएका छन् । यहाँ केहीमुलुकका व्यवस्थाहरु बारेमा चर्चा गरिनेछ ।

### ६.१ जापान

जापानमा न्याय मन्त्रालय अर्न्तगत Research and Training Institute (RTI) रहेको छ । यसको मुख्य कार्य अपराधको रोकथाम र नियन्त्रण गर्न उपयोगी उपायहरु स्थापना गर्ने तथा न्याय मन्त्रालयलाई कार्य सम्पादनमा सहयोग पुऱ्याउन अनुसन्धान गर्नु हो । यसमा अपराधको प्रवृत्ति र अभियुक्तको सुधारात्मक उपचार सम्बन्धी सबालमा विस्तृत र ठोस विश्लेषण गरिन्छ । यसले न्याय मन्त्रालयसँग सम्बन्धित विषयमा तालिम समेत संचालन गर्दछ । यसले criminology and criminal policy, criminal justice issues मा अनुसन्धान गर्दछ ।

[६] सहन्यायाधिवक्ता रेवतीराज त्रिपाठीद्वारा महान्यायाधिवक्ताको कार्यालयमा प्रस्तुत अपराधशास्त्रीय अध्ययन केन्द्रको स्थापना सम्वन्धी अवधारणापत्र, २०७१ (अप्रकाशित)

[७] Gennar F. Vito et.al Criminology Theory, Research and Policy, John and Bratlett Publication, 2007, p. 5,

यसले अनुसन्धानबाट प्राप्त परिणाम, तथ्याङ्क र सुझावहरु हरेक वर्ष श्वेतपत्र (White paper on crime) नामक पुस्तक मार्फत प्रकाशित समेत गर्दछ । अपराधको प्रवृत्ति, विशेष प्रकारका अभियुक्तहरुको विशेषता, पीडितसँग सम्बन्धित विषयहरु आदिको अध्ययन गर्न र उपयोगी उपायहरुको मूल्यांकन गर्नका लागि अनुसन्धान कार्य गर्दछ । RTI लेप्रकाशित तथ्याङ्कको विश्लेषण, sample survey, questionnaire, court records, on-site study जस्ता विधि अनुसन्धान कार्यमा अवलम्बन गर्दछ ।

## ६.२ अष्ट्रेलिया

सन् १९७३ मा Criminology Research Act, 1971अनुसार अष्ट्रेलियामा Australian Institute of Criminology नामक संस्था स्थापित भएको छ । यो अष्ट्रेलियाको National research and knowledge centre हो । यसको मुख्य कार्य अनुसन्धान गर्नु रहेको छ । Evidence-based research गरी न्याय प्रवर्द्धन गर्ने र अपराध घटाउने विषयमा यसले कार्य गर्दछ । यसले गर्ने मुख्यतः अपराधशास्त्रीय अनुसन्धान गर्ने, नतिजा सूचना प्रवाह गर्ने, सभा सेमिनार गर्ने, यसका नतिजाहरु प्रकाशन गर्ने लगायतका विभिन्न कार्यहरु गर्दछ । यसले अपराध र फौजदारी न्यायको दायराका विषयमा अनुसन्धानमूलक कार्यहरु गर्दछ । अनुसन्धानमूलक गतिविधि अन्तर्गत राष्ट्रिय अनुगमन कार्यक्रमहरु संचालन गर्ने र त्यस अन्तर्गत हत्या, हातहतियार, चोरी, लागू औषध, सम्पत्ति शुद्धीकरण र मानब बेचविखन विषय रहेका छन् । यसबाट नीति निर्माता र अभ्यासकर्तालाई अपराध र न्यायका समस्याहरु मूल्याङ्कन गर्न र व्यवस्थापन गर्न महत्वपूर्ण स्रोत हुन्छ । अनुसन्धानका तथ्याङ्कहरु अपराध गर्ने व्यक्तिको प्रवृत्ति, अभियुक्त र पीडितको परिवर्तित प्रोफाइल र अपराधका परिस्थितिहरुको अध्ययन र अनुसन्धानमा प्रयोग गरिन्छ । यसले Nature and extends of crime तथा emerging trends का आधारमा न्याय प्रवर्द्धन गर्न र अपराध घटाउन गर्न मद्दत गर्दछ ।

## ६.३. बेलायत

राष्ट्रिय तथ्याङ्क कार्यालय (Office for National statistics (ONS) बेलायतको recognized national statistical institute हो । यसको मुख्य काम तथ्याङ्कहरु उत्पादन गर्नु हो । बेलायतमा जापान र अष्ट्रेलियामा जस्तो अपराधको प्रवृत्ति र अन्य पक्षहरुको बारेमा अनुसन्धान गर्ने छुट्टै संस्था नभई अपराध सम्बन्धी तथ्यांकहरु संकलन, विश्लेषण र प्रकाशन गर्ने कार्य Office for National statistics ले गर्दछ । यसका लागि Crime survey for England and Wales (CSEW) र प्रहरीले अभिलेखबद्ध (Recorded) गरेका Notifiable crime हरुलाई स्रोतको रुपमा लिने व्यवस्था रहेको छ ।

## ६.४. भारत

भारतमा सन १९७२ मा भारत सरकारद्वारा प्रहरी व्युरो अन्तर्गत अपराधशास्त्र र विधिविज्ञान अध्ययन संस्थान (Institute of criminolozy and Forensic science) स्थापना गरिएको छ । सन् १९७६ मा स्वतन्त्र निकायको रुपमा बृहत् कार्यादेश सहित गृह मन्त्रालय अन्तर्गत यसलाई राखिएको छ । सन् १९९१ देखि यो राष्ट्रिय अध्ययन संस्थानका (National Institute) रुपमा रहेको छ । मूलतः फौजदारी न्याय प्रणालीसँग समबन्धित अधिकारीहरुलाई तालिम प्रदान

गर्ने, यस्तै विषयमा अनुसन्धान कार्य गर्दछ । यसको प्रहरी, अभियोजनकर्ता, न्यायाधीश, सुधारगृहका अधिकारी, विधिविज्ञानसँग सम्बन्धित अधिकारीलाई सम्बन्धित विषयमा विशिष्टीकृत प्रशिक्षण संचालन गर्दछ । अपराधशास्त्र र विधि विज्ञानलाई प्रबर्द्धन गर्ने उद्देश्यले फौजदारी अपराध र विधिविज्ञानसँग सम्बन्धित कुरामा यसले अनुसन्धान कार्य गर्दछ । यस संस्थाले अनुसन्धानसँग सम्बन्धित विषयमा निम्न कार्य गर्छ :

१. अपराधशास्त्र र विधिविज्ञानलाई प्रबर्द्धन र प्रयोग गर्न अन्य निकाय, संस्था, समाजसग समन्वय विस्तार गर्ने ।

२. आफै तथा अन्य निकायको सहकार्यमा अपराधशास्त्र र विधिविज्ञानका क्षेत्रमा अनुसन्धान गर्ने ।

३. अपराधशास्त्र र विधिविज्ञानका क्षेत्रका समस्याको पहिचान, विश्लेषण गरी राज्य तथा केन्द्र सरकारलाई सुझाव प्रस्तुत गर्ने ।

४. अपराधशास्त्र र विधिविज्ञानका विषयमा अनुसन्धानका माध्यमबाट भारत सरकारलाई त्यस सम्बन्धी नीति निमार्णमा सहयोग पुऱ्याउने ।

शिक्षा, अनुसन्धान र तालिमको माध्यमबाट अपराधशास्त्र र विधिविज्ञानको प्रबर्द्धन गर्नु तथा अन्तर्राष्ट्रिय समन्वय र अनुसन्धानमूलक कार्यको माध्यमबाट अपराध नियन्त्रण गर्नु यस संस्थाको दृष्टिकोण (Mission) रहेको छ । यसले सम्बन्धित विषयमा प्रशस्त अनुसन्धान कार्य गरेको छ । Attitude of Adolescents towards police, victims of Homicide, Impact on computerization on crime control in India, study on women and children prisioners in India Jails, Delay in the disposal of criminal cases in the sessions and lower courts in Delhi आदि विषयमा यसले अनुसन्धान गरेको छ । यसको संरचनामा निर्देशक प्रमुख रहने व्यवस्था छ । निर्देशकको मातहतमा DIG रहन्छन् । अपराधशास्त्र र विधिविज्ञान गरी २ वटा Faculty रहने व्यवस्था छ । अपराधशास्त्र (Criminolozy) faculty मा कानुन, समाजशास्त्र, अपराधशास्त्र, मनोविज्ञान विषयका प्राध्यापक र विधिविज्ञानमा बायोलोजी, सेरोलोजी, रसायनशास्त्र, औँठाछाप, फिजिक्स विषयका विज्ञहरु रहन्छन् ।

### ७. नेपालमा अपराधको प्रवृत्ति र विश्लेषण

नेपालमा घट्ने अपराधका कारण, प्रकार, प्रवृत्ति र परिणामहरु, अपराधीहरुको आचरण, व्यवहार, चरित्र, पारिवारिक सामाजिक पृष्ठभूमि, पेशा तथा अपराधको रोकथाम र अपराधीहरुलाई दण्ड सजाय गर्ने सम्बन्धित कानुनको प्रभावकारिता र परिणाम एवं अपराधीले अपराध गर्न प्रयोग गर्ने प्रविधि, सीप, संगठन जस्ता समग्र पक्षहरुमा आधिकारिक एवं वैज्ञानिक ढंगले निरन्तर अध्ययन/अनुसन्धान गर्ने गराउने कुनै सक्षम निकायगत व्यवस्था हालसम्म पनि हुन सकेको छैन । अपराधशास्त्रीय अनुसन्धान वा अपराधको प्रवृत्तिविश्लेषणका दृष्टिले विभिन्नमुलुकमा भएका व्यवस्था, प्रयास र अपराध नियन्त्रणमा यसको प्रयोगका दृष्टिले नेपालमा खासै प्रयास र उपलब्धि भएको पाइदैन । नेपालमा भएका हालसम्मको प्रयासहरु र विद्यमान स्थिति बारेमा यहाँ उल्लेख गरिएको छ ।

### ७.१ संवैधानिक तथा कानुनी व्यवस्था

#### ७.१.१ नेपालको अन्तरिम संविधान, २०६३

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३६ को उपधारा (१) मा महान्यायाधिवक्ताले प्रत्येक वर्षसंविधान र कानुन बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले संसद समक्ष पेश गर्ने व्यवस्था गरेको थियो सोही धाराको उपधारा (२) मा त्यसरी पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त महान्यायाधिवक्ताले वर्षभरीमा संवैधानिक एवं कानुनी विषयमा दिएको राय सल्लाहको संख्या, सरकारवादी भई चलेका मुद्दा सम्बन्धी विवरण, नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण, अपराध सम्बन्धी विवरण तथा सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनुपर्ने सुधारको विवरण उल्लेख गर्नुपर्ने व्यवस्था गरेको थियो । यसमा अपराध सम्बन्धी विवरण र भविष्यमा गरिनुपर्ने सुधारको विवरण समेत पेश गर्नुपर्ने व्यवस्था भए पनिवार्षिक प्रतिवेदनमा अपराध सम्बन्धी विवरण उल्लेख गर्ने वाहेक अन्य कार्य हुन सकेको देखिंदैन ।

#### ७.१.२ नेपालको संविधान

नेपालको संविधानको धारा १५९ मा महान्यायाधिवक्ताले प्रत्येक वर्ष यो संविधान र संघीय कानुन बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउने व्यवस्था गरेको छ ।[८] सो वार्षिक प्रतिवेदनमा अन्य कुराको अतिरिक्त महान्यायाधिवक्ताले वर्षभरिमा संवैधानिक एवं कानुनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण सहितको संख्या, सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण, नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण, नेपाल सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनुपर्ने सुधार तथा अपराधका प्रवृत्ति सम्बन्धी विवरण उल्लेख गर्नुपर्ने[९] उल्लेख गरेको छ । यसले साविकको व्यवस्थामा अझै स्पष्टता सहित निरन्तरता दिँदै अपराधको प्रवृत्ति सम्बन्धी विवरण राष्ट्रपति समक्ष पेश गर्नुपर्ने उल्लेख गरेको छ । यसले घटित अपराधको विवरण नभई समाजमा घटित अपराधको कारण स्वरुप र यसका प्रवृत्तिगत अवस्थाहरु समेतलाई इंगित गरेको देखिन्छ ।

#### ७.१.३ कानुनी व्यवस्था

सरकारी वकिल सम्बन्धी नियमावली, २०५५ को नियम ९ को उपनियम (छ) ले महान्यायाधिवक्ताले प्रत्येक वर्ष पेश गर्ने प्रतिवेदनमा भए घटेका अपराधको प्रकृति तथा अपराध र जनसंख्याको तुलनात्मक स्थिति समेत उल्लेख गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । महान्यायाधिवक्ताबाट पेश गरिने वार्षिक प्रतिवेदनहरुमा वर्षभरी घटेका अपराधको संख्या, प्रकृति, अपराध र जनसंख्याको तुलनात्मक स्थिति उल्लेख गर्नु पर्ने व्यवस्था छ । तर त्यस्ता

---

[८] नेपालको संबिधान, धारा १५९(१)

[९] नेपालको संबिधान, धारा १५९(२)

अपराधका कारण, प्रवृत्ति, अपराध गर्ने व्यक्तिको सीप, संगठन, प्रविधि, पेशा, उमेर लगायतका बिषयको अध्ययन, अनुसन्धान र विश्लेषण गर्ने गरको पाइदैन ।

### ७.२ अपराध सम्बन्धी सर्वेक्षण वा अनुसन्धानहरु

अपराधलाई प्रवृत्तिगत आधारमा विश्लेषण गरी त्यसका आधारमा राज्यले अवलम्बन गर्नुपर्ने नीति तथा कार्यक्रमका सन्दर्भमा नेपालमा सर्वथा अभाव रहे पनि अपराधका कारण र आपराधिक तथ्याकंका दृष्टिले विभिन्न अनुसन्धान र सर्वेक्षणहरु भएको पाइन्छ । यस लेखमा हालसम्म भएका महत्वपूर्ण अनुसन्धान र सर्वेक्षणबारेमा उल्लेख गरिएको छ ।

### ७.२.१ नेपालको फौजदारी न्याय प्रणालीको विश्लेषण र सुधार, २०५७

सेलर्डद्धारा गरिएको एक अध्ययनमा[१०]फौजदारी न्याय प्रणालीको समस्या र अभावहरुको पहिचान गर्ने तथा यसका कारणहरु र तत्वहरुको पहिचान र छलफल गर्ने समेत रहेको थियो । यस अध्ययनमा पाँच जिल्लाको अध्ययन गर्ने भनिए पनि पछि चार जिल्लाका वि. सं. २०४९ साल पछिका २२२ मुद्दाहरु समेटी अध्ययन गरिएको थियो । यस अध्ययनबाट फौजदारी न्याय प्रणाली देखिएका पाँच कमजोरीहरु अनुसन्धान कार्यविधि (पद्धति), पुर्पक्ष सम्बन्धी प्रकृयाहरु, निर्णय प्रक्रिया, अभियुक्तको प्रतिरक्षा र राजनीतिक प्रतिबद्धतालाई औल्याइएको थियो । अपराध नियन्त्रको कार्यविधिगत पक्षलाई यसले समेटे पनि प्रवृत्तिगत अवस्थालाई अनुसन्धानले समेटेको पाइदैन ।

### ७.२.२ Baseline Survey on Criminal Justice System[११]

यो सर्वेक्षण अध्ययन वर्तमान फौजदारी न्याय प्रणालीको अभ्यास र कार्यविधिको बारेमा गरिएको थियो । यस सर्वेक्षणको ३ वटा मुख्य उद्देश्य अन्तर्राष्ट्रिय मापदण्डमा नेपालको फौजदारी न्याय प्रणालीको मूल्याङ्कन, फौजदारी न्यायप्रशासनमा संलग्न निकायहरुको अध्ययनगरी फौजदारी न्याय प्रणालीको सबल र दुर्बल पक्ष पत्ता लगाउने र अनुसन्धानमा संलग्न तथा सुपरिवेक्षण गर्ने निकाय तथा SOCO (Scene of Crime Officers) को प्रभावकारिता मूल्याकंन गर्ने रहेका थिए । १० वटा जिल्लालाई आधार मानी ७५ जनाको अन्तरवार्ता मार्फत गरिएको सर्वेक्षणबाट केही महत्वपूर्ण नतिजा हासिल भएको पाइन्छ । जस्तोः अपराधमा संलग्न वर्गलाई हेर्दा ८० प्रतिशत पुरुष, २० प्रतिशत महिला रहेको, यसमा २५ देखि ३२ वर्ष उमेर समूहका २८ प्रतिशत रहेका, जातिगत आधारमा क्षत्रीय ३२ प्रतिशत, पेशागत आधारमा कृषि पेशामा रहेका ४५ प्रतिशत, शैक्षिक आधारमा ठूलो संख्या अर्थात ३२ प्रतिशत अभियुक्तले प्राथमिक शिक्षा मात्र हासिल गरेका, ठूलो संख्या अर्थात ४९ प्रतिशत ५ जना सदस्य रहेको परिवारका रहेका लगायतका तथ्यहरु सर्वेक्षणले औल्याएको थियो ।

---

[१०] नेपालको फौजदारी न्याय प्रणालीको विश्लेषण र सुधार, कानुन अन्वेषण तथा श्रोत विकास केन्द्र (सेलर्ड) २०५७

[११] Baseline Survey on Criminal Justice System, Center for research and resource development (CelRRD), 2007

### ७.२.३ **फौजदारी न्याय प्रणालीको आधारभूत सर्वेक्षण,** २०६९

महान्यायाधिवक्ताको कार्यालय र सेलर्डको संयुक्त तत्वावधानमा भएको एक सर्वेक्षण[१२] मा १५ जिल्लालाई समेटी अध्ययन गरिएको थियो । यसका केही महत्वपूर्ण नतिजामा मुद्दाहरुमध्ये लागू औषध र कर्तव्य ज्यान मुद्दा क्रमश २८.२५ र १८.७५ प्रतिशत रहेका, पक्राउ गर्दा २६.०४ ले पक्राउ पुर्जी नपाएको बताएका, ५३.३ प्रतिशत प्रहरी कार्यालय र ५३ प्रतिशत सरकारी वकील कार्यालयहरु सुविधायुक्त नभएको, अदालततर्फ ३३ प्रतिशत भवन पुराना रहेका, ५० देखि ५५ प्रतिशत मुद्दा फछ्र्यौट हुने गरेको, प्रतिवर्ष अपराधको संख्या बढ्दो रहेको, तिव्रतर शहरीकरण भएका स्थानमा अपराधको संख्या अत्याधिक बढ्दै गएको, करिब ८६ प्रतिशत कारागार जीर्ण र पुराना देखिएका, अभियुक्तहरुमा २६-४० उमेरका बढी सक्रिय रहेका लगायतका तथ्याङ्कहरु उल्लेख गरेको पाइन्छ ।

### ७.२.४ **नेपालमा सरकार वादी मुद्दाको अवस्था र चुनौती,** २०७०

सबैका लागि न्याय संस्थाद्वारा महान्यायाधिवक्ताको कार्यालयको समन्वयमा महान्यायाधिवक्ताको कार्यालयका अनुसन्धानकर्ताहरु समेत सम्मिलित यस अनुसन्धान प्रतिवेदन[१३] मा सम्बद्ध क्षेत्रका विज्ञको अन्तर्वार्ता र महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त तीन महिनाको अवधिसम्म उपलब्ध मिसिल अध्ययन गरी अनुसन्धान नतिजा प्रकाशन गरिएको पाइन्छ । यस अध्ययनको मुख्य उद्देश्यमा सरकारवादी फौजदारी मुद्दासँग सम्बन्धित कानुनी व्यवस्था पर्याप्त छन् छैनन, अनुसन्धान र अभियोजनको कमी कमजोरीहरु, असफलताका कारणहरु पहिल्याउनु र सुधारका क्षेत्र बारेमा सुझाव दिनु रहेको थियो । यस अध्ययन प्रतिवेदनबाट अनुसन्धान, अभियोजन र न्याय निरोपण बारेका कैयन समस्याहरु उजागर भएको पाइन्छ ।

### ७.२.५ **अपराध सम्बन्धी बेसलाइन प्रतिवेदन,** २०७२

अपराधको रोकथाम, नियन्त्रण र निराकरणका लागि प्रभावकारी पृष्ठपोषण प्राप्त गर्न समाजमा विद्यमान अपराधको संख्या प्रकार, असर, गम्भीरता, कारण तथा प्रवृत्तिहरुका सम्बन्धमा आमजनता तथा सरोकारवालाहरुको दृष्टिकोण सहितको तथ्यपरक तथा सांख्यिक जानकारी प्राप्त गर्न अपराध सम्बन्धी बेसलाइन सर्वेक्षण (Baseline survey on Crime) गर्न आवश्यक देखिएको भनी सर्वोच्च अदालतका तत्कालीन माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठको संयोजकत्वमा गठित फौजदारी कानुन सुधार उच्चस्तरीय कार्यदलको सिफारिस तथा प्रस्ताव बमोजिम कानुन मन्त्रालयले गरेको यस सर्वेक्षणका तीन उद्देश्यमा समाजमा घट्ने अपराधको वास्तविक अवस्था पत्ता लगाउने, अपराधको गम्भीरता, असर, कारण तथा प्रवृत्ति पत्ता लगाउने र अपराधका सम्बन्धमा आमजनताको दृष्टिकोण र अपेक्षा बुझ्ने रहेको देखिन्छ ।[१४] यसले १० वटा जिल्लाका १५० वडा छनौट गरी ४,५०० परिवारहरुलाई सर्वेक्षणको नमुनाको आकार (Sample Size) का रुपमा लिई प्राथमिक तथ्याङ्क लिएको थियो । यसमा ४ वटा परिच्छेदहरु क्रमश अपराधको स्थिति, अपराधको कारण र प्रवृत्ति, अपराधको प्रभाव र फौजदारी न्याय

---

[१२] फौजदारी न्याय प्रणालीको आधारभूत सर्भेक्षण, प्रकाशक महान्यायाधिवक्ताको कार्यालय र सेलर्ड, २०६९

[१३] नेपालमा सरकार वादी मुद्दाको अवस्था र चुनौती, सबैका लागि न्याय (J4A) अनामनगर, २०७०

[१४] अपराध सम्बन्धी बेसलाइन प्रतिवेदन २०७२, नेपाल सरकार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, २०७३

प्रणालीको प्रभावकारिता विषयसँग सम्बन्धित रही प्राप्त तथ्याङ्को उल्लेख तथा विश्लेषण गरिएको थियो । अपराधको विवरणसँग सम्बन्धित रही गरिएको यो सर्वेक्षणमा एउटा परिच्छेद अपराधको प्रवृत्ति बारेमा समेटे पनि यसमा उल्लिखत विषयहरुबाट के कस्तो प्राप्ति र सुझावहरु समाविष्ट रहेका छन भन्ने बारेमा पछि चर्चा गरिनेछ ।

### ७.२.६ महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनहरु

विगत देखीनै महान्यायाधिवक्ताको संवैधानिक प्रावधान बमोजिम वर्षेनी अपराधको विवरण, यसमा राज्यको कुल लगानी, प्रति सरकारी वकील, प्रति मुद्दा लगानी, मुद्दाको सफलता, असफलता, फौजदारी कानुन कार्यान्वयनमा देखा परेको समस्या र समाधानका लागि सुझावहरु प्रस्तुत गरिंदै आएको पाइन्छ । यसमा अन्तरिम संविधानको प्रावधान बमेजिम अपराधको प्रवृत्ति विश्लेषण पनि महान्यायाधिवक्ताको क्षेत्राधिकारमा परेकोले यस दिशामा अध्ययनहरु भई छुट्टै अपराधशास्त्रीय अनुसन्धान केन्द्र स्थापनाका लागि पहल हुँदै आएपनि सो बमोजिम स्थापना हुन नसकेको विभिन्न आर्थिक वर्षका वार्षिक प्रतिवेदनहरुबाट देखिन्छ ।[१५]

### ७.२.७ महान्यायाधिवक्ताको कार्यालयमा अपराधको अनुसन्धान र विश्लेषण केन्द्र स्थापना गर्ने सम्बन्धी अध्ययन प्रतिवेदन, २०७१

महान्यायाधिवक्ताको कार्यालयमा अनुसन्धान एकाई (Research Unit) को रुपमा अपराधको अनुसन्धान र विश्लेषण केन्द्र (Crime trend Analysis Center) स्थापना गर्ने सम्बन्धमा समग्र पक्षहरुको अध्ययन गरी प्रतिवेदन पेश गर्न महान्यायाधिवक्ताको कार्यालयको मिति २०७१।४।२६ को निर्णयानुसार तत्कालीन नायब महान्यायाधिवक्ता श्री ठोकप्रसाद शिवाकोटीको संयोजकत्वमा देहाय बमोजिम सदस्य रहेको कार्यदल गठन गरिएको थियो ।[१६] उक्त कार्यदलले आफ्नो अध्ययन प्रतिवेदनमा अन्य विषयका अतिरिक्त देहायका विषयहरु सुझावका रुपमा पेश गरेको थियो ।

- अपराधका विविध पक्षमा अनुसन्धान (Research) र अध्ययन गरी अनुसन्धान प्रतिवेदन पेश गर्न महान्यायाधिवक्ताको कार्यालयमा अपराधशास्त्रीय अध्ययन तथा अनुसन्धान केन्द (Crime Trend Analysis and Research center) को स्थापना गर्न सकिएमा पनि यसले अनुसन्धानमुलक कार्य गर्न सक्ने र संबैधानिक र कानुनी दायित्व पूरा गर्न महान्यायाधिवक्ताको कार्यालयलाई सहयोग पुग्ने देखिन्छ ।
- अपराधशास्त्रीय अध्ययन तथा अनुसन्धान केन्द्र महान्यायाधिवक्ताको कार्यालयमा रहने हुदा सोही कार्यालयको उच्च पदाधिकारीबाट नेतृत्व गरिनु आवश्यक हुन्छ ।
- यस केन्द्रको प्रमुखमा महान्यायाधिवक्ताले तोकेको सो कार्यालयको नायब महान्यायाधिवक्ता रहने गरी व्यवस्था गर्न उपयुक्त देखिन्छ भने केन्द्रको कार्य सम्पादन गर्न महानिर्देशकको रुपमा सहन्यायाधिवक्ता एक जना, रा. प. द्वितीय श्रेणीको २ जना उपन्यायाधिवक्ता ( सूचना सम्प्रेषण अधिकृत), रा. प. तृतीय श्रेणीको ४ जना अनुसन्धान (Researcher)

[१५]महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन आ.ब. २०७१।०७२, प्रकाशक महान्यायाधिवक्ताको कार्यालय, २०७२ पौष पृ. ८४

[१६]उक्त कार्यदलमा संयोजक नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद शिवाकोटी र सदस्यहरुमा सहन्यायाधिवक्ताहरु श्री किरण पौडेल, श्री कृष्णजीवी घिमिरे, श्री संजीवराज रेग्मी र उपन्यायाधिवक्ता श्री रमेश शर्मा पौडेल रहनु भएको थियो ।

अधिकृत, रा. प. तृतीय श्रेणीको सूचना प्रविधि अधिकृत एक, रा. प. तृतीय श्रेणीको ४ जना शाखा अधिकृत, नेपाल प्रहरीको रा.प. द्वितीय श्रेणीको अधिकृत एक, प्राविधिक अधिकृत ४ जना (तथ्याङ्कशास्त्री, समाजशास्त्री, अपराधशास्त्री, मनोविज्ञानवेत्ता समेत) नायब सुब्बा ३, कम्प्युटर अपरेटर ३, हलुका सवारी चालक २, कार्यालय सहयोगी ४ समेत गरी २९ जनाको छुट्टै जनशक्ति तत्कालको लागि आवश्यक देखिन्छ ।

- अध्ययन केन्द्रको अनुसन्धान (Research) कार्य, अध्ययन कार्य, सुझाव प्रतिवेदन वा अनुसन्धान प्रतिवेदन प्रकाशन गर्ने व्यवस्था र यस्ता प्रतिवेदन एवं सुझाव तथा सिफारिसलाई महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनमा उल्लेख गरी व्यवस्थापिका संसदमा र कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाउने व्यवस्था हुनु आवश्यक छ ।
- नयाँ जिम्मेवारी सहित नयाँ एकाइको स्थापना गर्ने कार्य र सो कार्यको लागि आवश्यक जनशक्ति, भौतिक साधन स्रोतको व्यवस्था गर्नु पर्दछ ।
- अध्ययन केन्द्रको कार्य प्रभावकारी रुपमा सञ्चालन गर्न फौजदारी न्याय प्रणालीसँग सम्बन्धित विषय, समाजशास्त्री, तथ्याकंशास्त्री, अनुसन्धानकर्ता, अपराधशास्त्री, सुचना प्रविधि विशेषज्ञ, मनोविज्ञानवेत्ता, विधिविज्ञान समेतका विभिन्न क्षेत्रका विज्ञको सेवा आवश्यक पर्दछ । केन्द्रले कुनै विशेषज्ञको सेवा लिन आवश्यक ठानेमा निश्चित अवधि एवं कामका लागि करार वा परामर्श सेवामा विशेषज्ञको सेवा लिन सक्ने प्रावधान राख्न सकिन्छ ।
- अपराधशास्त्रीय अध्ययन तथा अनुसन्धान केन्द्रलाई स्वतन्त्र र स्वायत्त संस्थाको रुपमा स्थापना गर्न र बृहत कार्यादेश प्रदान गर्न छुट्टै कानुनद्धारा यसको स्थापना सम्बन्धी व्यवस्था गर्न आवश्यक हुन्छ ।
- दीर्घकालिन रुपमा यस्तो अनुसन्धान केन्द्रको विकास गर्न सकिने भए पनि तत्कालिन आवश्यकताको रुपमा महान्यायाधिवक्ताको कार्यालयमा केन्द्रको स्थापना गर्न सरकारी वकील सम्बन्धी नियमावली, २०५५ मा संशोधन गरी अपराधको अध्ययन तथा विश्लेषण केन्द्रको स्थापना, गठन, जनशक्ति र कार्यादेश लगायतका विषयमा स्पष्ट ब्यवस्था गरिनु पर्दछ ।
- केन्द्रका लागि आवश्यक जनशक्तिको व्यवस्थाका लागि महान्यायाधिवक्ताको कार्यालयको विद्यमान दरबन्दीले नपुग हुने हुँदा प्रस्तावित दरवन्दी थप गरी पुनरावलोकन गर्न आवश्यक देखिन्छ । यसका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण (O and M) गरी नेपाल सरकारबाट दरबन्दी प्राप्त गर्ने तर्फ कारबाही गर्नुपर्ने देखिन्छ ।

## ८. विद्यमान स्थिति र बेसलाइन सर्वेको समीक्षा

अपराधको प्रवृत्ति विश्लेषण गरी यसका आधारमा राज्यको नीतिगत, कानुनी संस्थागत तथा व्यावहारिक सुधार गर्दै लैजान सकिने विश्वव्यापी मान्यताका प्रसँगमा नेपालमा पनि संवैधानिक कानुनी व्यवस्थाको वामे सराईकै अवस्थामा कार्यान्वयनका पहलहरु केही शुरु भएको मान्न सकिन्छ । खासगरी यस अघिका सर्वेक्षणहरुले अपराधको प्रवृत्तिका सन्दर्भमा कतिपय सुझावहरु प्रस्तुत गरे पनि राज्यले स्वामित्व ग्रहण नगरेको सन्दर्भमा ती सुझावहरु अधिकांश कार्यान्वयन हुन सकेनन् । उच्चस्तरीय फौजदारी कार्यसंहिता सम्बन्धी कार्यदलको सिफारिसमा नेपाल

सरकार कानुन मन्त्रालयले सर्वेक्षण गरी २०७३ वैशाखमा प्रस्तुत गरेको प्रतिवेदन नेपाल सरकारलेनै गरेको सर्वेक्षण हो । साथै खर्च भएको बजेट, संलग्न कर्मचारी, तथ्याङ्कविद तथा यसले तथ्याङ्क संकलन गर्दा फिल्डमा पुगेर संकलन गरेको नमुना आकारका आधारमा पनि यसको आधिकारिकता रहने नै मान्नुपर्ने देखिन्छ । तथापि २७० पृष्ठको यस प्रतिवेदनलाई नियाल्दा जम्माजम्मी १८ पृष्ठ मात्र अपराधको कारण र प्रवृत्ति बारेमा उल्लेख गरेको पाइन्छ ।[१७] प्रतिवेदनमा अपराध हुनुका प्रमुख तीन कारण क्रमशः गरिबी, आर्थिक कारण ८५.९ प्रतिशत, मादक पदार्थ सेवन ८० प्रतिशत र बेरोजगारी ७७.९ प्रतिशत उल्लेख गरिएको छ भने अपराध हुनुको प्रमुख कारणहरु अन्तर्गतको लगत्तै शीर्षकमा यो क्रम नरही गरिबी आर्थिक कारण २६.० प्रतिशत, बेरोजगारी २१.५ प्रतिशत र मादक पदार्थ सेवन १८.४ प्रतिशत देखाइएको छ । यी दुबै तथ्याङ्कका तालिकाहरु ३.१ र ३.२ को प्रतिशतको उल्लेख र क्रम पनि एकै ठाउँमा फरक देखिएको छ ।[१८] यसैगरी यसै विषयलाई आपराधिक कार्य हुनुका मुख्य कारण भनी तालिका ३.१४ मा तथ्याङ्क प्रस्तुत गरिएको छ ।[१९] यसमा क्रमशः गरिबी/आर्थिक, मादक पदार्थ सेवन र बेरोजगारी नै प्रथम, द्वितीय र तृतीय कारण देखिएको छ । जबकी प्रतिशत हेर्दा ४३.४, १४.८ र ११.५ प्रतिशत रहेको पाइन्छ । जुन अघिल्लो तथ्याङ्क प्रस्तुतिभन्दा व्यापक फरक देखिएको छ ।

अपराधको कारणसँग सम्बन्धित तर बन्दीहरुसँगै लिइएको अन्तरवार्तालाई हेर्दा प्रथम तीन कारण पूर्णतया फरक पाइन्छ । उनीहरुका अनुसार अपराधमा संलग्न हुनुको कारणमा क्रमश रिसइवी १६.६ प्रतिशत, आवेश प्रतिशोध ८.८ प्रतिशत, सामाजिक परिवेश/साथीभाइको सँगत ७.८ प्रतिशत रहेको पाइन्छ ।[२०]अपराधको प्रवृत्ति सन्दर्भमा अन्य विषयहरु हेर्दा विगत तीन वर्षयता अपराध भएको छ छैन, अपराध घटबढ, अपराध गर्नका लागि बढी प्रयोग हुने साधन, भाग्ने गरे नगरेको, संलग्न व्यक्ति बारेका प्रश्नावली विवरणात्मक प्रकृतिका देखिन्छन् भने पटके अपराधका सन्दर्भमा तालिका ३.७ र तालिका ३.१३ को विवरण फरक फरक तथ्याङ्क र द्विविधाजनक नतिजा देखिएको छ । अपराधको समय स्थान बारेको उल्लेख उपयुक्त रहे पनि पर्याप्त विश्लेषण भएको पनि छैन र यसलाई प्रतिवेदनको सुझावमा समेटेको पनि पाइदैन । समग्रमा भन्नुपर्दा कर्तव्य ज्यान कति घट्यो एउटा तथ्याङ्क मात्रै हो तर कर्तव्य ज्यान किन घट्छ ? समाजमा कर्तव्य ज्यान नै घट्ने कारण के हो ? सुरक्षा व्यवस्था कमजोर वा के हो? Particularly हेर्ने काम प्रवृत्ति विश्लेषणले गर्छ । यस्तै लागू औषध धन्दामा लाग्ने कारण बेरोजगारीले हुनसक्छ तर भित्र्याउने कार्य सुरक्षा व्यवस्थाका कमजोरीका कारणले हुन सक्छ । यी दुई अवस्थालाई अलग अलग गरेर हेर्ने कार्य प्रवृत्ति विश्लेषणले गर्छ । सो कार्य यस सर्वेक्षणमा भएको पाइदैन । समग्रतामा प्रस्तुत भएको तथ्याङ्क अनुसार System Reform कसरी गर्ने भन्ने कुरा प्रतिवेदनको सुझावमा समेटेको पाइदैन ।

---

[१७]अपराध सम्बन्धी बेसलाइन सर्वेक्षण प्रतिवेदन २०७२ पृष्ठ ६३-८०

[१८]अपराध सम्बन्धी बेसलाइन सर्वेक्षण प्रतिवेदन २०७२ पृष्ठ ६४-६५

[१९]अपराध सम्बन्धी बेसलाइन सर्वेक्षण प्रतिवेदन २०७२ पृष्ठ ७७

[२०]अपराध सम्बन्धी बेसलाइन सर्वेक्षण प्रतिवेदन २०७२ पृष्ठ ७९

## ९. समस्या र चुनौतीहरु

फौजदारी न्याय प्रणालीको प्रमुख कार्यनै अपराधको नियन्त्रण भएको र अपराधको नियन्त्रणमा केवल अपराध घटेपछि दण्डात्मक विधि अवलम्बन गर्नेभन्दा अपराध हुन नदिने रोकथाममूलक विधि महत्वपूर्ण रहेको देखिन्छ । यसका लागि अपराधको प्रवृत्तिको विश्लेषण गरी त्यसको नतिजा तथा ठोस सुझावका आधारमा नीति, कानुन तथा कार्यक्रम बनाई लागू गर्नु राज्यको लागि आवश्यक हुन्छ । अपराधको प्रवृत्ति विश्लेषणका सन्दर्भमा उल्लेखित विभिन्न प्रयासहरुमध्ये कानुन मन्त्रालयबाट भएको बेसलाइन सर्वेक्षण, २०७२ कतिपय कुरामा अगाडि देखिए पनि यसको कार्यक्षेत्र र सम्पादित कार्य बीचमा प्रश्न उठेको पाइन्छ । सरकारले गठन गरेको कुनै पनि कार्यदलको प्रतिवेदन कार्यान्वयन आफैमा सह्यहनीय भए पनि सम्बद्ध मन्त्रालय वा कर्मचारी निकाय वा कुनै संवैधानिक निकायमध्ये कसको कार्यक्षेत्रभित्रको वा विज्ञताको कार्य हो हैन भन्नेमा संगति देखिएन ।

साविकको नेपालको अन्तरिम संविधानको धारा १३६ मा र यसलाई खारेज गरी बनेको हालको नेपालको संविधानको धारा १६० बमोजिम महान्यायाधिवक्ताले राष्ट्रपति समक्ष आफूले गरेको कामको बारेमा प्रतिवेदन पेश गर्नुपर्ने र प्रतिवेदनमा नेपाल सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनुपर्ने सुधार तथा अपराधका प्रवृत्ति सम्बन्धी विवरण उल्लेख गर्नुपर्नेछ भनी किटान गरिएको छ । करिब डेढ दशकदेखि नै महान्यायाधिवक्ताको कार्यालयले अपराधको प्रवृत्ति सम्बन्धी अध्ययन तथा विश्लेषणका लागि विभिन्न प्रतिवेदनहरुमा महान्यायाधिवक्ताको मातहतमा अपराधशास्त्रीय अनुसन्धान केन्द्र गठनको आवश्यकतालाई प्रस्तुत गर्दै आएकोमा संवैधानिक व्यवस्थाको झण्डै १० वर्षसम्म यस्तो निकाय गठन नगर्ने र संवैधानिक व्यवस्थाभन्दा बाहिर गई अपराधको प्रवृत्ति सम्बन्धी विषयलाई समेटेर अन्य निकायबाट सर्वेक्षण प्रकाशित गर्दा कुनै विषयमा ४ स्थानमा फरक ढङ्गले तथ्याङ्कको प्रस्तुति भएको छ, कुनैमा महत्वपूर्ण विषय भए पनि सतही रुपमा प्रस्तुति हुन गएको छ भने अन्ततोगत्वा यसमा प्राप्त निचोडलाई कार्यान्वयनका लागि सुझाव खण्डमा प्रस्तुत समेत नगरेको स्थिति देखिएको छ ।

अपराधको प्रवृत्ति विश्लेषण, यसको विश्लेषण नतिजाका आधारमा सुधारका लागि गरिनुपर्ने कार्यक्रम तथा कार्यान्वयन योजनासम्म लैजानको लागि प्रस्तुत बेसलाइन सर्वेक्षण, २०७२ फिका देखिन आएको छ । यसले प्रस्तुत गरेको तथ्याङ्कको विश्लेषणका आधारमा भविष्यमा के के गर्नुपर्छ? भन्ने विषयमा प्रस्तुत गरिएको सुझाव खण्डको बुँदा नं. १० मा राज्यको तर्फबाट नियमित सर्वेक्षण गर्ने भन्ने सतही दृष्टिकोण भन्दा बाहेक अन्य ठोस कार्यान्वयनका बुँदा समेटीएको नपाईएको सन्दर्भ समेतका आधारमा अपराधशास्त्रीय अनुसन्धानको विषय चुनौतीपूर्ण देखिएको छ । दीर्घकालीन रुपमा यस कार्यको लागि अन्य केही मुलुकको जस्तै सबैलाई समेटेर स्वतन्त्र निकायको रुपमा अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापना गरी अपराधशास्त्रीय अनुसन्धानलाई प्रभावकारी रुपमा अगाडि वढाउनुपर्ने आवश्यकता अपरिहार्य देखिएको छ ।

## १०. विद्यमानका प्रयास र अवलम्वन गर्नुपर्ने रणनीतिहरु

बेसलाइन सर्वेक्षण प्रतिवेदन प्रकाशित भएपछि लगत्तै महान्यायाधिवक्ताको कार्यालयले यस कार्यलाई अगाडि बढाउन तत्कालीन कार्यका लागि एउटा महाशाखाको रुपमा अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापना गरेको देखिन्छ । संवैधानिक व्यवस्था तथा भावनाअनुरुप आपराधिक गतिविधिलाई रोकथामप्रधान कार्यहरु मार्फत नियन्त्रण, दुरुत्साहन तथा कमी ल्याउन अपराधशास्त्रीय अध्ययनको जग बसालेर मात्रै समाधान गर्न सकिने सन्दर्भमा भएका प्रयासहरु यसप्रकार रहेका छन :

### १०.१. महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना

२०७३ श्रावणदेखि लागू भएको महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको लक्ष्य ४ मा महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयहरूको संस्थागत सुदृढीकरण गर्ने उल्लेख गरिएको छ भने यस अन्तर्गतको रणनीति ९ मा अपराधशास्त्रीय अनुसन्धान केन्द्र स्थापना गरी संस्थागत गर्नेप्रतिबद्धता व्यक्त गर्दै यसका क्रियाकलापहरुमा अपराधशास्त्रीय अनुसन्धान केन्द्रमा आवश्यक जनशक्तिका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने, महान्यायाधिवक्ताको कार्यालयको मातहतमा रहने गरी अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापनाका लागि कार्यादेश सहितको निर्देशिका तयार गर्ने, अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापना गर्ने, अपराधशास्त्रीय अनुसन्धान केन्द्रमा सर्वेक्षण प्रतिवेदनका आधारमा जनशक्तिको व्यवस्था गरी आवश्यक पूर्वाधारको व्यवस्थापन गर्ने, अपराधशास्त्रीय अनुसन्धान केन्द्रबाट अपराधको प्रवृत्ति एवं फौजदारी न्याय प्रणालीमा गर्नुपर्ने सुधारका लागि आवश्यक अनुसन्धान तथा अध्ययन गर्ने उल्लेख गरिएको छ । सो योजना कार्यान्वयन पछि योजनाले "अपराधशास्त्रीय अनुसन्धान केन्द्रले गर्ने अध्ययनबाट अपराधको प्रवृत्ति र फौजदारी कानुनको कार्यान्वयनको अवस्थाको बारेमा अध्ययन, अनुसन्धान हुनेछन् र सुधारका क्षेत्रहरू पहिचान हुने" अपेक्षा गरेको छ ।

### १०.२. अपराधशास्त्रीय अनुसन्धान केन्द्रलाई प्रदान गरिएको जिम्मेवारी

महान्यायाधिवक्ताको कार्यालयको कार्य सञ्चालन तथा कार्य विवरण निर्देशिका, २०७३ मा अपराधशास्त्रीय अनुसन्धान केन्द्रको कार्यविवरणमा निम्न कुराहरु समेटिएको छ :

१. विभिन्न निकायहरूबाट अपराधको सूचना संकलन गर्ने प्रकृया अध्ययन गर्ने, आवश्यक देखिएका सुचनाहरूको तथ्याङ्क समेत सम्बद्ध निकायसँगको समन्वयका आधारमा संकलन गरी व्यवस्थित रूपमा राख्ने एवं यस्ता सूचना तथा तथ्याङ्कहरू संरक्षण गर्ने ।

२. सूचना संकलन र तथ्याङ्क व्यवस्थापनका सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, नेपाल प्रहरी, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण विभाग, वैदेशिक रोजगार विभाग, भन्सार विभाग, नेपाल राष्ट बैङ्क, तथ्याङ्क विभाग, राष्ट्रिय योजना आयोग तथा सम्बद्ध अन्य निकायसँग समन्वय गरी कार्य प्रारम्भ गर्ने ।

३. अपराधको कारण, प्रवृत्ति, रोकथामका लागि अपनाइएका उपायहरूको प्रभावकारिता तथा अपराधका विभिन्न आयामहरूको अध्ययन अनुसन्धान गर्ने ।

४. दण्ड नीति, यसको प्रयोग तथा परिणाम समेतको अध्ययन गरी अपराध र दण्डको अनुपात सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने र परिमार्जनको लागि सम्बद्ध निकायमा आवश्यक सुझाव पेश गर्ने ।
५. अपराधको समाजमा परेको असर, अपराध गर्ने व्यक्तिको क्रियाकलाप र प्रकृति सम्बन्धी अध्ययन गर्ने ।
६. अनुसन्धानबाट प्राप्त तथ्यका आधारमा विद्यमान कानुन र संस्थागत संरचनामा गरिनु पर्ने सुधारका उपायहरू सुझाउने ।
७. फौजदारी कानुनको कार्यान्वयनको प्रभावकारिताका सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने (यसमा फौजदारी मुद्दा सफलताको अवस्था, मुद्दाका प्रवृत्तिहरू, निर्देशन र अभियोजन सम्बन्धमा अदालतबाट भएका टिप्पणीहरूको अध्ययन र सम्बोधन गरिनु पर्ने विषयहरू, अनुसन्धानको वैज्ञानिकीकरण तथा आधुनिकीकरण, अभियोजनमा प्रभावकारिता तथा प्रभावकारी प्रतिरक्षा प्रणाली विकास गर्ने सम्बन्धमा अनुसन्धान गर्ने, अनुसन्धान प्रतिवेदन प्रकाशन समेतका कार्य) ।
८. फौजदारी मुद्दामा सर्वोच्च अदालतबाट भएका, विदेशी अदालतका फैसलाहरू, अपराध सम्बन्धी पुस्तक आदिको संकलन, अध्ययन र अनुसन्धान गर्ने ।
९. अपराधको अनुसन्धान र अभियोजनमा स्तरीयता र एकरूपता कायम गर्ने, अभियोगपत्रका सम्बन्धमा अध्ययन गर्ने, अनुसन्धान र अभियोजनका देखिएका समस्याहरूका सम्बन्धमा र अनुसन्धान र अभियोजनमा सफलता र असफलताको पहिचान गर्ने तथा भविष्यमा फौजदारी मुद्दा र न्याय प्रणालीमा आउने जोखिम, समस्या आदिको न्युनीकरणका उपायबारे अनुसन्धान र अध्ययन गर्ने ।
१०. व्यवस्थापिका-संसद र अन्तर्गतका समितिमा रहेका विधेयकहरूमा गर्नुपर्ने सुधारको सम्बन्धमा सुझाव तयार गर्ने ।
११. नयाँ किसिमका अपराधको परिभाषा र कसुरदारलाई सजाय गर्न आवश्यक पर्ने कानुनको पहिचान गर्ने ।
१२. अपराधहरू र विद्यमान कानुनी संरचना बीचको खाडल (Gaps) को अध्ययन अनुसन्धान गर्ने ।

### १०.३. केन्द्रले अवलम्बन गर्नुपर्ने रणनीतिहरु

फौजदारी न्याय प्रणालीको प्रमुख कार्य नै अपराधको नियन्त्रण भएको र अपराधको नियन्त्रणमा केवल अपराध घटेपछि दण्डात्मक विधि अवलम्बन गर्नेभन्दा अपराध हुन नदिने रोकथाममूलक विधि महत्वपूर्ण रहेको देखिन्छ । यसका लागि अपराधको प्रवृत्तिको विश्लेषण गरी त्यसको नतिजा तथा ठोस सुझाव प्रदान गर्नुपर्ने यसको मुख्य जिम्मेवारी हुन्छ । अपराध घट्नुका कारण, अपराधका प्रकार, अपराधको प्रवृत्ति तथा अपराधले समाजमा ल्याउने परिणामहरु पहिल्याउनु आवश्यक हुन्छ । फौजदारी न्याय प्रशासनलाई सबल र सक्षम बनाउनका लागि अपराधको रोकथाम, दण्ड सजाय सम्बन्धी व्यवस्था, त्यसको प्रयोग र समाजमा परेको प्रभाव, अपराध पीडितको न्यायमा पहुँच तथा अपराधबाट समाजमा परेको प्रभाव, अपराध गर्ने व्यक्तिको आचरण, प्रवृत्ति जस्ता विविध पक्षहरुको अध्ययन अनुसन्धान गर्ने तथा अनुसन्धानले देखाएको

तथ्य र निष्कर्षका आधारमा गर्नुपर्ने हुन्छ । महान्यायाधिवक्ताको कार्यालयले यस कार्यलाई अगाडि बढाउन तत्काल गर्नुपर्ने रणनीतिहरु देहाय बमोजिम रहेका छन्:

- तत्काल विद्यमान जनशक्तिबाट केन्द्रमा जनशक्ति व्यवस्थापन गर्ने,
- आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गर्ने
- दीर्घकालीन रुपमा आवश्यक पर्ने जनशक्तिका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने
- राज्य भर भएका अपराधको केन्द्रीय अभिलेख संयन्त्रको रुपमा केन्द्रलाई स्थापित गर्ने
- महान्यायाधिवक्ताको कार्यालय मातहतमा रहने गरी केन्द्रलाई अलग्गै कार्यालयको रुपमा स्थापित गर्ने
- अपराध अनुसन्धान गर्ने विभिन्न निकयहरुबीच समन्वय गरी अपराधको सूचना संकलन गर्ने
- अपराध घट्नुका कारण, अपराधका प्रकार, अपराधको प्रवृत्ति तथा अपराधले समाजमा ल्याउने परिणामहरुमा अध्ययन गरी प्रकाशन गर्ने
- फौजदारी न्याय प्रशासनलाई सबल र सक्षम बनाउनका लागि अपराधको रोकथाम, दण्ड सजाय सम्बन्धी व्यवस्था सुधारका लागि सुझाव दिने
- कार्यादेश बमोजिमका कार्य गर्न आफ्नो रणनीति तयार गरी कार्य अगाडि बढाउने

## ११. **निष्कर्ष**

वर्तमान विश्वमा अपराध नियन्त्रण सबै मुलुकका लागि प्राथमिकताको विषय रहेको छ । कुनै पनि मुलुकमा अपराध नियन्त्रणमा दण्डप्रधान पद्धतिभन्दा रोकथामप्रधान पद्धति अपेक्षाकृत सफल हुँदै आएको छ । अपराध भैसकेपछि कारबाही गर्ने कुरा राज्यका लागि अन्तिम अस्त्र भएकाले अपराध हुनै नदिन अपराधको प्रवृत्ति अध्ययन तथा विश्लेषण आज ज्यादै महत्वपूर्ण औजार सावित भएको पाइन्छ । नेपालका सन्दर्भमा अपराधका प्रवृत्ति विश्लेषण विविध प्रयासका डेढ दशक अनुभव सन्दर्भमा पछिल्लो बेसलाइन सर्वेक्षण सकारात्मक रहे पनि यसले अपराधको प्रवृत्ति सन्दर्भमा प्रस्तुत गरेका तथ्याङ्क विश्लेषण तथा सुधारका सुझावहरु पूर्ण नरहेको विश्लेषणबाट स्पष्ट भैसकेको छ । समाजमा अपराध हुनै नदिनको लागि अपराधका कारण पत्ता लगाई यसको समाधानको उपाय, यसका लागि आवश्यक पर्ने कार्यक्रम, बजेट, जनशक्ति तथा कार्ययोजना अत्यावश्यक पर्दछ । अपराध नियन्त्रणको विषय आवधिक विषय हैन, यो निरन्तर समीक्षा र यसको आधारमा प्राप्त सुझावको कार्यान्वयनबाट मात्र संभव हुनेहुँदा एउटा बेसलाइन सर्वेक्षणको कार्यान्वयन अर्को सर्वेक्षण नभई अपराधको प्रवृत्ति अध्ययनका लागि अनुसन्धानकर्ता, अभियोजनकर्ता, तथ्याकंशास्त्रीय, मनोबिज्ञानवेत्ता, समाजशास्त्री लगायतका सम्वद्ध क्षेत्रका बिज्ञ सम्मिलित स्वतन्त्र अङ्गका रुपमा अपराधशास्त्रीय अनुसन्धान केन्द्रको अपरिहार्यता आज खडकिएको छ । सबैधानिक व्यवस्थाको आधारलाई मानेर महान्यायाधिवक्ताको कार्यालयवाट भएका हाल भएका तात्कालिन प्रयासलाइ सफल बनाउनर दीर्घकालिन रुपमा अपराधको रोकथामलाई प्राथमिकता दिई सही ढङ्गले बढाउनमा सरकारको ध्यान जानु जरुरी देखिएको छ ।

## सन्दर्भ सामग्री


१. नेपालको संविधान

२. नेपालको अन्तरिम संविधान, २०६३

३. सरकारी वकिल सम्बन्धी नियमावली, २०५५

४. फौजदारी न्याय प्रणालीको आधारभूत सर्वेक्षण, प्रकाशक महान्यायाधिवक्ताको कार्यालय र सेलर्ड, २०६९

५. नेपालमा सरकार वादी मुद्दाको अवस्था र चुनौती, सबैका लागि न्याय (J4A) अनामनगर, २०७०

६. महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन आ.व. २०७१।०७२, २०७२।०७३ प्रकाशक महान्यायाधिवक्ताको कार्यालय ।

७. महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना आ.व. २०७३।०७४–२०७७।०७८, प्रकाशक महान्यायाधिवक्ताको कार्यालय, २०७३ आषाढ

८. महान्यायाधिवक्ताको कार्यालयमाCrime Trend Analysis Center को स्थापनाको लागि अध्ययन गर्न गठित कार्यदलको प्रतिवेदन, २०७१

९. नेपालको फौजदारी न्याय प्रणालीको विश्लेषण र सुधार, कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) २०५७

१०. रेवतीराज त्रिपाठीद्धारा महान्यायाधिवक्ताको कार्यालयमा प्रस्तुत अपराधशास्त्रीय अध्ययन केन्द्रको स्थापना सम्बन्धी अवधारणापत्र, २०७१ (अप्रकाशित)

११. कृष्णजीवी घिमिरे र सोमकान्ता भण्डारी, अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापना र यसले अवलम्बन गर्नुपर्ने रणनीतिहरु विषयको कार्यपत्र, महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयद्धारा नेपालका सरकारी वकील र प्रहरीहरुको प्रभावकारी अनुसन्धान र अभियोजन विषयमा आयोजित प्रथम राष्ट्रिय सम्मेलन, २०७३ मा प्रस्तुत कार्यपत्र, प्रकाशक महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालय, नेपाल, २०७३

१२. कृष्णजीवी घिमिरे, अपराधको रोकथाममा प्रवृत्ति विश्लेषण: विगत, वर्तमान र भावी कार्यदिशा, कानुन द्वैमासिक, अङ्क ११८, २०७३ भाद्र

१३. Criminology Research Act, 1971, Australia

१४. C.M.V. Clarkson & H.M. Keating (Fourth eds.), CRIMINAL LAW: TEXT AND MATERIALS, Sweet & Maxwell, London, (1998).

१५. Gennar F. Vito et.al Criminology Theory, Research and Policy, John and Bratlett Publication, 2007

१६. K I Vibute, PSA PILLAI'S CRIMINAL LAW, (Tenth eds.), Butterworth Wadhwa, Nagpur, (2011)

१७. Baseline Survey on Criminal Justice System, Center for research and resource development (CelRRD), 2007

१८. http://www.globalforumljd.org

१९. http://www.aic.gov.au

२०. https://www.ons.gov.uk


❋ ❋ ❋

## भवितव्य ज्यान सम्बन्धी अपराधको प्रवृत्ति : एक विश्लेषणात्मक अध्ययन

✍ **नारायणप्रसाद पौडेल**
**सहन्यायाधिवक्ता**

### १. पृष्ठभूमि

*'Actus non facit reum, nisi mens sit rea'* अर्थात् कुनै पनि काम यदि दोषी मनोभावनाले गरिएको छैन भने त्यो अपराध हुँदैन। यो फौजदारी कानुनको आधारभूत सिद्धान्त हो। कुनै पनि कार्य अपराध हुनको लागि उक्त कार्यलाई फौजदारी कानुनले निषेध गरेको हुनु पर्दछ। अर्थात्, फौजदारी कानुनद्वारा निषेधित कार्य भएको हुनु पर्दछ र त्यो दोषी मनोभावनाका साथ गरिएको हुनु पर्दछ। त्यसकारण आपराधिक कार्य (actus reus) र आपराधिक मनसाय (Mens rea) लाई फौजदारी अपराधका आवश्यक तत्वको रुपमा लिइन्छ। यी दुई तत्वको समीश्रणद्वारा नै अपराधको सृजना हुन्छ। यो फौजदारी कानुनको सामान्य सिद्धान्त हो। तर आधुनिक फौजदारी कानुनमा यसका पनि केही अपवादहरु विकसित भएका छन्। सबै कुरा निश्चित नियमले मात्र समेट्न सकेको हुँदैन। नियमका केही न केही अपवाद पनि विकसित भएका हुन्छन्। त्यसैले भनिन्छ : संसार अपवाद विना चलेको छैन (The world has not been run without exceptions)। फौजदारी कानुन पनि यसबाट अछुतो रहन सकेको छैन। त्यसैले निरपेक्ष दायित्व (Strict liability) अन्तर्गतका अपराधहरुमा मनसाय तत्वको ख्याल गरिएको हुँदैन। आपराधिक कार्य पुष्टि भए पछि अपराध भएको मानिन्छ। जस्तै : दुषित खाद्य पदार्थ विक्री गर्नु, तेलमा मिसावट गर्नु आदि। त्यसैगरी मनसाय तत्व विना गरिएका कामलाई पनि देशको फौजदारी कानुनले अपराधको कोटीमा राखेको खण्डमा त्यो काम गरे वापत कर्ताले सजायको भागीदार हुनुपर्ने हुन्छ।

फौजदारी कानुन देशको विधायिकाले बनाउन सक्ने र यसको व्याख्यामा शाव्दिक व्याख्याको कडा नियम (Strict construction) को सिद्धान्त लागू हुने तथा राज्यशक्ति (State power) बाट पृष्ठपोषित हुने हुनाले आपराधिक मनसाय थिएन भनेर आपराधिक दायित्वबाट छुटकारा पाउने स्थिति हुँदैन। हामीले मानी आएको भवितव्य सम्बन्धी अपराध यसको ज्वलन्त उदाहरण हो। आफुबाट हुन गएको नराम्रो कर्मको प्रायश्चितद्वारा शुद्धीकरण हुन्छ भन्ने शास्त्रीय मान्यता, मानवको जिउन पाउने हक प्रतिको उच्च महत्व, जीउ ज्यान सम्बन्धी अपराधलाई हेर्ने फराकिलो दृष्टिकोण एवं परम्परागत मान्यताप्रतिको लगाव जस्ता कारणहरुले गर्दा नेपालको फौजदारी कानुनमा ज्यान सम्बन्धी अपराध अन्तर्गत भवितव्य ज्यानलाई पनि समाविष्ट गरिदै आएको पाइन्छ। तर अपराधका मानसिक तत्व (Mens rea) का केही स्वरुपलाई पनि भवितव्य ज्यानको कसुरमा समाविष्ट गरिएको हुँदा मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको ५ र ६ नं. मा समाविष्ट गरिएको भवितव्य ज्यान सम्बन्धी अपराध भवितव्यको रुपमा मात्र सीमित नरही अन्य विकसित मुलुकमा व्यवस्थित वात लाग्ने हत्या (Culpable homicide) को स्वरुपसँग मिश्रित प्रकृतिको रहेको देखिन्छ। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) ले पनि भवितव्य प्रकृतिको दुर्घटनालाई अपराधको रुपमा अंगीकार गरेको छ। आफै लडी मरेका,

प्राकृतिक प्रकोपमा परी मृत्यु भएका जस्ता घटनालाई पनि भवितव्य ज्यान कै शीर्षकमा मुद्दा दर्ता गरी निर्णय गर्ने प्रचलन छ । यस्ता विविध कारणहरुले गर्दा भवितव्य ज्यान के हो र यसलाई अपराधको रुपमा लिन मिल्ने हो होइन भन्ने सम्बन्धमा विभिन्न अस्पष्टता र अलमलको स्थिति देखिन्छ ।

भवितव्य ज्यानको अपराधशास्त्रीय मान्यता र हाम्रो कानुनी व्यवस्थाको बीचमा तादाम्त्यता रहेको पाइदैन । त्यसैले यहाँ भवितव्य ज्यान सम्बन्धी अपराधशास्त्रीय अवधारणागत पक्ष, हाम्रो कानुनले अंगीकार गरेको व्यवस्था र सर्वोच्च अदालतबाट यस सम्बन्धमा भएका व्याख्याको चर्चा गर्दै हाम्रो कानुनमा हुनुपर्ने सुधारका पक्षलाई औंल्याउने प्रयत्न गरिएको छ । शीर्षकको दायरलाई दृष्टिगत गरी भवितव्यका सबै पक्षमा चर्चा नगरी भवितव्य ज्यानको बारेमा केही विस्तृत रुपमा प्रकाश पार्ने र प्रसंगवश भवितव्य सवारी ज्यानको बारेमा संक्षेपमा उल्लेख गर्ने प्रयत्न गरिएको छ । हाम्रो कानुनले भवितव्य ज्यानलाई वात लाग्ने हत्याकै एउटा प्रकार मानी भवितव्य हत्याको रुपमा मान्यता दिँदै आएको भए पनि विधिशास्त्रीय मान्यता अनुसार भवितव्य ज्यानलाई अपराधको रुपमा वर्गीकरण गर्न उचित नहुने र यस अध्ययनमा थोरै मुद्दाको मात्र विश्लेषण गरिएकोले त्यसको आधारमा मात्र भवितव्य ज्यानको अपराध गर्ने उमेर समूह, क्षेत्र, समय जस्ता कुराहरुमा आमधारणा बनाउन (Generalize गर्न) गाह्रो हुने भएकोले अपराधशास्त्रीय अध्ययनमा आवश्यक पर्ने केही पक्षहरुलाई समेट्न सकिएको छैन ।

## २. भवितव्य ज्यान सम्बन्धी अवधारणा

सिद्धान्तत : फौजदारी अपराध हुनको लागि आपराधिक कार्य (Actus reus) र आपराधिक मनसाय (Mens rea) हुनै पर्दछ । आपराधिक कार्य विना अपराध हुन सक्दैन (No actus reus no crime) भन्ने फौजदारी विधिशास्त्रीय मान्यता छ । यसको साथ साथै त्यस्तो आपराधिक कार्य मानसिक तत्व अर्थात्आपराधिक मनसाय (Mens rea) को कुन प्रकृतिको विद्यमानतामा भएको हो भन्ने कुरा अत्यन्त महत्वपूर्ण हुन्छ । मानसिक तत्वको कुन स्वरुपको उपस्थिति छ भन्ने आधारमा नै त्यो आपराधिक कार्य वापत कर्तालाई के कति आपराधिक दायित्व बहन गराउने भन्ने यकिन गरिन्छ । मानसिक तत्वको स्वरुपको आधारमा नै अपराधको गम्भिर्यताको मापन गरिन्छ । मानसिक तत्वको अभावमा भएको कार्य वापत आपराधिक दायित्व बहन गराइनु हुँदैन । अनिच्छित तथा अन्जानमा भएको कामको लागि दण्डित गरिनु हुँदैन । मानिस विवेकशिल प्राणी भएकोले उसले आफुले गर्ने कामको लेखा जोखा गरेको हुन्छ र जानीबुझी गरेको काम अर्थात् मानसिक शक्तिको प्रयोग गरेर गरेको कामको लागि ऊ जिम्मेवार हुनु पर्दछ । तर अन्जानमा वा अनिच्छित रुपमा गरिएको काम प्रति उसलाई जिम्मेवार बनाउन मिल्दैन भन्ने मान्यता रही आएको पाइन्छ । त्यसैले विशुद्ध भवितव्य प्रकृतिको कार्यको लागि आपराधिक दायित्व बहन गराउनु फौजदारी विधिशास्त्रको मान्यताको प्रतिकूल हुन जान्छ । कस्तो अवस्थामा गरेको कार्यलाई भवितव्य मान्ने र कस्तो अवस्थामा गरेको कार्यको लागि आपराधिक दायित्व बहन गराउने,आपराधिक दायित्वकोमात्रा कसरी निर्धारण गर्ने भन्ने यकिन गर्न अपराधको मानसीक तत्व (Men rea) का विभिन्न स्वरुप (Degree) को बारेमा हेक्का हुन जरुरी हुन्छ ।

अपराधशास्त्रीय दृष्टिकोणबाट हेर्दा फौजदारी दायित्व बहन गराउनको लागि कुनै आपराधिक कार्य (फौजदारी कानुनद्वारा निषेधित कार्य) मानसिक अवस्थाका स्वरुप मध्य कम्तीमा पनि एउटाको उपस्थितिमा भएको हुनु पर्दछ । आपराधिक मनसाय (Men rea) यकिन गर्न कर्ताको अपराध गर्दाका बखतको मानसिक अवस्थालाई आधार मानिन्छ । अपराध गर्दाको मानसिक अवस्थाका मुख्य तथा तीन स्वरुप हुन्छन् । कसै कसैले मानसिक अवस्थाका चार स्वरुप हुने कुरा पनि उल्लेख गर्ने गरेको पाइन्छ । यी अवस्था (State of mind) ले परस्परमा मिलेर (Combinely) वा एक्लै (Separately) पनि आपराधिक मनसाय (Mens rea) को सृजना गर्दछन् । यस आधारमा आपराधिक मनसायलाई अपराध गर्ने इच्छा वा चाहना (intention), लापरबाही (Recklessness) र हेलचेक्र्याइँ (Negligence) गरी विभाजन गरिएको पाइन्छ । कतै कतै आपराधिक कार्यको ज्ञान (Knowledge) लाई पनि मनसायको छुट्टै प्रकारको रुपमा हेरिन्छ । आपराधिक चाहना (Criminal Intention) मनसाय तत्वको सबैभन्दा माथिको स्वरुप (Highest degree of mens rea) हो भन्ने मानिन्छ । अपराधको चाहना (Intention) लाई पनि Direct intention र Oblique intention गरी विभक्त गर्ने गरिएको पाइन्छ भने लापरबाही (Recklessness) लाई पनि उच्च लापरबाही र सामान्य लापरबाही भनी विभक्त गर्ने गरिएको पाइन्छ । त्यसै गरी हेलचेक्र्याइँलाई पनि गम्भीर प्रकृतिको हेलचेक्र्याइँ (Gross-negligence) र हेलचेक्र्याइँ (Negligence) भनी विभक्त गर्ने गरिएको पाइन्छ । सामान्य प्रकृतिको हेलचेक्र्याइँलाई आपराधिक मनसायको स्वरुप मान्न मिल्दैन भन्ने विधिशास्त्रीय मान्यता पनि विकास भएको पाइन्छ । विशुद्ध प्रकृतिको भवितव्य जनित कार्य अथवा भवितव्य ज्यानमा आपराधिक मनसाय (Mens rea) का माथि उल्लेखित कुनै पनि स्वरुपको उपस्थिति नहुने भएकोले फौजदारी विधिशास्त्रीय मान्यता अनुसार त्यस्तो प्रकृतिको भवितव्य ज्यानलाई अपराध मानिदैन । भवितव्यलाई अपराध (offence) नभई आपराधिक दायित्वबाट छुटकारा पाउने आधार (Defense) को रुपमा लिइन्छ । 'भवितव्य' शब्दको अर्थ दुर्घटना वा इच्छा नगरिएको र 'हत्या' को अर्थ मार्नु भन्ने हुन्छ । त्यसैले शाब्दिक रुपमा 'भवितव्य हत्या' को अर्थ दुर्घटनापूर्वक हत्या अर्थात् अनिच्छित हत्या भन्ने बुझिन्छ । हाम्रो कानुनलाई हेर्दा भवितव्य हत्यालाई वात लाग्ने हत्याकै एउटा प्रकारको रुपमा हेरिँदै आएको पाइन्छ । यस अन्तर्गत हेलचेक्र्याइँबाट ज्यान मर्न गएको अपराधलाई पनि समाविष्ट गरिएकोले यसलाई विशुद्ध रुपमा भवितव्य ज्यान भन्न वा भवितव्य ज्यान अपराध नै होइन भन्न मिल्ने नमिल्ने सम्बन्धमा दुविधाजनक स्थिति रहेको देखिन्छ ।

## ३. नेपालमा भवितव्य ज्यान सम्बन्धी कानुनी व्यवस्थाको ऐतिहासिक विकास

नेपालमा भवितव्य ज्यानलाई प्राचिन कालदेखि नै वात लाग्ने हत्या (Culpable Homicide) को एउटा प्रकारको रुपमा हेरिँदै आएको पाइन्छ । यो कुरा धर्मशास्त्रीय मान्यताबाट पनि प्रभावित भएको पाइन्छ । प्राचिन हिन्दु धर्मशास्त्रमा कर्तव्य वा भवितव्यबाट मानिस मर्न गएमा पनि 'हत्या' नै भनी त्यसलाई पापको रुपमा लिइन्थ्यो । दण्ड सजाय भने उक्त हत्या उद्देश्यपूर्वक वा इच्छित थियो भने कडा र इच्छा बेगर वा अन्जानमा भएको थियो भने सामान्य सजाय दिने प्रचलन रहेको पाइन्छ । विधायिकी कानुनको इतिहासलाई हेर्दा १९१० को मुलुकी ऐन र तत्तपश्चात्का कानुनमा भवितव्य ज्यान सम्बन्धी अपराधलाई कसरी हेरिएको थियो भन्ने बारेमा संक्षिप्त चर्चा गर्नु प्रासांगिक देखिन्छ ।

### ३.१ मुलुकी ऐन, १९१० मा भएको कानुनी व्यवस्था

मुलुकी ऐन, १९१० ले भवितव्य हत्यालाई कर्तव्य ज्यानको दोस्रो वर्गीकरणको रुपमा पहिलो पटक मान्यता दिएको पाइन्छ । यो ऐनमा भवितव्य ज्यानलाई 'भवितव्य हत्या' भनी विशेष प्राविधिक शव्दको रुपमा प्रयोग गरिएको पाइन्छ । यस शव्दलाई विधायिकी कानुनमा नै वैधानिक रुपमा समावेश गरिएको थियो । मुलुकी ऐन, १९१० मा भवितव्य हत्यालाई परिभाषित नगरिएको भएतापनि भवितव्य हत्या सम्बन्धमा विविध व्यवस्थाहरु गरिएको थियो जस अन्तर्गत देहायका हत्यालाई भवितव्य हत्याको रुपमा लिइएको थियो ।[१]

**(क) १२ वर्ष भन्दा माथिको व्यक्तिले हत्या गरिएको भएमा**

भवितव्य ज्यान मार्नेको महलको १ नं. अनुसार अभियुक्तले केही गर्दा मृतकको शरिरको पछाडिको भागमा लागेको कुनै चोट वा खतको कारण मानिसको ज्यान गएमा भवितव्य हत्याको रुपमा परिभाषित गरिएको थियो । तर शरीरको संवेदनशील भागमा घाउँ चोट लागेको कारणबाट मृतकको मृत्यु भएमा भवितव्य हत्याको परिभाषा भित्र नपर्ने व्यवस्था रहेको थियो । यस अन्तर्गत १२ वर्ष भन्दा वढी उमेरका व्यक्तिले मृतकको शरिरको पछाडिको भागमा केही गर्दा चोट लागी भएको हत्यालाई भवितव्य हत्या मानी अभियुक्तको उमेर र चोट लागेको अंगको संवेदनशिलताको आधारमा भवितव्य हत्यालाई छुट्टयाइएको पाइन्छ ।

**(ख) भूलवश केही गर्दा मानिस मर्न गएमा**

मुलुकी ऐन, १९१० को ज्यान सम्बन्धी महलको २ नं. मा भएको भवितव्य हत्या सम्बन्धी व्यवस्था अनुसार पीडितको बारेमा पूर्व जानकारी विना अभियुक्तले रातको समयमा कुनै जनावर हो भन्ने अनुमान गरी केही गर्दा भूलवश मानिस मर्न गएमा भवितव्य हत्या हुने व्यवस्था गरेको थियो । यस अन्तर्गत तथ्यको भूलवश (Mistake of fact) केही गर्दा मानिस मर्न गएमा भवितव्य ज्यानको अपराध हुने व्यवस्था गरिएको थियो ।

**(ग) पूर्ण दुर्घटनाबाट मानिस मर्न गएमा**

पूर्ण दुर्घटनाबाट भएको हत्यालाई मुलुकी ऐन, १९१० मा भवितव्य हत्याको तेस्रो वर्गीकरणको रुपमा लिइएको पाइन्छ । यस अन्तर्गत दुई वटा अवस्थामा मानिसको ज्यान गएको अवस्थालाई भवितव्य हत्या अन्तर्गत राखिएको थियो । "भवितव्य ज्यान मार्नेको" महलको ३ नं. मा कुनै मानिसले जनावर, चरा, फलफुल वा रुखलाई भनी लाठी वा ढुंगाले हान्दा सोहीले लागि मानिसको ज्यान मर्न गएमा भवितव्य हत्या हुने व्यवस्था गरिएको थियो । सोही महलको १० नं. मा कसैले बन्चरो, खुकुरी, खुर्पा, चुप्पीले रुख वा हांगा काट्दा खुस्किएर कसैलाई लाग्न गई मानिस मर्न गएमा भवितव्य हत्याको अपराध हुने व्यवस्था गरिएको थियो । आधुनिक फौजदारी विधिशास्त्रले माथिका दुवै अवस्थालाई पूर्ण दुर्घटना मानी अपराधको कोटीबाट अलग गरेको पाइन्छ ।

---

[१] प्रा.डा. रजितभक्त प्रधानाङ्ग र अधिवक्ता कुन्साङ लामा (योन्जन) (२०६८), "नेपालमा भवितव्य हत्या: सिद्धान्त, इतिहास र अदालती व्यवहार", कानुन, अंक ८८, पृष्ठ ५३ ।

**(घ) आगलागीबाट ज्यान मर्न गएमा**

भवितव्य ज्यान मार्नेको महलको ८ नं. मा यस सम्बन्धी व्यवस्था गरिएको थियो जस अनुसार खोरिया जमिनलाई खेती योग्य बनाउन वा जंगलमा कुनै तरिकाले आगो लगाउँदा दुर्घटना भई कसैको ज्यानमा आगो लाग्न गै सोही कारणबाट मानिस मर्न गएमा भवितव्य हत्याको अपराध हुने प्रावधान थियो ।

माथिका वर्गीकरणहरु मध्ये पहिलो बाहेकका तीन वटा अवस्थाहरु आधुनिक फौजदारी विधिशास्त्रले इंगित गरेका पूर्ण दुर्घटनावश भएको मृत्यु (Pure accident) को प्रकृतिसँग मिल्दोजुल्दो रहेको पाइन्छ । यस मध्ये आगलागीबाट भएको भवितव्य हत्यामा आधुनिक फौजदारी विधिशास्त्रले इंगित गरेको सामान्य हेलचेक्र्याइँ (Negligence) को केही तत्व समाविष्ट भएको आभाष पनि पाइन्छ । मुलुकी ऐन, १९१० ले भवितव्य हत्यालाई वात लाग्ने हत्याकै कोटीमा राखी धेरै जसोमा दण्डको व्यवस्था गरिएको थियो भने केही अवस्थामा हिन्दु धर्मशास्त्र अनुसार प्रायश्चित गराउने व्यवस्था पनि रहेको पाइन्छ ।

## ३.२ मुलुकी ऐन, १९९२ मा भएको भवितव्य हत्यासम्बन्धी व्यवस्था

भवितव्य हत्यालाई मुलुकी ऐन, १९९२ मा पनि वात लाग्ने हत्याकै एउटा प्रकारको रुपमा अंगीकार गरिएको पाइन्छ । यो ऐनमा भवितव्य हत्यालाई वात लाग्ने हत्याको तेस्रो वर्गीकरणको रुपमा लिइएको थियो । उक्त ऐनको ज्यान सम्बन्धी महलको ५ नं. मा मानिस मार्नेसम्मको मनसाय र उद्देश्य विना मानिस मर्ला जस्तो नलाग्ने र मानिस मर्नेसम्मको पनि नभएको कुनै कार्य गर्दा सोही कार्यको परिणाम स्वरुप मानिस मर्न गएमा भवितव्य हत्या ठहर्छ भनी भवितव्य हत्याको परिभाषा गरिएको थियो । यसले मनसाय तत्वको उपस्थिति विना गरिएको कार्यबाट मानिस मर्न गएमा भवितव्य हत्याको अपराध हुने व्यवस्था गरेको पाइन्छ । यो कुरा सकारात्मक भए पनि आपराधिक मनसाय (Mens rea) का अन्य प्रकारहरुको बारेमा उल्लेखन नगरी मार्ने मनसाय (Intention) विना गरिएका कार्यबाट मानिस मर्न गएको अवस्थालाई भवितव्य हत्यामा समाविष्ट गर्न खोजिएको र भवितव्य हत्यामा पनि सजायको व्यवस्था गरिएको हुँदा आधुनिक फौजदारी विधिशास्त्रले राखेको भवितव्य ज्यानको अवधारणासँग यो व्यवस्था मेल खाने देखिँदैन । भवितव्य हत्यामा संलग्न व्यक्तिलाई सजाय दिने आधाररमा १९९२ को मुलुकी ऐनले भवितव्य हत्यालाई निम्न चार वर्गमा विभक्त गरेको पाइन्छ :-

**(क) १२ वर्ष भन्दा माथि उमेरको वा विरामी मानिसको ज्यान मारेमा**

१९९२ सालको मुलुकी ऐनको ज्यान सम्बन्धी महलको ५ नं. को दफा १ मा १२ वर्ष भन्दा माथिएको उमेरको वा विरामी मानिसलाई हातले, साधारण लाठा, ढुंगाले हान्दा सोही पिरको कारण मर्न गएमा भवितव्य हत्या हुने व्यवस्था गरिएको थियो ।१२ वर्ष उमेर पुगेको मानिसलाई हात, साधारण लाठा, ढुंगाले हान्दा मानिस मर्दैन भन्ने अनुमान राखेर नै उक्त ऐनमा यस्तो व्यवस्था राखिएको पाइन्छ ।

**(ख) १२ वर्ष भन्दा मुनिको बालकलाई निजको अभिभावक आदिले मारेमा**

यो ऐनको ५ नं. कै दफा १ मा १२ वर्ष भन्दा मुनिको बालबालिकालाई निजको बाबु, आमा, अभिभावक वा शिक्षकले मार्ने मनसाय विना एउटा हातले हान्दा, केही गर्दा मानिस मर्न गएमा भवितव्य हत्या ठहर्छ भन्ने व्यवस्था गरिएको थियो । यो व्यवस्था अनुसार भवितव्य छुट्टयाउने

आधारमा पीडितको उमेर र उसको हित चिताउने व्यक्तिबाट भएको कार्यलाई लिइएको पाइन्छ । सानो उमेरको वालवालिका प्रति उसैको अभिभावक तथा रक्षा शिक्षा गर्नेको मार्ने मनसाय हुँदैन भन्ने मान्यताका आधारमा यस्तो व्यवस्था राखिएको देखिन्छ ।

**(ग) होस नपुऱ्याई तथा असावधानीपूर्वक केही कार्य गर्दा मानिस मर्न गएमा**

मुलुकी ऐन, १९९२ को ज्यान सम्बन्धी महलको ५ नं. को दफा २ ले केही काम गर्दा वा थुनछेक गर्दा मृतकको कुनै कामलाई रोक्दा सोही कारणबाट मानिस मर्न गएमा भवितव्य हत्या हुने व्यवस्था गरेको थियो । यो व्यवस्था वर्तमान फौजदारी विधिशास्त्रीय मान्यतासँग केही नजिक रहेको देखिन्छ ।

**(घ) होस नपुऱ्याई वा हेलचेक्र्याइँपूर्वक केही गर्दा मानिस मर्न गएमा**

यस ऐनको ज्यान सम्बन्धी महलको ६ नं. मा कुनै मानिसले होस नपुऱ्याई र हेलचेक्र्याइँपूर्वक कुनै कार्य गर्दा सामान्य वा गम्भीर घाउँ चोट लाग्न गई मानिस मर्न गएमा दुर्घटना र होस नपुऱ्याई गरेको ज्यान ठहर्छ भन्ने व्यवस्था रहेको पाइन्छ । यस अन्तर्गत होस नपुऱ्याई केही गर्दा मानिस मर्न गएमा भवितव्य ज्यानको रुपमा लिइने तीन वटा अवस्थाको व्यवस्था उक्त महलको ७, ८ र ९ नं. ले गरेको पाइन्छ जसमा, सांकेतिक चिन्ह र हेर्ने मानिस विना निर्माण कार्य गर्दा मानिस मर्न गएमा, कुनै खतरापूर्ण बन्धुक र विष्फोटक पदार्थ होस नपुऱ्याई भण्डारण गर्दा मानिस मर्न गएमा र पासोमा फस्न गई कुनै मानिसको मृत्यु हुन गएमा भवितव्य ज्यानको कसुर हुने प्रावधान रहेको पाइन्छ ।यो व्यवस्था हेर्दा होस नपुऱ्याई वा हेलचेक्र्याइँपूर्वक केही गर्दा मानिस मर्न गएमा भवितव्य ज्यानको कसुर हुने भन्ने देखिए पनि यसमा अन्तरनिहित मर्मलाई हेर्दा यो व्यवस्था आधुनिक फौजदारी विधिशास्त्रले अंगीकार गरेको मनसाय तत्व (Mens rea) को हेलचेक्र्याइँ (Negligence) को प्रकृतिसँग मिल्दोजुल्दो रहेको देखिन्छ ।

उल्लेखित कानुनी व्यवस्था र सोको विश्लेषणको आधारमा हेर्दा १९१० को मुलुकी ऐन र त्यसमा भएको १९९२ को संशोधित व्यवस्थाले ज्यान सम्बन्धी अपराधलाई मनसाय तत्वको पूर्ण उपस्थितिमा भएको अपराध र भवितव्यजनित अवस्थामा भएको अपराध गरी दुई भागमा विभक्त गरी सोही आधारमा आपराधिक दायित्व निर्धारण गर्न खोजेको पाइन्छ । आधुनिक फौजदारी विधिशास्त्रले विभक्त गरेका मनसाय तत्वका विभिन्न प्रकारहरुको विभाजन र तद्नुरुपको सजायको वर्गीकरण नभए पनि त्यसबेलाको फौजदारी कानुनको विकासको परिवेशको आधारमा हेर्दा यो विभाजनलाई सकारात्मक नै मान्नुपर्ने देखिन्छ ।

## ४. भवितव्य ज्यान सम्बन्धी विद्यमान कानुनी व्यवस्था

भवितव्य ज्यानलाई मुलुकी ऐन, १९१० लाई प्रतिस्थापन गरी बनेको मुलुकी ऐन, २०२० ले पनि अपराधको कोटीमा राखी अघिल्लो मुलुकी ऐनले अवलम्बन गरेका धेरै जसो प्रावधानलाई अंगीकार गरेको पाइन्छ । यो मुलुकी ऐनले साविकको ऐनको तुलनामा भवितव्य ज्यान सम्बन्धी व्यवस्थालाई केही संक्षेपीकरण गरेको भएपनि सारमा खासै परिर्वतन गरेको पाइदैन । यो ऐनले पनि ज्यान सम्बन्धी अपराधलाई मनसायपूर्वक गरिएको हत्या र भवितव्यबाट गरिएको हत्या गरी मूलतः दुई भागमा नै विभक्त गरेको पाइन्छ । भवितव्य ज्यानलाई 'भवितव्य' मात्र भन्ने

शव्द प्रयोग गरिएको र 'हत्या'भन्ने शव्द प्रयोग नगरिएको भएपनि भवितव्यबाट ज्यान मरेकोमा पनि सजायको व्यवस्था भएकोले यसलाई साविकको ऐनले गरेको भवितव्य हत्याको स्वरुपबाट पूर्णरुपमा अलग गरी हेर्न सकिने स्थिति देखिदैन । यो ऐनले १९९२ सालको मुलुकी ऐनले समाविष्ट गरेको आवेशप्रेरित हत्यालाई पनि ज्यान सम्बन्धी अपराधको छुट्टै प्रकारको रुपमा निरन्तरता दिएको छ । वर्तमान मुलुकी ऐनले ज्यान सम्बन्धी अपराधलाई कर्तव्य ज्यान, आवेशप्रेरित हत्या र भवितव्य ज्यान गरी तीन भागमा विभक्त गरेकोले आधुनिक फौजदारी विधिशास्त्रले अपराधका मनसाय तत्वको आधारमा गरेको वर्गीकरणसँग मेल खाने प्रकृतिको देखिदैन । तथापि, मनसाय तत्वको माथिल्लो स्वरुप (Intention & knowledge) को उपस्थितिमा गरिएको हत्यालाई कर्तव्य ज्यानको अपराध मानी अरुभन्दा बढी गम्भीर अपराधको कोटीमा राखेकोले वर्तमान मुलुकी ऐनले गरेको यो वर्गीकरण आधुनिक फौजदारी विधिशास्त्रसँग मेल खाने प्रकृतिको देखिन्छ । हाम्रो मुलुकी ऐनले व्यवस्थित गरेको कर्तव्य ज्यान सम्बन्धी अपराधको प्रकृति बेलायती कानुनले अवलम्बन गरेको Murder र Manslaughter,भारतीय कानुनले व्यवस्था गरेको Culpabale Homicide amounting to Murder र Culpable Homicide not amounting to murder लाई समेट्ने प्रकृतिको छ । उक्त देशहरुमा जस्तो कर्तव्य ज्यानलाई वर्गीकरण नगरिएको भएपनि ज्यान सम्बन्धीको महलको १३ नं. ले गरेको व्यवस्थाले यसलाई कुनै न कुनै रुपमा समेट्न खोजेको पाइन्छ ।

वर्तमान मुलुकी ऐनले कर्तव्य ज्यान अपराधलाई धेरै हदसम्म व्यवस्थित गरेको भएपनि आधुनिक फौजदारी विधिशास्त्रले विकसित गरेका ज्यान सम्बन्धी अपराधका अन्य वर्गीकरणलाई व्यवस्थित गर्न सकेको छैन । हेलचेक्र्याइँपूर्वक गरिएको ज्यान मार्ने अपराध र भवितव्यजनित कार्यबाट ज्यान मरेको अवस्थालाई ज्यान सम्बन्धीको महलको ५ र ६ नं. मा समाविष्ट गरी भवितव्य ज्यान अन्तर्गत राखिएकोले भवितव्य ज्यान केलाई मान्ने भन्ने कुरा नै दुविधाजनक स्थितिमा छ । लापरबाहीपूर्वक गरिएको कार्यबाट ज्यान मरेको अपराधमा कर्तव्य वा भवितव्य के मा मुद्दा चलाउने भन्ने स्पष्ट कानुनी निकास देखिदैन । भवितव्य ज्यान सम्बन्धी अपराध कस्तो अपराधलाई मान्ने भन्ने सम्बन्धमा हाम्रो विद्यमान कानुनलाई हेर्दा मुलुकी ऐनको ज्यान सम्बन्धीको महलको ५ र ६ नं. र सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) मा यस सम्बन्धी कानुनी व्यवस्था रहेको पाइन्छ ।

### ४.१ मुलुकी ऐनको ज्यान सम्बन्धीको महलले गरेको व्यवस्था

ज्यान सम्बन्धीको महलले भवितव्यको परिभाषा यस प्रकार गरेको छ :

> "ज्यान लिने इविलाग वा मनसाय नभई कसैले आफुले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भईकुनै मानिस मर्न गएको भवितव्य ठहर्छ"[२] यो व्यवस्था हेर्दा ज्यान मार्ने इविलाग वा मनसायपूर्वक गरिएको कार्यलाई भवितव्यको कसुरबाट बाहेक गरिएको र मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम गर्दा मानिस मर्न गएको अवस्थालाई भवितव्य मानिएको छ । लापरबाही र हेलचेक्र्याइँपूर्वक गरिएको कार्यबाट मानिस मर्न गएमा के हुने भन्ने बारे मौन रहेको देखिन्छ ।

[२] मुलुकी ऐन, ज्यान सम्वन्धीको महलको ५ नं.

ज्यान सम्बन्धीको महलको ६ नं. ले भवितव्य भई मानिसको ज्यान मरेकोमा निम्नानुसारको विभिन्न प्रकारको सजायको व्यवस्था गरेको छ :

(क) "एउटा कामको निमित्त सावधानिसँग हातहतियार उठाएकोमा केही व्यहोराले अरुलाई लाग्न गै भवितव्य परेकोमा तीनसय रुपैयांसम्म जरिवाना हुन्छ ।"[३]

यहाँलापरबाही र हेलचेक्र्याइँको उपस्थिति रहेको देखिदैन । त्यसैले यो विशुद्ध भवितव्य (Pure accidental) प्रकृतिको घटना देखिन्छ । सामान्य सजायको व्यवस्था गरिए पनि त्यसलाई बाहेक गरेर हेरिएमा यो भवितव्य ज्यान सम्बन्धमा वर्तमान फौजदारी विधिशास्त्रले स्थापित गरेको मान्यतासँग मेल खाने प्रकृतिको देखिन्छ ।

(ख) "होस नपुऱ्याई वा हेलचेक्र्याइँ गरी कुनै काम गर्दा भवितव्य परेकोमा पाँचसय रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुर्व सजायं हुन्छ ।"[४]
यसमा आधुनिक फौजदारी विधिशास्त्रले निर्दिष्ट गरेको हेलचेक्र्याइँ (Negligence) को तत्व स्पष्ट र लापरबाही (Recklessness) को तत्व रहेको आभाष हुन्छ । एउटै कानुनी दफामा लापरबाही, हेलचेक्र्याइँ र भवितव्यका तत्वहरु रहेकोले यो व्यवस्था अस्पष्ट छ । यसमा गरिएको सजायको अस्पष्ट व्यवस्थाले गर्दा यो दफालाई विधिशास्त्रीय आधारमा बुझ्न कठिन बनाएको छ ।

(ग) "कसैले कसैलाई कुटपिट गर्दा भवितव्य परेकोमा पाँचसय रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुन्छ ।"[५]

यो व्यवस्थाले पनि ज्यान मार्ने मनसाय नभए पनि लापरबाही वा हेलचेक्र्याइँपूर्वक कुटपिट गर्दा मानिस मर्न गएको अपराधलाई समेट्न खोजेको पाइन्छ । तर यसलाई भवितव्यको वारदात मानी सजाय गर्ने कुरा विधिशास्त्रीय मान्यता अनुकूल रहेको देखिदैन ।

(घ) "लेखिएदेखि वाहेक अरुकुरा भई भवितव्य परेकोमा दुईसय रुपैयासम्म जरिवाना हुन्छ ।[६]"

यसले पनि विशुद्ध भवितव्य (Pure accidental) जनित कार्यलाई सम्बोधन गर्न खोजेको देखिन्छ । यसले के कस्तो कार्यलाई भवितव्य मान्ने भन्ने कुरा स्पष्ट उल्लेख नगरेको भए पनि यसले निर्धारण गरेको सजायको मात्राको आधारमा यसले आधुनिक फौजदारी विधिशास्त्रले अंगीकार गरेको भवितव्य जनित घटनालाई समेट्न खोजेको पाइन्छ ।

**४.२.सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ ले गरेको भवितव्य ज्यान सम्बन्धी व्यवस्था**
यो ऐनले भवितव्य प्रकृतिको सवारी दुर्घटना भई मानिसको मृत्यु भएमा हुने सजाय र वारदातको प्रकृतिको सम्बन्धमा यस्तो व्यवस्था गरेको छ :

---

[३] ऐजन ६(१) नं.

[४] ऐजन ६(२) नं.

[५] ऐजन ६(४) नं.

[६] ऐजन ६(५) नं.

"कसैको ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा कसैले कुनै सवारी चलाउँदा सवारी दुर्घटना हुन गई सवारीमा रहेको वा सवारी वाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।"[७]

यसमा प्रयुक्त भाषालाई सरसरती हेर्दा यो विशुद्ध दुर्घटना (Pure accident) प्रकृतिको वारदात जस्तो देखिन्छ । यस्तोलाई विधिशास्त्रीय मान्यता अनुसार अपराध मान्न मिल्ने देखिदैन तर दफा १६१ लाई समग्रतामा हेर्दा उपदफा (१) ले सवारी साधनको प्रयोग गरी मनसायपूर्वक हत्या गरेको वारदातलाई र उपदफा (२) ले उच्च लापरबाही र लापरबाहीपूर्वक सवारी चलाउँदा मानिस मर्न गएको वारदातलाई समेटेको भए पनि हेलचेक्र्याइँपूर्वक सवारी चलाउँदा मानिस मरेको अवस्थाको वारदातलाई नसमेटेको हुँदा त्यसलाई पनि उपदफा (३) ले सम्वोधन गर्न खोजेको मानी विश्लेषण गर्दा उक्त उपदफा (३) ले गरेको सजायको व्यवस्थालाई केही हदसम्म उपयुक्त नै मान्न सकिन्छ । उक्त उपदफा (३) लाई हेलचेक्र्याइँको वारदातको रुपमा मात्र मान्न त्यसमा प्रयुक्त भाषाले पनि दिंदैन र हेलचेक्र्याइँ मात्र मान्दा विशुद्ध सवारी दुर्घटनाबाट मानिसको मृत्यु भएकोलाई अपराध मानी मुद्दा चलाउने कि नचलाउने भन्ने दुविधा पनि रही रहने हुन्छ । त्यसैले यो उपदफाले पनि विधिशास्त्रीय मान्यता अनुसारको भवितव्य सवारी ज्यानको वारदातलाई स्पष्ट व्यवस्था गर्न सकेको पाइदैन । सवारी दुर्घटनाबाट मानिसको मृत्यु भएमा क्षतिपूर्ति दिने सम्बन्धमा छुट्टै कानुनी व्यवस्था नभएको कारणले गर्दा पनि विशुद्ध सवारी दुर्घटनालाई पनि अपराधको रुपमा दफा १६१(३) मा व्यवस्था गरिएको आभाष पाइन्छ ।

## ५. मुलुकी अपराध संहिताले भवितव्य ज्यान सम्बन्धमा गरेको कानुनी व्यवस्था

यो संहिताले कानुनको रुप धारण गरी नसकेको भए पनि नेपालको फौजदारी कानुनको विकासमा यो संहिता तयार हुँदाका विभिन्न चरणमा भएका छलफलबाट यसलाई आधुनिक फौजदारी विधिशास्त्रीय अवधारणासँग मेल खाने प्रकृतिको बनाउने कोसिस भैरहेको छ । नेपाली फौजदारी कानुनको विकासमा यसको अहम् महत्व छ । त्यसैले ज्यान सम्बन्धी अपराध सम्बन्धमा यसले गरेको व्यवस्थाको जानकारी हुनु अति आवश्यक छ । यो संहिताले ज्यान सम्बन्धी अपराधलाई मनसायपूर्वक गरिएको हत्या, लापरबाहीपूर्वक गरेको कार्यबाट मृत्यु भएको ज्यान र हेलचेक्र्याइँपूर्वक काम गर्दा मर्न गएको ज्यान गरी मूलतः तीन भागमा विभक्त गरी आधुनिक विधिशास्त्रले राखेको मान्यता अनुरुप हाम्रो फौजदारी कानुनलाई विकास गर्न खोजेको देखिन्छ । ज्यान सम्बन्धी अपराधमा सरेको मनसयाको सिद्धान्तलाई पनि यो विधेयकमा छुट्टै स्थान दिई मान्यता प्रदान गरिएको छ । आवेशप्रेरित हत्याको अवधारणालाई पनि यो विधेयकमा निरन्तरता दिइएको छ । यो संहितामा भवितव्य ज्यानलाई छुट्टै दफामा अपराधको रुपमा परिभाषित नगरिएबाट भवितव्यबाट मृत्यु भएकोमा अपराध नहुने भन्ने मान्यतालाई अंगीकार गर्न खोजिएको जस्तो आभाष भए पनि एउटा उपदफामा यसलाई समावेश गरिएको हुँदा अन्ततः योसंहिताले पनि भवितव्य ज्यानलाई अपराधको रुपमा नै स्थान दिएको देखिन्छ । भवितव्य ज्यान सम्बन्धमा यो संहिताले यस्तो व्यवस्था गरेको छ : ".... कसैको ज्यान मर्न

[७] सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ दफा १६१(३)

सक्छ जस्तो नदेखिएको अवस्थामा कसैले कुनै काम गर्दा भवितव्यमा परी कसैको ज्यान गएमा निजलाई छ महिनादेखि दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।"[८] मुलुकी अपराध संहिताले भवितव्य ज्यान सम्बन्धमा गरेको यो व्यवस्था आधुनिक फौजदारी विधिशास्त्रको मान्यता अनुकूल देखिंदैन ।

## ६. नेपालमा विगत नौ वर्षमा अभियोजन गरिएका भवितव्य ज्यान मुद्दाको तथ्याङ्क

हाम्रो कानुनी व्यवस्थाले भवितव्य ज्यानलाई पनि वात लाग्ने हत्या (Culpable Homicide) को एउटा प्रकारको रुपमा मानिदै आएको कुरा माथिका विश्लेषणहरुबाट पुष्टि भैसकेको छ । फौजदारी कानुनको सुधारको क्रममा पनि यसलाई विधिशास्त्रीय दृष्टिकोणबाट हेर्न सकिएको छैन । फौजदारी कानुनले अपराध मानेकोले प्रत्येक वर्ष केही न केही मात्रामा भवितव्य ज्यान मुद्दाको जाहेरी पर्ने, प्रहरीबाट अनुसन्धान हुने र सरकारी वकीलहरुबाट जिल्ला अदालतमा मुद्दा दायर हुने प्रवृत्ति रहेकै देखिन्छ । भवितव्य ज्यान मुद्दामा पुनरावेदन कम पर्ने, त्यस्ता मुद्दा सर्वोच्च अदालतमा विरलै आइपुग्ने र कर्तव्य ज्यान तथा आवेशप्रेरित हत्यामा चलाइएका मुद्दामा पनि अदालतबाट भवितव्यमा परिणत हुने तथा प्रतिवादीले पनि पुनरावेदन गर्ने भएकोले माथिल्ला अदालतहरुमा भवितव्य ज्यान मुद्दामा भएका कारबाहीको यकिन तथ्याङ्क पाउन गाह्रो हुने भएकोले यहाँ जिल्ला अदालतमा विगत नौ वर्षमा सरकारी वकीलबाट दायर भएका भवितव्य ज्यान मुद्दाको तथ्याङ्क प्रस्तुत गरी संक्षेपमा विश्लेषण गर्ने प्रयत्न गरिएको छ । महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदनमा उल्लेखित विवरणका आधारमा यो तथ्याङ्क प्रस्तुत गरिएको छ ।

| क्र.सं. | आ.व. | लगत | कसुर कायम | सफाइ | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २०६४/०६५ | ६२ | २४ | ४ | ३४ | |
| २. | २०६५/०६६ | ९६ | ३० | ५ | ६१ | |
| ३. | २०६६/०६७ | ५९ | ३३ | १० | १६ | |
| ४. | २०६७/०६८ | ५४ | ३४ | ५ | १५ | |
| ५. | २०६८/०६९ | ४७ | २२ | ५ | २० | |
| ६. | २०६९/०७० | ४९ | १६ | ६ | २७ | |
| ७. | २०७०/०७१ | ५६ | २७ | १० | १९ | |
| ८. | २०७१/०७२ | ४८ | २८ | ११ | ९ | |
| ९. | २०७२/०७३ | ३९ | २३ | २ | १४ | |

उल्लेखित तथ्याङ्कमा लगतमा उल्लेखित संख्या अघिल्लो आ.व. को बाँकी मुद्दा संख्या समेत समावेश गरी कायम गरिएको संख्या हो । उल्लेखित तथ्याङ्कलाई हेर्दा प्रत्येक वर्ष ५६-५६ वटा भवितव्य ज्यान मुद्दाको लगत कायम हुने र त्यसमध्ये आधा मुद्दा जिम्मेवारी सरेको मान्दा पनि वर्षमा २५ भन्दा वढी भवितव्य ज्यानका नयाँ मुद्दाहरु दायर हुने र औषत २६-२७ वटा मुद्दामा कसुर ठहर हुने प्रवृत्ति रहेको पाइन्छ । सफाइको दर भने वार्षिक औषत ६.४ मुद्दा रहेको छ । यसरी हेर्दा भवितव्य ज्यान मुद्दामा ७६% भन्दा बढी मुद्दामा कसुर ठहर हुने गरेको पाइन्छ । यसबाट अभियोजन पक्षले पनि भवितव्य ज्यानलाई अपराधकै रुपमा हेरी मुद्दा चलाउने र

[८] मुलुकी अपराध संहिता, २०७३ ।

अदालतले पनि त्यसलाई अपराध नै मानी सजायं गर्ने प्रचलन रहेको पाइन्छ । भवितव्य ज्यानलाई फौजदारी विधिशास्त्रीय दृष्टिकोणबाट भन्दा पनि फौजदारी कानुनकै आधारमा हेर्ने प्रवृत्ति फौजदारी न्याय प्रणालीका कार्यान्वयन कर्ताहरुमा रहेको पाइन्छ ।

## ७. सर्वोच्च अदालतद्वारा भवितव्य ज्यान मुद्दामा गरिएका फैसलाको प्रवृत्ति (२०६५-२०७२)

| क्र.स. | मुद्दाको पक्षको नाम | मुद्दाको नाम | नेकाप | मुद्दाको संक्षिप्त तथ्य | अभियोग दाबी | शुरु जिल्ला अदालतको फैसला | पुनरावेदन अदालतको फैसला | सर्वोच्च अदालतको फैसला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | नेपाल सरकार विरुद्ध मीन बहादुर दर्जी | कर्तव्य ज्यान | नेकाप (२०६५), अंक २, पृ. १५८, नि.नं. ७९२८ | मृतक र प्रतिवादी बीचमा अंशसम्बन्धी विवाद भई तत्कालै दुवैतर्फबाट कुटपिट भएको र कुटपिट भएको केही दिनमा मृतकको मृत्यु भएको । (प्रकरण ५) | ज्यान सम्बन्धी महलको १, १३(३) | १३(३) | ६(४) | पुनरावेदन सदर | |
| २. | नेपाल सरकार वि. शिव कुमार यादव समेत | कर्तव्य ज्यान | नेकाप (२०६७), अंक ३, पृ.३३९, नि.नं. ८३२५ | मृतक बटोरन तत्मा, जाहेरवाला रामलाल उराउ र प्रतिवादी शिव कुमार यादव बीच आँपको बँगैचा भित्र कुटपिट भएको र मृतकले घा जाँचको लागि दिएको निवेदनमा Left eye upper and lower side nilldomभनी चोट उल्लेख भएको पाइन्छ भनी उल्लेख भएको र कुटपिटको घटनाबाट सामान्य उपचार गराई आएपश्चात सोही बँगैचामा बसेको अवस्था निज वटरोनको मृत्यु भएको भन्ने व्यहोरा उल्लेख गरीजाहेरी परेको र मिसिल संलग्न शव परीक्षणप्रतिवेदन हेर्दा मृतकको मृत्युको कारण Death due to Ch. Lung disease ruptured, leftkidney e Haemopen fonium उल्लेख भएकोदेखिन्छ । (प्रकरण २) | ज्यान सम्बन्धी महलको १, १३(३) | १४ | ६(४) | पुनरावेदन सदर | अ.वं. २०५ सम्बन्धमा समेत बोलेको |
| ३. | नेपाल सरकार वि. अजीज मुसलमान समेत | कर्तव्य ज्यान | नेकाप (२०६७), अंक ४, पृ. ६३०, नि.नं. ८३५४ | प्रतिवादी हरुले मृतकलाई भाला, ढुङ्गा, फर्सा इत्यादिले हानी हात खुट्टा भाँची दिएकोमा ज्यानमार्ने उद्योगमा मुद्दा चलेकोमा मृतकको मृत्यु २ हप्ता पछि भएको । मृतकको शवपरीक्षण प्रतिवेदनमा मृत्युको कारण सम्बन्धमा बाहिरी चोटको कारण भन्ने वाक्यांश नपरी'पेरिटोनाइडिस' (Peritonids) र सेप्टोसेमिया (Septicaemia) भन्ने उल्लेख भएको छ । | ज्यान सम्बन्धी महलको १३(३) | ६(२) | १४ | १३(३) १८८ को प्रयोग ५ वर्ष सजाय | |

| क्र.स. | मुद्दाको पक्षको नाम | मुद्दाको नाम | नेकाप | मुद्दाको संक्षिप्त तथ्य | अभियोग दाबी | शुरु जिल्ला अदालतको फैसला | पुनरावेदन अदालतको फैसला | सर्वोच्च अदालतको फैसला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. | नेपाल सरकार वि. केशव बुढाथोकी | कर्तव्य ज्यान | नेकाप (२०६७), अंक ८, पृ. १३३९, नि.नं ८४३५ | जंगलमा शिकार खेल्न गएकोमा पात हल्लिदा गोली चलाएकोमा सँगै गएको साथी लाई गोली लाग्न पुगी मृत्यु भएको । | ज्यान सम्बन्धी महलको १३(२) | १३(१) | ६(२) | ६(२) | |
| ५. | नेपाल सरकार वि. दल बहादुर चाख्याल | कर्तव्य ज्यान | नेकाप (२०६८), अंक २, पृ २०५, नि.नं. ८५५३ | प्रतिवादी र मृतक बीचमा रक्सी खाएको निहुमा झै झगडा भएको र मृतकले आफैले मट्टितेल खन्याएको मैले निभाएको हो भन्ने प्रतिवादीको भनाई रहेकोमा, मृतकको छोरा ले आमालाई बाबाले आगो लगाएको हो भनी बताएको, उपचारको क्रममा मृत्यु भएको । | ज्यान जम्बन्धी महलको १३(३) | ६(२) | ६(२) | १३(३) | |
| ६ | नेपाल सकार वि. मिधन बहादुर रास्के मगर | कर्तव्य ज्यान | नेकाप (२०७०), अंक १, पृ. ७५, नि.नं. ८९४४ | प्रतिवादीमिधनबहादुर रास्के मगरको घर परिवारका मानिसहरू घरमा नभएको अवस्थामा अपरिचित व्यक्ति निजको घरभित्र पसी मिधनबहादुर रास्के मगरको बुहारीलाई समाउँदा निजले हल्लाखल्ला गरेको सुनी मिधनबहादुर रास्के मगर, धनबहादुर रास्के मगर सो ठाउँमा आई दक्षिणतर्फ लखेट्दै आरुङ्गखोलाको नजिक पुऱ्याई मिधनबहादुर रास्के मगर, देवबहादुर र धनबहादुर रास्के मगरले कुटपिट समेत गरी पानीको दहमा खसाली दिएको हुनाले सोही पानीभित्र सो मानिस डुवी मृत्यु भएको भन्ने नेपाल सरकारको अभियोग । आफै भाग्दा दहमा खसेको भन्ने अदालतको निष्कर्ष । | मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) | १३(३) | ६(२) | ६(२) | साविती बयान स्वतन्त्र प्रमाणबाट पुष्टि हुनु पर्ने । |
| ७. | ईश्वर लिम्बु वि. नेपाल सरकार | कर्तव्य ज्यान | नेकाप (२०७०), अंक ४, पृ. ६२४, नि.नं ९००५ | प्रतिवादी र मृतक शिकार खेल्न जाने निहुमा झै झगडा भई पेटमा छातीमा लाती मुक्काले प्रहार गर्दा मृत्यु हुन गएको । | ज्यान सम्बन्धी महलको १४ नं. | ६(४) | १४ | १४ | |

| क्र.स. | मुद्दाको पक्षको नाम | मुद्दाको नाम | नेकाप | मुद्दाको संक्षिप्त तथ्य | अभियोग दाबी | शुरु जिल्ला अदालतको फैसला | पुनरावेदन अदालतको फैसला | सर्वोच्च अदालतको फैसला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ८. | पशुपति शाह वि. नेपाल सरकार | कर्तव्य ज्यान | नेकाप (२०७१), अंक ४, पृ. ५७६, नि.नं. ९१५३ | श्रीमती र सँगै साथै सुतेकी झडकेली छोरीको अत्याधिक मात्रामा रक्त श्राव भई मृत्यु भएको । | मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(३) र जवरजस्ती करणीको ३(१) | १३(३) र ज.क. ३(१) | ६(२) र जक ३ (१) | सफाइ | परिस्थितिजन्य प्रमाण आकर्षित हुनका लागि प्रतिवादीले कसुर गरेको हो होइन भनी शंका गर्नुपर्ने कुनै ठाउँ हुनु हुँदैन र प्रतिवादीले कसुर गरेको भन्ने बाहेक अरु निष्कर्षको संभावना रहन नहुने । शंकाका सुविधा अभियुक्तले पाउने । |
| ९. | नेपाल सरकार वि. रमावती पासी समते | कर्तव्य ज्यान | नेकाप ( २०७२), अंक, ९, पृ. १६९२, नि.नं. ९४७१ | प्रतिवादीको धान कुटने मेशिनमा मृतकलाई आफूलाई पिसाव लाग्यो यहाँ हेर्दै गर है भनी मिलमा हेर्न लगाएको, केटो मिलमा च्यापिएर रगताम्य भए पश्चात डरले कसैलाई नभनी मिलमा नै सुताई राखेको र पछि आफूलाई दोष पर्न जान्छ भनी बोरामा राखी पानीमा फालेको । | मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) | ६(३) | १३(३) अ.वं. १८८ को प्रयोग गरी १० वर्ष | १३(३) अ.वं १८८ को प्रयोग गरी ५ वर्ष कैद । | |
| १०. | नेपाल सरकार वि. शिवराज उपाध्याय समेत | कर्तव्य ज्यान | नेकाप ( २०७२), अंक ८, पृ. १४२९, नि.नं. ९४५० | मृतकको प्रतिवादी मध्येका शिवराज उपाध्याय संग विहान ११ वजे उपस्वास्थ्य चौकीमा झगडा भई कुटपिट समेत भएको र मृतक प्रतिवादी मध्येकै राम बहादुर धामी संग घरमा गाली गर्दछन भनी संगै सुत्न गएको र राम बहादुरकै घरमा सुतेको अवस्थामा दिउसो झुण्डिएकोमा प्रतिवादी हरि धामी र प्रतिवादी कृष्ण समेतले पासोकाटेको साथै मृतकको मृत्यु Asphxial death due to strangulation भनी उल्लेख भएको । | मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(३) | ६(२) | सफाइ कुटपिटमा परिणत | कुटपिट | |
| ११. | नेपाल सरकार वि. वीरबहादुर लोप्चन | सवारी ज्यान | नेकाप (२०७२), अंक ८, पृ. १५१२ नि.नं. ९४५७ | सडक छेउमा रहेको रुखमा मोटरसाइकल ठक्कर खाई मोटरसाइकलमा सवार जाहेरवालाको भाइको मृत्यु हुन गएको । | यातायात व्यवस्था ऐन, २०४९ को १६१ (२) | १६१(३) | १६१(३) | १६१(३) | |

ज्यान सम्बन्धीको महलको ५ नं. ले "ज्यान लिने इविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यबाट मानिस मर्ला जस्तो नदेखिएकोकुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई मानिस मर्न गएको भवितव्य ठहर्छ" भन्ने उल्लेख भएको पाइन्छ । तर व्यवहारमा प्रायः मनसाय

तत्वको धेरै विश्लेषण नगरी कर्तव्य ज्यानमा मुद्दा चलाउने र अदालतबाट भवितव्य ठहर्ने गरेको पाइन्छ ।

उपरोक्त कानुनी व्यवस्था विश्लेषण गरी हेर्दा मानिस मार्ने मनसाय नभएको, मार्नुपर्ने इविलाग समेत नभएको र आफूले गर्ने कामले मानिस मर्ला जस्तो पनि नदेखिएको अवस्थालाई इङ्गित गरेको देखिन्छ । मुख्य रुपमा आफूले गरेको कार्यले पीडित मानिसको मृत्युको परिणाम निम्त्याउँदैन भन्नेतर्फ कर्ता सचेत रहेको अवस्थामा दुर्भाग्यवश मानिसको मृत्यु भएमा त्यो भवितव्य हुने कानुनी मनसाय देखिन्छ । त्यसैले भवितव्य हत्यालाई सांयोगिक घटनाको रुपमा ग्रहण गरिन्छ । यसमा फौजदारी अपराधमा हुने आपराधिक तत्व मध्येको महत्वपूर्ण तत्व 'मनासय' को अभाव रहेको हुन्छ । संयोगवश मानिसको मृत्यु हुने हुनाले यस्तो हत्यालाई मनसायप्रेरित हत्याको रुपमा हेरिँदैन । यसको विश्लेषण अभियोजन गर्दा कम गर्ने र मुद्दा सर्वोच्च अदालतमा पुगेपछि केही विश्लेषण हुने गरेको पाइन्छ । सर्वोच्च अदालतमा मुद्दा टुंगो लाग्दासम्म अभियुक्त धेरै वर्ष जेल बसी सकेको हुन्छ ।

सर्वोच्च अदालतबाट भवितव्य ठहर भएका सबै मुद्दामा अभियोजन गर्दा कर्तव्य ज्यानमा अभियोजन गरेको पाइन्छ । यसबाट भवितव्य ज्यानमा अभियोजन पक्ष भन्दा अदालत बढी उदार देखिन्छ । मानिस मर्ला जस्तो नदेखिएको कुनै काम गर्दा केही भई मानिसको मृत्यु भएमा भवितव्य हुने भन्ने कानुनको मनसाय देखिन्छ । तर कानुनद्धारा वर्जित गरिएको कुटपिटको घटनाबाट मानिसको मृत्यु भएकोमा पनि भवितव्य ठहर्ने प्रवृत्ति व्यापक देखिन्छ । विशेष गरेर दोहोरो कुटपिटमा यस्तो देखिन्छ ।कुटपिटबाट मानिस मरेकोमा कुटपिट गर्ने मात्र मनसाय थियो कि मार्ने मनसायले कुटपिट गरेको हो भन्ने कुराको धेरै विश्लेषण हुने गरेको पाइदैन । कुटपिट मात्र गर्ने मनसायले सामान्य कुटपिट गर्दा मानिस मरेमा मनसाय तत्वको आधारमा कुटपिटमा मात्र सजाय गर्ने/परिणत गर्ने प्रवृत्ति ज्यादै न्यून छ । यस्तोमा प्राय भवितव्यमा परिणत गर्ने प्रवृत्ति बढी देखिन्छ ।

अधिकांश मुद्दामा सर्वोच्च अदालतबाट भवितव्य कायम भए पनि केही मुद्दामा पुनरावेदन तहबाट भवितव्य कायम भएकोमा सर्वोच्च अदालतबाट कर्तव्य ठहर भएको पनि देखिन्छ । एउटै मुद्दामा जिल्ला अदालतबाट भवितव्य, उच्च अदालतबाट आवेशप्रेरित हत्या र सर्वोच्च अदालतबाट कर्तव्य ज्यान ठहर भएको पनि पाइन्छ । भवितव्य ज्यानलाई हेर्ने दृष्टिकोणमा अदालतका फैसलामा पनि एकरुपता रहेको पाइदैन ।

## ८. अध्ययनको नतिजा, निष्कर्ष र सुझाव

माथिको छलफलको आधारमा भवितव्य ज्यान सम्बन्धी अपराधलाई हेर्ने दृष्टिकोणका सन्दर्भमा हाम्रो कानुनी व्यवस्था र व्यावहारिक अभ्यासमा देखिएका कुराहरुलाई विश्लेषण गरी अध्ययनको नतिजा निकालिएको र सोको आधारमा निष्कर्ष निकालिएको छ । यसको आधारमा भविष्यमा गर्नुपर्ने सुधारको लागि सुझाव पनि संक्षेपमा प्रस्तुत गर्ने प्रयत्न गरिएको छ ।

### ८.१ अध्ययनको नजिता

अध्ययनको नतिजाको रुपमा निम्न कुराहरुलाई बुँदागत रुपमा उल्लेख गरिएको छ :

- आधुनिक फौजदारी विधिशास्त्रमा ज्यान सम्बन्धी अपराधलाई अपराधको भौतिक तत्व (Physical element) र मानसिक तत्व (Mental element) का आधारमा विश्लेषण गर्ने र मानसिक तत्वका प्रकारको आधारमा अपराधलाई वर्गीकरण गर्ने गरेको पाइन्छ । तर हाम्रो कानुनमा ज्यान सम्बन्धी अपराधलाई अपराधको तत्वको आधारमा मात्र नभई शास्त्रीय मान्यता, परम्परा र ज्यान जाने कार्यको आधारमा हेर्ने गरेको पाइन्छ ।
- ज्यान सम्बन्धी अपराधलाई मानसिक तत्वका लापरबाही, हेलचेक्र्याइँ जस्ता आधारमा विश्लेषण नगरिए पनि मनसाय तत्वको चाहना (intention) लाई भने महत्व दिइएको पाइन्छ र ज्यानै मार्ने चाहना राखेर गरिएको कार्यलाई सबैभन्दा गहन मानी कर्तव्य ज्यानमा मुद्दा चलाउने र सजाय ठहर हुने गरेको पाइन्छ ।
- भवितव्य ज्यानलाई अपराधशास्त्रीय दृष्टिकोणबाट भन्दा पनि धर्मशास्त्रीय दृष्टिकोणबाट र ऐतिहासिक विकासको पृष्ठभूमिबाट हेर्ने प्रचलन बढी छ ।
- ज्यान सम्बन्धी अपराधलाई लापरबाही, हेलचेक्र्याइँ जस्ता मानसिक तत्वको आधारमा कानुनमा वर्गीकरण नगरिएकोले यी सबैलाई भवितव्य ज्यानको अपराधको कोटीमा राखी समग्रतामा हेर्न खोजिएको पाइन्छ । यसले व्यावहारिक प्रयोगमा अस्पष्टता सृजना गरेको छ ।
- फौजदारी विधिशास्त्रीय दृष्टीकोणबाट पूर्ण भवितव्य जनित (accidental) कार्यबाट सृजित परिणामलाई अपराध मानिदैन तर हाम्रो कानुनमा यसलाई पनि अपराध मानिएको हुँदा अपराधशास्त्रीय मान्यता र हाम्रो कानुनी व्यवस्थामा भिन्नता रहेको छ ।
- मुलुकी ऐनको ज्यान सम्बन्धीको महलको ५ र ६ नं. ले भवितव्य ज्यानको कसुर र सजायको व्यवस्था गरे पनि लापरबाही र हेलचेक्र्याइँपूर्वक गरेको कामबाट ज्यान मरेको कुरालाई पनि समावेश गरेकोले त्यसलाई पूर्णरुपमा भवितव्य मानी सजाय हुन नहुने भन्न पनि नमिल्ने र भवितव्य नै होइन भन्न पनि नहुने स्थिति छ । यो मिश्रित प्रकृतिको भएकोले उक्त कानुनी व्यवस्थाको आधारमा भवितव्य ज्यान सम्बन्धी धारणा बनाउन गाह्रो छ ।
- क्षतिपूर्ति भराउने प्रकृतिको विषयमा छुट्टै कानुनी व्यवस्था गर्न नसकीएकोले पनि सवारी दुर्घटना जस्ता कुरालाई समेत अपराध मान्नुपर्ने स्थिति रहेको देखिन्छ ।
- मुलुकी अपराध (संहिता) ऐन २०७४ मा ज्यान सम्बन्धी अपराधलाई मानसिक तत्वका चाहना, लापरबाही र हेलचेक्र्याइँका आधारमा वर्गीकरण गरी सोही आधारमा आपराधिक दायित्व बहन गराउने प्रावधान राखिएको छ । यो कुरा सकारात्मक भए पनि भवितव्य जनित कार्यबाट ज्यान मर्न गएको अवस्थालाई पनि यो विधेयकमा अपराधको कोटीमा राखिएको छ, जुन फौजदारी विधिशास्त्रीय मान्यताको प्रतिकूल छ ।
- वर्षेनी २५-३० वटा भवितव्य ज्यानका मुद्दाको अभियोजन हुने र ७५% भन्दा वढीमा कसुर ठहर हुने प्रवृत्ति देखिन्छ । भवितव्य ज्यान मुद्दा सर्वोच्च अदालतमा पुग्ने संभावना कम रहने हुँदा भवितव्य ज्यानमा चलेका मुद्दामा सर्वोच्च अदालतबाट व्याख्या हुने र त्यसको आधारमा कानुनमा सुधार गर्ने पद्धति विकास हुन सकेको छैन ।

- सर्वोच्च अदालतबाट भएका फैसलाको अध्ययनबाट कर्तव्य ज्यानमा अभियोजन भएका मुद्दालाई नै विश्लेषण गरी भवितव्यमा परिणत गर्ने प्रचलन देखिन्छ । विशेष गरेर दोहोरो कुटपिटबाट मृत्यु भएका मुद्दालाई भवितव्यमा परिणत गर्ने प्रचलन बढी देखिन्छ । तर व्याख्यामा एकरुपता रहेको पाइदैन ।

### ८.२ **निष्कर्ष**

आधुनिक फौजदारी विधिशास्त्रले आपराधिक मनसाय अथवा अपराधका मानसिक तत्वको उपस्थिति विना गरिएको कार्यलाई अपराध मानेको छैन । विशुद्ध भवितव्य जनित कार्यमा अपराधको मानसिक तत्वका कुनै पनि प्रकारको विद्यमानता नहुने भएकोले अपराधशास्त्रीय मान्यता अनुसार भवितव्य ज्यानलाई अपराध मान्न मिल्दैन । हाम्रो कानुनले व्यवस्था गरेको भवितव्य ज्यानमा लापरबाही, हेलचेक्र्याइँ जस्ता मानसिक तत्वको पनि सम्मिश्रण पाइने भएकोले त्यसलाई अपराध नै होइन भनी मुद्दा नचलाउन मिल्ने अवस्था पनि देखिदैन । भवितव्य ज्यानलाई अपराधको कोटीमा राख्ने धर्मशास्त्रीय मान्यता र ऐतिहासिक पृष्ठभूमिलाई छाडी ज्यान सम्बन्धी अपराधलाई कानुनद्वारा नै आधुनिक फौजदारी विधिशास्त्रीय मान्यताका आधारमा पुनर्व्याख्या गरी भवितव्यबाट ज्यान मर्न गएको कुरालाई अपराधको कोटीबाट हटाउनु (Decriminalize गर्नु) आवश्यक छ । विकसित मुलुकमा क्षतिपूर्ति जस्ता विषयमा दुष्कृति (Tort) सम्बन्धी छुट्टै कानुनी व्यवस्था भए जस्तै हाम्रोमा पनि क्षतिपूर्ति सम्बन्धी छुट्टै कानुनी व्यवस्था गरी दुर्घटनावश भएका सवारी ज्यानका घटनालाई अपराधको कोटीबाट हटाउनु आवश्यक छ । समग्रमा हेर्दा हाम्रो कानुनले भवितव्य ज्यानलाई पनि अपराधको रुपमा मानेको कुरा अपराधशास्त्रीय मान्यताको प्रतिकूल भएकोले भवितव्य ज्यानमा जोडिन आएका लापरबाही, हेलचेक्र्याइँ जस्ता तत्वलाई अन्य कानुनी व्यवस्थाद्वारा व्यवस्थित गरी विशुद्ध भवितव्य (Pure accidednt) लाई अलग गरी त्यसलाई अपराधको श्रेणीबाट हटाउन जरुरी छ ।

### ८.३. **सुझाव**

निम्न कुराहरुलाई अध्ययनको सुझावको रुपमा प्रस्तुत गरिएको छ :

- फौजदारी कानुन कार्यान्वयनका साझेदारहरुले भवितव्य ज्यानलाई धर्मशास्त्रीय र परम्परागत भन्दा अपराधशास्त्रीय दृष्टिकोणबाट हेर्ने संस्कारको विकास गर्नुपर्ने ।
- भवितव्य सवारी ज्यान अन्तर्गत राखिएका क्षतिपूर्ति भराउने जस्ता विषयलाई क्षतिपूर्ति सम्बन्धी छुट्टै कानुन वनाई भवितव्य ज्यानलाई अपराधको श्रेणीबाट हटाउँदा पर्नसक्ने असरलाई व्यवस्थापन गर्नुपर्ने ।
- उल्लेखित कानुन सुधारको लागि महान्यायाधिवक्ताको कार्यालयबाट पनि पहल गर्नुपर्ने ।

❋ ❋ ❋

# ज्यान सम्बन्धी अपराधको प्रवृत्तिः एक विश्लेषणात्मक अध्ययन

✍ **रेवतीराज त्रिपाठी**
**सहन्यायाधिवक्ता**

## १.ज्यान सम्बन्धी अपराधको परिचय

फौजदारी कानुनमा विकास भएका लगभग पञ्चानव्वे प्रतिशत सिद्धान्तहरु ज्यान सम्बन्धी अपराधबाट विकास भएका हुन्छन् । त्यसैले फौजदारी विधिशास्त्रमा ज्यान सम्बन्धी अपराधको अवधारणा महत्वपूर्ण छ । फौजदारी कानुनका प्रायः जसो सिद्धान्त, अवधारणा र मान्यताहरु प्रत्यक्ष वा परोक्ष रुपमा ज्यान अपराधसँग सम्बन्धित भएको हुनाले ज्यान सम्बन्धी अपराधको अध्ययन विना फौजदारी कानुनको अध्ययन पूरा हुँदैन । त्यसैले ज्यान सम्बन्धी अपराध फौजदारी कानुनको अध्ययनको केन्द्रबिन्दू हो । ज्यान अपराध जीउ ज्यान सम्बन्धी अपराध मध्ये सबैभन्दा गम्भीर भएको कारण पनि ज्यान अपराधको अध्ययन बढी महत्वपूर्ण हुन गएको हो । एण्ड्रियु एजवर्थका अनुसार ज्यान अपराध गम्भीर यस अर्थमा पनि छ कि यो अपूरणीय (irreparable) छ । ज्यान अपराध बाहेकका प्रायः अन्य अपराधको परिणामको परिपूरण धेरै हदसम्म संभव हुन्छ । उनका अनुसार अरु मानव शरीर विरुद्धका हिंसात्मक अपराधहरुले शारीरिक रुपमा कुरुप वा मनोवैज्ञानिक असर पारेपनि पीडितले पुनर्जिवन प्राप्त गर्न सक्ने र पुनः आनन्द र अन्य किसिमका उपलब्धिहरु हाँसिल गर्न संभव छ । तर ज्यान लिएको अवस्थामा यी सबै सम्भावना समाप्त हुन्छन् । त्यसैकारण पनि ज्यान सम्बन्धी अपराधलाई सबैभन्दा गम्भीर अपराध मानिएको हो ।[१]

ज्यान सम्बन्धी अपराध ल्याटिन शब्द homicidium बाट विकास भएको हो । जसको अर्थ मनसाय सहित अर्काको ज्यान लिनु भन्ने वुझिन्थ्यो । समयक्रममा मानव हत्याको अर्थ परिवर्तित हुँदै गयो । सबै प्रकारका हत्या कानुन अनुसार दण्डनीय हुँदैनन् । कानुनले दण्डनीय भनी परिभाषित गरी सजाय तोकेका हत्या मात्र दण्डनीय हुन । तसर्थ हत्या कानुनी र गैर कानुनी गरी दुई प्रकारका हुन्छन् । कानुनी हत्या पनि न्यायोचित र सजाय नहुने अर्थात् क्षम्य गरी दुई प्रकारको हुन्छ । न्यायोचित हत्या कानुनी दृष्टिले उचित हुन्छ भने सजाय नहुने वा क्षम्य हत्या उचित नभएपनि निश्चित परिस्थितिमा घटेको कारण कानुनले सजायबाट उन्मुक्ति दिएको हुन्छ । तसर्थ फौजदारी कानुनमा कानुनले परिभाषित गरेको अवस्था र परिस्थितिमा गरिएको हत्या मात्र अपराध हुन्छ । नमुना अपराध संहिताले उद्देश्यमूलक, जानीजानी, लापरबाही र हेलचेक्र्याइँपूर्वक गरिएको (purposeful, knowing, reckless and negligent) हत्यालाई अपराधको रुपमा लिएको छ । ज्यान सम्बन्धी अपराधमा मनसाय तत्व वा अपराधीको मानसिक अवस्था महत्वपूर्ण हुन्छ ।

कोकले स्वच्छ स्परण शक्ति वा मनस्थिति भएको स्वविवेक प्रयोग गर्न सक्ने उमेर पुगेको मानिसले गैरकानुनी तरिकाले प्रत्यक्ष वा अप्रत्यक्ष मनसाय राखेर अर्को मानिसलाई मार्दछ वा

१ Andrew Asworth (2009), Principles of Criminal Law, 6th ed. Oxford University Press, London, p. 237

गम्भीर घाइते बनाउँछ र गम्भीर घाइते भएको मानिस एक वर्ष एकदिन भित्र मर्दछ भने सो व्यक्ति हत्याको लागि उत्तरदायी हुन्छ भनेका छन् । स्वच्छ स्मरण शक्ति भएको र स्वविवेक प्रयोग गर्न सक्ने उमेर पुगेको व्यक्ति भन्नाले त्यस्तो व्यक्तिलाई जनाउँछ जो सामान्य सिद्धान्त बमोजिम उत्तरदायी मानिने व्यक्तिलाई जनाउँछ । यस अन्तर्गत म्याकनटन नियम बमोजिम मगज नबिग्रेको र फौजदारी दायित्व बहन गर्न पर्ने गरी उमेर पुगेको भनी कानुनले निर्धारण गरेको व्यक्ति भन्ने बुझिन्छ । तर हाल आएर सन् १९९६ मा आएर यो एक वर्ष एक दिनको अवधारणा संशोधन भएको छ ।

## २. **कर्तव्य ज्यानका आवश्यक तत्वहरु**

### २.१ आपराधिक कार्य

फौजदारी कसुर हुनका लागि फौजदारी कानुनले अपराधीकरण गरेको कार्य वा परिणाम कुनै व्यक्तिको कार्य वा अकार्यबाट भएको भन्ने कुरा स्थापित हुनु पर्दछ । ज्यान मुद्दामा आपराधिक कार्य भनेको कसैको कार्य वा अकार्यको परिणाम स्वरुपमा मानिसको मृत्यु भएको भन्ने कुरा स्थापित भएको हुनु पर्दछ । यसलाई अपराधको कार्य तत्व (conduct element) भनिन्छ । जस अन्तर्गत कसैको कार्य वा अकार्यको परिणामस्वरुप मानिसको मृत्यु भएको हुनु पर्छ । ज्यान सम्बन्धी अपराधको लागि कुनै कार्य वा अकार्य जसको प्रत्यक्ष कारणले मानिसको मृत्यु भएको हुनु पर्छ । मानिसको मृत्यु भएको कुरा पुष्टि नभएमा ज्यान सम्बन्धी मुद्दा चल्न सक्दैन । ज्यान सम्बन्धी अपराध स्थापित हुन पहिलो मानिस मरेको कुरा स्थापित हुन पर्छ र दोस्रो कुरा सो मृत्यु अर्को मानिसको कार्य भएको स्थापित हुनु पर्दछ ।

सम्मानित सर्वोच्च अदालतबाट मनकुमारी नेपाली भएको कर्तव्य ज्यान मुद्दा[२] "कसैले कसैलाई हत्या गरेको भनिएको अवस्थामा हत्या भएको भनिएका व्यक्तिको शव नै सबैभन्दा ठूलो प्रमाणका रुपमा रहन्छ । शव फेला परेको अवस्थामा मृत्यु अघि (Post Mortem) र मृत्यु पछि (Ante mortem) का घाउँ चोटहरू र अवस्था समेतको परीक्षण गर्न सकिने र त्यसले मृतकको मृत्युको कारणका बारेमा यथार्थ जानकारी प्राप्त हुने अवस्था रहन्छ । शव फेला पर्न नसकेको अवस्थामा हत्याको अभियोग लागेका व्यक्तिले के कसरी र कहिले हत्या गरेको हो भन्ने तथ्य अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि गर्ने दायित्व वादी पक्षले बहन गर्नुपर्ने । .... कुनै व्यक्ति हराएकै आधारमा निजको हत्या भएको निष्कर्ष निकाल्दा भोलि त्यो व्यक्ति जीवितै समाजमा फर्केर आयो भने समस्त न्याय नै कलंकित हुन पुग्दछ । नौ जना अपराधी छुटे पनि एक जना निरपराधी पनि सजायको भागी नहोस् तथा शंकाको लाभ अभियुक्तले पाउँछ भन्ने मान्यताको अनुयायी कानुनी प्रणालीमा शवको प्रत्यक्षीकरण बिना कर्तव्य ज्यानको अभियोगमा कसैलाई सजाय गर्दा अत्यन्त सतर्कता अपनाउन पर्ने" भनी व्याख्या भएको छ ।

त्यसैगरी कर्तव्य ज्यानको वारदात हुन जिउँदो मानिसको हत्या भएको स्थापित हुनु पर्छ । आमाको पेटमा रहेको भ्रुणको स्वतन्त्र अस्तित्व हुँदैन । गर्भमा रहेको भ्रुणको हत्या भ्रुण हत्या हुन्छ । ज्यान सम्बन्धी मुद्दा हुँदैन । स्मिथ र होगनले जन्मने प्रक्रियामा रहेको भ्रुण कतिन्जेलसम्म भ्रुणको रुपमा रहन्छ र कति बेला मानिस बन्दछ र मृत्युको क्रममा मानिस

[२] ने.का.प.२०६८ अंक १२, नि.नं.८७२५

कतिबेला लाश बन्दछ भन्ने कुरामा विवाद रहेको मान्दछन् । आमाको गर्भबाट निस्केपछि भएको हत्या मानव हत्या हुन्छ भने सो भन्दा पहिलेको हत्या भ्रुण हत्या हुन्छ । जुन भ्रुण हत्या सम्बन्धी कानुनको विषय हुन्छ । मानव हत्या हुन बच्चा पूर्ण रुपमा आमाको गर्भबाट मुक्त भई स्वतन्त्र रुपमा जीवित रहेको हुनु पर्छ । तसर्थ आमाको पेटमा रहेको भ्रुण कतिबेला मानव हत्या सम्बन्धी कानुनको दायरामा आउँछ र कतिबेला सम्म भ्रुण हत्या सम्बन्धी कानुनको दायरमा रहन्छ भन्ने कुरा निश्चित छैन भनी एट्किन्सनले भनेका छन् । हाम्रो सर्वोच्च अदालतले पनि लक्ष्मीदेवी धिक्त समेत वि. नेपाल सरकार समेत भएको परमादेशको रिटमा[३] “संविधान र प्रचलित कानुनले जन्मनु पूर्व नै भ्रुणको हकमा जीवन लगायतको हकको मान्यता विकास नगरेको अवस्थामा गर्भपतन सम्बन्धी विषयलाई ज्यान सम्बन्धी महलको अंग बनाउनुको औचित्य नदेखिने भन्दै कठोर फौजदारी कानुनको अंगको रुपमा रहेको ज्यान सम्बन्धी महलको अभिन्न अंगको रुपमा नयाँ अधिकारको रुपमा उदीयमान भएको गर्भपतनको अधिकारलाई पूर्ववत् राखी राख्नु विरोधाभाषपूर्ण र सर्वथा अमिल्दो देखिएकोले हाल भएको संशोधित व्यवस्थाको मर्मलाई हृदयंगम गर्दै गर्भपतनलाई एउटा छुट्टै र विशिष्ट विषयको रुपमा छुट्टै कानुन बनाई व्यवस्थित गर्नु जरुरी देखिन आउने” भनेको छ ।

ज्यान सम्बन्धी मुद्दामा आपराधिक कार्य हुन मानिसको त्यस्तो कार्य वा अकार्य घटित भएको हुनु पर्दछ । जसको कारण मृतकको मृत्यु भएको होस् । कसैको कार्य वा अकार्यको कारणबाट मानिस मरेको कुरा स्थापित नभएसम्म ज्यान सम्बन्धी अपराध हुँदैन । जीउँदो मानिस कसैको कार्य वा अकार्यको परिणाम स्वरुप मरेको कुरा शंकारहित तवरबाट स्थापित नभएसम्म ज्यान सम्बन्धी अपराध हुन सक्दैन । प्रथमतः ज्यान मर्ने कार्य कसैको कार्य वा अकार्यको परिणाम स्वरुप भएको हुनु पर्छ । दोस्रो कुरा त्यस्तो कार्य र परिणाम अर्थात मृत्युको बीचको सम्बन्ध निकट र प्रत्यक्ष हुनु पर्दछ । यसलाई अझ सरल शब्दमा भन्दा सो कार्य नभएको भए उक्त मृत्यु हुने थिएन भन्ने कुरा स्थापित हुनु पर्दछ । सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकार वि. रामईश्वर राय यादव समेत भएको कर्तव्य ज्यान मुद्दा[४] मा आपराधिक कार्य सम्बन्धमा व्याख्या भएको छ । उक्त मुद्दामा भनिएको छ :

“कुनै पनि हत्याको आपराधिक कार्य प्रमाणित हुनको लागि सो कार्य दुषित मनसाय (Mens Rea) राखी पूर्वयोजना बनाई कार्य (Actus Reus) गरिएको हुनु पर्दछ । सो कार्यको परिणामको पूर्व जानकारी (Foresightness of consequence) र परिणाम घटाउने इच्छा (Desire of consequence) समेत भएको हुनु पर्दछ । कर्तव्य ज्यान मुद्दामा प्रतिवादीहरूद्वारा गरिएको कार्यमा ती चार तत्वहरू रहेका थिए भन्ने कुरा वादी पक्षले नै ती कुरा स्थापित भएको प्रमाणित गर्नुपर्ने ।” त्यसैले ज्यान सम्बन्धी मुद्दामा जरियाको सिद्धान्त महत्वपूर्ण छ ।

### २.२ जरियाको सिद्धान्त

आपराधिक मनसायका साथ आपराधिक कार्य भएको भएपनि अभियुक्तको कार्यको परिणाम स्वरुप अपराध भएको कुरा पुष्टि नभएसम्म अभियुक्तलाई जिम्मेवार बनाउन सकिँदैन । कार्य आफैमा अपराध हुने अपराध बाहेक कार्यको परिणाम देखिनुपर्ने अपराध (result Crime) मा

---

[३]ने.का.प. २०६७, अंक ९ नि.नं.८४६४

[४]ने.का.प. २०७१ अंक ९ नि.नं.९२४३

आवश्यक पर्ने यो तत्वलाई जरिया भनिन्छ । जरिया भन्नाले अभियुक्तको कार्यबाट वारदात भएको हो, अभियुक्तबाट त्यो कार्य नभएको भए (But for) यो वारदात घटित हुने थिएन भने त्यस्तो कार्यलाई बुझाउँदछ । कुटपिटको घाइतेको मृत्युको कारण  क्यान्सर वा पुरानो टि. बी.बाट भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिएमा अभियुक्तको कुटपिटको जरियाबाट मृतकको मृत्यु भएको मानिदैन ।

हाम्रो सन्दर्भमा जरिया तथ्यगत र कानुनी गरी दुई किसिमका हुन्छन् । वारदातको तत्कालै परिणाम घटेमा तथ्यगत जरिया (factual causation) हुन्छ भने वारदातको तत्काल परिणाम ननिस्की त्यसको केही समय पश्चात् वा कानुनले निर्धारण गरेको अन्तरालमा परिणाम निस्केमा र कानुनले तोकेको शर्त पूरा भएमा मात्र सो जरियालाई स्वीकार गरिन्छ । कानुनले तोकेको म्याद नाघेपछि सोही कारणबाट मृत्यु भएमा पनि जरियालाई स्वीकार गरिँदैन । जस्तैः मुलुकी ऐन ज्यान सम्बन्धीको महलको ८, ९ र १० नं. । त्यस्तै अभियुक्तको कार्य पछि अन्य व्यक्तिको कार्यको परिणाम स्वरुप ज्यान मरेमा पहिला कुटपिट गर्ने मानिसको दायित्व परिवर्तन हुन्छ । ज्यान सम्बन्धी महलको ११ र १२ नं. मा यस सम्बन्धी व्यवस्था छ ।

अभियुक्तको आपराधिक कार्य पछि खतरामुक्त भएको पीडित माथि अन्य प्राकृतिक घटना (natural event) को कारणले गम्भीर शारीरिक क्षति पुग्छ वा मृत्यु हुन्छ भने सो अवस्थामा निजलाई जिम्मेवार बनाइदैन । आपराधिक कार्यपछि सही किसिमको उपचार हुँदाहुँदै मृत्यु हुन्छ भने अभियुक्त जिम्मेवार हुन्छ चाहे सो चोट गम्भीर नहोस् । तर यसको लागि चिकित्सकहरुले उपयुक्त प्रक्रियाले विना लापरबाही उपचार गरेको हुनु पर्छ । यदि उपचार प्रकृया अनुपयुक्त (improper) थियो र चिकित्सकको लापरबाहीले त्यो अनुपयुक्त उपचार भएको थियो भने अभियुक्तलाई आपराधिक दायित्व बहन गराइदैन ।

अभियुक्तले आपराधिक कार्य गर्दा पीडितले बचाउ गर्ने क्रममा पीडितलाई गम्भीर शारिरिक क्षति वा निजको मृत्यु भएमा अभियुक्तलाई आपराधिक दायित्व बहन गराइन्छ । पीडितको आफ्नो कारणबाट वारदात भएको भनी अभियुक्तले उन्मुक्ति पाउँदैन । त्यस्तै आपराधिक कार्य पछाडि पीडितले उपचार गर्न इन्कार गरेको परिणाम स्वरुप पीडितलाई गम्भीर शारीरिक क्षति वा मृत्यु भएमा पनि अभियुक्तलाई आपराधिक दायित्व बहन गराइन्छ । त्यस्तै कमजोर स्वास्थ्य स्थिति भएको पीडित उपर आपराधिक कार्य गर्दा सामान्य प्रहारबाट पीडितको गम्भीर शारीरिक क्षति वा मृत्यु भएको भनी अभियुक्तले उन्मुक्ती पाउने अवस्था नहुँदा आपराधिक दायित्व बहन गराइन्छ । यसलाई Thin skull rule पनि भनिन्छ ।

मुलुकी ऐन ज्यान सम्बन्धी महलको विभिन्न नम्बरहरुमा ज्यान मार्ने आपराधिक कार्यका बारेमा उल्लेख गरिएको छ । ८ नं. मा यसै महलको ५ नम्बरले भवितव्य ठहर्ने बाहेक कुनै अङ्ग भाँच्ने छिन्ने गरी हाने कुटेमा त्यो थला परी निको नभए जतिसुकै समय पछि मरे पनि ज्यानमाराको बात लाग्छ भन्ने व्यवस्था छ । वीरमान लुंगेली मगर वि. नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा[५] फौजदारी अपराधमा जरियाको सिद्धान्त (Doctrine of Causation) अनुसार फौजदारी

[५] ने.का.प, २०६९, अंक ६ नि.नं. ८८५३

दायित्व बहन गराउनका लागि फौजदारी कानुनले निषेध गरेको परिणाम कसको कार्यबाट उत्पन्न भएको हो भन्ने कुरा महत्वपूर्ण हुने ।

कार्य र परिणामको अवधि लामो अन्तरालयुक्त भएको अवस्थामा तेस्रो पक्षको कुनै कार्य वा मृतकको अनपेक्षित व्यवहार वा अन्य कुनै कारणले निषेधित परिणाम ल्याउनमा योगदान गरेको अवस्थामा त्यस्तो परिणामको लागि पहिलो जिम्मेवार मानिएको प्रतिवादीको फौजदारी दायित्व निर्धारण गर्नु न्याय निरोपण गर्ने निकायको अत्यन्त महत्वपूर्ण र जटिल दायित्व बन्न पुग्ने ।

टाउकाको हड्डी फुटेको र सोही चोटबाट थला परी मृत्यु भएको प्रमाणित भइरहेको अवस्थामा ज्यान सम्बन्धीको ८ नं. आकर्षित हुने ।"

त्यस्तै नेत्रबहादुर मगर वि. नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा[६] "ज्यानसम्बन्धीको महलको ८ नं. ले यति दिनभित्रै परलोक हुनुपर्ने किटान नगरी घाइते थला परी जतिसुकै पछि मरे पनि ज्यानमाराको बात लाग्ने कानुनी व्यवस्था गरेकोमा कलेजो काटिएको निको नभई त्यसैको संक्रमणको कारणबाट घाइते परलोक भएको अवस्थामा ज्यानसम्बन्धीको महलको ८ नं.को प्रावधानले समेट्दैन भन्न नमिल्ने" भनी व्याख्या भएको छ ।

भुपालमान थापाको जाहेरीले नेपाल सरकार विरूद्ध मुरारी धमला समेत भएको कर्तव्य ज्यान मुद्दामा[७] प्रतिवादीकै मनसाययुक्त जानाजानको reckless and willful उक्साहटले प्रस्तुत वारदात निर्माणमा प्रमुख भूमिका खेलेको हुँदा उक्त कार्यको दायित्वबाट प्रतिवादीलाई उन्मुक्ति दिँदा अपराधीलाई सजाय गर्ने फौजदारी न्यायशास्त्रको उद्देश्य पराजित हुने हुँदा मृतकको जीवनलीला समाप्त गर्ने कुरामा निर्णायक भूमिका निर्वाह गर्ने प्रतिवादीलाई उन्मुक्ति (clean chit) दिने कुरालाई फौज्दारी न्यायले स्वीकार गर्न नसक्ने भएबाट प्रतिवादीको मनसाययुक्त reckless fault र मृतकको मृत्युको परिणाम result बीचको सम्बन्ध connection स्थापित गरेको अवस्थामा उक्त chain of causation लाई कुनै intervening acts or events ले भङ्ग गरेको नदेखिने भनी व्याख्या भएको छ ।

प्रतिवादीको कार्य र मृत्युका बीच भएको अर्को कार्यको कारण ज्यान मरेमा प्रतिवादीलाई उत्तरदायी बनाउन नसकिने भन्ने व्याख्या उपेन्द्र शाक्य वि.नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा[८] भएको छ । उक्त मुद्दामा सम्मानित सर्वोच्च अदालतले भनेको छः

साधारण लाठी, ढुङ्गा, लात मुक्काको प्रहार नगरी एसीड अनुहारमा फालेको र निज उपचार गरी निको भई डिस्चार्ज भैसकेपछि अनुहारको जलेको भाग पूर्व रूपमा ल्याउने प्रयास स्वरूप अपरेशन गर्दा ऐनले तोकेको समयावधि २१ दिनपछि मृत्यु भएकाले ज्यान सम्बन्धीको १४ नं. अनुसार कुटपिटको घटनाबाट थला परेको नभएमा वा ऐनले तोकेको २१ दिनपछि मरेको अवस्थामा ज्यान सम्बन्धी महल अन्तर्गत ज्यान मारेको भनी सजाय गर्न कानुन अनुकूल नहुने" ।

---

[६] ने.का.प २०७० अंक ६, नि.नं.९०२७

[७] ने.का.प. २०७२ अंकः २ नि.नं.९३५४

[८] ने.का.प, २०७० अंक २, नि.नं. ८९५५

९ नं. मा ज्यान मार्नका लागि कुनै अङ्ग भाँच्ने छिन्ने गरी हाने कुटेमा बाहेक मारौं भनी गैह मर्ने कुरा गर्दा उसै बखत ज्यान नमरी त्यही मारौं भनी गरेका चोट पीरले उठ्न नसकी थला परी एक्काइस दिनभित्र, अरू सास्ती सासना जोरजुलुम गरेमा तीन दिनभित्र र विष गैह खुवाएमा सात दिनभित्र मऱ्यो भने ज्यानमारा ठहर्छ ।

१० नं. मा यसै महलको ५ नम्बरले भवितव्य ठहर्ने बाहेक सन्धि कुठाउँमा हातले हान्दा त्यसै पीरले उठ्न नसकी थला परी सात दिनभित्र मऱ्यो वा पीडा पर्ने गरी बाँधछाँद गर्दा त्यसै पीडाले उठ्न नसकी थला परी पाँच दिनभित्र मऱ्यो वा जेसुकै कुरा गर्दा सोही चोट पीरको घाउ डाम पाकी त्यसै पीरले उठ्न नसकी थला परी एक्काइस दिनभित्र मऱ्यो भने त्यसैको कर्तव्यले ज्यान मरेको ठहर्छ । सो म्याद नाघी मरेमा कुटपिटको महल बमोजिम हुन्छ ।

११ नं. मा अघिबाट अर्काले कुटपिट गैह गर्दा वा कुनै अरू व्यथा लागि वा अरू केही कुरा भई हिँडडुल कामकाज गर्न नसक्ने गरी थलिएका मानिसलाई कुटपिट गैह्र गरेमा सो गरेका एक्काइस दिनभित्र मऱ्यो भने पछिबाट कुट्नेका चोट पिरले मरेको ठहर्छ । अघिबाट कुट्नेलाई ज्यानमारौं भनी कुटेको ठहरेमायसै महलको १५ नम्बर बमोजिम र ज्यान मारौं भन्ने नियत नलिई कुटपिट गरेमा कुटपिटको महल बमोजिम सजाय गर्नुपर्छ ।

१२ नं. मा म्यादभित्र हिड्न डुल्न अरू काम गर्न लागेपछि अरू कुनै व्यथा लागी वा अरू कुटपिट गैह गरी म्यादभित्रमा मऱ्यो भने पनि अघिबाट कुट्नेका चोट पीरले मरेको ठहर्दैन । मार्ने नियतले कुटेमा यसै महलका १५ नम्बर बमोजिम र सो नियत नदेखिएमा कुटपिटको महल बमोजिम सजाय मात्र गर्नुपर्छ ।

सुवास अधिकारी वि. नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा[९] सम्मानित सर्वोच्च अदालतबाटमृतकको मृत्यु अमुक कसैको चोटबाट भएको भन्न सकिने अवस्था नभए पनि कुनै खास व्यक्ति वा चोटकै कारणले नै मरेको देखाउन पर्छ भन्न पनि मौजुदा अवस्थामा सम्भव नहुने । एकभन्दा बढी व्यक्तिको र एकभन्दा धेरै कारणले मारिने अवस्था रहने , ...वारदातको अवस्थासम्म पुऱ्याउने कुरामा प्रतिवादीहरूको सहभागिता देखिएको र सोलगायतका कारणले वारदात घट्न गएको हुँदा निजहरूलाई दायित्वविहीन मान्न नसकिने । अन्यथा कसुरको कार्य गर्नलाई भीडको संलग्नता निम्त्याउने र त्यसैको आडमा अपराधिक दायित्वविहीन हुने कुराको तर्जुमा गर्ने अवस्था आउँछ । त्यसो गर्नु भनेको प्रकारान्तरमा दण्डहीनता सिर्जना गर्ने हुने, ...... सुरूदेखिको सबै श्रृङ्खलामा प्रतिवादीहरूको सरोकार र संलग्नता भएपछि अन्तिम अवस्थाको भीडको समेत संलग्नताले प्रतिवादीहरूले आफ्नो असंलग्नता र निर्दोषिताको जिकिर लिन सक्ने अवस्था रहेन भन्दै वारदातमा संलग्नता र जरियाको बिषयमा व्याख्या गरेको छ ।

यसरी जरियालाई कानुनी सीमा भित्र राखी निश्चित अवधि पछि मरेमा दायित्वबाट मुक्ति दिनुको कुनै वैज्ञानिक आधार र कारण देखिँदैन । बेलायतमा प्रचलनमा रहेको एक वर्ष एक दिनको अवधारणा सन् १९९६ मा खारेज भयो । हाम्रो कानुनले अझै तीन दिन, सात दिन वा एक्काइस दिनको अवधारणालाई कायम राखेको छ । यसलाई मानिरहनु पर्ने कुनै वैज्ञानिक कारण छैन । कसैले गरेको कुटपिट वा हिंसाको कारणबाट तत्कालै होस् वा जहिलेसुकै होस

[९] ने.का.प. २०७१ अंक ३ नि.नं. ९१३८

मृतकको मृत्यु हुनुनै अपराधको जरियाका लागि पर्याप्त हुन्छ । तर हाम्रो विद्यमान कानुनी व्यवस्थामा समयसीमा तोकिएको छ । जुन अवैज्ञानिक र असान्दर्भिक छ । मुलुकी अपराध संहिताको दफा १७९ (१) मा कसैले कसैको नियतपूर्वक ज्यान मार्न वा ज्यान मर्ने कुनै काम गर्न हुँदैन भन्ने व्यवस्था छ । उक्त दफाको स्पष्टीकरणमा कसैले कसैलाई निजको ज्यान मर्न सक्ने गरी नियतपूर्वक गम्भीर शारीरिक चोट पुर्‍याएकोमा तत्काले ज्यान नमरी सोही चोटको परिणाम स्वरुप पछि ज्यान मरेमा पनि सोही व्यक्तिले ज्यान मारेको मानिनेछ भन्ने व्यवस्था गरिएको छ । यो व्यवस्थाले मुलुकी ऐन, ज्यान सम्बन्धीको ८, ९, १०, ११ नं. का व्यवस्थाहरुले गरेको जरिया सम्बन्धी असंगत व्यवस्थाहरुको अन्त्य गरी कार्य र मृतकको मृत्युका बीचको सम्बन्ध स्थापित भएमा समयको अन्तरालले आपराधिक दायित्वमा कुनै फरक नपार्ने अवधारणालाई स्वीकार गरेको छ ।[10]

त्यसैगरी मुलुकी ऐन आगो लगाउनेको महलको २ नं. ले कसैले अर्काको घरमा सो घरभित्र मानिस भएको जानीजानी आगो लगाएको भए मानिस समेत मार्नाको नियतले आगो लगाएको ठहर्छ । ज्यान सम्बन्धीको महल बमोजिम गर्नु पर्छ । त्यस्तै वेरितसँग थुन्नेको महलको २ नं. मा अन्नपानी खान नदिई थुनेकोमा असख बिरामी वा बाह्र वर्ष नपुगेका वा साठी वर्ष नाघेका मानिसलाई तीन दिन तीन रात थुन्दा मर्न गएमा र लेखिए बाहेक अरू अवस्थाका मानिसलाई सात दिनदेखि बढी थुन्दा सोही कुराले मर्न गयो भने ज्यानमारा ठहर्छ । ज्यान सम्बन्धीका महल बमोजिम सजाय हुन्छ भन्ने व्यवस्था छ ।

आपराधिक कार्यको कारणबाट मृतकको मृत्यु भएको हुनुपर्छ भन्नुको अर्थ प्रतिवादी सबै अवस्थामा वारदात स्थलमा उपस्थित भई आफै अपराधमा सरिक हुनुपर्छ भन्ने हुँदैन अर्थात् यसका अपवादात्मक अवस्थाहरु पनि हुन्छन् । व्यक्तिले आफ्नो मांशपेशी परिचालन नगरिकन अरुलाई अह्राएर, अप्रत्यक्ष रुपमा घटनामा सहभागी भएर, निर्दोष व्यक्तिहरु प्रयोग गरेर पनि अपराध गर्न सक्दछ । मनसाय राख्न नसक्ने उमेरका नाबालक, कुकुर तथा बाँदर जस्ता जनावरलाई प्रयोग गरेर अपराध गर्न सकिन्छ । नाबालक तथा जनावरले मनसाय राख्न नसक्ने भएकोले अह्राउने मानिसले आफैले गरे सरह उत्तरदायी बनाइन्छ ।

त्यसैगरी कसैले ज्यान मार्ने कुरामा मुख्य भई बचन दिएमा पनि उसले आफै अपराध गरे सरह सजाय हुने हाम्रो कानुनी व्यवस्था छ । कमन लमा बचन दिने व्यक्ति हत्या अघिको मतियार हुन्छ तर उसलाई मुख्य व्यक्ति सरह सजाय हुन्छ ।[11] त्यस्तै कानुनी कर्तव्य पालन नगरेको अवस्थामा ज्यान मर्न गएमा सो कर्तव्य पालन नगर्ने मानिस जिम्मेवार हुन्छ । ज्यान सम्बन्धीको १८ नं मा जन्मेको जिउँदो बालक बालिका फाल्नेलाई चार वर्ष कैद गर्नु पर्छ । सो बालक बालिका मरेका भए ज्यानमारा सरह सजाय गर्नुपर्छ भन्ने व्यवस्था छ । श्री ५ को सरकार विरुद्ध रत्नकुमारी खड्का भएको ज्यान जातक मुद्दामा[12] जिउँदो बच्चा फालेकोमा अरुले लगी स्याहार गरेकोमा भोलिपल्ट मरेको भनी चार वर्ष कैद गरेको पाइन्छ । त्यस्तै मानिस हिड्ने

[10] डा. रजितभक्त प्रधानाङ्ग तथा लक्ष्मीप्रसाद मैनाली, फौजदारी कानुनको परिचय, परिमार्जित तेस्रो संस्करण, २०७२, लुम्बिनी प्रकाशन, पृष्ठ ६२३

[11] ऐजन, पृष्ठ ६३४

[12] ने.का.प. २०४० अंक १ नि.नं.१६१५

बाटोमा धराप थापेर वा टाइम बम फिट गरेर पनि वारदातको समयमा वारदातमा उपस्थित नभइकन पनि अपराध गर्न सकिन्छ । यस्तोमा भौतिक रुपमा वारदात स्थलमा नजानुले केही फरक पार्दैन । सो परिस्थितिको सृजना नै उपस्थिति सरह हुन्छ ।

## २.३ **आपराधिक मनसाय** (Intention)

ज्यान सम्बन्धी अपराध सापेक्षिक दायित्व हुने अपराध हो । ज्यान मारेको मात्र स्थापित भएर हुँदैन सो ज्यान मार्ने कार्य मनसाय पूर्वक गरिएको हो भन्ने कुरा प्रमाणित भएमा मात्र कर्तव्य ज्यान वा ज्यानमारामा सजाय हुन्छ । आपराधिक मनसायलाई जनाउन दोषी मनसाय, नियत, जानीजानी, वदनियत, विश्वास, विश्वास गर्ने मनासिव आधार भएको जस्ता शव्दहरु प्रयोग गरिएको पाइन्छ । अंग्रेजीमा यसलाई जनाउन Guilty mind, Wicked mind, Mental element, Internal element, Blameworthiness, Fault element, State of mind जस्ता शब्दहरुको प्रयोग गरिएको पाइन्छ । निश्चित परिणाम वा फलको इच्छा राखेर वा त्यस्तो परिणाम आउने अवस्था अवश्वम्भावि (virtually certain) छ भन्ने थाहा हुँदाहुँदै गरिएको आपराधिक कार्यलाई मनसायपूर्वक गरिएको कार्य भनिन्छ ।

### २.३.१ **मनसाय**

मनसायका दुई पक्षहरु हुन्छन् । पहिलो इच्छा (Volition aspect) पक्ष र अर्को हो ज्ञान (Cognitive aspect) पक्ष । यदि कर्ताले कुनै कार्य गर्दा जानीजानीकन र परिणामको बारेमा जानकारी भई कुनै कार्य गर्दछ र खास किसिमको परिणामको अपेक्षा पनि राख्दछ भने त्यो आपराधिक उद्देश्य सहित गरिएको अपराध हो । तर जहाँ परिणामको बारेमा जानकारी त हुन्छ तर कर्ताले खास परिणाम आओस् भनी अपेक्षा चाहिँ गरेको हुँदैन भने त्यो भने त्यो अप्रत्यक्ष मनसायको अवस्था हो । तसर्थ मनसायलाई प्रत्यक्ष मनसाय (Direct Intention) अप्रत्यक्ष मनसाय (Oblique Intention) गरी वर्गीकरण गरिन्छ । प्रत्यक्ष मनसाय (Direct Intention): आफूले गरेको कामको आपराधिक परिणामको बारेमा थाहा जानकारी भएको र त्यस्तो परिणाम वा फलको आसा समेत राखी गरिएको कार्यलाई प्रत्यक्ष मनसाय (Direct Intention)पूर्वक गरिएको कार्य भनिन्छ ।

अप्रत्यक्ष मनसाय (indirect or oblique intent) जहाँ कर्ताले इच्छा राखेर कार्य गर्दछ । उसले गरेको कार्यको परिणाम बारेमा ऊ जानकारी छ र उसले सो कार्य गर्ने सामर्थ्य समेत राख्दछ भने सो अवस्थामा मनसाय सहित अपराध गरेको हुन्छ । आफूले गरेको कार्यको परिणामको अपेक्षा नराखिएको भएतापनि आफुले गरेको कार्यले त्यस्तो आपराधिक परिणाम ल्याउने अवस्था अवश्वम्भावी (virtually certain) रहेको भन्ने जानकारी हुँदाहुँदै वा जानकारी हुने अवस्था विद्यमान रहँदारहँदै गएिको कुनै कार्यलाई अप्रत्यक्ष मनसाय (Oblique Intention) पूर्वक गरिएको कार्य भनिन्छ । यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकार वि. रमावती पासी भएको कर्तव्य ज्यान मुद्दामा[१३] अप्रत्यक्ष मनसायको व्याख्या गर्दै घटनाको सम्बन्धमा मृतक र प्रतिवादीबिच रोजगारदाता र कामदार बीचको वा मालिक वा सेवक बीचको सम्बन्धजन्य कठोर दायित्वको कुरालाई अस्वीकार गर्न सकिएला । तर त्यसरी अस्वीकार

[१३] ने.का.प.२०७२ अंक ९ निर्णय नं. ९४७१

गर्ने हो भने पनि "प्र. दिनेश यादवको कसुर यतिमा मात्रै सीमित रहेको देखिँदैन । बेहोस अवस्थाका विनेशलाई मिलमा अलपत्र छाडि मध्यरातको सन्नाटामा निजलाई बोरामा हालेर पानी भएको खाल्डोमा फालेको र मृतकको मृत्यु भएको देखिँदा यसलाई मनसाय प्रेरित हत्या मान्नु पर्ने अवस्था पनि छ । यो केवल omission मात्र नभएर त्यो भन्दा गम्भीर प्रकृतिको culpable homicide तहकै कार्य भएको छ ।" भन्ने निष्कर्षलाई अमान्य गर्नु निक्कै चुनौतीपूर्ण हुने भनेको छ ।

### २.३.२ **ज्ञान** (Knowledge)

आपराधिक परिस्थितिको ज्ञान भएर गरिएको कार्य (Knowledge): कानुनद्वारा निषेध गरिएको कुनै एउटा विशेष परिस्थिति (Specific Circumstance)को बारेमा जानकारी हुँदाहुँदै वा जानकारी हुने सम्बन्धमा कुनै द्विविधा नभएको अवस्थामा गरिएको कार्यलाई आपराधिक परिस्थितिको ज्ञान भएर गरिएको कार्य (Knowledge) भनिन्छ । घरमा मानिस भएको जानीजानी आगो लगाउनुयस अन्तर्गत पर्दछ । चन्द्रमान डिम्डोङ वि.नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा[१४] ज्ञान भई गरेको कार्यको व्याख्या गर्दै भनिएको छ । कुटपिट गर्दा मानिस मर्न सक्छ भन्ने कुरा सामान्य समझ भएको जोसुकैले सहजै अनुमान गर्न सक्नेमा सो स्वाभाविक मानवीय सुझबुझ चेतनालाई ख्याल नगरी रिसको आवेगमा कुटपिट गरेकालाई १३(३) वा ५ नं. को कसुरको सजा दिन नमिल्ने ।

श्रीमतीले मट्टीतेल खन्याएको प्रत्यक्ष देखेको विषम परिस्थितिमा आगो लाग्न नदिने उपाय अपनाउनुपर्नेमा सहजै आगो लाग्न सक्ने किसिमबाट मृतक नजिक गई लाइटर बालिएको छ । सामान्य समझ भएका प्रतिवादीलाई त्यसरी लाइटर बाल्दा मानिस मर्न सक्छ भन्ने अनभिज्ञता थियो भनी कल्पना गर्न नसकिने भनिएको छ ।

### २.३.३ **सरेको मनसायको सिद्धान्त** (Doctrine of Transferred malice)

सामान्यतया: कुनै व्यक्ति वा समुदाय प्रति लक्षित मनसायपूर्वक, जानीजानी, लापरबाही गरी भएको आपराधिक कार्यको लागि आपराधिक दायित्व बहन गराइन्छ तर सरेको मनसायको सिद्धान्त (Doctrine of Transferred malice) पीडितको पहिचानको भूलको सिद्धान्त यसका अपवाद हुन् । यस सिद्धान्तमा अभियुक्तले आक्रमण गर्न चाहेको वा लक्षित गरेको पीडित (Intended Victim) एउटा हुन्छ तर निजले बचाउ गरेको कारण वा अन्य कुनै कारणले वा लक्षित पीडित भन्ने सम्झी गरेको कार्य पहिचानको भूलले गर्दा वा गलत प्रहारबाट अर्कै व्यक्ति उपर पर्दछ भने अभियुक्तले आफूले निजलाई लक्षित गरेको होइन भन्ने आधारमा छुट पाउन सक्दैन । आपराधिक मनसायका साथ कुनै आपराधिक कार्य गरिन्छ भने कर्ताको मनसाय यो वा त्यो व्यक्ति उपर थियो भन्ने कुराले अर्थ राख्दैन । यस सिद्धान्त अनुसार ताकेको पीडित (Intended Victim) उपर जे कार्य गर्ने जुन स्तरको मनसाय थियो, वास्तविक पीडित (Actual Victim) उपर त्यहीँ कार्य गर्ने त्यहीँस्तरको मनसाय मात्र सर्दछ । सम्मानित सर्वोच्च अदालतबाट ज्ञानबहादुर भट्टराई वि. नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा[१५] सरेको

[१४] ने.का.प. २०७१ अंक ११, नि.नं. ९२९३

[१५] ने.का.प. २०७० अंक१० नि.नं. ९०६६

मनसायको प्रयोग गरिएको छ । उक्त मुद्दामा अदालतले भनेको छ एउटा अपराध गर्ने उद्देश्यले गरिएको आपराधिक कार्यबाट अर्को आपराधिक कार्य हुन गएमा पछिल्लो आपराधिक कार्य गर्ने मनसाय नभएको भन्ने आधारमा प्रतिवादीले कसुरबाट उन्मुक्ति पाउन सक्दैन, सरेको मनसाय (Transferred malice) को सिद्धान्त अन्तर्गत कसुरदार कायम हुने ।

नेपाल सरकार वि. कन्हैया राय कुर्मी भएको कर्तव्य ज्यान मुद्दामा[१६] सरेको मनसायको व्याख्या गर्दै भनिएको छ "लक्षित व्यक्ति उपर कार्य गर्दा जुन अपराध हुन सक्थ्यो, उक्त कार्य अर्को अनिच्छित व्यक्ति उपर भएमा पनि सोही अपराध मानिन्छ । एउटा मानिसलाई मार्ने नियतले गरेको प्रहार अर्को अनिच्छित मानिसलाई लागेर मृत्यु हुन पुगेको अवस्थामा कर्ताको आपराधिक मनसाय समाप्त भएको मानिने नभई सरेको (Transferred) मानिने हुँदा मनसायप्रेरित हत्याको फौजदारी दायित्व सिर्जना हुने" भनी व्याख्या भएको छ ।

त्यस्तै नेपाल सरकार वि. दलबहादुर कामी भएको कर्तव्य ज्यान मुद्दामा[१७] सर्वोच्च अदालतले एकालाई मार्ने उद्देश्य लिई प्रहार गरेको अर्कालाई लागी मरेमा सरेको मनसायबाट अपराध भएको भनी व्याख्या गरेको छ । उक्त मुद्दामा भनिएको छ प्रतिवादीले मृतकलाई लक्ष्य गरी मुङ्ग्रो प्रहार गरेको नभए पनि मृतकका छोरा राजिनलाई ठिक पार्ने मनसाय लिई कम्मरमा छुरी बाँधी हातमा मुङ्ग्रो लिई गएको र राजिनलाई हान्ने मनसायले मुङ्ग्रो प्रहार गरेकोमा मृतकलाई लाग्न गएको भन्ने निज प्रतिवादीको बयानबाटै खुल्न आएबाट प्रतिवादी दलबहादुरले राजिन वि.क.लाई मार्ने मनसाय लिई वारदातस्थलमा गएकोमा राजिनलाई प्रहार गरेको मुङ्ग्रोले बीचमा छुट्टयाउन आएका आसबहादुरलाई लागेर मृत्यु हुन गएकोसम्म देखिन्छ । राजिन र दलबहादुरको बीचमा आसबहादुर नआएका भए सो मुङ्ग्रोको प्रहारबाट राजिनको मृत्यु हुने अवस्था देखिएकाले त्यहाँ प्रतिवादीको आपराधिक मनसाय थिएन भन्न सकिने अवस्था पनि नदेखिने ।

एउटालाई लक्षित गरी प्रहार गर्दा अर्को व्यक्तिलाई लाग्न गई मृत्यु हुन्छ भने त्यस्तो अवस्थामा मनसाय तत्वको अभाव रहेको भनी व्याख्या गर्न मिल्दैन । त्यस्तोलाई सरेको मनसायबाट भएको आपराधिक कार्य मान्नुपर्ने भनी व्याख्या गरेको छ । मूल कुरा प्रतिवादीले फौजदारी कानुनले निषेध गरेको कार्य गर्ने मनसाय राखेको थियो थिएन भन्ने हो । यदि प्रतिवादीले आपराधिक कार्य खासगरी कुनै मानिसको ज्यान लिने मनसाय राखेको थियो र उसले लक्षित गरेको भन्दा फरक व्यक्ति मऱ्यो भने पनि त्यसले आपराधिक दायित्वमा कुनै फरक पार्दैन ।

### २.३.४ **लापरबाही** (Recklessness)

आफूले गरेको कुनै कार्यबाट कुनै आपराधिक कार्य घटन सक्दछ भन्ने संभाव्यता जान्दाजान्दै वा एउटा सामान्य समझ भएको व्यक्तिले त्यस्तो सम्भावना देख्न सक्ने अवस्थामा अस्वभाविक वा अनुचित जोखिम (Unreasonable or Unjustifiable Risk) लिई कुनै कार्य गर्नु लापरबाही हो । यसमा आपराधिक परिणमको इच्छा पनि राखिएको हुँदैन र सो कार्यले अपराध घट्ने अवश्यम्भावी पनि देखिँदैन । तर घटना घट्ने प्रबल सम्भावना देख्दादेख्दै पनि कार्य गर्दछ भने त्यो लापरबाहीको अवस्था हो । हाम्रो सन्दर्भमा मुलुकी ऐन ज्यान सम्बन्धीको महलमा

[१६] ने.का.प. २०६४ अंक ५ नि.नं. ७८४४

[१७] ने.का.प, २०७३ अंक १, नि.नं. ९५३७

लापरबाही र हेलचेक्र्याइँका बीच भिन्नता देखिने गरी व्यवस्था गरिएको छैन । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) मा गरिएको कानुनी व्यवस्था लापरबाहीको अवस्था हो ।

सर्वोच्च अदालतबाट इन्द्रप्रसाद खनाल वि. नेपाल सरकार भएको सवारी ज्यान मुद्दामा[१८] सवारी साधन चलाउने अनुमति प्राप्त व्यक्ति र सवारी चलाउने अनुभवप्राप्त व्यक्तिले ट्राफिक नियम, संकेतहरु र तत्कालीन अवस्था र परिस्थितिको बारेमा स्वाभाविक रुपमा जानकारी राखी आफुले त्यस्तो बेलामा मादक पदार्थ सेवन गरी तेज गतिमा चलाएको सवारीबाट घटना हुन सक्ने जानकारी भएको व्यक्ति हुन् भनी मान्नुपर्ने हुन्छ ।यस्तो अवस्थामा पूर्ण होशियारीका साथ नियन्त्रित गतिमा सावधानीपूर्वक सवारी चलाउने दायित्व पूरा नगरी आवश्यक सावधानी नअपनाई आवश्यकता भन्दा बढी गतिमा र मादक पदार्थ सेवन गरी सवारी चलाएबाट निजले लापरबाहीपूर्वक सवारी चलाएको देखिन आउने ।

त्यस्तै कृष्णबहादुर कुँवर वि. नेपाल सरकार भएको सवारी ज्यान मुद्दा[१९] मा लापरबाहीको व्याख्या गरिएको छ । उक्त मुद्दामा भनिएको छ । मनसाय तत्त्वको दोस्रो  तत्वको रूपमा लापरबाही recklessness लाई उपदफा (२) मा व्यवस्था गरिएको देखिन्छ् । यसमा प्रतिवादीलाई निषेध गरिएको परिणाम अर्थात् मानिस मर्न सक्छ भन्ने कुराको जानकारी भएको हुनुपर्छ । यसमा सो परिणाम नआओस् भनी प्रतिवादीले इच्छा राखेको पनि हुन्छ तथापि आफ्नो कार्यलाई निरन्तरता दिन अनुचित जोखिम लिन्छ । यसलाई मनसायको दोस्रो तहमा राखिएको छ ।

### २.३.५ **हेलचेक्र्याइँ** (Negligence)

हेलचेक्र्याइँ भनेको आवश्यक वा अपेक्षित सावधानीको अभाव हो । कुनै काम गर्दा सामान्य समझको मानिसले अपनाउने सावधानी अपनाइदैन र त्यसबाट फौजदारी कानुनको उल्लंघन हुने कार्य हुन्छ भने सो कार्य गर्ने व्यक्ति हेलचेक्र्याइँको उत्तरदायी हुन्छ । सामान्य समझ भएको मानिसबाट अपेक्षा गरिने किसिमको होसियारी नअपनाएको अवस्था नै हेलचेक्र्याइँको अवस्था हो । यसलाई absent mindedness पनि भनिन्छ जसमा कर्ताले आफ्नो कार्यको परिणामको बारेमा ध्यान दिदैन वा वेवास्ता गर्दछ । हेलचेक्र्याइँलाई बुझाउन एक विवेकशील मानिसको परिकल्पना गरिएको छ । कुनैपनि मानिसले जुन परिस्थितिमा कुनै काम गरेको छ र त्यसबाट फौजदारी कानुनको उल्लंघन भएको छ भने सो अवस्थामा कुनै एक विवेकशील मानिस भएको भए सो अनुसार काम गर्दथ्यो वा गर्दैनथ्यो भन्ने अथवा एक विवेकशील मानिसले अपनाउने तहको सावधानी प्रतिवादीले अपनाएको थियो वा थिएन भन्ने विचार गरिन्छ ।

मुलुकी अपराध (संहिता) ऐन २०७४ ले हेलचेक्र्याइँका लागि आपराधिक दायित्वको व्यवस्था गरेको  छ । उक्त संहिताको दफा १८४ मा भनिएको छः हेलचेक्र्याइँ गरी ज्यान मार्न नहुनेः (१) दफा १८१ को अवस्थामा बाहेक कसैले हेलचेक्र्याइँपूर्ण कुनै काम गरी कसैको ज्यान मार्न हुँदैन ।

---

[१८] ने.का.प. २०६८ अंक ७ नि.नं.८६५९

[१९] ने.का.प.२०७१ अंक ५, नि.नं. ९१६९

(२) उपदफा (१) बमोजिमको कसुर गर्ने व्यक्तिलाई तीन वर्ष सम्म कैद र तीस हजार रुपैंयाँसम्म जरिवाना हुनेछ ।

(३) उपदफा (१) मा लेखिएदेखि बाहेक कसैको ज्यान मर्न सक्छ जस्तो नदेखिएको अवस्थामा कसैले कुनै काम गर्दा भवितव्यमा परी कसैको ज्यान गएमा निजलाई छ महिनादेखि दुई वर्षसम्म कैद वा बीस हजार रुपैंयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

## ३ आपराधिक कार्य र आपराधिक मनसाय संगसगै रहनुपर्ने सिद्धान्त (Principle of Concurrence)

आपराधिक मनसाय (Mens rea) आपराधिक कार्य भएकै समयमा रहनु पर्दछ । आपराधिक कार्य भन्दा अगाडि वा पछाडि सृजना भएको आपराधिक मनसायले आपराधिक दायित्वको सृजना हुन सक्दैन भन्ने सिद्धान्तलाई फौजदारी न्याय प्रशासनमा अवलम्बन गरिएको पाइन्छ । अभियुक्तले आपराधिक कार्य गर्ने मनसाय राखेर सो मनसायबाट परिचालित भई गरेको कार्यको लागि मात्र निजलाई जिम्मेवार बनाइन्छ । पहिला मनसाय राखेको कार्य पूरा गर्न नसकेको तर पछि सोही कार्य मनसायबाट नभई भवितब्यबाट वा लापरबाहीबाट भएमा कार्य भएमा मनसाय सहित गरेको कार्यका लागि जिम्मेवार बनाउन सकिँदैन । कसैले आपराधिक कार्य शुरु गरेपछि पनि सो कार्य परित्याग गर्न सक्दछ । धेरैजसो आपराधिक कार्यहरु आपराधिक मनसायले प्रेरित गरेर गरिएका हुन्छन् भने कतिपय अवस्थामा आपराधिक मनसाय विना गरेको कार्यको निश्चित अवस्थामा पुगेपछि मनसाय सृजना हुन सक्दछ । केही अवस्थामा कार्यको निश्चित चरण पार गरेपछि वा कार्यगर्दाकै अवस्थामा मनसाय सृजना हुन्छ । कसैले सवारी चलाउँदा अन्जानमा कसैको खुट्टा माथि पुऱ्याउँछ र सो थाहा भएपछि हटाउँदैन भने पछिल्लो कार्यले मनसाय पुष्टि गर्दछ । त्यस्तै कसैले सवारी चलाउँदा भवितव्यवाट कसैलाई ठक्कर दिएकोमा पछि व्यहोर्नुपर्ने झन्झटको कारण फेरी व्याकगरी किचेमा कार्यको निश्चित चरणमा पुगेपछि मनसाय उत्पन्न भएको मानिन्छ । तसर्थ आपराधिक मनसाय आपराधिक कार्य हुनुभन्दा पहिले नै सृजना हुनुपर्छ भन्ने छैन । यदि शंकितले एक भन्दा बढी कार्य गर्दछ र निजले गरेका कार्यमध्ये जुनसुकै कार्यको परिणाम स्वरुप अपराध भएको भएपनि मनसाय साथ गरेको मानिन्छ । मार्ने मनसाय सहित विष पिलाउन खोज्दा पीडित नमानी विष पिलाउन प्रयोग गरेको बलका कारण मृत्यु भएमा प्रतिवादी उत्तिकै जिम्मेवार हुन्छ ।

सर्वोच्च अदालतबाट कृष्णबहादुर लामा वि. नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा[२०] निम्न अनुसार व्याख्या भएको छः "मार्ने मनसाय भन्ने कुर अघिदेखिको हुनुपर्छ भन्ने होइन । जुनसुकै बखत पनि मार्ने उद्देश्यले कुनै कार्य गरिन्छ भने त्यो कर्तव्य गरी मारेको हत्याकै वर्गमा पर्न जाने । ... कुटपिट पश्चात् अर्को कृत्य अर्थात् जीउँदै बालुवामा पुरेको र सोही कारण निस्सास्सिएर मृत्यु हुन पुगेको यस्तो निर्दयी र पासविक घटनालाई १४ नं. ले समेट्ने स्थिति नदेखिने" ।

## ४. फौजदारी दायित्वका तहहरु

एक भन्दा बढी व्यक्तिहरु मिलेर गरेको अपराधमा सहभागीहरु सबैको संलग्नताको स्तर सबै अवस्थामा एकै किसिमको नहुन सक्दछ । उनीहरुले अपसमा सल्लाह गरी सँगसँगै अपराध

[२०] मुद्दा ने.का.प २०६५ अंक १०, निर्णय नं.८०२२

गरेका छन् भने उनीहरु सामूहिक रुपमा उत्तरदायी हुन्छन् । अपराधमा सहभागिताको स्तरका आधारमा सजाय गरिने हुनाले अपराधमा संलग्न सबैलाई एकै किसिमको फौजदारी दायित्व बहन गराइदैन । उनीहरुले निर्वाह गरेको फरक फरक भूमिकाको लागि उनीहरुलाई फरक फरक उत्तरदायित्व बहन गराइन्छ । यसका साथै अभियुक्तको मानसिक अवस्था र सहभागिताको स्तर अनुसार फौजदारी दायित्वका तहहरु पनि फरक फरक हुन्छन् । सामान्यतया: अपराधका सहभागीहरुलाई मुख्य अभियुक्त (Principle parties) र सहायक अभियुक्त (Accessory Offender) गरी दुई तहमा बाड्ने गरिन्छ । आपराधिक घटना घटाउनमा अभियुक्तको मानसिक र शारीरिक भूमिकाको आधारमा फौजदारी दायित्व पनि मूल दायित्व (Principle liability) र सहायक दायित्व (Accessorial liability) दुई तहका रहेका हुन्छन् । कहिले काहीँ अपराधको तथ्यको बारेमा जानकारी नै नभएको ब्यक्तीलाई पनि अपराधमा प्रयोग गरिन्छ । यिनीहरुलाई निर्दोष सहयोगी वा अभिकर्ता (Innocent agent) भनिन्छ र त्यस्तो ब्याक्तिलाई फौजदारी दायित्व बहन गराइदैन ।

### ४.१ मुख्य अपराधी (Principal Offender)

मुख्य अपराधीत्यो हो, जसको कार्य आपराधिक कार्य (Actus reus) लाई परिणाममा पुऱ्याउन प्रत्यक्ष भूमिका खेल्दछ । फौजदारी कानुनले अपराध भनी परिभाषित गरेको कार्य जसबाट हुन्छ र आपराधिक परिणाम ल्याउन जसको भूमिका हुन्छ, त्यो प्रमुख अपराधी हो । (A principal is the person who commites or contributes to the actus reus or whose act is the most immediate cause of the actus reus.) अपराधको परिणामसँग प्रत्यक्ष र  सबैभन्दा नजिकको सम्बन्ध जसको कार्यसँग छ सो मूल अभियुक्त हो । मूल अपराधीको आपराधिक कार्यसँग प्रत्यक्ष सम्बन्ध हुन्छ । उसको आपराधिक कार्यको परिणाम फौजदारी कानुनको उल्लंघन हुन्छ । उसको आपराधिक मनसाय आपराधिक कार्य घटाउने भन्ने हुन्छ । आपराधिक दायित्वको हिसाबले मुख्य अभियुक्तको दायित्व प्रमुख हुन्छ । उसको दायित्व स्वतन्त्र, मूलभूत र सारभूत हुन्छ । उसको दायित्व कसैको दायित्वमा आश्रित हुँदैन । मूल अपराधी भित्र आदेश कर्ता, योजनाकार, वास्तविक कर्ता अपराधीहरु पर्दछन् । कतिपय मुद्दामा एक भन्दा धेरै मुख्य अपराधीहरु हुन्छन् । ती सबै मूल अभियुक्तहरु हुन । मुख्य अभियुक्तलाई पनि प्रथम श्रेणीको मूल अपराधी र दोस्रो श्रेणीको मुख्य अपराधी भनी वर्गीकरण गरिन्छ । मुख्य अभियुक्त मध्ये जसको आपराधिक कार्यसँग सबैभन्दा नजिकको सम्बन्ध छ । अर्थात् अपराधको परिणाम निस्कनमा जसको कार्य जिम्मेवार छ ऊ पहिलो श्रेणीको मुख्य अपराधी हो । सो बाहेक अपराध गर्न लगाउने, योजना बनाउने वा वारदातमा संलग्न भएर आपराधिक कार्य गर्नमा जिम्मेवार भएपनि परिणामसँग निजको कार्य भन्दा अर्को मूल अभियुक्तको कार्यको नजिकको सम्बन्ध हुन्छ । जस्तो ज्यान सम्बन्धी महलको १३ (१) नं. र १३ (२) नं. र १३ (३) नं. को अवस्था प्रथम श्रेणीको मूल अभियुक्त हुन भने १३ (४) नं. को अवस्था दोस्रो श्रेणीमा मूल अपराधी हो । मुलुकी ऐन ज्यान सम्बन्धीको १३ नं. बमोजिम मुख्य अपराधीहरुलाई देहाय बमोजिम वर्गीकरण गरी हेर्न सकिन्छ :

**(१) पहिलो श्रेणीका मूल अपराधी**

(क) धारिलो वा जोखिमी हतियारले प्रहार गरी ज्यान मार्ने
(ख) बिष खुवाई ज्यान मार्ने
(ग) ज्यान मर्ने गैह्र कुरा गर्ने

**(२) दोस्रो श्रेणीका मूल अपराधी**

(क) ज्यान मार्नमा मुख्य भई बचन दिने वा आदेश दिने
(ख) ज्यान मार्नालाई संयोग पारिदिना निमित्त मर्ने मानिसको ज्यूमा हात हाली पक्री समाती दिने

मुलुकी ऐन, ज्यान सम्बन्धीको महलमा कर्तव्य ज्यान मुद्दाका मूल अपराधीहरु सम्बन्धी कानुनी व्यवस्था देहाय बमोजिम रहेको छः

| सि.नं. | कार्य | सजाय |
|---|---|---|
| १. | धार भएको वा नभएको जोखमी हतियार गैहले हानी रोपी घोची ज्यान मारेमा जतिजना भई हतियार छाडेको छ उती जना ज्यानमारा ठहर्छन् | सर्वस्वसहित जन्मकैद |
| २. | बिष खुवाई ज्यान मार्नेलाई | सर्वस्वसहित जन्मकैद |
| ३. | मानिसलाई विष खुवाउन लगाउनेलाई जन्मकैद गर्नुपर्छ | जन्मकैद |
| ४. | लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी हानी रोपी घोची वा अरु ज्यान मर्ने गैह कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हुल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा | सर्वस्वसहित जन्मकैद |
| ५. | सो बाहेक अरुलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हात हतियार छाड्ने कसै उपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा | सबैलाई जन्मकैद |
| ६. | जुनसुकै कुरा गरिकन पनि ज्यान मार्नामा बचन दिनेलाई वा वारदात भैरहेको ठाउँमा गई मार्नालाई संयोग पारिदिना निमित्त मर्ने मानिसको जीउमा हात हाली पक्री समाती दिनेलाई | जन्मकैद |

धनबहादुर नाथ विरूद्ध नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा[२१] मृतकलाई मार्ने पूर्व योजना अनुसार खुकुरी जस्तो घातक हतियार लिई मृतकलाई रातको समयमा एकान्त स्थलमा लगी टाउकामा खुकुरी प्रहार गरी कर्तव्य गरेको र लासलाई दबाए छिपाएको देखिँदा पक्राउ पछि अनुसन्धान र अदालतमा समेत कसुरमा साबित हुँदैमा अदालती प्रक्रियालाई सहयोग पुऱ्याएको मानी सजायबाट उन्मुक्ति दिन वा छुट दिन मिल्ने नदेखिने भनी व्याख्या भएको छ ।

सर्वोच्च अदालतबाट एउटै मुद्दामा ज्यान सम्बन्धीको १३(१), १३(३) तथा १७(३) को प्रयोग भएको मुद्दा नेपाल सरकार वि. दिनेश वली समेत भएको कर्तव्य ज्यान मुद्दा[२२] छ । उक्त मुद्दामा भनिएको छ, प्रतिवादी जगत प्याकुरेलले विकाश श्रेष्ठलाई धारिलो हतियार चक्कुले शरीरको विभिन्न ठाउँमा प्रहार गरेको कारणले विकास श्रेष्ठको मृत्यु भएको पुष्टि हुन आएकाले निजलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३ नं. को देहाय (१) अनुसार सर्वस्वसहित जन्म कैदको सजाय हुने देखिन आयो । त्यसैगरी प्रतिवादीहरू पदमबहादुर शाही र घनश्याम पुरीले लात्ती,

[२१] नेकाप २०७२ अक ५ निन ९३९४

[२२] ने.का.प.२०७२ अंक ७ नि.नं. ९४३७

मुक्कासमेतले हानी विकास श्रेष्ठलाई कर्तव्य गरी मार्ने कार्यमा संलग्न रहेको देखिँदा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३ नं. को देहाय (३) अनुसार जन्मकैदको सजाय हुने देखिन आयो ।

प्रतिवादी दिलिप बस्यालले मृतक विकाश श्रेष्ठलाई कुटपिट गर्नेसमेत योजनामा सहमत भई सिताराम नेपालीको घरमा गई मोटरसाइकल मागेर घनश्याम पुरी र विजय नेपालीलाई मोटरसाइकलमा राखी मृतकको घरनजिक पुऱ्याउन र घाइते भएका मृतक विकाश श्रेष्ठको स्वास्थ्य अवस्थाको सम्बन्धमा नर्सिङ्ग होममा गई बुझी सोको जानकारी प्रतिवादीहरूलाई गराई भाग्न प्रोत्साहन एवम् सहयोग गरेको तथ्य पुष्टि हुन आएकाले कर्तव्य गरी विकाश श्रेष्ठलाई मार्ने मतलबमा पसेको तथ्य पुष्टि हुन आयो । तसर्थ निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ नं. देहाय (३) बमोजिम दुई (२) वर्ष कैद सजाय हुने देखिन आयो ।

सर्वोच्च अदालतबाट धनबहादुर राई वि. नेपाल सरकार भएको ज्यान मुद्दामा[२३] मृतकको हातबाट खुकुरी खोसी सकेपछि मृतकले प्रतिवादीलाई मार्न सक्ने कुरा सम्भव नै नहुने अवस्थामा मृतकलाई खुकुरीले प्रहार गर्नुको कारण आत्मरक्षा हो भनी दाबी गर्नुको औचित्य नरहने । आत्मरक्षाको लागि चाहिनेभन्दा बढी बल प्रयोग हुनुहुँदैन । प्रतिवादीबाट भएको बल प्रहारको मात्राले निजको नियत वा मनसाय के कस्तो छ भन्ने इङ्गित गर्दछ । मृतक बलहीन रहेको स्थितिमा समेत प्रतिवादीले टाउको अनुहार, घाँटी जस्ता संवेदनशील अङ्गमा खुकुरी प्रहार गरी मृतकलाई नियतवश मारेको प्रमाणित हुँदा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने भनी व्याख्या भएको छ ।

लालहिरा कामी वि. नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा[२४] प्रतिवादीको चोट भन्दा पनि अपराध घटाउन निजले राखेको मनसाय सहितको संलग्नतामा जोड दिएको पाइन्छ । निजको प्रतिवादीहरूले गुट बनाई संयुक्त रूपमा गरेको वारदातलाई संयुक्त वारदात भनिन्छ । यसमा कसले बढी कुट्यो, कसले कम कुट्यो, कसको प्रहार प्राणघातक भयो अथवा कुनै कसैले कुट्दै कुट्न कि जस्ता कुरा कमन लमा प्रासङ्गिक हुँदैनन् । ज्यान लिने अथवा साङ्घातिक कुटपिट गर्ने मनसाय भई सो सन्दर्भमा समूहमा बसी एक अर्कालाई उकासी हौसाई अथवा हातै हाली कुटपिट गरेमा सबै प्रतिवादी समान रूपमा सहभागी भएको मानिने र समान सजायका भागिदार हुने अवस्था रहने ।

पश्चिमा फौजदारी कानुन र मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को फरक भनेको, १३ नं. आकर्षित हुनको लागि प्रतिवादीले मर्ने मानिसको जीउमा हात हालेको कुरा प्रमाणित हुनैपर्ने देखिन्छ । जुन कुरालाई कमन लले अनिवार्य मानेको छैन । जीउमा हात हालेको प्रमाणित भएको अवस्थामा प्रतिवादीले एक मुक्का हान्यो वा धेरैपटक हान्यो, खुकुरी वा बन्दुक जस्तो साङ्घातिक हतियारले हान्यो वा सामान्य लौरो, छडी आदिले कुट्यो भन्ने कुरालाई पश्चिमा कानुन झैं उक्त १३ नं. ले महत्वहीन कुरा मानेको देखिने ।

---

[२३] नेकाप २०७२ अंक ५ नि.नं. ९३९८

[२४] नेकाप २०७१ अंक ९ नि.नं. ९२४९

जगतबहादुर भण्डारी विरुद्ध नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा[२५] प्रतिवादीको व्यवहारबाटज्यान सम्बन्धीको १३ नं.को कार्य देखिन्छ भनेको छ । उक्त मुद्दामा भनिएको छप्रतिवादीले एकातिर आत्मरक्षाको जिकिर लिएको देखिन्छभने अर्कोतिर अ.बं. १८८ नं. बमोजिम घटी सजाय पाउनु पर्ने जिकिर पनि लिएको देखिन्छ । आत्मरक्षाको जिकिर पुगेको खण्डमा प्रतिवादीले अभियोगदाबीबाट सफाइ पाउने अवस्था रहन्छद । अ.बं. १८८ नं. को राय भनेको ज्यानसम्बन्धीको महलको १३ नं. को कसुरदार ठहरिएकालाई कसुर गर्दाको परिस्थितिको विचार गरेर घटी सजाय गर्ने कानुन हो । अ.बं. १८८ नं. को माग गर्नु भनेको आफूबाट उक्त १३ नं. को कसुर भएको हो भन्ने प्रतिवादीको स्वीकारोक्ति हो ।

### ४.२ **मतियार**

अपराधको मतियार वा सहयोगी त्यो हो । जसले मूल अपराधीलाई अपराध गर्नमा कुनै न कुनै सहयोग गर्दछ वा अपराध गरिसकेपछि उसलाई आपराधिक दायित्वबाट बचाउन मद्दत गर्दछ । कतिपय अवस्थामा सबै अभियुक्तहरुको भूमिका समान हुन्छ भने कति अपराधमा एक वा बढी मूल अभियुक्त र सहायक अभियुक्तहरु पनि हुन सक्दछन । सहायक अपराधी (Accessorial Offender) ती हुन् जसले जानीजानी, स्वेच्छाले र साझा उदेश्यका साथ मूल अपराधीलाई अपराध गर्नमा मद्दत दिन्छन, सहायता पुऱ्याउछन्, उक्साउँछन्, सल्लाह दिन्छ् वा हातहतियार सामाग्री उपलब्ध गराउँदछन् । सहायक अभियुक्त त्यो हो जसले मुख्य अभियुक्तलाई सहयोग गर्दछ वा दुरुत्साहन गर्दछ । जसले मुख्य अभियुक्तलाई सहयोग गर्छ, उक्साउँछ, सल्लाह दिन्छ वा आपराधिक काम गराउँछ (aid, abet, counsel, or procure) त्यो सहयोगी वा मतियार हो । सहयोग गर्नु भन्नुको अर्थ आपराधिक कार्य हुन कुनै न कुनै रुपमा सहयोग पुग्ने कार्य गर्नु भन्ने वुझिन्छ । उक्साउनु भतेको अपराध गर्न उत्प्रेरित गर्नु, उत्तेजित गर्नु वा सुऱ्याउनु (abet, is to incite, instigate, or encouurage) भन्ने हुन्छ ।

अपराधमा उक्साउने वा सल्लाह दिने कार्यको लागि उत्तरदायी बनाउन मतियारले उसलाई सहयोग गरिरहेको छ भन्ने कुरा मुख्य अभियुक्तले जानकारी भने पाएको हुनु पर्दछ तर उसको सहयोग विना मुख्य अभियुक्तले अपराध पूरा गर्न सक्दैनथ्यो भन्ने कुरा पुष्टि हुनु आवश्यक छैन । तर सहयोगको हकमा मुख्य अभियुक्तले थाहा पाएको हुनुपर्ने अनिवार्यता छैन । सहायक अपराधीहरुको कार्य अपराधको तत्कालिन कारण होइन । मूल अपराधी र सहायक अपराधीको प्रश्न सामान्यतयाः पूर्ण अपराधमा मात्र हुन्छ, अपूर्ण अपराध (अपराधको दुरुत्साहन, षडयन्त्र र उद्योग)मा सबै अभियुक्तहरु मूल अभियुक्त नै हुन्छन् । तर मुलुकी ऐन, ज्यान सम्बन्धीको १७ नं. अपूर्ण अपराधमा पनि मतियारको आपराधिक दायित्वको तहको व्यवस्था गरिएको छ ।

सहयोगीको दायित्व मुख्य अभियुक्तको दायित्वमा आश्रित हुन्छ । त्यसैले निजको दायित्वलाई पनि आश्रित दायित्व भनिन्छ किनकि निजको दायित्व मूल अपराधीमा आश्रित हुन्छ । सहायक दायित्व उत्पन्न हुन मूल अपराधीले अपराध गरेको भन्ने कुरा पुष्टि हुनु आवश्यक छ । सहयोगीको भूमिका अपराधमा सहयोगी हुनुको साथै उसको दायित्व पनि मूल अपराधीबाट आउँछ । सहायक अपराधीको आपराधिक कार्य सहयोग, उक्साउने, सल्लाह दिने वा गर्न

[२५] ने.का.प. २०७३ अंक २ नि.नं. ९५४८

लगाउने भन्ने हुन्छ । आपराधिक मनसायमा पनि मूल अपराधीलाई निजसले अपराध गर्दैछ भन्ने कुरा थाहा पाई पाई निजलाई सहयोग गर्ने मनसाय हुन्छ । सहायक अभियुक्त (Accessorial Offender) लाई अपराधको संलग्नताको समयको आधारमा वारदातपूर्वको सहयोगी (Accessorial before fact), वारदातका समयको मतियार (Accessorial during fact) र वारदात पछिको मतियार (Accessorial after fact) गरी तीन बर्गमा बाड्न सकिन्छ । सहायक अभियुक्तको आपराधिक दायित्व मूल दायित्वबाट निसृत दायित्व (derivative liability) भएकोले सहायक अभियुक्तलाई आपराधिक दायित्व बहन गराउन निम्न लिखित दुईवटा तथ्यहरु पुष्टि हुनु पर्दछ ।

१. कोही मूल अभियुक्तद्वारा एउटा पूर्ण अपराधको वारदात घटाइएको थियो ।
२. उक्त वारदात घटाउन वारदात अगाडि वा वारदातको समयमा वा वारदात पछाडि सहायक अभियुक्तले मद्दत दिएको, सहायता पुऱ्यायको वा सल्लाह दिएको वा अपराधलाई दबाउन, छिपाउन वा अभियुक्तलाई भगाउन सहयोग गरेको थियो ।

अंग्रेजी कानुनमा अपराध रोक्ने वा प्रहरीलाई खवर गर्ने दायित्व वोकेको व्यक्तिले अपराध घटेको देखेर खवर नगरेमा सहायक दायित्व (Accessorial liability) बहन गराइन्छ । त्यस्तै मूल अभियुक्तलाई आपराधिक कार्य गर्न रोक्न सक्ने कानुनी अधिकार भएको ब्यक्तिले रोक्ने प्रयास नगरेमा अपराधको सहायक दायित्व (Accessorial liability) बहन गराइन्छ । सो बाहेक कुनै व्यक्ति वारदात स्थलमा वा त्यसको नजिक भएकै कारणले मात्र आपराधिक दायित्वको भागी हुन सक्दैन । मुलुकी ऐन ज्यान सम्बन्धीको महलमा मतियार वा सहायक अपराधीहरुको दायित्व सम्बन्धमा गरेको व्यवस्था देहाय बमोजिम रहेको छ :

| सि.नं | आपराधिक कार्य | सजाय |
|---|---|---|
| १. | ज्यान मार्नालाई भनी हतियार विष मागेमा जानी जानी हातहतियार गोली बारुद विष दिने (वारदात अघिको) | दश वर्ष |
| २. | ज्यान मार्ना निमित्त वारदात गरिरहेका ठाउँमा हतियार साथमा लिई महजूद रहनेलाई (वारदातको समयका) | दश वर्ष |
| ३. | घेरा दिने, बाटो, गौडा छेक्ने वा भाग्न उम्कन नपाउने समेत गैह काम गरी मार्ने संयोग पारिदिने (वारदातको समयका) | पाँच वर्ष |
| ४. | माथि उल्लेखित देखि वाहेक अरु किसिमसंग मत सल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरु कुरा केही नगरी हेरी रहेनलाई र लेखिएदेखि बाहेक अरु किसिमका मतलबी (वारदातको समयका) | छ महिनादेखि तीन वर्षसम्म कैद |
| ५. | ज्यान मर्ने कुरा चाल पाई जाहेर नगरी ज्यान मरेमा (वारदात पछिको) | एक वर्ष कैद |
| ६. | ज्यान मर्ने कुरा चाल पाई जाहेर नगरी अरुले जाहेर गरेकोमा (वारदात अघिको) | ६ महिना कैद |
| ७. | ज्यान मरेको कुरा चाल पाई जाहेर नगरेमा ((वारदात पछिको) निम्न अनुसार सजाय हुन्छः | |
| ८. | सरकारी कर्मचारी भए | दुई वर्ष कैद |
| ९. | जिमीदार तालुकदार, गा.वि.स न.पा सदस्य भए | एक वर्ष कैद |
| १०. | मुखिया कटुवाले नाइके | ६ महिना कैद |
| ११. | अन्य | रु. २० जरिवाना |

सर्वोच्च अदालतबाट धनबहादुर राई वि. नेपाल सरकार भएको मुद्दामा[२६] ज्यान सम्बन्धीको १७ (३) नं. तेत्तिकै वारदातमा उपस्थित हुनेहरूका विरूद्ध लाग्ने नभै उपस्थित प्रतिवादीले मूल प्रतिवादी (Principle defendant) सँग मत सल्लाहमा पसेको हुनुपर्ने र त्यस्तो उपस्थितिबाट मूल प्रतिवादी वारदात गर्नका लागि हौसिएको देखिनु आवश्यक हुन्छ । दुईजना व्यक्ति कुस्ती खेल्दा खेल्दै भुइँमा रहेको खुकुरी तानातान गरेको देखी डराई आफ्नो पनि ज्यान जाला भनी सुरक्षित स्थलतर्फ भाग्ने कार्य स्वयम्मा कसुरजन्य कार्य मान्न मिल्दैन । यस्तो घटनालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. मा रहेको ज्यान मार्नलाई मतलबमा पसेको भन्ने कसुरभित्र राख्नु न्यायपूर्ण हुँदैन भनी व्याख्या भएको छ ।

नेपाल सरकार वि. दिनेश वली समेत भएको कर्तव्य ज्यान मुद्दामा[२७] प्रतिवादी दिलिप बस्यालले मृतक विकाश श्रेष्ठलाई कुटपिट गर्नेसमेत योजनामा सहमत भई सिताराम नेपालीको घरमा गई मोटरसाइकल मागेर घनश्याम पुरी र विजय नेपालीलाई मोटरसाइकलमा राखी मृतकको घरनजिक पुऱ्याउन र घाइते भएका मृतक विकाश श्रेष्ठको स्वास्थ्य अवस्थाको सम्बन्धमा नर्सिङ्ग होममा गई बुझी सोको जानकारी प्रतिवादीहरूलाई गराई भाग्न प्रोत्साहन एवम् सहयोग गरेको तथ्य पुष्टि हुन आएकाले कर्तव्य गरी विकाश श्रेष्ठलाई  मार्ने मतलबमा पसेको तथ्य पुष्टि हुन आयो । तसर्थ निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ नं. देहाय (३) बमोजिम दुई (२) वर्ष कैद सजाय हुने देखिन आयो ।

गणेशबहादुर बस्नेत समेत विरूद्ध चन्द्रबहादुर खत्री क्षेत्रीको जाहेरीले नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा[२८] प्रतिवादी प्रदीप बस्नेत पनि अरू पुनरावेदक प्रतिवादीहरूसँग साथ वारदात स्थलमा गएको अन्य प्रतिवादीहरूले मृतकलाई कुटपिट गर्दा निज वारदात स्थलमा उपस्थित रही केही नगरी हेरी बसेको स्थितिबाट वारदातको मतियार (Accessory on the fact) भई वारदातमा संलग्न रहेको देखिँदा निजले आपराधिक दायित्वबाट उन्मुक्ति पाउने अवस्था नरहने भनी केही नगरी हेरिरहने प्रतिवादीलाई ज्यान सम्बन्धीको १७(३) ले सजाय भएको छ ।

मतलवी र मुख्य अपराधी सम्बन्धमा नेपाल सरकार वि. संगिता भन्ने संझना क्षेत्री बोहरा भएको कर्तव्य ज्यान मुद्दामा[२९] व्याख्या भएको छ । उक्त मुद्दामा भनिएको छः

"प्रस्तुत मुद्दामा प्रतिवादी सम्झना क्षेत्री वारदातस्थलमा मौजुद भएको वा चन्द्रबहादुर बोहरालाई मार भनी निजले बचन दिएको देखिँदैन् । तर, प्रतिवादीले चन्द्रबहादुरलाई सफाया गरी दिनु भन्दा त्यसो गर्नु हुन्न भनी नरोकी अपराध हुन जाने काममा मतलबीको रुपमा यी प्रतिवादीले काम गरेको देखिन्छ । यसरी सम्झना क्षेत्रीले मृतक चन्द्रबहादुर बोहरासमेतलाई मार्न मतलबमासम्म पसेको मिसिल संलग्न प्रतिवादीहरुका मौकाको बयान समेतका कागज प्रमाणहरुबाट देखिँदा प्रतिवादी सम्झना क्षेत्रीलाई मतलबीसम्म ठहऱ्याई मुलुकी ऐन ज्यान

[२६] नेकाप २०७२ अंक ५ नि.नं. ९३९८

[२७] ने.का.प.२०७२ अंक ७ निनं ९४३७

[२८] ने.का.प. २०७२ अंक ७, नि.नं. ९४३२

[२९] नेका.प. २०७३ अंक ३ नि.नं ९५६२

सम्बन्धीको महलको १७ (३) नं. बमोजिम सजाय गरेको पुनरावेदन अदालतको फैसलामा कानुनी त्रुटिरहेको देखिएन" ।

नेपाल सरकार विरूद्ध रत्नमाया थपलिया समेत भएको कर्तव्य ज्यान मुद्दा[३०] मा प्रतिवादी रत्नमाया थपलियाले मृतक दुर्गा थपलियाको लासलाई दबाउने र अपराधबाट छोरा हरिप्रसादलाई बचाउने उद्देश्यले मृतक दुर्गा थपलिया आफैं झुन्डिई मरेकी भन्ने देखाउन लास झुन्डाउने कार्यमासम्म सहयोग गरेको देखिन्छ । मृतक दुर्गा थपलियाको मृत लासलाई झुन्डाउने कार्यमा सम्म यी प्रतिवादी रत्नमायाले प्रतिवादी हरिप्रसादलाई सहयोग गरेको देखिन आएकोले निजको उक्त कार्य ज्यानसम्बन्धीको महलको २२, २३ र २४ नं. मा उल्लिखित कसुर देखिन आई ऐ.को २५ नं. अनुसार निजलाई रू.२०। जरिवाना हुने भनी निर्णय भएको छ ।

**५. नेपालमा ज्यान सम्बन्धी अपराधको प्रवृत्ति**

नेपालको ज्यान सम्बन्धी मुद्दाको प्रवृत्ति हेर्दा अपराध सम्बन्धी आधारभूत सर्वेक्षण, २०७२ ले समाजमा सबैभन्दा बढी ज्यान सम्बन्धी अपराध हुने गरेको भन्ने उत्तरदाताको धारणा रहेको भनी उल्लेख गरेको छ । महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदनले पनि सबैभन्दा बढी कर्तव्य ज्यान मुद्दामा अभियोग दायर भएको देखिन्छ । विगत दश वर्षको मुद्दाको तथ्याक हेर्दा आर्थिक वर्ष २०६३/०६४ मा भन्दा  २०६४/०६५ मा २०० को संख्यामा बढी ज्यान सम्बन्धी अपराध बढेको देखिन्छ भने २०६४/०६५ मा भन्दा २०६५/०६६ ३०० को संख्यामा बढी ज्यान सबन्धी अपराध भएको देखिन्छ । त्यसपछि पछिल्लो वर्ष सामान्य वृद्धि भएको तथा त्यसपछि क्रमशः केही घटेको तथ्याङ्कबाट देखिन्छ । आर्थिक वर्ष ०७१/०७२ भने ३०० को संख्यामा ज्यान सम्बन्धी अपराध कम भएको देखिन्छ । सामान्य संख्यात्मक घटबढले समाजमा अपराधको संख्यात्मक वृद्धि वा कमी भन्ने निष्कर्ष आउँदैन । तर उल्लेखनीय घटी वा बढीले स्वाभाविक रुपमा आपराधिक घटनामा फरक आएको शान्ति सुरक्षाको अवस्थामा सुधार आएको वा विग्रेको संकेत गर्दछन् । अपराधशास्त्रीहरु आर्थिक अवस्थामा आएको ह्रास तथा सुधारले अपराधमा घटी बढी हुने कुरा बताउँछन् । खासगरी आर्थिक अपराधमा त्यसले असर पारेतापनि ज्यान सम्बन्धी अपराधमा आर्थिक अवस्थाले असर पार्ने देखिँदैन ।

**महान्यायाधिवक्ताको कार्यालयमा रहेका विगत दस वर्षको कर्तव्य ज्यान सम्बन्धी मुद्दाको स्थिति**

| आर्थिक वर्ष | लगत | कसुर कायम | सफाइ | जम्मा | बाँकी | कसूर ठहर प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०६३/०६४ | ६९८ | ६९ | ८१ | १५० | ५४८ | २१.४९ |
| २०६४/०६५ | ६८० | ५६ | १२६ | १८२ | ४९८ | २६.७६ |
| २०६५/०६६ | ७०० | ७९ | १०५ | ८४ | ५१६ | १२.०० |
| २०६६/०६७ | ५४७ | ७४ | ११० | १८४ | ३६३ | ३३.६४ |
| २०६७/०६८ | ५३२ | ४३ | ७५ | ३०३ | २२९ | ५६.९५ |
| २०६८/०६९ | ४१३ | २५ | ४३ | ६९ | ३४४ | १६.७१ |
| ०६९/०७० | ४६९ | १२ | ४१ | ५३ | ४१६ | ११.३० |

[३०] ने.का.प. २०७३ अंक २, नि.नं. ९५४६

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ०७०/०७१ | ६४७ | १२ | १६ | २८ | ६१९ | ४.३३ |
| ०७१/०७२ | ७९१ | ६५ | ९७ | १६२ | ६२९ | २०.४८ |
| ०७२/०७३ | ९९७ | १४९ | २० | १६९ | ८२८ | १६.९५ |

उल्लेखित तथ्याङ्कको आधारमा कर्तव्य ज्यान मुद्दाको लगत संख्या बढेको देखिन्छ । कसुर ठहरतर्फ हेर्दा सबैभन्दा आर्थिक वर्ष ०६६/०६७ मा ३३.६४ प्रतिशत र सबैभन्दा कम आर्थिक वर्ष ०७०/०७१ मा ४.३३ प्रतिशत भएको देखिन्छ । कसुर कायम भएको मुद्दा संख्या भन्दा सामन्तयाः सफाइ भएको मुद्दा संख्या बढी देखिन्छ ।

**उच्च सरकारी वकील कार्यालयहरुमा रहेका दस वर्षको कर्तव्य ज्यान सम्बन्धी मुद्दाको स्थिति**

उच्च सरकारी वकील कार्यालयहरुमा रहेका ज्यान मूद्दामा भएका कारबाहीको विवरण

| आर्थिक वर्ष | जम्मा लगत | फछ्र्यौट | | | | बांकी | फछ्र्यौट प्रतिशत | कसुर कायम प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | कसुर कायम | सफाइ | अन्य | जम्मा | | | |
| २०६३/०६४ | ५३५ | १२९ | २०४ | ० | ३३३ | २०२ | ६२.२ | ३८.७४ |
| २०६४/०६५ | ४७१ | ११५ | १०६ | ० | २२१ | २५० | ४६.९ | ५२.०४ |
| २०६५/०६६ | ५७९ | ११९ | १६७ | ० | २८६ | २९३ | ४९.४ | ४१.६१ |
| २०६६/०६७ | ७३१ | १७१ | २३७ | १ | ४०९ | ३२२ | ५६ | ४१.८१ |
| २०६७/०६८ | ८४३ | २६४ | २८० | २ | ५४६ | २९७ | ६४.८ | ४८.३५ |
| २०६८/०६९ | ८८८ | २७५ | २६० | ३ | ५३८ | ३५० | ६०.६ | ५१.१२ |
| २०६९/०७० | ९३७ | २१२ | २६५ | १ | ४७८ | ४५९ | ५१ | ४४.३५ |
| २०७०/०७१ | ९३६ | २१८ | ३०१ | २ | ५२१ | ४१५ | ५५.७ | ४१.८४ |
| २०७१/०७२ | १०७० | ३१५ | ३५९ | ० | ६७४ | ३९६ | ६३ | ४६.७४ |
| २०७२/०७३ | ८६६ | १८५ | २४३ | १ | ४२९ | ४३७ | ४९.५ | ४३.१२ |
| जम्मा | ७८५६ | २००३ | २४२२ | १० | ४४३५ | ३४२१ | ५६.५ | ४५.१६ |
| औसत | ७८६ | २०० | २४२ | १ | ४४४ | ३४२ | ५६.५ | ४५.१६ |

***(स्रोत : महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन (विभिन्न आर्थिक वर्षका), महान्यायाधिवक्ताको कार्यालय)***

उच्च सरकारी वकील कार्यालयबाट आर्थिक वर्ष २०६३/६४ देखि २०७२/०७३ को ज्यान सम्बन्धी मुद्दाको तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०६३/६४ मा भन्दा आर्थिक वर्ष २०६४/६५ मा केही घटेको देखिन्छ । त्यस पछि आर्थिक वर्ष २०६५/६६ देखि २०६९/०७० सम्मा निरन्तर बढेको देखिन्छ । आर्थिक वर्ष २०६९/०७० मा जम्मा ज्यान मुद्दाहरुको संख्या ९३७ रहेकोमा आर्थिक वर्ष २०७०/०७१ मा ९३६ रही नगण्य घटेको देखिन्छ । २०७१ /०७२ मा भने उल्लेखनीय वृद्धि भएको पाइन्छ । तर आर्थिक वर्ष २०७२/०७३ मा भने फेरी २००को संख्यामा कमी आएको देखिन्छ । यो संख्याको घटी बढी जिल्ला अदालतबाट धेरै संख्यामा फैसला भएका कारण वा पुनरावेदन वा उच्च अदालतबाट कम मुद्दा फछ्यौट भएको कारणले त्यसो भएको हुन सक्दछ ।

## जिल्ला सरकारी वकील कार्यालयहरुमा रहेका विगत दस वर्षको कर्तव्य ज्यान सम्बन्धी मुद्दाको स्थिति


जिल्ला सरकारी वकील कार्यालयहरुबाट ज्यान मूद्दामा भएका कारबाहीको विवरण

| आर्थिक वर्ष | जम्मा लगत | | फछ्र्यौट | | | | | | | | बांकी | | कसुर कायम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कसुर कायम | | सफाइ | | अन्य | | जम्मा | | | | |
| | मूद्दा | प्रतिवादी | मूद्दा | प्रतिवाद | मूद्दा | प्रतिवादी | मूद्दा | प्रतिवादी | मूद्दा | प्रतिवादी | मूद्दा | प्रतिवादी | |
| २०६३/०६४ | १०९२ | ४१८४ | ३४४ | ८०५ | १७० | ५८८ | २१४ | १६०७ | ५१४ | १६०७ | ५७८ | २५७७ | ६६.९३ |
| २०६४/०६५ | १२१४ | ४९३३ | २९७ | ६९१ | १२९ | ५३२ | ९१ | ० | ४२६ | १३१४ | ७८८ | ३६१९ | ६९.७२ |
| २०६५/०६६ | १५४९ | ६१०५ | ४५७ | ९३८ | २०२ | ७४२ | २ | ३१४ | ६६१ | १९९४ | ८८८ | ४१११ | ६९.१४ |
| २०६६/०६७ | १५७५ | ६११९ | ४८० | ११६० | २९७ | ११०३ | २५ | ४३३ | ८०२ | २६९६ | ७७३ | ३४२३ | ५९.८५ |
| २०६७/०६८ | १५०२ | ५४८४ | ४६५ | ९७२ | २६२ | १००८ | २४ | २३६ | ७५१ | २२१६ | ७५१ | ३२६८ | ६१.९२ |
| २०६८/०६९ | १५६८ | ५६५६ | ५०९ | १३३७ | २९२ | ११२६ | ३३ | २७८ | ८३४ | २७४१ | ७३४ | २९१५ | ६१.०३ |
| २०६९/०७० | १४०६ | ४५३२ | ३८० | ९१४ | २४८ | ८६७ | १५ | ११४ | ६४३ | १८९५ | ७६३ | २६३७ | ५९.१० |
| २०७०/०७१ | १४४२ | ४६१९ | ५०३ | ११२४ | ३०१ | ९८८ | १३ | ९४ | ८१७ | २२०६ | ६२५ | २४१३ | ६१.५७ |
| २०७१/०७२ | १३६१ | ३९४६ | ४७२ | ११५३ | ३३७ | ९५९ | १७ | १०६ | ८२६ | २२१८ | ५३५ | १७२८ | ५७.१४ |
| २०७२/०७३ | १२४५ | ३३८० | ४६५ | ९७१ | २३७ | ६६४ | १६ | २९ | ७१८ | १६६४ | ५२७ | १७१६ | ६४.७६ |
| जम्मा | १३९५४ | ४८९५८ | ४३७२ | १००६५ | २४७५ | ८५७७ | ४५० | ३२११ | ६९९२ | २०५५१ | ६९६२ | २८४०७ | ३०३.६० |
| औसत | १३९५ | ४८९६ | ४३७ | १००७ | २४८ | ८५८ | ४५ | ३२१ | ६९९ | २०५५ | ६९६ | २८४१ | ६१ |

*(स्रोत : महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन (विभिन्न आर्थिक वर्षका), महान्यायाधिवक्ताको कार्यालय*

विगत १० बर्षमा जिल्ला सरकारी वकील कार्यालयहरुबाट दर्ता भएका कर्तव्य ज्यान मुद्दाको अवस्थालाई हेर्दा आर्थिक वर्ष २०६३/६४ मा भन्दा आर्थिक वर्ष २०६४/०६५ तथा आर्थिक वर्ष २०६४/६५मा भन्दा आर्थिक वर्ष २०६५/०६६ मा र आर्थिक वर्ष २०६६/०६७ मा क्रमशः बढेको  र त्यसपछि केही कम भएको देखिन्छ। यसबाट कर्तव्य ज्यान मुद्दाको लगतको अवस्था केही घटबढ भएको देखिन्छ। ज्यान सम्बन्धी अपराधमा संलग्न प्रतिवादीहरुको संख्या हेर्दा प्रति अपराध औसत तीन वा बढी व्यक्तिहरु संलग्न भएको तथ्याङ्कबाट देखिन्छ।

### जिल्ला सरकारी वकील कार्यालयहरुबाट दायर कर्तव्य ज्यान सम्बन्धी मुद्दा र प्रतिवादीको स्थिति



स्मरणीय कुरा यो छ कि सरकारी अभिलेखमा देखिएका अपराधका आँकडाले अपराधको यथार्थ अवस्थाको प्रतिनिधित्व गर्दैनन् । समाजमा घटेका अपराधहरु सबै राज्यका निकायहरुको जानकारीमा आउँदैन । कतिमा जाहेरी परेपनि अनुसन्धान अगाडि बढदैन भने कतिमा अनुसन्धान भएतापनि प्रमाणको अभावको कारण मुद्दा चल्दैनन् । समाज सचेत भएमा, सामाजिक संस्थाहरु सक्रिय भएमा, राज्यका निकायप्रति जनताको विश्वाश भएमा सूचना दिने प्रवृत्ति बढी हुन्छ भने यी कुराहरुको अभावमा सूचना पर्दैनन् । तसर्थ प्रहरीको जानकारीमा आएका मुद्दाहरुले समाजमा घटेका अपराधको वास्तविक प्रतिनिधित्व गर्दैनन् । यसो हुँदाहुँदै पनि राज्यका निकायमा रहेका मुद्दाहरुको आधारमा अपराधको अध्ययन गर्ने सबैभन्दा सहज र भरपर्दो माध्यम मानिन्छ । किनकि समाजमा घटेका अपराधको बास्तविक तथ्याङ्क लिन सहज छैन ।

**६. अध्ययनको नतिजा**

सबै कानुनी व्यवस्थामा जस्तै नेपालको कानुनले पनि ज्यान सम्बन्धी अपराधलाई सबैभन्दा गम्भीर अपराधको रुपमा स्वीकार गरेको छ । सजायको दृष्टिले हेर्दा पनि ज्यान सम्बन्धी अपराधमा सर्वस्वसहित जन्म कैद हुने व्यवस्था छ । जुन सजायको दृष्टिले सबैभन्दा गम्भीर पनि हो । हाम्रो ज्यान अपराध सम्बन्धी कानुनको सबैभन्दा कमजोर पक्ष भनेको लापरबाही सम्बन्धी प्रष्ट व्यवस्था नहुनु हो । लापरबाही भनेको मनसायको एक स्तर हो र यो पूर्ण मनसाय भन्दा कम गम्भीर र हेलचेक्र्याइँ भन्दा गुणत्मक रुपमा गम्भीर अपराध हो । यो सोची विचारीकन गरिने मनसाययुक्त हत्या भन्दा कम सजाय हुने अपराध भएपनि आफूले गरेको कामको संभावित परिणामका सम्बन्धमा कर्तालाई जानकारी हुने वा जानकारी पाउन सक्ने अवस्था रहने हुँदा कमन लमा हेलचेक्र्याइँपूर्ण कार्य भन्दा धेरै नै गम्भीर प्रकृतिका अपराध हो तर हाम्रो कानुनले लापरबाहीलाई भवितव्य र हेलचेक्र्याईसँगै गोलमटोल रुपमा राखेको छ । सर्वोच्च अदालतले पनि सवारी ज्यान मुद्दामा लापरबाहीका व्याख्या गरेको भएतापनि ज्यान सम्बन्धी मुद्दाका सन्दर्भमा लापरबाहीलाई आपराधिक मनसायको एक स्तरको रुपमा व्याख्या गरेको पाइँदैन । मुलुकी अपराध संहिताको दफा १८३(२) मा लापरबाहीलाई कमन लमा जस्तै लापरबाहीपूर्ण हत्याका लागि तीन देखि दश वर्षसम्म कैदको सजाय तोकेको पाइन्छ । प्रस्तुत संहिता संसदबाट पारित भएको छ । यसको कार्यान्वयन पछि यस सम्बन्धी अन्यौलता हट्दछ । ज्यान सम्बन्धी अपराधका सहभागीहरुको सम्बन्धमा ज्यान सम्बन्धीको महलमा भएको व्यवस्था कमन ल सिद्धान्तमा प्रचलित मान्यता अनुरुप भएको पाइन्छ । एक भन्दा बढी प्रतिवादी भएको मुद्दामा अर्को प्रतिवादीले प्रहार गरेको चोटको कारण मानिसको मृत्यु भएकोमा मृतकको जीउ ज्यानमा हात हल्ने प्रतिवादीको हकमा ज्यान सम्बन्धीको १३ नं आकर्षित हुने नहुने सम्बन्धमा पहिला केही अन्यौल भएपनि पछिल्लो समयमा अदालतको दृष्टिकोण प्रष्ट हुँदै आएको देखिन्छ । कमल कामी समेत वि. नेपाल सरकार[३१] लालहिरा कामी वि. नेपाल सरकार[३२] लगायत मुद्दाहरुमा भएका व्याख्याबाट जीउ ज्यानमा हात हाल्ने प्रतिवादी १३ नं अन्तर्गतकै कसुरको लागि उत्तरदायी हुन्छ भन्ने देखिन्छ ।

[३१] ने.का.प. २०७० अंक ६, नि.नं. ९०२६

[३२] ने.का.प. २०७१ अंक ९, नि.नं. ९२४९

## ७. निष्कर्ष

माथिको अध्ययनबाट प्रष्ट हुन्छ कि हाल विद्यमान कर्तब्य ज्यान सम्बन्धी कानुनी व्यवस्था आधुनिक फौजदारी कानुनको अवधारणा अनुकूल छैन । विशेषगरी मनसायको एक स्तरको रुपमा मानिने लापरवाही (recllessness) को अवधारणालाई ज्यान सम्बन्धीको महलले समेट्न सकेको छैन । आपराधिक दायित्वको हिसावले लापरबाही र हेलचेक्र्याइँमा ठूलो अन्तर भएकोमा ज्यान सम्बन्धीको ६ (२) नं मा गोलमटोल रुपमा होस नपुऱ्याई वा हेलचेक्र्याइँ गरी काम गर्दा भवितव्य परेकोमा भन्ने जस्ता लापरबाही, हेलचेक्र्याइँ तथा भवितव्यलाई एउटै नम्बरमा राखी गोलमटोल व्यवस्था गरिएको छ । यसले गर्दा लापरबाही सम्बन्धमा अदालतको स्पष्ट दृष्टिकोण आउन सकेको छैन । त्यस्तै ज्यान सम्बन्धीको १६ नं. मा भएको षड्यन्त्र सम्बन्धी व्यवस्था पनि संगतिपूर्ण देखिंदैन । षड्यन्त्र भनेको अपूर्ण अपराध हो । आपराधिक कार्य गर्ने षड्यन्त्र गरेको तर पूरा हुन नपाएको अवस्थामा षड्यन्त्रको प्रसंग आउँछ । जब अपराध पूर्ण हुन्छ तव षड्यन्त्रमा संलग्न व्यक्तिहरु कि त मुख्य अपराधी कि मतियार वा सहयोगी (accomplice or accessory) हुन्छन् । तसर्थ षड्यन्त्र गरेकोमा ज्यान मरेको र मर्न नपाएको भन्ने दुई प्रकारको व्यवस्था गर्नु उपयुक्त छैन । त्यस्तै कर्तव्य ज्यानको अपराधमा वारदारस्थलमा गई मर्नेको जीउमा हात हाल्ने व्यक्तिलाई उत्तरदायी वनाउने कुरामा पनि अदालतको दृष्टिकोण स्पष्ट छैन । कतिपय मुद्दामा १७ नं. तथा कतिपयमा १३(४) नं. बमोजिम सजाय गरेको पाइन्छ । वारदात स्थलमा पुगी मर्नेको जीउ ज्यानमा हात हाल्ने व्यक्ति १७ नं. अन्तर्गतका कसुरदार नभई ज्यान सम्बन्धीको १३(४) आकर्षित हुने अपराधी हो । पछिल्लो समयमा भएका सर्वोच्च अदालतको फैसलामा यस सम्बन्धमा स्पष्ट अबधारणा आएको पाइन्छ । अन्य व्यवस्था ज्यान सम्बन्धी अपराधको अवधारणासँग तादम्य नै देखिन्छ । हाल मुलुकी अपराध संहिताको विधेयक पारित भइसकेको अवस्थामा ज्यान सम्बन्धी महलमा रहेका उपर्युक्त असंगत व्यवस्था संसोधन गरी संहिताले आत्मसात गरेका व्यवस्था अपनाउन कार्यान्वयनमा ल्याउन सकेमा संहिताले समेटेका अवधारणालाई कार्यान्वयन गर्न सहज पनि हुने र ज्यान अपराध सम्बन्धी कानुनी व्यवस्थाले पनि पूर्णता पाउन सक्ने देखिन्छ ।

❋ ❋ ❋

# अपहरण तथा शरीर बन्धक सम्बन्धी अपराधको प्रवृत्तिः एक विश्लेषणात्मक अध्ययन

✍विश्वराज कोइराला
सहन्यायाधिवक्ता

## १. पृष्ठभूमि

अपहरण भन्नाले कुनै व्यक्तिलाई निजको इच्छा र सहमति बेगर डर, धाक र धम्की दिई वा बल प्रयोग गरी कुनै एक स्थानबाट अर्को स्थानमा लैजाने कार्य हो भन्ने बुझिन्छ । यस्तो कार्य सामान्यतया फिरौती लिने वा अपहरित वा निजका आफन्त वा नाता सम्बन्धका व्यक्तिबाट कुनै काम गराउने उद्देश्यले गरिएको पाइन्छ । यस्तो अवस्थमा अपहरणकारीको माग पूरा नभएमा बन्धक बनाइएका व्यक्तिको ज्यान लिने सम्मको धम्की दिने र कतिपय अवस्थामा ज्यान लिइएको पनि देखिन्छ (विवेक लुइटेल, रामहरी श्रेष्ठ) ।

पहिले देखि नै देश, देशका बीचमा युद्ध भएको अवस्थामा शत्रु राष्ट्रका सैनिकहरु वा युद्धमा संलग्न व्यक्तिहरुलाई कब्जा गरी बन्दी बनाउन पाइने र उक्त कार्य अपहरण वा शरीर बन्धकको अपराध भित्र नपर्ने व्यवस्थालाई मान्यता दिइएको पाइन्छ । युद्धबन्दी बनाउने कार्यलाई संझौता मार्फत पनि स्वीकारिएको छ । त्यस्ता युद्धबन्दीहरुलाई सम्मानजनक व्यवाहार गरिने र युद्धको समाप्ति पछि वा कुनै संझौता पछि रिहा गरीने प्रचलनलाई Hague Conventions ले पनि स्वीकार गरेको पाइन्छ । त्यसकारण सो समयमा अपहरण गर्ने र बन्धक बनाउने कार्यलाई गम्भीर अपराधको रुपमा लिइएको पाइदैन । त्यस समयमा अपहरण गर्ने र बन्धक बनाउने कार्य नाबालकहरु उपर मात्र हुने अपराधको रुपमा लिने गरिएको पाइन्छ । वयश्करुलाई अपहरण गर्ने र बन्धक बनाउने कार्य हुन सक्दैन भन्ने सोच रहेको र उनीहरुलाई एक देशबाट अर्को देशमा दासबनाउने उद्देश्यले मात्र बन्धक बनाई लैजाने गरिन्छ भन्ने मान्यता रहेको देखिन्छ । त्यसकारण तत्कालीन समयमा कोही कसैलाई अपहरण गरी वा डर, धाक दिई वा बल प्रयोग गरी एक देशबाट अर्को देशमा पुऱ्याएको अवस्थामा मात्र अपहरण गरेको मानिने अवस्थालाई Common law ले हटाई कसैलाई एक स्थानबाट अर्को स्थानमा इच्छा विरुद्ध बल वा डर, धाक धम्कीको प्रगोग गरी लाने कार्यलाई अपहरणको कसुर मानिने व्यवस्था गरेको पाइन्छ[१] । समयको गतिसँगै English law ले वयश्क उपर पनि अपहरण र शरीर बन्धक बनाउने अपराध हुन सक्ने भनी दायरा अझ फराकिलो बनाएको देखिन्छ । तत्कालीन समयमा समस्याको रुपमा नदेखिएको र फौजदारी कानुनको दृष्टिकोणबाट वा समग्रमा भन्दा फौजदारी विधिशास्त्रको नजरमा अपहरण गरी बन्धक बनाउने कार्यलाई अपराधको रुपमा लिई कारबाही र सजाय गर्नुपर्छ भन्ने धारणाको विकास भइसकेको थिएन । तापनि अमेरिकामा सन् १९३२ मा अपहरण सम्बन्धी कानुन कार्यान्वयनमा ल्याइएको

[१] www. Wikipedia, encyclopedia free legal dictionary , visited -28th may 2017.

देखिन्छ[२] । सन् १९५० पछि आतकंकारी क्रियाकलापमा वृद्धि भएसँगै आफ्ना निहित उद्देश्य पूरा गराउन भन्दै सरकारका जिम्मेवारी अधिकारी देखि सर्वसाधारण समेतलाई अपहरण गर्ने र अपहरितहरुको मुक्तिको लागि राज्य वा सरकारसँग सौदाबाजी गर्ने क्रियाकलपमा उल्लेख्य वृद्धि भएको देखिन्छ । जसबाट राजनीतिमा आतकंवादी कार्यले प्रमुखता पाएको र आतकंकारीहरुले यसैको माध्यमबाट अर्थोपार्जन समेत गर्ने र माग पूरा नभएको अवस्थामा व्यक्ति हत्या जस्तो गम्भीर अपराध समेत गर्न थालेपछि विश्वको ध्यान यस विषयमा गम्भीर रुपमा आकृष्ट हुन थालेको पाइन्छ[३] । आजकल आतकंकारीहरुले आतकंकारी क्रियाकलापको लागि मात्र नभई आपराधिक समूह र व्यक्तिहरुले पनि मानिसहरुलाई आफ्ना निहित स्वार्थ पूरा गर्न अपहरण गर्ने, बन्धक बनाउने र फिरौती लिने जस्ता आपराधिक कार्य गरिरहेको कुरा दैनिक रुपमा समाचरहरुमा आइरहेको देखिन्छ । यस्तो गम्भीर अपराधलाई नियन्त्रण गर्न विश्वका सबैजसो मुलुकमा अपहरण गरी शरीर बन्धक बनाउने कार्यलाई फौजदारी अपराधको रुपमा लिई सजायको व्यवस्था गरिएको पाइन्छ । अन्तर्राष्ट्रियस्तरमा आतकंकारी क्रियाकलापको वृद्धिसँगै अपहरण र शरीर बन्धक बनाउने अपराधमा फैलिएको अन्तर्राष्ट्रिय संजाल र अपराधीहरुको बढ्दो प्रविधिको प्रयोगले गर्दा राष्ट्रिय कानुन र प्रयास मात्रले अपहरण र शरीर बन्धक बनाउने अपराधलाई नियन्त्रण गर्न कठिन देखिएको हुँदा यस अपराधमा राज्यले बाह्य क्षेत्राधिकारलाई पनि स्वीकार गरेका छन् । यो अपराधमा हुने अन्तर्राष्ट्रिय संजाल र अपराधीहरुको बढ्दो प्रविधिको प्रयोगलाई अन्त्य गर्दै संख्यात्मक रुपमै आपराधिक घटनामा कमी ल्याउन संयुक्त राष्ट्रसंघले पटकपटकको प्रयास पछि सन् २०१४ मा पुनः आतंककारी क्रियाकलाप र अपहरण र शरीर बन्धक सम्बन्धी अपराध नियन्त्रण[४] प्रयास स्वरुप प्रस्ताव नं. २१३३ पारित गरेबाट पनि यो अपराधले पारेको प्रभावलाई अनुमान गर्न सकिन्छ । त्यसैगरी Europeमा पनि Organization for Security and Co-operation in Europe Ministerial Council ले आतंककारी क्रियाकलाप र अपहरण र शरीर बन्धक सम्बन्धी अपराध नियन्त्रण प्रयासका लागि प्रस्ताव पारित गरेको छ[५] ।

## २. अपहरण सम्बन्धी अपराध, अवधारणा र अभ्यास

अपहरण गर्ने र शरीर बन्धक बनाउने अपराधका पछाडि धेरै उद्देश्यहरु रहेको हुन सक्दछ । कतिपय मुलुकले अभियुक्तको अपहरण गर्नेको वा बन्धक बनाउनुको उद्देश्य हेरी सोही अनुसार सजाय निर्धारण गरेको पाइन्छ । त्यसैगरी पीडितको उमेर र अभियुक्तहरुको उमेर पनि सजाय निर्धारणको अर्को आधार हुन सक्दछ । भारतमा Indian Penal Code को दफा ३५९ अनुसार अपहरण गर्ने कार्यलाई भारतबाट अपहरण गरी अन्यत्र लाने र संरक्षकको संरक्षकत्वबाट छुटाउने गरी दुई प्रकारमा विभाजन गरिएको पाइन्छ[६] । त्यहाँ सामान्य किसिमको अपहरणको अपराधमा बढीमा सात वर्षसम्म कैद सजायको व्यवस्था रहेको छ भने फिरौती लिने उद्देश्यले

[२] ibid

[३] Ibid

[४] UN security council resolution No.2133(2014)

[५] European ministerial council resolution (5 Dec 2014)

[६] Indian Penal code section, 359

अपहरण गरिएको रहेछ भने मृत्युदण्ड वा जन्मकैदको सजाय हुनसक्ने कानुनी व्यवस्था रहेको पाइन्छ[७] । त्यस्तैगरी भारतीय दण्डसंहितामा अपहरण अपराधका विविध प्रकार उल्लेख गरेको पाइन्छ । नाबालकलाई माग्न लगाउने उद्देश्यले अपहरण गर्ने,[८] ज्यान मार्ने उद्देश्यले अपहरण गर्ने,[९] महिलालाई जबरजस्ती विवाह गर्ने उद्देश्यले अपहरण गर्ने[१०], कसैलाई दास बनाउने उद्देश्यले अपहरण गर्ने[११] आदि ।

बेलायतमा पहिले नाबालकलाई संरक्षकको मञ्जुरी बेगर लगेको अवस्थामा र बालिगलाई देश बाहिर लगेको अवस्थामा मात्र अपहरणको अपराध गरेको मानिनेमा हाल नाबालक र मानसिक अवस्था ठिक नभएको व्यक्तिको हकमा संरक्षकको मञ्जुरी नभएको अवस्थामा र बालिगहरुको हकमा निजको मञ्जुरी वा सहमति नभई बल प्रयोग गरी वा धाकधम्की दिई वा झुक्याई वा बेहोस बनाइएको अवस्थामा अपहरणको अपराध भएको मानिन्छ । अमेरिकामा सन् १९३२ मा अपहरण र शरीर बन्धक बनाउने सम्बन्धी विषयलाई अपराध घोषणा गरी सजायको व्यवस्था गरिएकोमा दुई वर्ष पछि नै सन् १९३४ मा अपहरण र शरीर बन्धक सम्बन्धी अपराधमा अझ व्यापक व्यवस्था राखी ऐनमा संशोधन गरिएको पाइन्छ । सो कानुन अनुसार कसैले कुनै वयश्क व्यक्तिलाई ललाई फकाई गरी वा कुनै प्रलोभनमा पारी एक ठाउँबाट अर्को ठाउँमा लाने कार्य अपहरणको अपराध भित्र नपर्ने र अपहरण गरेको प्रमाणित हुन सम्बन्धित व्यक्तिको कुनै पनि किसिमको सहमति हुनु हुँदैन भन्ने कुरालाई कानुनले निश्चित गरेको छ[१२] । त्यति हुँदाहुँदै पनि त्यसरी सहमति दिने व्यक्ति पूर्ण रुपमा स्वस्थ्य र सहमति दिन सक्षम हुनुपर्ने र निजलाई कुनै पनि प्रकारको कैद वा बन्धनमा पारिएको हुनु हुँदैन भन्ने निश्चित हुनुपर्ने हुन्छ । उदाहरणको रुपमा कुनै श्रमिकलाई अन्यत्र कतै काम गर्न गएमा राम्रो र धैरै सुविधा पाइन्छ भनी फकाए लिई गएकोमा निजलाई अपहरण गरेको मानिदैन । कतिपय अवस्थामा अभिभावकहरु छुट्टिई अलगअलग बसेका छन् भने र बच्चालाई हानि नपुग्ने गरी निजको मञ्जुरीले आफ्नो साथमा लगेमा पनि अपहरण गरेको नमानिने कानुनी व्यवस्था रहेबाट कुनै कार्य अपराध हो वा होइन भनी गोश्वारा रुपमा नहेरी तथ्य र घटनाक्रमलाई मुख्यरुपमा विश्लेषण गरी हेर्नुपर्ने देखिन्छ ।

## ३. नेपालमा अपहरण सम्बन्धी अपराध र कानुनी व्यवस्था

नेपालमा २०६४ साल अगाडि अपहरण गर्ने र शरीर बन्धक बनाउने कार्यलाई फौजदारी अपराधको रुपमा लिइएको पाइदैन । कानुनको अभावमा कपिपय गम्भीर अपराधमा मुद्दा चलाउन नसकिएको र पीडितले उपचार नपाई अझ बढी पीडित हुनु परेको तितो यथार्थ हामीसँग छ । जसबाट अपराधीको मनोबल अझ बढ्न गई अपराधको संख्यामा वृद्धि हुन गएको थियो । यस्तो अवस्थामा घुमाउरो बाटो प्रयोग गरी अन्य कानुनको अपराध भएको भनी मुद्दा

[७] Indian Penal code section ,364(A)

[८] Indian Penal code section ,363(A)

[९] Indian Penal code section, 364

[१०] Indian Penal code section, 36

[११] Indian Penal code section, 367

[१२] www. Wikipedia, enclycopedia free legal dictionary , visited -28th ,may 2017

दायर गर्ने गरिएकोमा त्यसलाई अदालतबाट स्वीकार नगरिएको अवस्था समेत विद्यमान थियो । २०६४ मंसिर १४ मा मुलुकी ऐनमा गरिएको १२ औं संशोधनद्वारा ८क. महल थप गरी "अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महल" ले अपहरण तथा शरीर बन्धक बनाउने कार्यलाई आपराधिक कार्यको रुपमा परिभाषित गरी सजायको व्यवस्था गरिएको छ ।

अपहरण गर्ने तथा शरीर बन्धक बनाउनेको महलमा भएको कानुनी व्यवस्था हेर्दा उक्त महलको १ नं. मा कसैले कुनै व्यक्तिलाई बल प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई, डर, त्रास देखाई, जोरजुलुम गरी, हातहतियार देखाई, छलकपट गरी, झुक्यानमा पारी वा नशालु वा मादक पदार्थ सेवन गराई वा कुनै यातायतको साधन कुनै किसिमले कव्जा वा नियन्त्रणमा लिई कुनै ठाउँमा जान बाध्य गराउन वा कुनै व्यक्तिलाई निजको मञ्जुरी विना वा नाबालक र मानसिक रुपमा अस्वस्थ व्यक्तिलाई  निजको हितको निमित्त निजको बाबु आमा वा संरक्षकको मन्जुरी बाहेक कुनै ठाउमा लैजान हुदैन । सो गरे अपहरण गरेको मानिनेछ भन्ने व्यवस्था रहेको छ[१३] । यो व्यवस्था व्यापक र फराकिलो रुपमा आएको छ । यो कानुनी व्यवस्थाले नाबालक र मानसिक रुपमा अस्वस्थ व्यक्तिको हकमा बाबु आमा वा संरक्षकको मन्जुरीलाई अनिवार्य शर्तको रुपमा राखी उनीहरुलाई कानुनको संरक्षणको सुनिश्चिता दिन खोजेको छ । साथै अन्य व्यक्तिको हकमा  बल प्रयोग, डर धम्की र जोरजुलुमको अवस्था वा हातहतियार प्रयोग वा छलकपट वा झुक्यानमा पार्ने र नशालु वा मादक पदार्थ सेवन गराई निजलाई  स्वतन्त्र र स्वविवेकीय रुपमा निर्णय लिन नसक्ने बनाई निजको इच्छा विपरितको ठाउँमा लाने कार्यलाई  अपहरणको कसुर मानिने गरी व्यवस्था गरेबाट यो व्यवस्थाले कुनै पनि व्यक्तिको स्वेच्छा र वैयक्तिक स्वतन्त्रताको रक्षा गरेको छ भन्न सकिन्छ । साथै यो व्यवस्था अन्य मुलुकको कानुनी व्यवस्था जस्तै रहेको देखिन्छ भने कतिपय विषयमा अझ विस्तृत पनि रहेको छ ।

तर कतिपय समयमा यो व्यवस्थाको दुरुपयोग भएको केश फाइलको अध्ययनको क्रममा देखिइको छ । जस्तै कसैले पूर्ण स्वस्थ र वयश्क व्यक्तिलाई कुनै प्रकारको काम, पैसाको वा त्यस्तै अन्य कुनै प्रलोभन दिएको रहेछ र सोही कुराको लोभमा परी स्वेच्छाले भनिएको ठाउँमा गएकोमा अन्य कुनै कारणबाट पहिले भनिए अनुसारको शर्त पूरा गर्न नसकेकोमा अपहरण गरेको भनी जाहेरी परीकारबाही भएको अवस्था पनि देखिएको छ । यस्तोमा अन्य कानुनी व्यवस्था अनुसारको कारबाही हुनुपर्नेमा अपहरणको अपराधमा कारबाही गरिनु यस ऐनको मकसद होइन भन्ने देखिन्छ । यो प्रसंगमा अमेरिकी कानुनको व्यवस्था स्पष्ट र हाम्रो भन्दा फरक रहेको छ ।नेपालमा वारदात वा घटना भएको लामो समय पछि मात्र उजुर गर्ने,घटनाका विषयलाई हेर्ने सामाजिक परिवेश तथा परम्परागत अनुसन्धान पद्धतिले गर्दा पनि सो विषयलाई प्रभाव पारेको छ भन्न सकिन्छ ।

त्यसैगरी सो महलको २ नं. ले शरीर बन्धक लिने कसुरको बारेमा व्यवस्था गरेको छ । जस अनुसार मानसिक रुपमा अस्वस्थ व्यक्तिलाई निजको बाबु आमा वा संरक्षकको मन्जुरी लिई असल नियतले निजको हितको निमित्त थुनिएकोमा बाहेक कसैले कुनै व्यक्तिलाई बल प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई डरत्रास देखाई, जोरजुलुम गरी हातहतियार देखाई, छलकपट गरी, झुक्यानमा पारी वा नशालु वा मादक पदार्थ सेवन गराई वा कुनै यातायतको साधन वा

---

[१३] मुलुकी ऐन अपहरण गर्ने तथा शरीर वन्धक लिनेको महलको १ नं.

ठाउँकुनै किसिमले कब्जामा लिई वा त्यसउपर अनाधिकृत तवरले नियन्त्रणमा लिई थुन्न हुँदैन । सो गरे शरीर बन्धक लिएको मानिनेछ भन्ने व्यवस्था रहेको छ[१४] । यो व्यवस्थाले शरीर बन्धकको आपराधिक कार्यलाई स्पष्ट पारेको छ । शरीर बन्धकको अपराध हुन पीडितलाई इच्छा र कानुन विपरित थुनिएको हुनु अनिवार्य हुन्छ । अपहरणको अपराधमा जस्तै शरीर बन्धकको अपराधमा पनि नाबालक, होस ठेगानमा नभएको व्यक्तिको संरक्षण गरेको पाइन्छ । तर अपहरण र शरीर बन्धक दुवै अपराधमा सुस्त मनस्थितिका मानिसहरुको हकमा मानसिक रुपमा अस्वस्थ व्यक्तिको रुपमा चित्रित गर्नुपर्ने अवस्था रहेको छ । जुन त्यति उपयुक्त देखिदैन । निजहरुको हकमा फरक ढंगको कानुनी व्यवस्था हुनु उपयुक्त देखिन्छ ।

ऐनको ३ नं. ले कसुरदालाई सजाय गर्ने सन्दर्भमा अपहरणको उद्देश्यलाई प्रमुख अधार बनाएको पाइन्छ[१५] । तापनि जुनसुकै उद्देश्यले अपहरण गर्ने र शरीर बन्धक लिने कसुर गरेको भएपनि सात वर्ष देखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँ देखि दुई लाख रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था रहेको छ । ती उल्लेखित बाहेक अन्य उद्देश्यले अपहरण गरेको वा उद्देश्य नखुलेकोमा भने चार वर्ष देखि आठ वर्षसम्म मात्र कैद र पच्चीस हजार रुपैयाँदेखि एकलाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको छ । उक्त महलको ४ नं. मा कसुर गर्न दुरुत्साहन र आदेश दिने वा सहमति दिने व्यक्तिलाई कसुरदार सरह सजाय हुने व्यवस्था रहेबाट यो अपराधलाई गम्भीर किसिमको अपराध मानिएकोमा विवाद छैन ।

यो महलको विशेष व्यवस्थाको रुपमा संगठित रुपमा यो अपराध गर्नेलाई थप सजायको व्यवस्था गरिनु पनि हो । ऐन महलको ७ नं. ले संगठित रुपमा दुई वा दुई भन्दा बढी व्यक्तिको संलग्नतामा सो अपराध गरे सो महलले हुने सजायमा दुई वर्ष थप सजायको व्यवस्था गरेको छ[१६] । कसैले कुनै व्यक्तिलाई अपहरण गरी वा शरीर बन्धक लिई अन्य कानुनले सजाय हुने कसुर गरेकोमा सोही कानुन बमोजिम र यस महल बमोजिम समेत गरी दुवै अपराधमा सजाय हुने व्यवस्था गरेको छ[१७] । महिला वा नाबालकका विरुद्ध यस महलको १, २, ३ नं. को कसुर गर्नेलाई यस महलले हुने सजायमा दुई वर्ष थप कैद सजायको व्यवस्था गरेको छ[१८] । यी कानुनी व्यवस्थाले यो अपराधमा संलग्न हुने अपराधीहरुलाई कुनै पनि रुपमा उन्मुक्ति दिन नमिल्ने कुरालाई आत्मसाथ गरेको छ भन्न सकिन्छ ।

त्यस्तै उक्त महलको १२ नं. ले पीडित बनाइएका व्यक्तिलाई क्षतिपूर्ति वापत दिनको रु.५००। का दरले अभियुक्तबाट क्षतिपूर्ति रकम भराइदिने र फिरौती रकम लिइसकेको भए सो रकम फिर्ता गराई सो विगो बमोजिम जरिवाना समेत हुने व्यवस्था रहेको छ । नेपालमा अन्य मुलुकहरुमा जस्तो आतंककारी समूह र संगठनहरुबाट यो अपराध हुने अवस्था नभएको भएतापनि विभिन्न आपराधिक समूहहरुबाट समयसमयमा संगठित रुपमै फिरौती लिने उद्देश्यले

---

[१४] ऐजन, २ नं.

[१५] ती उदेश्यमा, ज्यान लिने, कुटपिट गर्ने, जबरजस्ती करणी वा अप्राकृतिक मैथुन गर्ने, बिक्री गर्ने, दास बनाउन, इछा विपरीत काममा लगाउने, यातना दिने, वेश्यावृत्तिमा लगाउने, कुनै काम गर्न वा गराउन बाध्य गराउने, फिरौती रकम लिने, शरीर बन्धक लिइएको व्यक्ति वा निजको हकवालाको धन सम्पत्ति प्राप्त गर्ने व्यवसायमा समर्पण गराउने वा प्रचलित कानुन वमोजिम कसुर हुने अन्य काम गर्न लगाइ उल्लेखित १ नं. र २ नं. वमोजिको अपहरण गर्ने तथा शरीर बन्धक लिने ।

[१६] मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महल ७ नं.

[१७] ऐजन महलको ८ नं.

[१८] ऐजन महल, ९नं.

यस्ता अपराध घटाइएको देखिएको छ । कतिपय घटनामा पीडितको हत्या भएको पनि पाइएको छ । यस्तो अवस्थालाई मध्यनजर गर्दै यस अपराधमा कसुर गर्दागर्दैको बखत कसुर गर्न लागको कुनै व्यक्तिले सुरक्षकर्मी समक्ष आत्मसमर्पण गरी अनुसन्धानमा सहयोग पुऱ्याएमा कम सजाय गर्न सकिने[१९] र यो अपराधमा नेपाली नागरीकको हकमा नेपाल बाहिर अपराध गरिएको अवस्थामा वा कसैलाई नेपालबाट बाहिर लिई गई यस महलको अपराध गरेको भएमा पनि यस महल बमोजिम सजाय हुने गरी मुद्दा हेर्ने निकायलाई अन्तर्राष्ट्रिय क्षेत्राधिकार प्रदान गरिएको छ[२०] । यो महल अन्तर्गतको अपराधमा अपहरण गरी वा शरीर बन्धक लिई ज्यान मारेकोमा बाहेक अपहरण गरिएको वा शरीर बन्धक लिएको मितिले एक वर्ष वा अपहरण वा शरीर बन्धकबाट छुटेको मितिले एक वर्ष भित्रसम्म नालिस गर्न सकिने गरी हदम्याद पनि कायम गरिएको छ[२१] ।

## ४. मुलुकी अपराध (संहिता), ऐन अपहरण तथा शरीर बन्धक सम्बन्धी कानुनी व्यवस्था

मुलुकी अपराध सहिताले पनि अपहरण गर्ने र शरीर बन्धक बनाउने कार्यलाई अपराध मानी सजायको व्यवस्था गरेको छ । जस अनुसार कसैले कुनै व्यक्तिलाई अपहरण गर्न गराउन हुँदैन भनी कसैले देहायको कुनै काम गरेमा निजले अपहरण गरेको मानिनेछ भन्दै (क) कुनै व्यक्तिलाई बल प्रयोग गरी वा सो प्रयोग गर्ने धम्की दिई, छलकपट गरी वा डर, त्रासमा पारी, जोर जुलुम गरी, हातहतियार देखाई वा नदेखाई वा झुक्यानमा पारी वा नशालु पदार्थ वा मादक पदार्थ सेवन गराई वा कुनै व्यक्ति यात्रा गरी रहेको सवारी साधन कुनै किसिमले कव्जामालिई वा त्यस उपर कुनै किसिमले नियन्त्रण गरी निजलाई कुनै ठाउँमा लगेमा वा जान बाध्य गराएमा वा, (ख) कुनै व्यक्तिलाई निजको मन्जुरी विना वा नाबालक वा शारीरिक अशक्तताको कारणले अरुको आश्रयमा बसेको वा मानसिक अस्वस्थताको कारणले होस ठेगानमा नरहेको व्यक्तिलाई निजको बाबु आमावा संरक्षकको मन्जुरी विना जबरजस्ती कुनै ठाउँमा लगेमा अपहरणको अपराध हुने व्यवस्था गरेको छ । त्यसैगरी कसैले कुनै व्यक्तिलाई निजको मन्जुरी विना बल प्रयोग गरी वा सोको धम्की दिई, डर त्रास देखाई, जोर जुलुम गरी, हातहतियार देखाई वा नदेखाई छलकपट गरी, झुक्यानमा पारी, नशालु वा मादक पदार्थ सेवन गराई, यातायातको साधन वा रहे बसेको ठाउँ कब्जा गरी वा नियन्त्रणमा लिई थुनामा वा नियन्त्रणमा राखेमा शरीर बन्धक लिएको मानिने भनी परिभाषा गरेको छ ।

सजायतर्फ कसैले ज्यान लिने, कुटपिट गरी चोट पुऱ्याउने, जबरजस्ती करणी वा अप्राकृतिक मैथुन गर्ने, मानिस बिक्री गर्ने वा दास बनाउने वा इच्छा विरुद्ध जबरजस्ती काममा लगाउने, वेश्यावृत्तिमा लगाउने, यातना दिने, कुनै काम गर्न वा गराउन बाध्य गराउने, मुक्ति रकम लिने वा प्रचलित कानुन बमोजिम कसुर हुने अन्य कुनै काम गर्न लगाउने उद्देश्यले अपहरण गर्ने र शरीर बन्धक लिने कार्य गरे गराएको भए पाँच वर्षदेखि दश वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना र सो बाहेक अन्य उद्देश्यले गरे गराएको भए तीन वर्षदेखि पाँच वर्षसम्म कैद र तीस हजारदेखि पचास हजार रुपैयाँसम्म जरिवाना हुने र अवस्था अनुसार थप

[१९] ऐजन महल,१० नं.

[२०] ऐजन महल, ११ नं.

[२१] ऐजन महलको १३ नं.

सजाय हुने र त्यस्तो कसुर सङ्गठित रुपमा गरे गराएको रहेछ भने त्यस्तो गराउने व्यक्तिलाई थप दुई वर्ष सजाय हुने र दुरुत्साहन दिने वा आदेश दिनेलाई मुख्य कसुरदारलाई भए सरह सजाय हुने र कसुर गर्ने गराउने व्यक्तिबाट पीडित व्यक्तिलाई निजको आर्थिक, सामाजिक हैसियत, निजलाई पुग्न गएको शारीरिक वा मानसिक क्षति समेतको विचार गरी क्षतिपूर्ति भराई दिनुपर्ने व्यवस्था गरेको छ । हदम्यादतर्फ कुनै कसुर भए गरेको मितिले दुई वर्ष र बन्धक बनाएकोमा सम्बन्धित व्यक्ति त्यस्तो कसुरबाट मुक्त भएको मितिले छ महिना नाघे पछि उजुर नलाग्ने व्यवस्था गरेको छ । उल्लेखित व्यवस्था हाल कायम रहेको कानुनी व्यवस्था भन्दा केही कुरामा सामान्य रुपमा फरक रहे पनि मूलभूत रुपमा समान नै रहेको छ ।

## ५.नेपालमा अपहरण सम्बन्धी मुद्दाको लगत र फैसलाको अवस्था

नेपाल प्रहरीको देशभरको अपराधको तथ्याङ्क र महन्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदनबाट अपहरण र शरीर बन्धक सम्बन्धी अपराध नेपालमा समस्याको रुपमा रहेको देखिन्छ । आतंककारी क्रियाकलापमा संलग्न बाहेक अन्य व्यक्तिहरु उल्लेखित अपराधमा संलग्न हुनाको पछाडि अर्थिक वा अन्य केही फाइदा लिने उद्देश्य निहित रहेको हुन सक्दछ । जसको कारण यो अपराधको घटनामा वृद्धि भएकोमा विवाद छैन । नेपालमा प्रस्तुत विषयलाई अपराधीकरण गरी सजायको व्यवस्था भएको १० वर्ष पुगी सकेको छैन । यस अवधिमा अन्य अपराधको तुलनामा यो अपराधको संख्यामा निकै वृद्धि भइरहेको देखिन्छ । महान्यायधिवक्तको कार्यालयको वार्षिक प्रतिवेदनलाई हेर्दा जिल्लास्तरमा मुद्दाको संख्यामा सामान्तयाः वृद्धि भएको देखिएको छ । आ.व. २०६६/०६७ भन्दा अगाडिको प्रतिवेदनमा यो अपहरण तथा शरीर बन्धक अपराधको रेकर्ड रहेको पाइदैन । आ.व. २०६६/०६७ देखि आ.व. २०७२/०७३ सम्म तहगत मुद्दाको लगत र फैसलाको अवस्था तालिकामा देखाइएको छ ।

| आर्थिक वर्ष | तह | मुद्दा संख्या | फैसला | कसुर कायम | सफाइ | अन्य |
|---|---|---|---|---|---|---|
| २०६६/०६७ | जिल्ला | ४१४ | १०३ | ४४ | ५९ | |
| | उच्च | ४१ | १४ | ४ | १० | |
| | म.न्या.का. | ०० | ०० | ०० | ०० | |
| २०६७/०६८ | जिल्ला | ५०८ | २१७ | ८८ | १२९ | |
| | उच्च | १२९ | ६० | १८ | ४२ | |
| | म.न्या.का. | ०० | ०० | ०० | ०० | |
| २०६८/०६९ | जिल्ला | ४९६ | १४५ | ७८ | १६७ | |
| | उच्च | २४३ | १२३ | ३९ | ८४ | |
| | म.न्या.का | ८ | ०० | ०० | ०० | |
| २०६९/०७० | जिल्ला | ४०२ | १३९ | ५९ | ८० | फिर्ता २ |
| | उच्च | २८८ | १४१ | ४७ | ९४ | |
| | म.न्या.का | २४ | ०० | ०० | ०० | |
| ०७०/०७१ | जिल्ला | ३५३ | १७९ | ६६ | ११३ | फिर्ता २ |
| | उच्च | २८१ | १३८ | ३७ | ८१ | |
| | म.न्या.का | ४२ | १ | १ | | |
| ०७१/०७२ | जिल्ला | २९६ | १९३ | ८८ | १०५ | फिर्ता १ |
| | उच्च | २९७ | १५१ | ५३ | ९८ | |
| | म.न्या.का | ६० | २२ | ७ | १५ | |
| ०७२/०७३ | जिल्ला | २३३ | १२८ | ५७ | ७१ | |
| | उच्च | २८३ | ३८ | ६८ | १३६ | |
| | म.न्या.का | ७० | २१ | ६ | १५ | |

*(स्रोत :महान्यायधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन)*

आर्थिक वर्ष २०६६/०६७ को तथ्याङ्क हेर्दा जिल्ला सरकारी वकील कार्यालयहरुबाट ४१४ थान अपहरण तथा शरीर बन्धकको मुद्दा दायर भएको देखिन्छ। त्यस मध्ये ४४ वटा मुद्दामा कसुर कायम भएको र ५९ वटा मुद्दामा पूर्ण सफाइ भएको देखिएको छ। सोही आ. व. मा उच्च सरकारी वकील कार्यालयमा ४१ थान मुद्दा दायर भएकोमा सो मध्येमा जम्मा ४ वटा मुद्दामा मात्र कसुर कायम भई १० वटा मुद्दामा पूर्ण सफाइ भएको अवस्था रहेको छ[२२]। सो अवधिसम्म महान्यायाधिवक्ताको कार्यालयको रेकर्डमा यो अपराधको विवरण नदेखिएकोबाट सर्वोच्च अदालतमा यी मुद्दाहरुको पुनरावेदन आई नसकेको देखिन्छ।

आर्थिक वर्ष २०६७/०६८ को तथ्याङ्क हेर्दा जिल्ला सरकारी वकील कार्यालयहरुमा पुरानो बाँकी १०६ वटा सहित ५०८ थान लगत कायम रहेकोमा ८८ वटामा कसुर कायम भएको र १२९ वटामा पूर्ण सफाइ भएको देखिन्छ। सोही आ. व. मा उच्च सरकारी वकील कार्यालयमा पुरानो बाँकी १४ थान सहित १२९ थान मुद्दा दायर भएकोमा १८ वटामा मात्र कसुर कायम भई ४२ वटा मुद्दामा पूर्ण सफाइ भएको अवस्था रहेको छ। यस आ. व. मा पनि महान्यायाधिवक्तको कार्यालयको रेकर्डमा यो अपराधको विवरण नदेखिएबाट सर्वोच्च अदालतमा यस सम्बन्धी मुद्दाको पुनरावेदन आइसकेको पाइदैन[२३]।

त्यसैगरी आर्थिक वर्ष २०६८/०६९ को तथ्याङ्क हेर्दा जिल्ला सरकारी वकील कार्यालयहरुमा पुरानो बाँकी २८८ वटा सहित ४९६ थान मुद्दाको लगत कायम रहेकोमा ७८ वटामा कसुर कायम भएको र १६७ वटामा पूर्ण सफाइ भएको देखिन्छ। सोही आ. व. मा उच्च सरकारी वकील कार्यालयमा पुरानो बाँकी ६९ थान सहित २४३ थान मुद्दा दायर भएकोमा ३९ वटामा मात्र कसुर कायम भई ८४ वटामा पूर्ण सफाइ भएको अवस्था रहेको छ। यस आ. व. मा आई पुग्दा मात्र महान्यायाधिवक्तको कार्यालयमा ८ थान पुनरावेदनको लगत कायम भएको देखिन्छ[२४]।

त्यसैगरी आर्थिक वर्ष २०६९/०७० को तथ्याङ्क हेर्दा जिल्ला सरकारी वकील कार्यालयहरुमा पुरानो बाँकी २६० वटा सहित ४०२ थान मुद्दामा १४४६ जना प्रतिवादीहरु कायम रहेकोमा ५९ वटा मुद्दामा १७७ जना प्रतिवादीहरु उपरको कसुर कायम भएको र ८० वटा मुद्दामा २९० जना प्रतिवादीहरुले पूर्ण सफाइ पाएको देखिन्छ। यस आ. व. मा १९ जना प्रतिवादी विरुद्धको २ थान मुद्दा नेपाल सरकारले फिर्ता लिएको अवस्था छ। सोही आ. व. मा उच्च सरकारी वकील कार्यालयमा पुरानो बाँकी १२९ थान सहित २८८ थान मुद्दा दायर भएकोमा ४७ वटामा मात्र कसुर कायम भई ९४ वटा मुद्दामा पूर्ण सफाइ भएको अवस्था रहेको छ। साथै यस आ. व. मा महान्यायाधिवक्तको कार्यालयमा २४ थान पुनरावेदनको लगत कायम भएको देखिन्छ[२५]।

त्यसैगरी आर्थिक वर्ष २०७०/०७१ को तथ्याङ्क हेर्दा जिल्ला सरकारी वकील कार्यालयहरुमा १३५ थान मुद्दामा ३९७ जना प्रतिवादीहरु विरुद्व नयाँ दर्ता भएका समेत ३५३ थान मुद्दामा १३५९ जना प्रतिवादीहरु कायम भएकोमा ६६ थान मुद्दाका १९४ जना प्रतिवादीहरु उपरको कसुर

[२२] महान्यायधिवक्तको कार्यालयको वार्षिक प्रतिवेदन आ.व.२०६६/०६७

[२३] ऐजन, आ.व.२०६७/०६८

[२४] ऐजन,आ.व.२०६८/०६९

[२५] ऐजन ,आ.व.२०६९/०७०

कायम भई ११३ वटा मुद्दामा ३९४ जना प्रतिवादीहरुले पूर्ण सफाइ पाएको र १३ जना प्रतिवादी विरुद्धको २ थान मुद्दा नेपाल सरकारले फिर्ता लिएको देखिन्छ । यस आ. व. मा उच्च सरकारी वकील कार्यालयमा पुरानो बाँकी सहित २८१ थान मुद्दा दायर रहेकोमा ३७ वटामा मात्र कसुर कायम भई ८१ वटा मुद्दामा पूर्ण सफाइ भएको अवस्था रहेको छ । यस आ. व. सम्म आई पुग्दा महान्यायाधिवक्तको कार्यालयमा ४२ थान मुद्दाको पुनरावेदनको लगत कायम भएकोमा १ थान मुद्दा फैसला भई कसुर कायम भएको देखिन्छ[२६] ।

आर्थिक वर्ष २०७१/०७२ को तथ्याङ्क हेर्दा जिल्ला सरकारी वकील कार्यालयहरुमा १२१ थान मुद्दामा ३४० जना प्रतिवादीहरु विरुद्व नयाँ मुद्दा दर्ता भएका समेत २९६ थान मुद्दामा ९५६ जना प्रतिवादीहरु कायम भएकोमा ८८ थान मुद्दाका २२३ जना प्रतिवादीहरु उपरको कसुर कायम भई १०५ वटा मुद्दाका ३७३ जना प्रतिवादीहरुले पूर्ण सफाइ पाएको र ४ जना प्रतिवादी विरुद्वको १ थान मुद्दा नेपाल सरकारले फिर्ता लिएको देखिन्छ । यस आ.व. मा उच्च सरकारी वकील कार्यालयमा पुरानो बाकी सहित २९७ थान मुद्दा दायर रहेकोमा ५३ वटा मुद्दामा कसुर कायम भई ९८ वटामा पूर्ण सफाइ भएको अवस्था रहेको छ । यस आ. व. सम्म आई पुग्दा महान्यायाधिवक्तको कार्यालयमा ६० थान मुद्दामा पुनरावेदन परी ७ वटामा कसुर कायम भई १५ थान मुद्दामा सफाइ भएको देखिन्छ ।

आर्थिक वर्ष २०७२/०७३ को तथ्याङ्क हेर्दा जिल्ला सरकारी वकील कार्यालयहरुमा २३३ थान मुद्दामा ७३५ जना प्रतिवादीहरु विरुद्व मुद्दा दर्ता भएकोमा ५७ थान मुद्दामा २०८ जना प्रतिवादीहरु उपरको कसुर कायम भएकोमा ७१ थान मुद्दाका १६३ जना प्रतिवादीहरुले सफाइ पाएको १६ जना प्रतिवादीका हकमा अन्य तवरले मुद्दा फछ्र्यौट भएको देखिन्छ । यस आ. व. मा उच्च सरकारी वकील कार्यालय तहमा पुरानो बाँकी सहित २८३ थान मुद्दा दायर रहेकोमा २६ वटा मुद्दामा सुरु सदर भई कसुर कायम भएको ६७ वटामा सफाइ भएको तथा १२ वटामा सुरुको फैसला उल्टी भई कसुर कायम भएको र ११ वटामा सुरुको फैसला उल्टी भई सफाइ पाएको अवस्था रहेको छ । यस आ. व. सम्म आई पुग्दा महान्यायाधिवक्तको कार्यालयमा ७० थान मुद्दामा पुनरावेदन परी ६ वटामा कसुर कायम भई १५ थान मुद्दामा सफाइ भएको देखिन्छ ।

जिल्लागत तथ्याङ्क हेर्दा काठमाडौं, ललितपुर, पर्सा, रौतहट, बारा, झापा, मोरङ, बाँके लगायतका जिल्लामा अन्य जिल्लामा भन्दा बढी अपराध भएका छन् भने धेरै जिल्लामा यो अपराधको घटना दर्ताको संख्या शुन्य देखिन्छ[२७] । उल्लेखित तथ्याङ्कलाई हेर्दा अपहरण र शरीर बन्धकसम्बन्धी अपराध एक भन्दा बढी व्यक्तिहरु मिली समूहगत रुपमा वा संगठित रुपमा घटाउने गरेको र अपराध हुने क्रम उल्लेख्य रुपमा घट्ने बढ्ने नभई कुनै आ. व. मा केही वृद्घि भएको र कुनै आ. व. मा केही मात्रमा भए पनि न्यून रहेको देखिन्छ । जिल्लातहबाटै मुद्दा फैसला हुने संख्या न्यून रहेको पाइएको छ । आर्थिक वर्ष २०६६/०६७ मा जिल्ला अदालतमा दायर भएका मध्ये करिव २५ % र त्यस पछिको दुई आ. व. मा करिव ५०% मुद्दाहरु फैसला भएको देखिएको छ भने फैसलामा कसुर ठहर भएको अवस्था करिव ४५ % रहेको छ भने

---

[२६] ऐजन ,आ.व.२०७०/०७१

[२७] महान्यायधिवक्तको कार्यालयको वार्षिक प्रतिवेदन आ.व.२०७२/०७३

पुनरावेदन तहमा करिव ३०% मुद्दामा कसुर ठहर भएको देखिएको छ । जिल्ला र पुनरावेदन तहको एकीकृत रुपमा हेर्दा करिव ३८% मुद्दाहरुमा कसुर ठहर भएको देखिन्छ । त्यसमा पनि जिल्ला अदालतबाट कसुर कायम भई सो उपर प्रतिवादीको तर्फबाट पुनरावेदन परी पुनरावेदनतहबाट प्रतिवादीहरुले सफाइ पाउनेगरी फैसला भएका मुद्दाहरुको छुट्टै र यकिन संख्यालाई प्रतिवेदनमा उल्लेख नगरिएकोबाट यो विवरणमा केही प्रतिशत फरक पर्न सक्दछ । प्रस्तुत मुद्दमा एकै वारदातमा एक भन्दाबढी व्यक्तिहरुको संलग्नता हुने भएबाट कसुरदारको संख्या केही मात्रामा बढी रहेको पाइन्छ ।

### ६.सर्वोच्च अदालतबाट भएका फैसला र विश्लेषण

नेपालमा अपहरण तथा शरीर बन्धक बनाएको विषयलाई २०६४ साल मंसिरबाट मात्र अपराधीकरण गरी सजायको व्यवस्था गरिएको र सुरु तहबाटनै मुद्दा फैसला हुन ढिलाई भई सर्वोच्च अदालतसम्म आई पुग्दा लामो समय लागेको देखिन्छ । जिल्ला अदालतमा मुद्दा दर्ता भएको करिव तीन वर्ष पछि मात्र सर्वोच्च अदालतमा ७ (सात) वटा मुद्दामा पुनरावेदन परेको देखिएको र सर्वोच्च अदालतबाट पुनरावेदन परेको करिव दुई वर्ष पछि ती मुद्दाहरुमा फैसला भएको पाइएको छ । सर्वोच्च अदालतबाट फैसला भएका मुद्दाहरुको विवरण हेर्दा निम्नानुसारको अवस्था रहेको छ ।

राम ठकुरीको जाहेरीले नेपाल सरकार वादी र प्रतिवादी मुरारी भुजेल समेत भएको मुद्दामा सुरु जिल्ला अदालत ललितपुरबाट प्रतिवादीलाई ४ वर्ष कैद र रु.२५०००। जरिवाना र थप दुई वर्ष कैद गरी रु.२५०००। क्षतिपूर्ति समेत भराई रु.१३२००। विगो बमोजिम जरिवाना गर्ने गरी फैसला भएकोमा पुनरावेदन तहबाट कुल छ वर्ष कैद र रु.३८७००। जरिवाना र रु ५०००। क्षतिपूर्ति भराउने गरी भएको फैसलामा सर्वोच्च अदालतबाट एक जना प्रतिवादी उपर मात्र मुद्दा दायर भएको र अर्का व्यक्तिको यकिन वतन नै पत्ता नलागेको देखिएबाट ऐ. महलको ७ नं. बमोजिमको दुई वर्ष कैद सजाय थप गर्न नमिल्ने भएकोले चार वर्ष मात्र कैद गरी सो बाहेक अन्य विषयमा पुनरावेदन अदालतको फैसला सदर भएको छ[२८] । प्रस्तुत मुद्दामा जाहेरवालालाई हतियार समेत देखाई एकान्त स्थानमा लगी फिरौती समेत माग गरेको देखिन्छ । तापनि सर्वोच्च अदालतबाट अपहरणको उद्देश्य नखुलेको भन्ने अर्थ गरिएको छ । त्यसैगरी फरार प्रतिवादी शम्भु चौधरी हुन् भनी सहअभियुक्तले नाम खुलाई दिएको र पीडित समेतले निजको हुलिया समेत वताएको अवस्थामा पनि प्रतिवादी मुरारी भुजेललाई एक्लै अपराध गरेको भनी दाबी भन्दा कम सजाय भएको छ । यसबाट अभियोजन गर्दा फरार प्रतिवादीको एकीन नाम थर वतन खुलाउनु पर्ने र फिरौती माग गरीएको भए के कुन माध्यमबाट मागिएको हो सोको यथार्थ विवरण र फोन कलको पूर्ण विवरण समेत पेश गर्नुपर्ने अन्यथा दाबी प्रमाणित हुन नसक्ने भन्ने कुरा पुष्टि भएको देखिन्छ ।

सुनिलकुमार उपाध्यायको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी बाबुराम थारु समेत भएको मुद्दामा प्रतिवादीहरुलाई जाहेरवालालाको दाजुले विदेश पठाएकोमा विदेशमा गई भने जस्तो काम नपाइ फिर्ता हुनु परेको र नेपाल फर्की आएपछि खर्च भएको रकम फिर्ता माग्दा नदिएका

[२८] ने.का.प.२०७२ निं नं.९३२१ अंक ४ पृ.१११

कारण जाहेरवालाई अपहरण गरेकोमा सुरु र पुनरावेदनतहबाट समेत कसुर ठहर भएकोमा सर्वोच्च अदालतबाट कुनै पनि सर्तमा व्यक्तिको स्वतन्त्रता कुण्ठित बनाई अपहरण गरी बन्धक बनाउने कार्यलाई स्वभाविक मान्न सकिदैन र व्यक्तिहरु बीच एकआपसमा लेनदेन गरिएको रकम असुल गर्नको लागि कानुनले विभिन्न उपाय निर्धारण गरेकोनै छ ।त्यसकारण निजलाई अपहरण गर्नुको सट्टा उक्त निर्धारित उपाय अवलम्बन गर्नुपर्ने थियो भनी प्रतिवादीहरुलाई सो महलको ३ नं. अनुसार जनही चार वर्ष कैद, ऐ. ७ नं. अनुसार थप दुई वर्ष कैद र रु.५००००। जरिवाना गरी पीडितलाई ८ दिनको दैनिक ५००। रुपैयाँका दरले क्षतिपूर्ति समेत भराइदिने भनी बोलेको पाइन्छ[२९] । यो फैसला हेर्दा बाध्यताका कारण अपहरण गर्नु परेको भएतापनि आपराधिक कार्यलाई कुनै पनि रुपमा स्वीकार गर्न नसकीने सन्देश दिएको छ ।

सुजितकुमार अग्रवालको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी भलनाथ न्यौपाने भएको मुद्दामा प्रतिवादीको मोबाइलबाट जाहेरबालको मोबाइलमा धम्कीपूर्ण एसएमएस पठाई आफ्नो खातामा रकम जम्मा गर्न लगाएकोमा निजलाई ऐ.महलको ३ नं. को सजायको आधारमा अपहरणको उद्योग गरेको भनी ६ नं. बमोजिम ३ वर्ष ६ महिना कैद र रु.२५०००। जरिवाना गरेको सुरु फैसला सदर गर्दै अनुसन्धानको क्रममा वादी पक्षले सजगता नदेखाएको भएतापनि सोही कारणले मात्र प्रतिवादीले सफाइ पाउन नसक्ने भन्दै भारतीय सर्वोच्च अदालतको हविवुल्ला एच शेख र अरुहरु समेत भएको २००४ को मुद्दाको उद्धरण गरिएको छ[३०] ।

ललितादेवी यादव वि. नेपाल सरकार भएको मुद्दमा चार महिनाको बालकलाई आफ्नो छोरा नभएको भनीलिई जाने कार्य अपहरणको कसुर हो भनी सजाय गरेको देखिन्छ[३१] । यसमा प्रतिवादीको उद्देश्य छोरा बनाई पालनपोषण गर्ने र नियत पनि असल छ भन्ने देखिएपनि चार महिनाको बच्चालाई संरक्षकत्वबाट छुटाउने कार्य अपराध हो भन्ने पुष्टि भएको छ ।

नेपाल सरकार वि. प्रभात भन्ने दिनेश के.सी. भएको मुद्दामा जाहेरवालालाई बोलाई डर, धाकधम्की दिई नांगो फोटो समेत खिची रु. बाह्र लाखको कागज गराई पैतालीस हजार नगद समेत लिएपछि मात्र अपहरण मुक्त गरेको भन्ने सम्बन्धमा प्रतिवादीलाई ऐ. महलको १ नं. को कसुरमा ३ नं. र ७ नं. बमोजिम थप सजाय समेत भएको छ[३२] । यो फैसलाले समूहगत वा संगठित रुपमा अपहरणको कसुर भएमा थप सजाय हुने कुरालाई थप पुष्टि गरेको छ ।

नेपाल सरकार वि. धावा लामा भएको मुद्दामा प्रतिवादीहरुलाई नौ वर्ष कैद र रु.५००००। जरिवाना गरिएको छ । प्रस्तुत मुद्दामा थप सजाय समेत भएको अवस्था छ भने अभियोग लागे जतिसबै कसुरदार हुन नसक्ने भन्दै प्रतिवादी कृष्णबहादुर आलेलाई सफाइ दिने गरी फैसला भएको र उक्त फैसलामा ने.का.प. २०६६ अंक ४ नि.नं. ८११५ को मुद्दामा प्रतिपादित सिद्वान्तलाई उद्धृत गरिएको छ[३३] ।

---

[२९] ने.का.प.२०७३ निं नं.९५३१ अंक १ पृ.१२६

[३०] ने.का.प.२०७१ निं नं.९२५१ अंक ९ पृ.४५०

[३१] सअ. बुलेटिन २०७२ चैत्र १६-३० वर्ष २४ अंक २४

[३२] सअ. बुलेटिन २०७२ मंसिर ,१-१५ वर्ष २४ अंक १५

[३३] सअ. बुलेटिन २०७३ वैशाख ,१-१५ वर्ष २५ अंक १

## ७.अध्ययनको नतिजा

उल्लेखित कानुनी व्यवस्था र फैसलाहरुको अध्ययनबाट अपहरण तथा शरीर बन्धक मुद्दामा मुख्य रुपमा निम्न तथ्य विद्यमान हुनु पर्ने देखिन्छ ।

- अपहरणको अपराध हुन सम्बन्धित व्यक्तिको इच्छा र सहमति विपरित पीडितलाई एक स्थानबाट अर्को स्थान पुऱ्याएको हुनु पर्दछ । त्यसका लागि बल प्रयोग वा डर, धाक धम्की र हतियारको प्रयोग भएको देखिनु पर्दछ ।
- नाबालक वा मानसिक रुपमा अस्वस्थ्य व्यक्तिको हकमा निजको तत्कालका वैध संरक्षकको सहमति नलिएको हुनु पर्दछ ।
- यो अपराधमा फिरौतीको विषय जोडिएको देखिन्छ । अन्य कुनै आपसी व्यवाहार छ भन्ने आधारमा पनि अपहरण गर्नेले छुटकारा पाउन सक्दैन ।
- फौजदारी कानुनले अपराध भनी परिभाषा गरेको कार्य जुनसुकै अवस्थामा पनि अपराध नै हुन्छ भन्ने सिद्वान्तलाईअंगीकार गरिएको छ
- एक स्थानबाट अर्को स्थान नपुऱ्याएको भएतापनि जुन स्थानमा राखिएको छ उक्त स्थानमा स्वतन्त्रतापूर्वक रहन नदिई डर, धाकधम्की दिई बन्धकको रुपमा थुनी राखिएको भएमा पनि शरीर बन्धकको अपराध भएको मानिन्छ ।
- अपहरण वा शरीर बन्धकको अपराधसँगै अन्य कानुने अपराध हुने कसुरमा समेत छुट्टै सजाय हुन सक्दछ ।
- अपहरण वा शरीर बन्धकको अपराध गर्ने विशेष उद्देश्य हुन सक्दछ र संगठित रुपमा हुन सक्दछ ।
- धेरै प्रतिशत मुद्दाहरुम प्रतिवादीहले सफाइ पाएको देखिएबाट अनुसन्धान र अभियोजनको कार्य सन्तोषजनक रहेको छ भन्न देखिदैन ।
- अभियोजन पक्षले पनि उचित निर्देशन सहित त्रुटिरहित अभियोजन गर्न सकेको देखिदैन ।

## ८.निष्कर्ष

अपहरण तथा शरीर बन्धकको अपराध गम्भीर प्रकृतिको अपराध भएको र संगठित रुपमै नभएपनि आपराधिक समूह बनाई अपराध गर्ने गरेको पाइने र कतिपय अवस्थामा पीडित (विवेक लुइटेल र रामहरी श्रेष्ठ)को ज्यान लिने तथा अवस्था अनुसार आपराधिक समूहका सदस्यबाटै उनीहरुको पोल खुली पकाउ पर्ने डर निजहरुमा रहने भएबाट आपराधिक समूहकै सदस्यको पनि हत्या भएको देखिएको छ । अनुसन्धानबाट कसुरदारको उद्देश्य खुल्न नसक्नु, परम्परागत अनुसन्धान पद्धतिकै अवलम्बन गरिनुबाट पीडितका परिवारले अनुसन्धान कार्यमा विश्वास नगरी अपहरणकारीको शर्त स्वीकार गर्ने गरिएको पनि देखिएको छ । व्यक्तिगत रिसइवीका कारण झुट्टा जाहेरी दिने प्रवृत्ति बढ्नुले पनि अनुसन्धान कार्यमा नकारात्मक प्रभाव पारेको देखिन्छ । टेलिफोन कुराकानीलाई गलत अर्थ गरी पैसा माग गरी अपहरणको धम्की दिएको भनी उजुरी पर्ने गरेको र निर्दोष उपर मुद्दा चलेको अवस्था पनि देखिएको छ । सुरु तहमा नै पचास प्रतिशत भन्दा कम मुद्दामा कसुर ठहर भएको र सर्वोच्च अदालतसम्म पुग्दा त्यो संख्या अझ कम भएको देखिन्छ। यसबाट पनि अनुसन्धान र अभियोजन कार्य प्रभाकारी हुन

नसकेको देखिएको छ । वैध लेनदेनको विषयमा आफ्नो रकम माग गर्न पनि डराउनु पर्ने अवस्था आएको छ भन्ने पनि गुनासो सुनिन्छ । त्यस्तै उमेर पुगेका केटाकेटी साथीहरु बीचको सम्बन्ध भई अभिभावकको मञ्जुरी विना विवाह गरी वा अलग्गै बस्ने गरी घरबाट हिडेकोमा पनि अभिभावकहरुबाट अपहरण तथा शरीर बन्धकमा उजुरी परि कारबाही भएको अवस्था पनि देखिएको छ । यती हुँदाहुँदै पनि धेरै घटनाका दोषी पत्ता लागी कारबाही भएको अवस्था झिमान रहेबाट अनुसन्धान र अभियोजन कार्य सन्तोषजनक नै रहेको देखिन्छ ।

## ९. सुझाव

मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको कानुनी व्यवस्थाले धेरै प्रकारको अन्य अपराधहरुको विषयलाई पनि यस महलको अपराधसँगै समेत समेटेको हुँदा अनुसन्धान कार्य सुक्ष्म रुपबाट हुनु जरुरी छ । अभियोग लगाउने क्रममा गोश्वारा दाबी नलिई प्रति व्यक्ति कसुरको व्याख्या गर्दै कसुरदारहरु बीचको सम्बन्ध देखाउने ठोस प्रमाण समेत पेश गर्ने र प्राविधिक रुपमा पुष्टि गर्न सकिने प्रमाणको अनिवार्य रुपमा संकलन र विश्लेषण हुनु पर्दछ । जुनजुन कानुनको अपराध भएको देखिन्छ ती सबै कानुन अनुसारको दाबी लिने र थप सजाय समेतको दाबी लिइएमा अभियोजन कम त्रुटिरहित हुने हुन्छ । अदालतबाट प्रतिपादित नजिरको अध्ययनले अनुसन्धान र अभियोजनमा सुधार ल्याउन सकिन्छ । आफूलाई अनुकूल हुने समयमा मुद्दा दर्ता गरी अनुसन्धान गर्ने नभई वारदात पछि तुरुन्त कारबाही थाल्नु पर्दछ । कुनै एक मुद्दामा पकाउ परेका अभियुक्त उपर सो बाहेक अरु पनि मुद्दा छन् भने सोही वखत नै अनुसन्धान गरिनु पर्दछ[३४] । अन्यथा सो कार्यले कानुनी मान्यता पाउन सक्दैन भन्ने कुराको हेक्का अनुसन्धान र अभियोजनकर्ता दुवैमा हुनु पर्दछ । कसैसँग रिसइवी साँध्न वा बदलाको भावनाले गलत र झुठ्ठा मुद्दाहरु दायर हुन सक्ने कुरालाई  विचार गरी दवाब र प्रभावमा नपरी सही सत्य मुद्दामा सक्षम अभियोजन जरुरी रहेको छ ।

## सन्दर्भ सामाग्रीहरु


१. नेपालको संविधान
२. मुलुकी ऐन,२०२०
३. प्रमाण ऐन, २०३१
४. संक्षिप्त अन्तर्राष्ट्रिय कानुन, डा. गोपाल शर्मा
५. महान्यायधिवक्तको कार्यालयबाट प्रकाशित महान्यायाधिवक्ताको विभिन्न वर्षका वार्षिक प्रतिवेदनह्रु
६. नेपाल कानुन पत्रिका विभिन्न अंकहरु
७. सर्वोच्च अदालत वुलेटिन विभिन्न अंकहरु
८. UN Charter,
९. An outline  of Criminal Law, kenney
१०. UN Resolution,
११. www. Wikipedia, enclycopedia free legal dictionary


[३४] ने.का.प.२०६८ निं नं.८६३८ अंक ६ पृ.३४८

१२. www.mass.gov/courts/legal research
१३. www.Scholar.google.com
१४. www.plol.org
१५. Council Of Europe, Recomendation , DEC 5,2014
१६. Hague Conventions
१७. Law Journels
१८. The Kathmandu post
१९. Kantipur nepali Daily
२०. Gorkhapatra Daily

❊❊❊

# आवेशप्रेरित हत्या सम्बन्धी अपराधको प्रवृत्तिः एक विश्लेषणात्मक अध्ययन


खेमराज ज्ञवाली
सहन्यायाधिवक्ता


## १. अवधारणा

नेपाली कानुनी शब्दकोषमा आवेशको अर्थ उत्तेजना, उद्वेगयुक्त जोश, आवेग[१] भनी उल्लेख गरिएको छ । आधुनिक अंग्रेजी नेपाली शब्दकोषमा आवेशको अर्थ रिस उठाउने कुरो, छेडपेच, जिस्क्याई, उत्तेजित गर्नु[२] भनी उल्लेख गरिएको छ । आवेश मानिसको त्यस्तो मानसिक स्थिति हो । जसमा मानिसले आफूले गरेको वा गर्न खाजेको कार्यको परिणाम बुझ्न, सोच्न वा मूल्यांकन गर्न सक्दैन । आवेशको स्थिति तत्कालिन र क्षणिक मानसिक स्थिति हो । जसमा व्यक्तिको आत्मनियन्त्रण गर्ने क्षमता वा संयमको अभाव हुनुका साथै कुनै निश्चित, चिन्तित, उत्तेजित, जोशपूर्ण, तनावपूर्ण वा अन्य त्यस्तै परिस्थितिमा उत्पन्न हुन सक्छ र केही समय व्यतित भइसकेपछि स्वतः विलाएर जान्छ ।

कुनै घट्नाका क्रममा उत्पन्न हुन सक्ने परिस्थिति, हुन सक्ने र गर्न सकिने कुराहरु र बोल्न सकिने शब्दहरुका कारणबाट उत्पन्न हुन सक्ने जोश, आवेग वा उत्तेजनालाई नियन्त्रण गर्न नसकिने परिस्थितिमा आवेश उत्पन्न हुन सक्छ र त्यस्तो आवेश उत्पन्न भएको अवस्था वा परिस्थितिमा मानिसले हत्या लगायत जुनसुकै प्रकारको कार्य पनि गर्न सक्दछ । तर त्यस्तो घटनामा आपराधिक मनसाय तत्वको अभाव रहेको हुन्छ । हत्याको सन्दर्भमा आवेश भन्नाले मृतकले गरेको कार्य वा कार्यहरुको सन्दर्भमा अभियुक्तद्वारा गरिएको त्यस्तो प्रतिकारात्मक क्रिया वा परिस्थितिलाई जनाउँछ । त्यस्तो प्रतिकारात्मक क्रिया अभियुक्तको स्थान वा परिस्थितिमा रहेको जुनसुकै सामान्य समझको व्यक्तिले आफ्नो मन र दिमागलाई नियन्त्रणमा राख्न नसकी आवेशको कारणले त्यस्तो कार्य गर्न सक्दथ्यो । यसरी हेर्दा आवेशप्रेरित हत्या भन्नाले मनसाययुक्त र भवितव्य नभई उत्तेजना, उद्वेगयुक्त जोश, आवेग, रिस वा तत्काल उठेको मनोवेगका कारण हुन पुगेको हत्यालाई बुझ्नुपर्ने हुन्छ ।

न्यायाधीश डेब्लिन जे. (Devlin J.) को परिभाषा यसप्रकार छ : “Provocation is some act, or series of acts, done by the accused, which would cause in any reasonable person, and actually caused in the accused a sudden and temporary loss of self-control, rendering the accused so subject to passion as to make him or her for the moment not master of his mind.” अर्थात् आवेश मृतक व्यक्तिले अभियुक्तका विरुद्धमा गरेको कार्य वा कार्यहरुको समूहको प्रतिकारात्मक जवाफ हो जुन कुरा अभियुक्तलाई एउटा साधारण समझको मानिसलाई गर्दा पनि त्यस्तै रुपमा प्रतिकार गर्दथ्यो र जुन अवस्थामा कुनै पनि व्यक्ति आफ्नो मनलाई आफै नियन्त्रण गर्न सक्दैन ।[३]

---

[१] डा. शंकर कुमार श्रेष्ठ (सं.), **नेपाली कानुनी शब्दकोष,** २०६१, पैरवी प्रकाशन, काठमाण्डौ, पृष्ठ ४६ ।

[२] प्रा. राजनारायण प्रधान, **आधुनिक अंग्रेजी-नेपाली शब्दकोष,** चौथो संस्करण २०५८, एजुकेशनल इन्टरप्राइज प्रा.लि., काठमाण्डौ, पृष्ठ ३२६ ।

[३] प्रा. डा. रजितभक्त प्रधानाङ्ग समेत, **फौजदारी कानुनको परिचय,** संस्करण २०६२, भृकुटी एकेडेमिक पब्लिकेसन्स, काठमाण्डौ, पृष्ठ ४५० ।

आवेशप्रेरित हत्या भन्नाले त्यस्तो हत्यालाई जनाउँछ । जुन हत्यामा अभियुक्तले तत्काल उठेको रिस, उत्तेजना वा आवेशलाई नियन्त्रण गर्न नसकेको कारणले गर्दा उत्तेजित पार्ने व्यक्ति विरुद्ध गरेको कुनै कार्यको परिणामस्वरुप उत्तेजित पार्ने व्यक्तिको मृत्यु हुन्छ । यस्तो हत्यामा मुख्य रुपले दुई कुराहरु समावेश रहन्छन् : (१) हत्याको शिकार हुने व्यक्ति वा मृतकद्वारा कुनै त्यस्तो कार्य गरिनु, जसले गर्दा अभियुक्तलाई सजिलै उत्तेजित पार्न सक्दछ र (२) उत्तेजित भएको अभियुक्तले आत्मसंयम गुमाई आवेशमा आई आफ्नो आत्मसंयमभन्दा बाहिरको मानसिक स्थितिमा रहेको अवस्थामा कुनै त्यस्तो कार्य गर्नु जसको परिणामस्वरुप उत्तेजित पार्ने व्यक्तिको मृत्यु हुन्छ ।

फौजदारी विधिशास्त्रीय दृष्टिकोणबाट हेर्दा आवेशप्रेरित हत्यालाई त्यस्तो प्रकारको हत्याको रुपमा वर्णन गरिन्छ जुन हत्या आवेशमा आएर गरिएको भएतापनि हत्याको लागि आवश्यक पर्ने दुई प्रमुख तत्वहरु आपराधिक मनसाय र आपराधिक कार्य मध्ये पूर्व मनसाय तत्वको अभाव रहेको हुन्छ । त्यस्तो प्रकारको हत्यामा आवेशले नै प्रमुख महत्वपूर्ण स्थान ओगट्नुका साथै आवेश नै त्यस्तो प्रकारको हत्याको प्रेरक तत्वको रुपमा रहेको हुन्छ । आवेशप्रेरित हत्या पनि फौजदारी अपराध नै हो तर मनसायप्रेरित हत्यामा हुने सजाय भन्दा यस्तो प्रकारको हत्यामा कम सजाय हुन्छ तर तत्काल उठेको रिस, आवेग, उत्तेजना वा आवेशलाई शान्त पार्ने समय अभियुक्तले पाएको अवस्था र निजले आत्मसंयम र आत्मनियन्त्रण कायम गर्न सक्दथ्यो भन्ने अवस्था वा परिस्थितिको विद्यमानता रहेको अवस्थामा त्यस्तो हत्या आवेशप्रेरित हत्या अन्तर्गत पर्दैन ।

यस सन्दर्भमा Mancini V. Director of Public Prosecutor को मुद्दामा Viscout Simon ले निम्न दुई सिद्धान्तहरु तय गरेको पाइन्छ । (१) उत्तेजनाको श्रृजना गर्ने कारण उत्पन्न भएको समय र कार्य सम्पन्न भएको समयका बीचमा के कति अन्तराल थियो, उक्त अन्तरालमा उत्तेजना कम हुन सक्ने सम्भाव्यता के कति थियो र (२) उत्तेजित मानिसले के कस्तो हतियार प्रयोग गरेको थियो ।[४]

आवेशप्रेरित हत्या हुनका लागि तत्काल उत्तेजना हुनु आवश्यक छ र तत्काल उत्तेजना हुनका लागि निम्नलिखित तीन पूर्वावस्थाहरु विद्यमान हुनु पर्दछ : (१) अकस्मात् र गम्भीर रुपमा उत्तेजना श्रृजित हुनु, (२) यसले गर्दा अभियुक्तले आत्मनियन्त्रण गुमाउनु र (३) मृतक स्वयंले वा अभियुक्तले प्रहार गर्न खोजेको व्यक्तिले अभियुक्तलाई उत्तेजित तुल्याएको हुनु ।

Mahmood V. The State को मुद्दामा भारतीय अदालतबाट सिद्धान्तको प्रतिपादन हुँदा कसैले कसैलाई चोर भनेकोमा त्यत्तिकै आधारमा मानिस मार्ने हदसम्म उत्तेजित भएर मानिस मार्नु उत्तेजित हत्या नहुने भनी बोलिएको पाइन्छ भने Bhadurs को मुद्दामा आफ्नीश्रीमतीसँग धेरै पहिलेदेखि नचाहिँदो काम गर्दै आएको र उक्त घटना घटेको दिन अभियुक्तकी श्रीमतीसँग अश्लील एवं उत्तेजनायुक्त गीत गाइरहेकोले गर्दा सोबाट उत्तेजित भई मारिएकोमा उत्तेजनाबाट भएको हत्या भनी मानिएको पाइन्छ ।[५]

---

[४] सुरेन्द्र भण्डारी, **फौजदारी कानुन,** तेस्रो संस्करण २०५५, पैरवी प्रकाशन, काठमाडौं, पृष्ठ ३४८-३४९ ।

[५] ऐजन, पृष्ठ ३४९ ।

## २. कानुनी व्यवस्था

ज्यान सम्बन्धी अपराध अन्तर्गत कानुनी र गैरकानुनी हत्या, कानुनी हत्या अन्तर्गत न्यायोचित र क्षम्य हत्या, गैरकानुनी हत्या अन्तर्गत पूरा सजाय हुने, कम सजाय हुने र आत्महत्या, न्यायोचित हत्या अन्तर्गत तथ्यको भ्रममा परी गरेको हत्या, मृत्युदण्डको कार्यान्वयनका क्रमको हत्या, निजी रक्षाको अवस्थाभित्र परी गरिएको हत्या र अधिकारप्राप्त अधिकारी वा असल नियत वा विश्वासमा आफू अधिकारप्राप्त अधिकारी भएको सम्झी गरेको हत्या, क्षम्य हत्या अन्तर्गत दुर्भाग्य वा दुर्घटनामा पारी भएको हत्या र कानुन बमोजिमको कार्य उचित सावधानीपूर्वक गर्दागर्दै भएको हत्या, नाबालक वा पागल व्यक्तिले गरेको हत्या र मृतककै हितका लागि केही गर्दा भएको हत्या, पूरा सजाय हुने हत्या अन्तर्गत मनसायप्रेरित हत्या र शिशु हत्या र कम सजाय हुने हत्या अन्तर्गत लापरबाहीयुक्त हत्या, आवेश-प्रेरित हत्या, हेलचेत्र्याइँपूर्ण हत्या र भवितव्य हत्या पर्ने भनी तालिकामा उल्लेख गरिएको छ ।[६] माथि उल्लिखित व्यवस्थालाई हेर्दा आवेशप्रेरित हत्या ज्यान सम्बन्धी अपराध अन्तर्गत पर्ने गैरकानुनी हत्या अन्तर्गत पर्ने कम सजाय हुने हत्या अन्तर्गत पर्ने चार प्रकारका हत्या मध्येको एक प्रकारको हत्या हो ।

### २.१ नेपालको कानुनी व्यवस्था

वर्तमान नेपाली फौजदारी कानुन अर्थात् मुलुकी ऐनको ज्यान सम्बन्धी महलको १४ नं. मा आवेशप्रेरित हत्याको बारेमा उल्लेख भएको छ । उक्त नं. मा देहायको व्यवस्था उल्लेख छ : "ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरिकन हानेको पनि रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ ।"[७]

नेपालको सन्दर्भमा हेर्दा मुलुकी ऐनको ज्यान सम्बन्धी महलको ५ नं. अनुसार भवितव्य ज्यान नठहर्ने र ऐजन महलको १४ नं. अनुसार आवेशप्रेरित हत्या पनि नठहर्ने सबै प्रकारका हत्याका वारदातहरु मनसायप्रेरित हत्या अन्तर्गत पर्ने देखिन्छ । कुनै हत्या आवेशप्रेरित हत्या हो होइन भनी छुट्ट्याउने आधार वा तत्वहरु ज्यान सम्बन्धी महलको १४ नं. मा उल्लेख गरिएको छ, जस अनुसार आवेशप्रेरित हत्या हुनको लागि निम्नलिखित तत्व विद्यमान हुनु आवश्यक छ : (१) ज्यान मार्ने मनसाय नभएको हुनु, (२) ज्यान लिनुपर्नेसम्मको इवी नरहेको हुनु, (३) लुकी छिपी हानेको नहुनु, (४) वारदातकै मौकामा उठेको रिस थाम्न नसकी प्रहार गरेको हुनु, (५) जोखिमी हतियारले हानेको नहुनु, (६) विषको प्रयोग गरी हत्या गरिएको नहुनु र (७) साधारण लाठा, ढुङ्गा, लात, मुक्का आदिले हानेको हुनु वा (८) सोही चोट पीरले ऐनका म्यादभित्र ज्यान मरेको हुनु । उपर्युक्त सबै आधार वा तत्वहरु विद्यमान भएको अवस्थामा भएको हत्यालाई आवेशप्रेरित हत्या मानिन्छ, तर उपर्युक्त मध्ये कुनै पनि एक आधार वा तत्वको अभाव रहेको स्थितिमा आवेशप्रेरित हत्या मानिदैन र अभियुक्तले यस्तो प्रकारको हत्याको सुविधा उपभोग गर्न पाउँदैन अर्थात् कम सजाय हुने छुटको दाबी लिन पाउँदैन । यसरी हेर्दा ज्यान मार्ने मनसायले गरिएको

---

[६] प्रा. डा. रजितभक्त प्रधानाङ्ग समेत, **फौजदारी कानुनको परिचय,** संस्करण २०६२, भृकुटी एकेडेमिक पब्लिकेसन्स, काठमाडौं, पृष्ठ ४१० ।

[७] **मुलुकी ऐन, २०२०** को ज्यान सम्बन्धी महलको १४ नं. ।

हत्या मनसायप्रेरित हत्या ठहर्छ भने ज्यान मार्ने मनसाय तत्वको अभावमा गरिएको हत्या आवेशप्रेरित हत्या ठहर्छ ।

हालै संसदबाट पारित भएको मुलुकी अपराध संहिता[८] मा आवेशप्रेरित हत्याको बारेमा देहाय बमोजिम उल्लेख भएको छ । गम्भीर उत्तेजना वा रिसको आवेशबाट ज्यान लिन नहुने : (१) दफा १७५ वा १७६ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा ज्यान लिने व्यक्तिलाई दशदेखि पन्ध्र वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि एक लाख पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ : (क) कसैले तत्काल गम्भीर उत्तेजना दिलाउने कुनै काम गरेबाट कसुरदारले आत्मसंयमको शक्ति गुमाई त्यस्तो उत्तेजना दिलाउने व्यक्तिको ज्यान मारेकोमा, तर देहायको अवस्थामा यो खण्ड लागू हुने छैन : (१) कसैले कानुनको पालना गर्दा, निजी रक्षाको अधिकारको प्रयोग गर्दा, कुनै राष्ट्रसेवकले आफ्नो पदीय कर्तव्यको पालन गर्दा वा पालन गर्न लागेको कुनै कामबाट कसुरदार उत्तेजित हुन गएमा, (२) कसैलाई कुनै क्षति पुऱ्याउने नियतले कसुरदार स्वयंले उत्तेजित गराएको र त्यसरी उत्तेजित भई सो व्यक्तिले गरेको कामबाट कसैको ज्यान गएकोमा, (ख) निजी रक्षाको अधिकार असल नियतले प्रयोग गर्दा सो अधिकारको सीमा नाघ्न गई जसको विरुद्ध सो अधिकार प्रयोग भएको हो सो व्यक्तिको ज्यान मरेकोमा, (ग) एकाएक भएको झगडामा उठेको रिसको आवेशमा तत्काल कसैको ज्यान मरेकोमा, तर यस खण्ड बमोजिमको काम गर्दा कसुरदारले अनुचित लाभ हासिल गरेको वा क्रुर वा अस्वभाविक तवरबाट काम गरेको हुनु हुँदैन । (२) उपदफा (१) को खण्ड (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि इवी लिएर सोच विचार गरेर ज्यान लिएकोमा सो खण्डहरुमा लेखिएको व्यवस्था लागू हुने छैन । मुलुकी अपराध संहिता संसदबाट पारित भएको छ । योकानुनको रुपमा लागू भएपछि विद्यमान मुलुकी ऐनको व्यवस्था भन्दा परिमार्जित, थप स्पष्ट र बोधगम्य हुनुका साथै आवेशप्रेरित हत्याको सम्बन्धमा विश्वमा प्रचलित अन्य मुलुकमा भएका विद्यमान व्यवस्थाहरुकै दाँजोमा आधुनिक कानुनको रुपमा रहने कुरा विश्वास गर्न सकिन्छ ।

### २.२ अन्य देशको कानुनी व्यवस्था

भारतीय दण्ड संहिताको धारा ३०० को अपवाद- १ मा आवेशप्रेरित हत्याका बारेमा व्यवस्था गरिएको पाइन्छ । सो अनुसार त्यस्तो दोषयुक्त हत्यालाई कर्तव्य ज्यान मानिदैन । जसमा कर्ताले उत्तेजित गराउने व्यक्तिलाई वा तथ्यको भूलले अन्य व्यक्तिलाई गम्भीर र आकस्मिक उत्तेजनाको कारणले आत्मनियन्त्रण गर्न नसकी हत्या गर्दछ भन्ने व्यवस्था गरिएको पाइन्छ । साथै उत्तेजनात्मक हत्या कायम हुनका लागि निम्नलिखित तीन वटा अवस्था समेत विद्यमान हुनु पर्दछ । (१) स्वयं कर्ताले आफूलाई उत्तेजित बनाउन लगाएको हुनु हुँदैन वा कर्ता स्वेच्छिक रुपमा उत्तेजित रुपमा भएको हुनु हुँदैन, (२) कानुनको आज्ञापालन नगरेर श्रृजित आवेशलाई वा सार्वजनिक अधिकार भएको व्यक्तिले कानुनी रुपमा त्यसको अधिकार प्रयोग गर्दा श्रृजित आवेशलाई आवेशप्रेरित हत्याको आधार मान्न सकिन्न र (३) निजी रक्षाको अधिकारलाई

[८] **अपराध संहिता, २०७१** को दफा १७७ ।

कानुनतः प्रयोग गरेको कारणबाट श्रृजित आवेशलाई पनि आवेशप्रेरित हत्याको आधार मान्न सकिन्न ।[९]

ब्रिटेनमा फौजदारी न्याय सम्बन्धी ऐन, १९६७ को दफा ८ मा गरिएको व्यवस्था अनुसार कुनै व्यक्ति उत्तेजित भएको छ छैन वा उत्तेजित भएर कार्य गरेको हो होइन भन्ने कुरा परिस्थितिमा निर्भर रहन्छ । त्यस्तो परिस्थितिका बारेमा यकिन गर्ने दायित्व जुरिसँग रहन्छ । त्यस्तो अवस्थामा जुरीले कर्ताले मार्ने मनसाय राखेर काम गरेको थियो वा थिएन वा मार्ने नियतले शारीरिक पीडा पुऱ्याएको हो वा होइन भनेर हेर्नुपर्ने व्यवस्था गरेको पाइन्छ । ... आवेश-प्रेरित हत्याका बारेमा ज्यान सम्बन्धी ऐन, १९५७ को दफा ३ ले व्यवस्था गरेको भए तापनि यसको आधारमा सजायमा कमीको व्यवस्था कमन ल मै आधारित रहेको छ । उक्त ऐनको दफा ३ मा निम्न बमोजिम रहेको पाइन्छ । जब कुनै व्यक्तिलाई हत्याको आरोप लागेको हुन्छ तब सो व्यक्तिले कसैको गराई वा भनाइ वा दुवै कुराले गर्दा उत्तेजित भई आत्मनियन्त्रण गुमाउँछ, त्यस्तो अवस्थामा उक्त परिस्थिति कुनै पनि विवेक भएको मानिसलाई उत्तेजित तुल्याउन पर्याप्त थियो थिएन भनेर जुरीले हेर्नु पर्दछ । त्यस्तो अवस्थामा भनिएको एवं गरिएको कार्यले उत्तेजित प्रभाव पार्न विवेकसंगत मानिसको नजरमा उपयुक्त थियो थिएन भनेर मूल्यांकन गर्नु पर्दछ ।[१०]

## ३. विगत सात आर्थिक वर्षको मुद्दाको तथ्याङ्क र सोको विश्लेषण

महान्यायाधिवक्ताको कार्यालय र मातहतका उच्च सरकारी वकील कार्यालयहरु तथा जिल्ला सरकारी वकील कार्यालयहरुको विगत सात आर्थिक वर्षको आवेशप्रेरित हत्याको लगत फछ्र्यौट तथ्याङ्कलाई अगल अलग शीर्षकमा उल्लेख गरिएको छ । प्रस्तुत तथ्याङ्कले विगत सात वर्षमा आवेशप्रेरित हत्या मुद्दाको अवस्था कस्तो रहेको थियो र कसुर कायमको स्थिति कस्तो रह्यो भन्ने समेत स्पष्ट पार्दछ । उक्त तथ्याङ्कको आधारमा आवेशप्रेरित हत्याको विश्लेषण समेत गर्ने प्रयास गरिएको छ ।

### ३.१ महान्यायाधिवक्ताको कार्यालयमा रहेका आवेशप्रेरित हत्या मुद्दाको तथ्याक्त र विश्लेषण

महान्यायाधिवक्तको कार्यालयबाट आवेश-प्रेरित हत्या मूद्दामा भएका कारवाहीको विवरण

| आर्थिक वर्ष | जम्मा लगत | फछ्र्यौट | | | | बांकी | फछ्र्यौट प्रतिशत | कसुर कायम प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | कसुर कायम | सफाइ | अन्य | जम्मा | | | |
| २०६६/०६७ | ० | ० | ० | ० | ० | ० | | |
| २०६७/०६८ | ० | ० | ० | ० | ० | ० | | |
| २०६८/०६९ | ० | ० | ० | ० | ० | ० | | |
| २०६९/०७० | ० | ० | ० | ० | ० | ० | | |
| २०७०/०७१ | १ | ० | ० | ० | ० | १ | ०.०० | |
| २०७१/०७२ | १ | ० | १ | | १ | ० | १००.०० | ०.०० |
| २०७२/०७३ | २ | ० | ० | | ० | २ | ०.०० | |
| जम्मा | ४ | ० | १ | ० | १ | ३ | १०० | ० |
| औसत | १ | ० | ० | ० | ० | ० | १४ | ०.०० |

*(स्रोत : महान्यायाधिवक्ताको कार्यालयबाट प्रकाशित महान्यायाधिवक्ताको विभिन्न आर्थिक वर्षका आर्थिक वर्षका वार्षिक प्रतिवेदनहरु)*

[९] सुरेन्द्र भण्डारी, **फौजदारी कानुन,** तेस्रो संस्करण २०५५, पैरवी प्रकाशन, काठमाडौं, पृष्ठ ३५१ ।

[१०] सुरेन्द्र भण्डारी, **फौजदारी कानुन,** तेस्रो संस्करण २०५५, पैरवी प्रकाशन, काठमाडौं, पृष्ठ ३५३-३५४ ।

नेपाल सरकारको तर्फबाट सर्वोच्च अदालतमा दायर भएका विगत दश वर्षको विवरणको विश्लेषण गर्नुपर्नेमा अघिल्ला आर्थिक वर्षका वार्षिक प्रतिवेदनहरुमा आवेशप्रेरित हत्याका सम्बन्धमा छुट्टै विवरण उपलब्ध नभएको हुँदा विगत सात आर्थिक वर्षको लगत, फछ्र्यौट, बाँकी र कसुर कायम भएको स्थिति हेर्दा आवेशप्रेरित हत्यामा सबैभन्दा कम लगत मुद्दा संख्या शुन्य र सबैभन्दा बढी लगत मुद्दा संख्या २ रहेको देखिन्छ । औषतमा १ थान मुद्दा प्रतिवर्ष लगत रहेको देखिए तापनि पछिल्ला वर्षहरुमा लगत बढिरहेको देखिन्छ । फछ्र्यौटको प्रतिशत हेर्दा सबैभन्दा कम शुन्य प्रतिशत र सबैभन्दा बढी शत प्रतिशत रही औषतमा १४ मुद्दा फछ्र्यौट भएको देखिन्छ । यसैगरी कसुर कायमको अवस्था हेर्दा सबैभन्दा कम शुन्य प्रतिशत र सबैभन्दा बढी पनि शुन्य प्रतिशत मुद्दामा कसुर कायम भएको स्थिति देखिन्छ । विगत सात आर्थिक वर्षको कसुर कायम भएको अवस्था हेर्दा औषतमा पनि शुन्य प्रतिशत मुद्दामा कसुर कायम भएको देखिन्छ ।

### ३.२ उच्च सरकारी वकील कार्यालयहरुमा रहेका आवेशप्रेरित हत्या मुद्दाको तथ्याङ्क र विश्लेषण

| उच्च सरकारी वकील कार्यालयहरुबाट आवेशप्रेरित हत्या मूद्दामा भएका कारवाहीको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आर्थिक वर्ष | जम्मा लगत | फछ्र्यौट | | | | बांकी | फछ्र्यौट प्रतिशत | कसुर कायम प्रतिशत |
| | | कसुर कायम | सफाइ | अन्य | जम्मा | | | |
| २०६६/०६७ | १ | ० | ० | ० | ० | १ | ० | |
| २०६७/०६८ | १ | १ | ० | ० | १ | ० | १०० | १००.०० |
| २०६८/०६९ | २ | ० | २ | ० | २ | ० | १०० | ०.०० |
| २०६९/०७० | ० | ० | ० | ० | ० | ० | | |
| २०७०/०७१ | ३ | ० | १ | ० | १ | २ | ३३.३ | ०.०० |
| २०७१/०७२ | ४ | १ | २ | ० | ३ | १ | ७५ | ३३.३३ |
| २०७२/०७३ | १ | ० | १ | ० | १ | ० | १०० | ०.०० |
| जम्मा | १२ | २ | ६ | ० | ८ | ४ | ४०८ | १३३ |
| औसत | २ | ० | १ | ० | १ | १ | ५८ | १९.०५ |

***(स्रोत : महान्यायाधिवक्ताको कार्यालयबाट प्रकाशित महान्यायाधिवक्ताको विभिन्न आर्थिक वर्षका आर्थिक वर्षका वार्षिक प्रतिवेदनहरु)***

नेपाल सरकारको तर्फबाट सम्बन्धित उच्च अदालतमा दायर भएका विगत दश वर्षको विवरणको विश्लेषण गर्नुपर्नेमा अघिल्ला आर्थिक वर्षका वार्षिक प्रतिवेदनहरुमा आवेशप्रेरित हत्याका सम्बन्धमा छुट्टै विवरण उपलब्ध नभएको हुँदा विगत सात आर्थिक वर्षको लगत, फछ्र्यौट, बाँकी र कसुर कायम भएको स्थिति हेर्दा आवेशप्रेरित हत्यामा सबैभन्दा कम लगत मुद्दा संख्या शुन्य र सबैभन्दा बढी लगत मुद्दा संख्या ४ रहेको देखिन्छ । औषतमा २ थान मुद्दा प्रतिवर्ष लगत रहेको देखिए तापनि पछिल्ला वर्षहरुमा लगत बढिरहेको तर अन्तिम आर्थिक वर्षमा स्वात्तै घटेको देखिन्छ । फछ्र्यौटको प्रतिशत हेर्दा सबैभन्दा कम शुन्य प्रतिशत र सबैभन्दा बढी शत प्रतिशत रही औषतमा ५८ मुद्दा फछ्र्यौट भएको देखिन्छ । यसैगरी कसुर कायमको अवस्था हेर्दा सबैभन्दा कम शुन्य प्रतिशत र सबैभन्दा बढी पनि शत प्रतिशत मुद्दामा कसुर कायम भएको स्थिति देखिन्छ । विगत सात आर्थिक वर्षको कसुर कायम भएको अवस्था हेर्दा औषतमा १७.८५ प्रतिशत मुद्दामा कसुर कायम भएको देखिन्छ ।

## ३.३ जिल्ला सरकारी वकील कार्यालयहरुमा रहेका आवेशप्रेरित हत्या मुद्दाको तथ्याङ्क र विश्लेषण

जिल्ला सरकारी वकील कार्यालयहरुबाट आवेश-प्रेरित हत्या मूद्दामा भएका कारबाहीको विवरण


| आर्थिक वर्ष | जम्मा लगत | | फछ्र्यौट | | | | | | | | बांकी | | कसुर कायम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कसुर कायम | | सफाइ | | अन्य | | जम्मा | | | | |
| | मूद्दा | प्रतिवादी | मूद्दा | प्रतिवाद | मूद्दा | प्रतिवादी | मूद्दा | प्रतिवा | मूद्दा | प्रतिवादी | मूद्दा | प्रतिवादी | प्रतिशत |
| २०६६/०६७ | ७ | ३० | ३ | ३ | १ | १५ | ० | ० | ४ | १८ | ३ | १२ | ७५.०० |
| २०६७/०६८ | ३१ | १२० | ११ | ५२ | ८ | २५ | १ | ७ | २० | ८४ | ११ | ३६ | ५५.०० |
| २०६८/०६९ | १८ | ३२ | ९ | १३ | २ | ४ | ० | ० | ११ | १७ | ७ | १५ | ८१.८२ |
| २०६९/०७० | २८ | ६४ | १४ | २१ | ३ | ९ | ० | ० | १७ | ३० | ११ | ३४ | ८२.३५ |
| २०७०/०७१ | ४९ | ९३ | १४ | १६ | १४ | २१ | ० | ० | २८ | ३७ | २१ | ५६ | ५०.०० |
| २०७१/०७२ | २ | ५ | १ | १ | १ | ४ | ० | ० | २ | ५ | ० | ० | ५०.०० |
| २०७२/०७३ | ४ | ४ | १ | १ | २ | २ | ० | ० | ३ | ३ | १ | १ | ३३.३३ |
| जम्मा | १३९ | ३४८ | ५३ | १०७ | ३१ | ८० | १ | ७ | ८५ | १९४ | ५४ | १५४ | २९७.५० |
| औसत | २० | ५० | ८ | १५ | ४ | ११ | ० | १ | १२ | २८ | ८ | २२ | ४२.५० |

***(स्रोत : महान्यायाधिवक्ताको कार्यालयबाट प्रकाशित महान्यायाधिवक्ताको विभिन्न आर्थिक वर्षका आर्थिक वर्षका वार्षिक प्रतिवेदनहरु)***

नेपाल सरकारको तर्फबाट सम्बन्धित जिल्ला अदालतमा दायर भएका विगत दश आर्थिक वर्षको विवरणको विश्लेषण गर्नुपर्नेमा अघिल्ला आर्थिक वर्षका वार्षिक प्रतिवेदनहरुमा आवेशप्रेरित हत्याका सम्बन्धमा छुट्टै विवरण उपलब्ध नभएको हुँदा विगत सात आर्थिक वर्षको लगत, फछ्र्यौट, बाँकी र कसुर कायम भएको स्थिति हेर्दा आवेशप्रेरित हत्या मुद्दाको सबैभन्दा कम लगत मुद्दा संख्या २ र प्रतिवादी संख्या ५ रहेको देखिन्छ भने सबैभन्दा बढी लगत मुद्दा संख्या ४९ र प्रतिवादी संख्या ९३ रहेको देखिन्छ । औषतमा हेर्दा सात आर्थिक वर्षको लगत मुद्दा २० र प्रतिवादी संख्या ५० रहेको देखिन्छ । विगत सात आर्थिक वर्षको सबैभन्दा कम कसुर कायम प्रतिशत ३३.३३ र सबैभन्दा बढी ८२.३५ प्रतिशत मुद्दामा कसुर कायम भएको देखिन्छ । विगत सात आर्थिक वर्षको कसुर कायमको अवस्था हेर्दा औसतमा ४२.५० प्रतिशत मुद्दामा कसुर कायम भएको देखिन्छ । यो कसुर कायमको प्रतिशत अन्य फौजदारी मुद्दाको तुलनामा औषत संख्यामा रहेको छ । मुद्दामा संलग्न प्रतिवादीको संख्या हेर्दा औसत मुद्दामा २ वा सो भन्दा बढी प्रतिवादीहरुको संलग्नता रहेको देखिन्छ ।

## ३.४ जिल्ला सरकारी वकील कार्यालयहरुबाट आवेशप्रेरित हत्या मुद्दामा भएका कारबाहीमा मुद्दा र प्रतिवादीको स्थिति

जिल्ला सरकारी वकील कार्यालयहरुमा लगतका रुपमा रहेका विगत सात वर्षको मुद्दा र प्रतिवादीको संख्यालाई हेर्दा अन्य परम्परागत मुद्दामा झै क्रमश: वृद्धि नभई घटबढ भइरहेको पाइन्छ । यसरी हेर्दा आवेशप्रेरित मुद्दाको संख्या र प्रतिवादीको संख्याका आधारमा यो अपराधको दर घट्ने र बढ्ने गरेको देखिन्छ ।





### ३.५ महान्यायाधिवक्ताको कार्यालय र मातहतका उच्च तथा जिल्ला सरकारी वकील कार्यालयहरुबाट आवेशप्रेरित हत्या मुद्दामा भएका कारबाहीको स्थिति

महान्यायाधिवक्ताको कार्यालय र मातहतका उच्च तथा जिल्ला सरकारी वकील कार्यालयहरुबाट आवेशप्रेरित हत्या मुद्दाको लगत संख्या हेर्दा सबैभन्दा बढी जिल्ला तहमा र क्रमशः उच्च सरकारी वकील र महान्यायाधिवक्ताको कार्यालयमा कम हुँदै आएको देखिन्छ । तीनै तहमा मुद्दाको संख्या प्रत्येक आर्थिक वर्षहरुमा घटबढ भएको भएको तलको सूचकबाट समेत देखिन्छ ।

## ४. सर्वोच्च अदालतबाट भएका फैसलाहरुको विश्लेषण

आवेशप्रेरित हत्याका सम्बन्धमा सर्वोच्च अदालतबाट समय समयमा विभिन्न सिद्धान्त प्रतिपादन हुँदै आएको पाइन्छ । प्रस्तुत अध्ययनमा १७ वटा नजिर समावेश गरिएको छ । जसमध्ये ३ वटा पूर्ण इजलासबाट भएका फैसला छन् भने बाँकी १४ वटा संयुक्त इजलासबाट भएका फैसला छन् । आधिकारिकताको हिसाबले पूर्ण इजलासबाट भएका फैसलालाई पहिले प्रस्तुत गरिएको छ भने सबैभन्दा पछिल्ला फैसलालाई क्रमशः सबैभन्दा माथि उल्लेख गरिएको छ ।



## ४.१ कति मात्रामा रिस उठ्छ वा उठ्दैन भन्ने कुराको स्वीकार्य मापदण्ड बनाउन सजिलो हुँदैन[११]

कुनै अमुक घटना वा व्यवहार कुनै व्यक्तिका लागि तत्कालै गम्भीर प्रकृतिको रिस उठ्ने विषय बन्न सक्दछ भने कसैका लागि सामान्य वा कसैकसैलाई रिसै नउठ्ने पनि हुन सक्दछ । त्यसैले के कस्तो आचरण वा व्यवहारबाट के कस्तो प्रकृतिको के कति मात्रामा रिस उठ्छ वा उठ्दैन भन्ने कुराको स्वीकार्य मापदण्ड बनाउन सजिलो हुँदैन । तर तत्काल उठेको रिसबाट आवेशमा आई गरिने आचरण, व्यवहार वा क्रियाकलापको न्यूनतम् स्वीकार्य मापदण्ड भने हुन सक्ने ।

घाँटी न्याकी पटक-पटक टेबुलमा टाउको ठोक्काइएको कारणबाट बेहोस भई भुइँमा लडेकी महिलालाई निजकै (चुन्नी) सलले घाँटी कसेर मारिएको क्रिया मुलुकी ऐन ज्यानसम्बन्धी महलको १४ नं. ले परिकल्पना गरेको तत्काल उठेको रिस थाम्न नसकी गरेको कार्य तथा सामान्य लाठा, ढुङ्गा वा लात मुक्काले हानेको अवस्था नभई घाँटीमा सलले कसी मारेको क्रियालाई यस अन्तर्गत समावेश गर्न नमिल्ने ।

पटक-पटक टाउको ठोक्काई पहिले नै बेहोस भई लडेको व्यक्तिको पुनः घाँटी कसी मार्नेसम्मको कार्य गरिन्छ भने त्यस्तोमा मानिस मार्ने मनसाय थियो थिएन भनी खोजी गरिरहनु पर्दैन । सो कार्य स्वयं नै मनसाय पुष्टि हुने पर्याप्त र वस्तुनिष्ठ आधार हो । यस्ता कतिपय क्रुर र अमानवीय हत्याका वारदातमा आपराधिक कार्यबाट नै मनसाय निःसृत हुने हुँदा मनसाय तत्वको निरपेक्ष खोजी गर्न आवश्यक नहुने ।

## ४.२ अपरेशन गर्दा २१ दिनपछि मृत्यु भएकाले ज्यान सम्बन्धीको १४ नं. अनुसार नहुने[१२]

कुरूप अनुहारको छाला मिलाउनका लागि गरिएको अपरेशनसित सम्बन्धित एनेस्थेसिया समेतको औषधिहरूका कारण मृत्यु भएको अवस्थामा त्यसलाई एक महिना अगाडि एसीड फालेको वारदातसँग जोडी सोही जरियाबाट मृत्यु भएको भन्ने निष्कर्षमा पुग्न नसकिने । कुरूपतालाई ठिक पार्ने उद्देश्यले गरे गराएको अपरेशनको क्रममा भएको मृत्युको सम्बन्ध मृत्यु हुनु भन्दा एक महिना अगावै एसीड फालिएको घटनासँग जोडेर दोषी र मृत्युको कारक बनाउनु औचित्यपूर्ण, तर्कसंगत, कानुनसम्मत र न्यायपूर्ण नहुने ।

एसीडको प्रभाव वा कारणबाट मृत्यु भएको नभई अपरेशनको क्रममा प्रयोग भएको "विभिन्न औषधिको Side Effect वा Toxic Effect तथा भेन्टिलेटरले स्वास नलीमा सुजन भएको कारण समेतबाट मृत्यु भएको" भन्ने विशेषज्ञ चिकित्सकहरूको प्रतिवेदन र अदालतमा भएको बकपत्र समेतबाट देखिएको अवस्थामा ज्यान सम्बन्धीको १४ नं. अनुसार सजाय गर्न नमिल्ने ।

साधारण लाठी, ढुङ्गा, लात मुक्काको प्रहार नगरी एसीड अनुहारमा फालेको र निज उपचार गरी निको भई डिस्चार्ज भैसकेपछि अनुहारको जलेको भाग पूर्व रूपमा ल्याउने प्रयासस्वरूप अपरेशन गर्दा ऐनले तोकेको समयावधि २१ दिनपछि मृत्यु भएकाले ज्यान सम्बन्धीको १४ नं. अनुसार कुटपिटको घटनाबाट थला परेको नभएमा वा ऐनले तोकेको २१ दिनपछि मरेको अवस्थामा ज्यान सम्बन्धी महलअन्तर्गत ज्यान मारेको भनी सजाय गर्न कानुनअनुकूल नहुने ।

---

[११] नेपाल सरकार वि. अम्वर बहादुर पुन मगर मुद्दा कर्तव्य ज्यान **ने.का.प. २०७०,** अंक ४, नि.नं. ८९८८ **पूर्ण इजलास** ।

[१२] नेपाल सरकार वि. उपेन्द्र शाक्य मुद्दा कर्तव्य ज्यान **ने.का.प. २०७०,** अंक २, नि.नं. ८९५५ **पूर्ण इजलास** ।

### ४.३ मादक पदार्थको सेवनबाट अपराधको प्रकृतिमा अन्तर नआउने र सजायमा छुटको आधार बन्न नसक्ने[१३]

यसमा स्वाभाविक मानवीय भावना र संवेदनशीलता जस्ता कुराहरू पनि विचारणीय हुन्छन् । मृतकको कार्यले प्रतिवादीले आत्मनियन्त्रण गुमाउने परिस्थितिको अवस्था थियो कि थिएन भन्ने कुरा गणितीय हिसाबमा मापन गर्न नसकिए पनि यस्तो कुरा कुनै घटनाको प्रकृति र परिस्थितिद्वारा निर्धारण गरिने कुरा हो । प्रतिवादीकै क्रियाकलापको कारण अथवा प्रतिवादीले नै पहिला मृतकलाई उत्तेजित पारी मृतकको प्रतिक्रियात्मक गतिविधिबाट आवेशको अवस्था उत्पन्न गराउने क्रिया सिर्जित भएमा त्यस अवस्थालाई तत्काल उठेको रिस अथवा तात्कालीन आवेशको संज्ञा दिन नमिल्ने ।

आफ्नो इच्छित कार्यबाट उत्पन्न भएको परिणामलाई अनिच्छाको वा वेहोशीको अवस्थामा गरिएको कार्यको रुपमा हेर्न मिल्दैन । सचेत अवस्थामा आफूले गरेको कुनै कार्यले खराब परिणाम निकाल्न सक्छ भन्ने जान्दाजान्दै पनि सो कार्यमा तल्लीन भई खराब परिणाम उत्पन्न भएमा त्यसको जवाफदेहीता पनि निजले नै बहन गर्नुपर्ने । आफ्नो स्वेच्छाले मादक पदार्थ सेवन गरेको र सो सेवन समेतको असरबाट थप उत्तेजित भई मृतकलाई अन्धाधुन्ध कुटपिट गरेको कार्यबाट मृत्यु भएको हुँदा त्यस्तो अपराधलाई मनसायप्रेरित हत्याकै कोटीमा राखेर हेर्नुपर्ने । सामान्य सुझबुझको व्यक्तिले नशा हुने मादक पदार्थ समेत सेवन गरी वा नगरी गरेको कसुरको लागि ऐन बमोजिम हुने सजायको भागी पनि सोही व्यक्ति बन्नुपर्ने । मादक पदार्थको सेवनबाट अपराधको प्रकृतिमा अन्तर नआउने र सजायमा छुटको आधार बन्न नसक्ने ।

माथि उल्लेखित ३ वटा पूर्ण इजलासबाट भएका फैसलामा सर्वोच्च अदालतले पहिलो मुद्दामा पटक-पटक टाउको ठोक्काई पहिले नै बेहोस भई लडेको व्यक्तिको पुनः घाँटी कसी मार्नेसम्मको कार्य गरिन्छ भने त्यस्तोमा मानिस मार्ने मनसाय थियो थिएन भनी खोजी गरिरहनु पर्दैन भनी दोस्रो मुद्दामा कुरूप अनुहारको छाला मिलाउनका लागि गरिएको अपरेशनसित सम्बन्धित एनेस्थेसिया समेतको औषधिहरूका कारण मृत्यु भएको अवस्थामा त्यसलाई एक महिना अगाडि एसीड फालेको वारदातसँग जोडी सोही जरियाबाट मृत्यु भएको भन्ने निष्कर्षमा पुग्न नसकिने भनी र तेस्रो मुद्दामा प्रतिवादीकै क्रियाकलापको कारण अथवा प्रतिवादीले नै पहिला मृतकलाई उत्तेजित पारी मृतकको प्रतिक्रियात्मक गतिविधिबाट आवेशको अवस्था उत्पन्न गराउने क्रिया सिर्जित भएमा त्यस अवस्थालाई तत्काल उठेको रिस अथवा तात्कालीन आवेशको संज्ञा दिन नमिल्ने भन्दै मादक पदार्थको सेवनबाट अपराधको प्रकृतिमा अन्तर नआउने र सजायमा छुटको आधार बन्न नसक्ने भनी सिद्धान्त प्रतिपादन गरको छ ।

### ४.४ सामूहिकमा पनि आवेशप्रेरित हत्या हुने[१४]

प्रतिवादीहरु सबै मिली नहरमा फालेको सबैको नहरमा लगी फाल्ने समष्टिगत कार्यको परिणाम स्वरुप मृतकको मृत्यु भएको देखिन आएको छ । प्रतिवादीहरुको मृतकको ज्यान लिनुपर्नेसम्म इवी र ज्यान मार्ने मनसायबाट कुनै कार्य नभएको भए तापनि वियर खाने कुरामा तत्काल

---

[१३] नेपाल सरकार वि. टेकबहादुर साँवा (लिम्बू) मुद्दा कर्तव्य ज्यान ने.का.प. २०६६, अंक ११, नि.नं. ८२५८ पूर्ण इजलास ।

[१४] श्री ५ को सरकार वि. हरिबहादुर भन्ने खेमबहादुर के.सी. मुद्दा कर्तव्य ज्यान **सम्बत् २०५७ सालको फौ.पु.इ.नं. ११, १२, १३** फैसला मिति २०५८।३।२९।६ **पूर्ण इजलास** ।

उठेको रिस थाम्न नसकी वियरको बोतलले प्रहार गर्दा मृतक जमिनमा लडेको अवस्थामा मऱ्यो भनी सम्झी सबै प्रतिवादीहरुले मिली नहरमा फालेको र सबै प्रतिवादीहरुको सामूहिक कार्यको समष्टिगत परिणाम स्वरुप पानीमा डुबी मृतकको मृत्यु भएको पुष्टि हुन आएबाट ज्यान सम्बन्धीको १४ नं. को अवस्था विद्यमान रहेको भनी प्रतिवादीहरुलाई जनही दस वर्ष कैद गर्ने गरेको पुनरावेदन अदालत पोखराको इन्साफ मुनासिव ठहर्छ ।

### ४.५ आवेशप्रेरित हत्या आंशिक प्रतिरक्षाको जिकिरको विषय हो[१५]

कुटपिट गर्दा मानिस मर्न सक्छ भन्ने कुरा सामान्य समझ भएको जोसुकैले सहजै अनुमान गर्न सक्नेमा सो स्वाभाविक मानवीय सुझबुझ चेतनालाई ख्याल नगरी रिसको आवेगमा कुटपिट गरेकालाई १३(३) वा ५ नं को कसुरको संज्ञा दिन नमिल्ने । श्रीमतीले मट्टितेल खन्याएको प्रत्यक्ष देखेको विषम परिस्थितिमा आगो लाग्न नदिने उपाय अपनाउनुपर्नेमा सहजै आगो लाग्न सक्ने किसिमबाट मृतक नजिक गई लाइटर बालिएको छ । सामान्य समझ भएका प्रतिवादीलाई त्यसरी लाइटर बाल्दा मानिस मर्न सक्छ भन्ने अनभिज्ञता थियो भनी कल्पना गर्न नसकिने ।

कुनै नियत नै नभएको कर्पोरेसनहरूबाट भएको जनक्षतिमा त ज्यान कसुर ठहर गर्न सकिने गरी corporate manslaughter ले समेत मान्यता पाएको विश्व समुदायको फौजदारी कानुन र स्वयम् यस अदालतबाट क्रमबद्धरूपमा ज्यान मुद्दाहरूमा भएका व्याख्याहरू र संविधानको धारा १०० मा उल्लिखित न्यायका मान्य सिद्धान्तबाट समेत वारदातलाई भवितव्यको संज्ञा दिन नसकिने । मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. भनेको आंशिक प्रतिरक्षाको जिकिर हो । यो प्रतिरक्षा प्रतिवादीले नउठाएसम्म अदालतले यसमा प्रवेश गर्न नमिल्ने हुँदा जिकिर प्रतिवादीबाट त्यसको प्रमाण सहित आउनुपर्ने ।

### ४.६ मृतकले नै प्रतिवादीलाई कुटपिट गरी सो रिस थाम्न नसकी हानेको हुँदा आवेशप्रेरित हत्या देखिने[१६]

प्रतिवादीलाई कुटपिट गरिरहेकोमा मृतकलाई सम्झाउन खोज्दा मृतकले नै प्रतिवादीलाई कुटपिटगरी सिंगल सिंगल खेल्ने हो भनी च्यालेञ्ज गरेको हुँदा रिस थाम्न नसकी सोही वारदातस्थलमै भएको लाठाले हानेको र सोही चोटले मृतकको मृत्यु भएको तथ्य मिसिल प्रमाणबाट पुष्टि भएकोले प्रस्तुत वारदात मनसायप्रेरित नदेखिई आवेशप्रेरित हत्या देखिने ।

### ४.७ मौकामा उठेको रिस थाम्न नसक्ने अवस्थाको समय क्षणिक हुँदा लामो समयसम्म रहँदैन[१७]

उसै मौकामा उठेको रिस थाम्न नसक्ने अवस्थाको समय क्षणिक हुँदा लामो समयसम्म रहँदैन । रिस उठने घटना वारदात भएपछि लामो अन्तरालपछि भएको अवस्थालाई यसले समेट्दैन । एकै क्षणमा एक वा बढी मानिसलाई आवेश वा थाम्न नसक्ने रिस उठन सक्छ वा सक्दैन भन्ने कुरा आवेश उत्पन्न गर्ने कारणमा निर्भर गर्ने गर्दछ । कुनै व्यक्ति विशेषलाई उसको

---

[१५] नेपाल सरकार वि. चन्द्रमान तामाङ डिम्डोङ मुद्दा कर्तव्य ज्यान **ने.का.प. २०७१,** अंक ११, नि.नं. ९२९३ ।

[१६] नेपाल सरकार वि. सेती विश्वकर्मा समेत मुद्दा कर्तव्य ज्यान **ने.का.प. २०७०,** अंक १२, नि.नं. ९०९४ ।

[१७] नेपाल सरकार वि. सुकराम श्रेष्ठ समेत मुद्दा कर्तव्य ज्यान ने.का.प. २०७०, अंक ८, नि.नं. ९०४५ ।

आत्मसम्मानमा चोट पुग्ने वा गम्भीर सम्वेदनशील विषय लिई बेइज्जत गर्ने कार्य गरेमा त्यही व्यक्ति विशेषलाई क्षणिक आबेश वा तत्काल थाम्न नसक्ने रिस उठन सक्छ र अरू छेउछाउमा रहने सुन्नेलाई रिस उठे पनि थाम्न नसक्ने रिस भने उठेको नै हुन्छ भन्न नसकिने ।

## ४.८ न्यायकर्ताले रिस उठेको समय र कसुर सम्पन्न भएको समयको अन्तरालको पक्षमा विचार गर्नैपर्ने[१८]

पहिला सामान्य विवाद भए पनि सोही विवादलाई जरिया बनाई समयको अन्तरालपछि योजनाका साथ बाटोमा लुकी छिपी बसी आक्रमण गरिएको छ । विवाद भएको ठाउँबाट आफ्नो घर गई रिसइबी साध्ने मनस्थितिका साथ आई घटना घटाएको स्थिति हुँदा तत्कालको आवेगमा घटना हुन पुगेको भन्ने देखिँदैन । विवाद भएको तात्कालिक समयमा घटना भएको छैन । विवाद सिर्जना भएको समय र वारदातको समयको अन्तराल लामो भएको अवस्थामा क्षणिक क्षति हुने वा आत्मनियन्त्रण गुम्न जाने स्थिति हुँदैन । आत्मनियन्त्रण गुमेको समयमा नै घटनाले पूर्णता पाइसकेको अवस्थामा केही विचार नै गर्न पाएको नहुने । ज्यानसम्बन्धी महलको १४ नं. मा "उसै मौकामा उठेको रिस थाम्न नसकेको" भन्ने शब्दावलीले समयको तत्वलाई इङ्गित गर्दछ । बिहान १० बजे उठेको रिसको परिणति अपरान्ह ४ बजे हुने क्रियालाई ज्यानसम्बन्धीको १४ नं. ले सम्बोधन गरेको मान्न नमिल्ने । समयको अन्तरालमा रिस शिथिल हुने, अपराध गर्न नहुने कुरामा सचेतता बढ्ने स्थिति हुन्छ । रिस उठेको तत्काल गरिने कार्यमा व्यक्तिले सोच्न नभ्याउने, कुनै योजना बनाउन नभ्याउने स्थिति महसुस गरी यस्तो अवस्थामा हुने ज्यानसम्बन्धी अपराधको सजायमा १० वर्ष मात्र कैदको सहुलियतपूर्ण व्यवस्था गरेकाले ज्यानसम्बन्धी १४ नं. को प्रयोग गर्नु पर्दा न्यायकर्ताले थाम्न नसकिने प्रकृतिको रिस उठेको समय र कसुर सम्पन्न भएको समयको अन्तरालको पक्षमा विचार गर्नैपर्ने ।

पीडितको कारणबाट उत्पन्न हुने आवेशको अवस्था त्यो हदसम्मको हुनुपर्ने मानिन्छ, जुन अवस्थामा सामान्य सुझबुझ भएको मानिस (Reasonable Person) समेत उत्तेजित हुन्छ र आफ्नो उत्तेजित अवस्थालाई नियन्त्रण गर्न सकिरहेको हुँदैन । यस्तो उत्तेजना पीडितको क्रियाकलापबाट अचानक (Sudden) उत्पन्न भई त्यसको आवेशले क्षणिक रूपमा ( Temporarily) आत्मनियन्त्रण गुमाएको हुनुपर्ने ।

आत्मनियन्त्रण गुमाउने अवस्था थियो थिएन भन्ने कुरा गणितीय हिसाबमा आँकलन गर्न नसकिए पनि यो कुनै घटना, परिस्थिति तथा मानवीय संवेदनशीलता जस्ता कुरामा भर पर्ने हुन्छ । यस्तो आवेशको अवस्था हुन आफैंले केही कुरा गरी पीडितबाट आफूलाई उत्तेजित पार्ने कार्य (Self-induce Provocation) गरेको भन्ने नहुनुका साथै पीडितको क्रियाकलापबाट उत्तेजित भए पनि त्यो उत्तेजना शान्त भएको (Cooling off Blood) अवस्थाले पनि आवेशको स्थितिलाई वर्जित गर्ने ।

---

[१८] नेपाल सरकार वि. कमल कामी समेत मुद्दा कर्तव्य ज्यान **ने.का.प. २०७०,** अंक ६, नि.नं. ९०२६ ।

### ४.९ उसै मौकामा उठेको रिस थाम्न नसकी लात मुक्काले हानेबाट मृत्यु हुन गएकाले १४ नं. आकर्षित हुने[१९]

मुलकी ऐनको ज्यान सम्बन्धी महलको ५ नं. अनुसार घटनामा फौजदारी अपराध हुने आपराधिक तत्वमध्येको महत्वपूर्ण तत्व मनसायको अभाव रहने हुन्छ । आफूले गरेको कामबाट मानिस मर्न सक्छ भन्ने परिणामको ज्ञान यसमा हुँदैन । कुनै एउटा कामको निमित्त सावधानीसँग सतर्कतापूर्वक गरिरहेको अवस्थामा अचानक केही ब्यहोराले अरूलाई लाग्न गएकोमा भवितव्य हुन्छ । भवितव्यबाट सो घटना घट्न गएको हो भन्ने पक्षले सो कार्य दुर्घटना थियो, आपराधिक मनसाय र ज्ञानले गरिएको थिएन । उचित सतर्कता र सावधानी राखिएको थियो भन्ने कुराको प्रमाणित गर्नुपर्दछ । सो घटनामा मानिस छ भन्ने कसुरदारलाई थाहासम्म पनि भएको हुनु हुँदैन । अरू नै कुनै केही चीज वस्तु उपर प्रहार गर्दा अचानक मानिस उपर पर्न गई मानिसको मृत्यु भएको हुनुपर्ने । मुलकी ऐनको ज्यान सम्बन्धी महलको १४ नं. को व्यवस्थामा मान्छेको उपस्थिति पनि भएको, घटना वारदात मान्छे-मान्छे बीच भएको तर उक्त मान्छेले मान्छेलाई ज्यान मार्नेसम्मको कुनै मनसाय पनि नभएको, ज्यान लिनुपर्नेसम्मको पूर्व रिसइबी पनि नभएको, लुकी चोरीकन पनि नहानेको, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी साधारण लाठा, ढुङ्गा, लातमुक्का इत्यादिले हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र ज्यान मरेमा दस वर्ष कैद गर्नुपर्छ भन्ने कानुनी अवस्था भएकाले सोही ऐनबमोजिम मानिस-मानिसबीच वारदात हुन गएको तर उसै मौकामा उठेको रिस थाम्न नसकी लात मुक्काले हानेको अवस्थाबाट मृतकको मृत्यु हुन गएकाले सोही ऐनको १४ नं. आकर्षित हुने ।

### ४.१० पीडितको उत्तेजक कार्य र प्रतिवादीको उत्तेजनाको बीचमा अनुपातिक सम्बन्ध (Proportional relationship) स्थापित भएको देखिनुपर्ने[२०]

पीडितको पहिलेदेखि कै विभिन्न कार्य वा अभिव्यक्तिले प्रतिवादीलाई आवेश वा उत्तेजनामा ल्याउने पृष्ठभूमि तयार गरेको हुनसक्ने भए पनि पीडितले तत्काल उत्तेजना सिर्जना गर्ने हदसम्मको कुनै कार्य गरेको हुनुपर्दछ, जसको प्रतिक्रियास्वरूप प्रतिवादीले आफूलाई नियन्त्रण गर्न नसकेको होस् । यसबाट पीडितको कार्य (Provocativeaction) विगतदेखि हुँदै आएको ( Cumulative) भए पनि सोको अन्तिम कडी तत्काल भएको हुनुपर्ने । प्रतिवादीलाई उत्तेजनामा ल्याउने कार्य पीडितबाहेकका अन्य व्यक्तिको आचरण, कार्य वा अभिव्यक्तिको आधारमा भएको हुन नहुने । सामान्यतयाः पीडितको उत्तेजक कार्य प्रतिवादीप्रति नै लक्षित भएको हुनुपर्दछ अर्थात् प्रतिवादी त्यस्तो आवेशमा आउने गरी निजलाई नै लक्षित गरी पीडितले कुनै कार्य गरेको हुनुपर्ने । विशेष परिस्थितिमा स्वीकार गर्न सकिने अपवादको आधारमा पीडितको उत्तेजक कार्य प्रतिवादीप्रति नै लक्षित भएको हुनुपर्ने भन्ने सामान्य नियमको अनुचित विस्तार गर्नु मनासिब नहुने ।

---

[१९] नेपाल सरकार वि. ईश्वर लिम्बु मुद्दा कर्तव्य ज्यान **ने.का.प. २०७०,** अंक ४, नि.नं. ९००५ ।

[२०] नेपाल सरकार वि. पूर्णबहादुर तिम्सिना मुद्दा कर्तव्य ज्यान, जवरजस्ती करणी उद्योग ने.का.प. २०६९, अंक ५, नि.नं. ८८३६ ।

उत्तेजनामा ल्याउने गरी भएको पीडितको कार्य प्रतिवादीले आफ्नो मानसिक नियन्त्रण गुमाउने स्थिति उत्पन्न गर्न सक्ने गरी उत्तेजक हुनु पर्दछ । पीडितको सामान्य कार्य वा भनाइको प्रतिक्रियास्वरूप प्रतिवादी आफैँ अत्याधिक उत्तेजनामा आएमा उसलाई प्रतिरक्षा प्राप्त हुन नसक्ने । प्रतिवादीकै परिवेश वा समान अवस्था र हैसियतको अन्य सामान्य समझ भएको व्यक्ति उक्त अवस्थामा प्रतिवादी सरह उत्तेजित हुन्थ्यो भन्ने कुरा वस्तुगत रूपमा स्थापित गर्न सकिने हुनुपर्दछ । यसबाट पीडितको उत्तेजक कार्य र प्रतिवादीको उत्तेजनाको बीचमा अनुपातिक सम्बन्ध (Proportional relationship) स्थापित भएको देखिनु पर्ने ।

कानुनबमोजिम गरेको कार्यको प्रतिक्रियास्वरूप प्रतिवादी आफैँ अत्याधिक उत्तेजना वा आवेशमा आई पीडितलाई हानि पुऱ्याउँछ वा निजको ज्यान जाने कुनै कार्य गर्दछ भने त्यस्तो प्रतिवादीलाई अत्याधिक आवेशको प्रतिरक्षा प्राप्त हुन नसक्ने । अरूको कानुनी हकको सम्मान गर्नुपर्ने कर्तव्य सबैले पूरा गर्नुपर्ने स्वाभाविक कानुनी अपेक्षा हुने भएकाले आफूलाई चित्त नबुझ्ने कार्य गरेको भन्ने आधारमा मात्र कानुनी कार्यको प्रतिक्रियास्वरूप भएको अत्याधिक आवेशलाई प्रतिरक्षाको आधार मान्न नसकिने । उत्तेजक कार्य र यसको प्रतिक्रियात्मक कार्यको बीचमा अन्तराल भएमा सो अन्तरालले प्रतिवादीमा आएको आवेश शान्त गराउने (Coolingoff) वा मनसाय तत्वको सिर्जना गर्ने (Creation of Intention) समय प्रदान गर्ने हुनाले यस्तो अन्तरालपछि पनि प्रतिवादीले पीडितमाथि आक्रमण गरेमा उसको यस्तो आक्रमक कार्यलाई आवेशप्रेरित कार्यको रूपमा लिन नसकिने । पीडितको उत्तेजक कार्यको तत्काल प्रतिक्रियास्वरूप प्रतिवादीले आफैँउपरको नियन्त्रण पूर्णरूपमा गुमाई कुनै कार्य गर्दा पीडितको ज्यान मर्न गएको अवस्थामा प्रतिवादीले आवेशको जिकीर लिनसक्ने र आंशिक प्रतिरक्षाको सुविधा पाउनसक्ने ।

मृतकले आफ्नो कानुनी अधिकारको प्रयोग गरी करणीको लागि सहमति नदिनु नै यी प्रतिवादीले आफू उपरको नियन्त्रण पूर्णतः गुमाउने गरी आवेशमा आउन सक्ने अवस्थाको सिर्जना गर्ने आधार बन्न नसक्ने । कर्तव्य ज्यानको अपराध कायम हुनको लागि सबै अवस्थामा पूर्व रिसइवी, पूर्वमनसाय वा पूर्वयोजना आवश्यक पर्दछ भन्ने हुँदैन । आपराधिक कार्य विभिन्न कडीहरू ( Segments) को रूपमा रहेको अवस्थामा कुनै कडीमा आपराधिक मनसायको उपस्थिति भएमा अपराध कायम हुनको लागि सो आपराधिक मनसाय पर्याप्त हुने । मार्ने मनसाय कति समयभित्र बन्नु पर्दछ भनेर कुनै पनि सीमामा बाँध्न सकिने कुरा होइन । यो मानसिक अवस्था धेरै पहिलेदेखि रहेको होस् वा तत्काल उत्पन्न भएको होस् यसले आपराधिक कार्यलाई मनसायपूर्वक गरिएको स्थापित गराई सम्पन्न अपराधको प्रकृतिलाई कुनै प्रभाव पार्न नसक्ने ।

### ४.११ आवेशप्रेरित हत्यामा कानुनले निर्धारण गरेका सबै तत्वहरू एक आपसमा गाासिएर रहेको अवस्था हुनु अनिवार्य हुने[२१]

आवेशमा उत्तेजित अवस्था कुन हदसम्म थियो भनी गणितीय हिसाबले यकिन गर्न नसकिने भए पनि प्रतिवादी र मृतकबीचको सम्बन्ध र व्यवहार, मानवीय संवेदनशिलता, कुनै खास घटना वा परिस्थिति जस्ता कुरालाई आँकलन गर्न सकिने । आवेशको उत्तेजना मृतकको क्रियाकलापबाट

[२१] नेपाल सरकार वि. विकास महत समेत मुद्दा कर्तव्य ज्यान ने.का.प. २०६७, अंक ७, नि.नं. ८४१५ ।

अचानक उत्पन्न भई त्यसको प्रभावले अभियुक्तले क्षणिकरुपमा आत्मनियन्त्रण गुमाएको अवस्था हुनुपर्ने ।

मृतकको असह्य क्रियाउपर अभियुक्तले तत्कालै भावावेशको अवस्थामा प्रतिक्रियात्मक रुपमा मृतकउपर आक्रमण गरेको छैन र मृतकउपर आक्रमण गर्न मद्दतगार बोलाउने वा उपयुक्त र अनुकूल वातावरणको खोजी गरी मृतकउपर आक्रमण गरेको अवस्था छ भने त्यस अवस्थालाई आवेशको अवस्था समाप्त भएको मानिने हुँदा त्यस्तो हत्यालाई आवेशप्रेरित हत्याको संज्ञा नदिई मनसायप्रेरित हत्या नै मानिने । फौजदारी विधिशास्त्रमा मनसायप्रेरित हत्या हुन प्रतिवादीले मार्ने मनसाय राखेको हुनैपर्ने, मार्नुपर्ने खास कारण भई त्यसको लागि तयारी र योजना जस्ता कुराहरू रहनुपर्ने मानिए तापनि सबै परिस्थिति र अवस्थामा मनसायप्रेरित हत्यामा योजना र तयारी हुनैपर्छ भन्ने अवस्था नरहने । अवस्था र परिस्थितिअनुरूप अभियुक्तमा तत्काल मृतकउपर ज्यान लिनुपर्ने मनसाय तत्व जागृत भएको हुनसक्छ । वारदातमा प्रत्यक्ष प्रमाण भएको अवस्थामा मार्नु पर्ने खास कारणको खोजी गर्नु उपयुक्त नमानिने ।

हरेक मनसायप्रेरित हत्यामा घातक वा जोखिमी हतियारको प्रयोग निर्णायक तत्व हुन सक्दैन । साधारण लाठा, ढुङ्गा वा लात, मुक्काको निर्घात प्रयोग मृत्युवरण गराउनमा पर्याप्त हुनसक्छ । त्यसैले आवेशप्रेरित हत्यामा कानुनले निर्धारण गरेका सबै तत्वहरू एक आपसमा गाँसिएर रहेको अवस्था हुनु अनिवार्य हुने । मृतकले प्रतिवादीहरूलाई असह्य उत्तेजित पार्ने कुनै पनि क्रिया वा व्यवहार गरेको भन्ने नदेखिएको अवस्थामा मृतकलाई समूहगत रुपमा कुटपिट गरेको र उपचारको लागि लगेको अवस्थामा सोही कुटपिटको जरीयाबाट मृतकको मृत्यु भएको अवस्थामा प्रतिवादीहरूको कार्य आवेशप्रेरित हत्याको रुपमा स्थापित नभई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) नं. अनुरूप मनसायप्रेरित हत्याकै कोटीमा पर्ने ।

### ४.१२ उत्तेजना पीडितको क्रियाकलापबाट अचानक उत्पन्न भई प्रतिवादीले त्यसको आवेशले क्षणिक रुपमा आत्मनियन्त्रण गुमाएको हुनुपर्छ[२२]

मुख्य रुपमा आफूले गरेको कार्यले पीडित मानिसको मृत्युको परिणाम निम्त्याउँदैन भन्नेतर्फ कर्ता सचेत रहेको अवस्थामा दुर्भाग्यवश मानिसको मृत्यु भएमा त्यो भवितव्य हुने कानुनी मनसाय देखिन्छ । त्यसैले भवितव्य हत्यालाई सांयोगिक घटनाको रुपमा ग्रहण गरिन्छ । यसमा फौजदारी अपराधमा हुने आपराधिक तत्वमध्येको महत्वपूर्ण तत्व 'मनासय' को अभाव रहेको हुन्छ । संयोगवस मानिसको मृत्यु हुने हुनाले यस्तो हत्यालाई मनसायप्रेरित हत्याको रुपमा हेरिँदैन । आफूले गरेको कामबाट मानिस मर्न सक्छ भन्ने परिणामको ज्ञान पनि यसका कर्तामा हुनुहुँदैन । ज्यान लिनेसम्मको रिसइवी पनि हुनु नहुने ।

आवेशप्रेरित हत्या पनि प्रतिवादीले आफूले आफैलाई नियन्त्रण गर्न नसकी तत्काल उत्पन्न कुनै कारणबाट उत्तेजित भई आफ्नो कार्यबाट हुने परिणामको ख्यालै नगरी पीडितउपर आक्रमण गर्दा त्यो आक्रमणको कारणबाट पीडितको मृत्यु भएको अवस्था हो । यसमा प्रतिवादीलाई उत्तेजित पार्ने काम पीडित अर्थात मृतकबाटै हुनुपर्दछ । यो उत्तेजना योजनाबद्ध वा पहिलेदेखि

---

[२२] नेपाल सरकार वि. अब्दुल अजीज मुसलमान भन्ने अजीज मुसलमान समेत मुद्दा कर्तव्य ज्यान ने.का.प. २०६७, अंक ४, नि.नं. ८३५४ ।

नै विद्यमान रहेको नभई तत्काल नै मृतकको व्यवहारका कारणले जन्मेको हुनुपर्ने । पीडितको कारणबाट उत्पन्न हुने आवेशको अवस्था त्यो हदसम्म हुनुपर्ने मानिन्छ, जुन अवस्थामा सामान्य सुझबुझ भएको मानिस समेत सामान्य मानवीय कमजोरीका कारणबाट उत्तेजित हुन्छ र आफ्नो उत्तेजित अवस्थालाई नियन्त्रण गर्न सकिरहेको हुँदैन । यस्तो उत्तेजना पीडितको क्रियाकलापबाट अचानक उत्पन्न भई प्रतिवादीले त्यसको आवेशले क्षणिक रुपमा आत्मनियन्त्रण गुमाएको हुनुपर्छ । आत्मनियन्त्रण गुमाउने अवस्था थियो थिएन घटनाको परिस्थिति तथा मानवीय संवेदनशीलता जस्ता कुरामा भर पर्ने ।

## ४.१३ उत्तेजना पीडितको क्रियाकलापबाट अचानक उत्पन्न भई प्रतिवादीले क्षणिक रुपमा आत्मनियन्त्रण गुमाएको हुनुपर्ने[२३]

आफूले गरेको कार्यले मानिसको मृत्युको परिणाम निम्त्याउँदैन भन्नेतर्फ कर्ता सचेत भई सो कार्यतर्फ लक्षित रहेको अवस्थामा दुर्भाग्यबश मानिसको मृत्यु भएमा त्यो भवितब्य हुने कानुनी मनसाय देखिँदा भवितव्य हत्यालाई सांयोगिक घटनाको रुपमा लिइन्छ । संगोगवश मानिसको मृत्यु हुने हुनाले यस्तो हत्यालाई मनसाय प्रेरित हत्याको रुपमा हेरिँदैन र मनसाय तत्वको अभावको कारण यस्तो वारदातलाई आपराधिक गाम्भीर्यता घटाउने परिस्थितिको रुपमा लिइन्छ । मनसाय तत्वको अभावका साथै भवितव्यको घटनामा आवेशपूर्ण परिस्थितिलाई पनि वर्जित गरिन्छ । आवेशपूर्ण स्थितिमा पीडित (मृतक) उपर कर्ता आक्रमक अवस्थामा रहन्छ, जुन भवितव्यमा नहुने ।

फौजदारी विधिशास्त्रमा मनसायप्रेरित हत्या हुन प्रतिवादीले मार्ने मनसाय राखेको हुनै पर्ने, मार्नु पर्ने खास उद्देश्य (Motive) भई त्यसको लागि तयारी र योजना जस्ता कुराहरू रहनुपर्ने मानिए पनि सबै परिस्थितिमा सबै मनसायप्रेरित हत्यामा योजना र तयारी हुनैपर्छ भन्ने अवस्था पनि रहदैन् । तथापि प्रतिवादीमा आफूले गरेको कार्यले मानिसको मृत्युको परिणाम निस्कन्छ भन्ने ज्ञान भई त्यो परिणामको पूर्वानुमान लगाएको साथै त्यो परिणाम निस्कियोस् भन्ने इच्छा राखेको हुन्छ । तर कानुनले आत्मरक्षा वा प्रतिरक्षाको परिस्थितिको व्यवस्था गरेको छ, जसलाई वैध प्रतिरक्षाको उपस्थिति Presence of valid defense मानिन्छ, त्यो अवस्थामा केही गर्दा जुल्मीको मृत्यु भएमा त्यो मनसायप्रेरित हत्याको अपवाद स्वरुप देखा पर्ने ।

मारौ भन्ने मनसायसहित प्रतिवादीले मृतकलाई कुटपिट गरेको पुष्टि हुने प्रमाण मिसिलमा मौजुद नदेखिएको अवस्थामा प्रतिवादीले मृतकलाई ज्यान मारौँ भन्ने मनसायले नै कुटपिट गरेको र मृतकको मृत्यु भएको ठहराउनु न्यायसंगत नहुने । आवेशप्रेरित हत्या पनि प्रतिवादीले आफूले आँफैलाई नियन्त्रण गर्न नसकी उत्तेजित भई आफ्नो कर्तव्यबाट हुने परिणामको ख्यालै नगरी पीडित उपर आक्रमण गर्दा त्यो आक्रमणको कारणबाट पीडितको मृत्यु भएको अवस्था हो । तथापि प्रतिवादीलाई उत्तेजित पार्ने काम पीडित अर्थात् मृतकबाटै हुनुपर्ने ।

पीडितको कारणबाट उत्पन्न हुने आवेशको अवस्था त्यो हदसम्मको हुनुपर्ने मानिन्छ, जुन अवस्थामा सामान्य सुझबुझ भएको मानिस (Reasonable Person) समेत उत्तेजित हुन्छ र आफ्नो उत्तेजित अवस्थालाई नियन्त्रण गर्न सकिरहेको हुँदैन । यस्तो उत्तेजना पीडितको

---

[२३] नेपाल सरकार वि. जीत बहादुर बुढाथोकी मुद्दा कर्तव्य ज्यान ने.का.प. २०६६, अंक ६, नि.नं. ८१६७ ।

क्रियाकलापबाट अचानक (Sudden) उत्पन्न भई प्रतिवादीले त्यसको आवेशले क्षणिकरुपमा ( Temporarily) आत्मनियन्त्रण गुमाएको हुनुपर्ने ।

आत्मनियन्त्रण गुमाउने अवस्था थियो थिएन भन्ने कुरा गणितीय हिसावमा आंकलन गर्न नसकिए पनि यो कुनै घटना, परिस्थिति तथा मानवीय सम्वेदनशीलता जस्ता कुरामा भर पर्ने हुन्छ । यस्तो आवेशको अवस्था हुन प्रतिवादीले आफैंले केही कुरा गरी पीडितबाट आफूलाई उत्तेजित पार्ने कार्य (Self-induce Provocation) गरेको भन्ने हुन नहुनुका साथै पीडितको क्रियाकलापबाट उत्तेजित भए पनि त्यो उत्तेजना शान्त भएको (Cooling OffBlood) अवस्थाले पनि आवेशको स्थितिलाई वर्जित गर्ने ।

### ४.१४ प्रतिवादीले तत्काल उठेको रिस थाम्न नसकी प्रहार गरेको कुरा ज्यानसम्बन्धी महलको १४ नं. अवस्थाभित्रै पर्ने[२४]

भवितव्य हुन ज्यान लिनेसम्मको इविलाग वा मनसाय नभएको र आफूले गरेको कर्तव्यले मानिस मर्ला जस्तो नदेखिएको हुनुपर्ने र यसबाट कुनै कार्य फौजदारी अपराध हुनको लागि आवश्यक पर्ने आपराधिक मनसाय (Mens rea) र आपराधिक कार्य (Actus rius) दुई तत्वहरूको विद्यमानता नभई आशयरहितको अप्रत्यासित भएको कार्य भवितव्य ठहरिने । ज्यान मार्ने मनसाय पनि नभएको, इवी पनि नभएको र लुकी चोरी पनि नहानेको तर, त्यसैबेला उठेको कुरामा रिस थाम्न नसकी लाठा, ढुंगा, लात, मुक्काले हान्दा मानिसको मृत्यु भएमा आवेशप्रेरित हत्या ठहर्ने । प्रतिवादीले तत्काल उठेको रिस थाम्न नसकी प्रहार गरेको कुरा ज्यानसम्बन्धी महलको १४ नं. मा वर्णित अवस्थाभित्रै पर्ने हुँदा यस्तोलाई आवेशप्रेरित हत्याभन्दा अन्यथा भन्न नमिल्ने ।

### ४.१५ ज्यान सम्बन्धीको १४ नं. को अवस्था कायम हुनको लागि तत्काल उठेको रिस थाम्न नसकी प्रहार गर्दा ज्यान मरेको अवस्था हुनपर्ने[२५]

ज्यान सम्बन्धीको ६ नं. को कर्तव्यमा कर्तालाई परिणामको पूर्वज्ञान अर्थात आफ्नो कार्यबाट ज्यान मर्न सक्ने जस्तो अवस्था देखिनु पनि हुँदैन । अर्थात् आकस्मिक कार्यको परिणाम स्वरुप भवितव्य घट्ने हुन्छ । दुवै दफाले तोकेको सजायमा मनसाय तत्वको अभाव रहने भएपनि ज्यान सम्बन्धीको ५ र १४ नं. को बनावट हेर्दा ज्यान सम्बन्धीको १४ नं. को अवस्था कायम हुनको लागि प्रतिवादी अर्थात चोट प्रहारकर्ताले तत्काल उठेको रिस थाम्न नसकी लाठा ढुंगा लात मुक्काको प्रहार गर्दा ज्यान मरेको अवस्था हुन पर्ने तर त्यस्तो ज्यान लिने कार्य लुकी चोरीकन हानेको जोखिमी हतियारले हानेको वा विष खुवाई मारेको अवस्थामा भने ज्यान सम्बन्धीको महलको १४ नं. आकर्षित हुने नभई अपराधको गाम्भिर्यता अनुसार मनसायपूर्ण हत्याकै रुपमा हेर्न पर्ने र यस्तो अवस्थामा मात्र अभियोग मागदाबी अनुसार ज्यान सम्बन्धी को १३ नं. अनुसार सजाय हुने ।

[२४] नेपाल सरकार वि. नरेशसिंह खड्का मुद्दा कर्तव्य ज्यान ने.का.प. २०६४, अंक १०, नि.नं. ७८९१ ।

[२५] नेपाल सरकार वि. बसन्त कुमार यादव समेत मुद्दा कर्तव्य ज्यान ने.का.प. २०६४, अंक ४, नि.नं. ७८३४ ।

भवितव्य र आवेशप्रेरित हत्या दुवैमा आपराधिक कार्य भनेको कुनै कार्यको परिणाम स्वरुप ज्यान मरेको अवस्था विद्यमान हुनु हो र यी दुवैमा मनसाय तत्वको अभाव रहेको हुँदा कुनै कर्तव्य भवितव्य दुर्घटना वा आशय रहितको हो होइन ज्यान सम्बन्धीको ५ र ६ नं. को अवस्था विद्यमान रहेको छ, छैन भन्ने सम्बन्धमा मुलुकी ऐन ज्यान सम्बन्धीको ५, ६ र १४ नं. को कानुनी उद्देश्य सम्बन्धमा विचार गर्नुपर्ने हुन्छ । जहाँ कर्ता तत्काल आवेशमा आई निजले मृतक उपर शारीरिक आक्रमण वा साधारण हतियारले प्रहार गरेको अवस्था विद्यमान हुनुपर्ने हुन्छ । साधारण लाठा, ढुंगा, लात, मुक्का इत्यादिले हान्दा भन्ने वाक्यांश प्रयोग भएबाट कर्ता र मृतकको वारदात हुँदाको अवस्थामा सन्निकटता वा सामिप्यताको कल्पना समेत गरेको पाइन्छ । जुन कुरा कर्ता र मृतक तत्काल आवेशमा आउँदा एक अर्काको नजिकमा हुँदा मात्र वारदातको सम्भावना रहन्छ भने ज्यान सम्बन्धीको ५ नं. ले भवितव्यको अवस्था कायम हुनको लागि कुनै पनि कार्य तत्काल आवेशप्रेरित भई तत्कालै शारीरिक आक्रमण गरेको अवस्थाको कल्पना गरेको नभई आफूले गरेको कार्यबाट लक्षित व्यक्ति मर्ला जस्तो नदेखिने कुनै कार्य गर्दा मरेको अवस्थालाई मध्यनजर राखेको पाइन्छ । अर्थात् कर्ताले गरेको कार्य प्रत्यक्षरुपमा आपत्तिजनक वा कसुरजन्य नभएको भएपनि अनिश्चित परिणाम श्रृजना भई मृत्यु भएको सम्मको अवस्थालाई दृष्टिगत गरी उक्त नं. को व्यवस्था भएको देखिन्छ । कर्ता आवेशप्रेरित छ र निजले गर्न खोजेको काम अर्थात् निजले प्रहार गरेको चोट निर्दोष र स्वभाविक नभई प्रारम्भत गैरकानुनी र अनुचित छ र त्यसको परिणामले मानिस मर्नेसम्मको विन्दुमा पुग्दछ भने त्यस्तो परिस्थितिलाई समेट्ने गरी ज्यान सम्बन्धीको ५ नं. को प्रावधानको तर्जुमा भएको देखिन नआउने ।

### ४.१६ तत्काल उठेको रिस थाम्न नसकी प्रहार गरेबाट ज्यान मरेमा ज्यान सम्बन्धीको १३ नं. आकर्षित नहुने[२६]

ज्यान सम्बन्धीको १३ नं. र सोको देहाय (३) को कानुनी व्यवस्थाले ज्यान मार्ने मनसाय रही ज्यान मारेकोलाई मात्र यो नम्बर बमोजिम सजाय हुनसक्ने देखिन्छ । ज्यानमार्ने मनसाय इवी वा योजना नभएको र तत्काल उठेको रिस थाम्न नसकी प्रहार गरेबाट ज्यान मर्न गएको अवस्थामा ज्यान सम्बन्धीको १३ नं. आकर्षित नहुने ।

ज्यान मार्ने पूर्वमनसाय रहेको वा लुकी चोरीकन हानेको जस्ता कुनै तत्वको विधमानता नभई कुनै कुरामा रिस उठेमा साधारण लात, मुक्का, लाठा, ढुंगाले हानेमा ज्यान मर्न गए १४ नं.को कसुर कायम हुने । आफूसँग मात्र झैं झगडा भईरिस उठेमा मात्र उक्त नं. आकर्षित हुने र अन्य व्यक्तिसंगको झगडामा रिस उठी प्रहार गरेमा आकर्षित नहुने भन्न नमिल्ने ।

### ४.१७ रिस उठी तत्काल घाटी वटारी दिएको अवस्था देखिदा १४ नं. का रीतसँग मारेको देखिने[२७]

प्रतिवादीले अदालतमा बयान गर्दा एउटा हात मुखदेखि तल चिउडोमा र अर्को हात टाउकोको पछाडि पट्टिको भागमा पकडी दायाँ वायाँ दुवैतिर वटारेको भनी उल्लेख गराएको देखिन्छ ।

---

[२६] नेपाल सरकार वि. राजलाल मुखिया वीन समेत मुद्दा कर्तव्य ज्यान ने.का.प. २०६३, अंक ३, नि.नं. ७६६८ ।

[२७] नेपाल सरकार वि. दलबहादुर खत्री मुद्दा कर्तव्य ज्यान ने.का.प. २०६१, अंक २, नि.नं. ७३२९ ।

त्यसरी घाँटी जस्तो संवेदनशील अङ्गलाई टाउको र चिउडोमा समाई दायाँ बाँया बटारेको अवस्थामा मानिस मर्न सक्ने नदेखिने भन्न सकिने अवस्था नहुँदा चिउडो र टाउको समाई दायाँ बाँया बटारेको कारण मानिस मर्न गएकोलाई भवितव्य पर्न गएको भन्न नमिल्ने । वारदातको ऐन मौकामा देख्ने कोही नभएको उक्त घटना करणी गर्न नदिएको एवं आफ्नो लिङ्ग र अण्डकोष अठ्याई दिएको रिसले टाउको बटारी दिएको भन्ने प्रतिवादीको भनाइ रहेको र निजले आफ्नो उक्त व्यहोरा वारदात पछि दाङ्ग सोडियारका मानवहादुर खत्री समेतसँग तत्काल मौकामा व्यक्त गरेको मिसिलबाट देखिदा मृतकलाई मार्न पूर्वतयारी नगरेको अवस्थाका अतिरिक्त मनसायको अभाव भएकै आधारमा उच्च अदालतबाट वादी दाबी भन्दा घटी सजाय गर्ने गरेको फैसला उपर वादी तर्फबाट पुनरावेदन परेको नदेखिएको हुँदा समेत प्रतिवादीको मृतकलाई मार्ने मनसाय नरहेको तथ्य स्थापित भैसकेको देखिने ।

लुकी चोरीकन हानेको अवस्था समेत नभई करणी गर्न नपाएको एवं मृतकले लिङ्ग र अण्डकोष अठ्याई दिएको कारण रिस उठी तत्काल घाँटी बटारी दिएको अवस्था देखिँदा प्रतिवादी दलबहादुर खत्रीले वसन्ती खत्रीलाई ज्यान सम्बन्धी महलको १४ नं. का रीतसँग मारेको देखिने ।[२८]

### ४.१८ खुकुरी प्रहार गरेकोमा १४ नं. ले आवेशप्रेरित हत्या हुन सक्ने अवस्था रहदैन[२९]

प्रस्तुत वारदातमा मर्ने पवित्राकुमारी पाण्डेको काखमा रहेकी भन्ने देखिनेमा निजलाई खुकुरी प्रहार गर्दा छोरीलाई समेत लाग्न सक्ने अवस्था रहेको देखिन्छ । त्यस्तोमा खुकुरी प्रहार गरेकोमा मुलुकी ऐन ज्यान सम्बन्धीको ५ नं. ले भवितव्य र ऐ. १४ नं ले आवेशप्रेरित हत्या हुन सक्ने अवस्था रहेको पनि देखिदैन । तसर्थ आरोपित कसुरमा प्रतिवादीलाई मुलुकी ऐन ज्यान सम्बन्धीको १३(१) नं. ले सर्वश्व सहित जन्मकैदको सजाय हुने ठहऱ्याएको शुरु झापा जिल्ला अदालतको इन्साफ सदर गरेको पुनरावेदन अदालत इलामको इन्साफ मिलेकै देखिँदा मनासिव ठहर्ने ।

### ४.१९ १४ नं. को दाबी पुष्टि हुन नसके पछि दाबी भन्दा असान्दर्भिक१७(३) नं. को कसुर गरेको भनी मान्न नसकिने[३०]

मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १४ नं. को कानुनी व्यवस्था हेर्दा ज्यान मार्नको मनसाय नरहेको ज्यान लिनुपर्नेसम्मको इवी पनि नरहेको, लुकी चोरी नहानेको उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि हान्दा सोही चोट पिरले मरेको १० वर्ष कैद गर्नुपर्ने व्यवस्था उल्लेख भएको र ऐ.१७(३) नं. मा ज्यान मार्ने मतलवमा फसेको मुख्य भई बचन पनि नदिने हात हतियार पनि नछोड्ने, जिउमा पनि नछुने मार्ने ठाउँमा गई अरु कुरा केही नगरी हेरी रहनेलाई र अन्य मतलवीलाई ६ महिना देखि तीन वर्षसम्म कैद गर्नुपर्ने उल्लेख भएको पाइन्छ । यसरी मुलुकी ऐन ज्यान सम्बन्धीको १४ नं. को कसुरको प्रकृतिसँग ऐ. १७(३) नं. को कसुरको प्रकृति पूर्णतः असान्दर्भिक एवं असम्बन्धित

---

[२८] नेपाल सरकार वि. दलबहादुर खत्री मुद्दा कर्तव्य ज्यान ने.का.प. २०६१, अंक २, नि.नं. ७३२९ ।

[२९] श्री ५ को सरकार वि. तोयानाथ पाण्डे मुद्दा कर्तव्य ज्यान ने.का.प. २०५६, अंक ३, नि.नं. ६६९१ ।

[३०] श्री ५ को सरकार वि. देव सांगे लामा समेत मुद्दा कर्तव्य ज्यान **ने.का.प. २०५८,** अंक ७, नि.नं. ७०२६ ।

रहेकोमा वादीले ज्यान समबन्धीको १४ नं. को कसुरको दाबी लिएको अवस्थामा उक्त १४ नं. को दाबी पुष्टि हुन नसके पछि प्रतिवादीहरुले वादी दाबी भन्दा असान्दर्भिक एवं दफा १७(३) नं. को कसुर गरेको भनी मान्न सकिने अवस्था समेत रहँदैन ।

### ४.२१ **धेरैजनाले हुल भई धेरैपटक चोट छाडेको हुँदा आवेशप्रेरित हत्या हुन नसक्ने**[३१]

पेटमा विभिन्न viscera हरूमा भएको चोटले अतिसय रक्तश्राव भएर र टाउकोमा गिदीमा लागेको चोटले रक्तश्रावबाट क्षोभ भएर मृत्यु भएको हो भन्ने कुरा देखिनाले एकपटक मात्र चोट छाडेको भन्न सकिने अवस्थाको देखिन नआउने ।धेरैजनाले हुल भई धेरैपटक चोट छाडेको देखिन आउँदा ज्यानसम्बन्धीको १४ नं.नै यसमा प्रयोग हुनसक्ने भन्ने भन्न नमिल्ने ।

## ५. आवेशप्रेरित हत्या अपराधको विद्यमान अवस्था

नेपाली कानुन प्रणालीमा आवेशप्रेरित हत्यालाई विगत लामो समय देखि कम सजाय हुने कसुर अन्तर्गत राखी सोही बमोजिम नै कम सजायको व्यवस्था गर्ने गरिएको पाइन्छ । माथि प्रस्तुत मुद्दाको संख्यात्मक विश्लेषणमा विगत सात आर्थिक वर्षको महान्यायाधिवक्ताको कार्यालय र मातहतका उच्च तथा जिल्ला सरकारी वकील कार्यालयमा रहेका मुद्दाको लगत हेर्दा संख्यात्मक अनुपात निकै कम रहेको एवं कसुर कायमको दर अत्यन्त न्यून रहेको देखिन्छ । नेपाल सरकारको तर्फबाट अदालतमा दायर भएका (जिल्ला प्रशासनमा दायर हुने सार्वजनिक अपराध समेत बाहेक गर्दा) झण्डै ७० प्रतिशतसम्म मुद्दामा कसुर कायम भएको महान्यायाधिवक्ताको विभिन्न आर्थिक वर्षमा प्रकाशित वार्षिक प्रतिवेदनले देखाएको अवस्थामा आवेशप्रेरित हत्याको कसुर कायमको अवस्था विगत सात वर्षको औषत हेर्दा अत्यन्त न्यून रहेको देखिन्छ । साथै मुद्दाको सुनुवाइ भएपछि अदालतले सरकारले अभियोजन गरेको आवेशप्रेरित हत्या सम्बन्धी अपराधमा केही मुद्दामा मात्र अभियोग माग दाबी बमोजिमको सजाय गर्ने गरेको पाइन्छ । सो निर्णय उपर नेपाल सरकारको पुनरावेदन, निवेदन परी सर्वोच्च अदालतसम्म गए पनि निर्णयमा खासै भिन्नता हुने गरेको देखिदैन ।

शुरुका दिनमा पीडित स्वयंको कारणले नै प्रतिवादी आवेशमा आएको हुनुपर्ने अनिवार्य शर्त हालका दिनमा केही परिवर्तन भई अन्य कुनै कारणले आवेशमा आएको स्थितिमा पनि आवेशप्रेरित हत्या हुने गरी विधिशास्त्रीय अवधारणा र कानुनी सिद्धान्त विकसित हुँदै आएको पाइन्छ । नेपालको सर्वोच्च अदालतको दृष्टिकोण हेर्दा प्रतिवादी एक जना मात्र नभएर धेरै प्रतिवादीहरु भएको मुद्दामा समेत आवेशप्रेरित हत्या ठहर भएको अवस्था एकातिर देखिन्छ भने अर्कोतिर ज्यान सम्बन्धीको १४ नं. पुष्टि नहुने अवस्थामा १७ नं. बमोजिम मतियार सजाय नसक्ने गरी व्याख्या भएको छ ।

[३१] श्री ५ को सरकार वि. धनबहादुर तामाङ समेत मुद्दा कर्तव्य ज्यान **ने.का.प. २०४३,**अंक १०, नि.नं. २८९५ ।

## ६. अध्ययनको नतिजा

आवेशप्रेरित मुद्दामा माथि उल्लेखित विश्लेषण र सर्वोच्च अदालतले प्रतिपादन गरेका कानुनी सिद्धान्त समेतका आधारमा अध्ययनको प्राप्तिलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :

- पटक-पटक टाउको ठोक्काई पहिले नै बेहोस भई लडेको व्यक्तिको पुनः घाँटी कसी मार्नेसम्मको कार्य गरिन्छ भने त्यस्तोमा मानिस मार्ने मनसाय थियो थिएन भनी खोजी गरिरहनु पर्दैन ।
- प्रतिवादीकै क्रियाकलापको कारण मृतकलाई उत्तेजित पारी मृतकको प्रतिक्रियात्मक गतिविधिबाट आवेशको अवस्था उत्पन्न गराउने क्रिया सिर्जित भएमा त्यस अवस्थालाई तत्काल उठेको रिस अथवा तात्कालीन आवेशको संज्ञा दिन नमिल्ने ।
- मादक पदार्थको सेवनबाट अपराधको प्रकृतिमा अन्तर नआउने र सजायमा छुटको आधार बन्न नसक्ने ।
- मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं भनेको आंशिक प्रतिरक्षाको जिकिर हो । यो प्रतिरक्षा प्रतिवादीले नउठाएसम्म अदालतले यसमा प्रवेश गर्न नमिल्ने हुँदा जिकिर प्रतिवादीबाट त्यसको प्रमाण सहित आउनुपर्ने ।
- रिस उठेको तत्काल गरिने कार्यमा व्यक्तिले सोच्न नभ्याउने, कुनै योजना बनाउन नभ्याउने स्थिति महसूस गरी यस्तो अवस्थामा हुने ज्यानसम्बन्धी अपराधको सजायमा १० वर्ष मात्र कैदको सहुलियतपूर्ण व्यवस्था गरेकाले ज्यानसम्बन्धी १४ नं. को प्रयोग गर्नु पर्दा न्यायकर्ताले थाम्न नसकिने प्रकृतिको रिस उठेको समय र कसुर सम्पन्न भएको समयको अन्तरालको पक्षमा विचार गर्नैपर्ने ।
- मानिस-मानिसबीच वारदात हुन गएको तर उसै मौकामा उठेको रिस थाम्न नसकी लात मुक्काले हानेको अवस्थाबाट मृतकको मृत्यु हुन गएकाले सोही ऐनको १४ नं. आकर्षित हुने ।
- पीडितको कार्य (Provocativeaction) विगतदेखि हुँदै आएको (Cumulative) भए पनि सोको अन्तिम कडी तत्काल भएको हुनुपर्ने । प्रतिवादीलाई उत्तेजनामा ल्याउने कार्य पीडितबाहेकका अन्य व्यक्तिको आचरण, कार्य वा अभिव्यक्तिको आधारमा भएको हुन नहुने । पीडितको उत्तेजक कार्यको तत्काल प्रतिक्रियास्वरूप प्रतिवादीले आफैँउपरको नियन्त्रण पूर्ण रूपमा गुमाई कुनै कार्य गर्दा पीडितको ज्यान मर्न गएको अवस्थामा प्रतिवादीले आवेशको जिकीर लिनसक्ने र आंशिक प्रतिरक्षाको सुविधा पाउनसक्ने ।
- मृतकको असह्य क्रियाउपर अभियुक्तले तत्कालै भावावेशको अवस्थामा प्रतिक्रियात्मक रुपमा मृतकउपर आक्रमण गरेको छैन र मृतकउपर आक्रमण गर्न मद्दतगार बोलाउने वा उपयुक्त र अनुकूल वातावरणको खोजी गरी मृतकउपर आक्रमण गरेको अवस्था छ भने त्यस अवस्थालाई आवेशको अवस्था समाप्त भएको मानिने हुँदा त्यस्तो हत्यालाई आवेशप्रेरित हत्याको संज्ञा नदिई मनसायप्रेरित हत्या नै मानिने ।

- ज्यान मार्ने मनशाय पनि नभएको, इवि पनि नभएको र लुकी चोरी पनि नहानेको तर, त्यसैबेला उठेको कुरामा रिस थाम्न नसकी लाठा, ढुंगा, लात, मुक्काले हान्दा मानिसको मृत्यु भएमा आवेशप्रेरित हत्या ठहर्ने ।
- भवितव्य र आवेशप्रेरित हत्या दुवैमा आपराधिक कार्य भनेको कुनै कार्यको परिणाम स्वरुप ज्यान मरेको अवस्था विद्यमान हुनु हो र यी दुवैमा मनसाय तत्वको अभाव रहेको हुँदा कुनै कर्तव्य भवितव्य दुर्घटना वा आशय रहितको हो होइन ज्यान सम्बन्धीको ५ र ६ नं. को अवस्था विद्यमान रहेको छ, छैन भन्ने सम्बन्धमा मुलुकी ऐन ज्यान सम्बन्धीको ५, ६ र १४ नं. को कानुनी उद्देश्य सम्बन्धमा विचार गर्नुपर्ने हुन्छ ।
- आफूसँग मात्र झैं झगडा भई रिस उठेमा मात्र उक्त नं. आकर्षित हुने र अन्य व्यक्तिसंगको झगडामा रिस उठी प्रहार गरेमा आकर्षित नहुने भन्न नमिल्ने ।
- लुकी चोरीकन हानेको अवस्था समेत नभई करणी गर्न नपाएको एवं मृतकले लिङ्ग र अण्डकोष अठ्याई दिएको कारण रिस उठी तत्काल घाँटी बटारी दिएको अवस्था देखिँदा प्रतिवादीले पीडितलाई ज्यान सम्बन्धी  महलको १४ नं. का रीतसँग मारेको देखिने ।

## ७. निष्कर्ष

आवेशप्रेरित हत्या भन्नाले मनसाययुक्त र भवितव्य नभई उत्तेजना, उद्वेगयुक्त जोश, आवेग, रिस वा तत्काल उठेको मनोवेगका कारण हुन पुगेको हत्यालाई बुझ्नुपर्ने हुन्छ । आवेशप्रेरित हत्या हुनका लागि तत्काल उत्तेजना हुनु आवश्यक छ जसका लागि निम्न पूर्वावस्थाहरु अकस्मात् र गम्भीर रुपमा उत्तेजना श्रृजित हुनु, जसले गर्दा अभियुक्तले आत्मनियन्त्रण गुमाउनु र मृतक स्वयंले अभियुक्तलाई उत्तेजित तुल्याएको हुनु विद्यमान हुनु पर्दछ । आवेशप्रेरित हत्या यस्तो प्रकारको हत्या हो जुन अपराधमा आंशिक प्रतिरक्षाको जिकिर प्रतिवादीले नउठाएसम्म अदालतले यसमा प्रवेश गर्न नमिल्ने हुँदा त्यस्तो जिकिर प्रतिवादीबाट त्यसको प्रमाण सहित आउनुपर्ने हुन्छ । आवेशप्रेरित हत्या ज्यान सम्बन्धी अपराध अन्तर्गतकै गैरकानुनी हत्या अन्तर्गत पर्ने कम सजाय हुने हत्या अन्तर्गत पर्ने चार प्रकारका हत्या मध्येको एक प्रकारको हत्या हो । रिस उठेको समयमा तत्काल गरिने उत्तेजित कार्यमा व्यक्तिले सोच्न नभ्याउने, कुनै योजना बनाउन नभ्याउने स्थिति महसुस गरी यस्तो अवस्थामा हुने कम सजाय हुने सहुलियतपूर्ण व्यवस्था गरेकाले आवेशप्रेरित हत्याको प्रयोग गर्नु पर्दा अभियोजनकर्ता र न्यायकर्ताले थाम्न नसकिने प्रकृतिको रिस उठेको समय र कसुर सम्पन्न भएको समयको अन्तरालको पक्षमा विचार गर्नैपर्ने हुन्छ । आवेशको अवस्था हुन आफैंले केही कुरा गरी पीडितबाट आफूलाई उत्तेजित पार्ने कार्य गरेको हुनु हुँदैन साथै पीडितको क्रियाकलापबाट उत्तेजित भए पनि त्यो उत्तेजना शान्त भएको अवस्थाले पनि आवेशको स्थितिलाई वर्जित गर्ने हुँदा त्यता तर्फ अभियोजनकर्ता र न्यायकर्ता सजग हुनुपर्ने देखिन्छ । प्रतिवादीले नै पहिला मृतकलाई उत्तेजित पारी मृतकको प्रतिक्रियात्मक गतिविधिबाट आवेशको अवस्था उत्पन्न गराउने क्रिया सिर्जित भएमा त्यस अवस्थालाई तत्काल उठेको रिस अथवा तात्कालीन आवेशको संज्ञा दिन नमिलने हुन्छ ।

## ८. सुझाव

अभियोजनको सफलता नै अपराध अनुसन्धानको लक्ष्य हो । आवेश हो होइन भन्ने विषय पुष्टि अनुसन्धानबाटै प्रष्ट पार्न सक्नु पर्दछ । आवेश हो भनी प्रतिवादीले जिकिर नलिँदासम्म र पुष्टि गर्न नसक्दासम्म अदालतले निर्णयबाट वारदातलाई आवेशमा परिणत गर्न सिद्धान्ततः मिल्ने हुँदैन । साथै पीडितको कार्यको कारण उत्तेजनाको हद माथि आई संयमता कायम गर्न नसकेको र आत्मनियन्त्रण गुमाएको अवस्था देखिनु पर्दछ । आवेश ठहरिने अवस्थामा सहयोगी अभियुक्त हुने अवस्था हुँदैन । तर अदालतबाट भएका (विशेष गरी तल्ला तहमा) १४ नं. र १७ नं. को प्रयोग गरी सजाय गरिएको पाइन्छ । यो विल्कुलै मिल्ने विषय हैन । साथै कर्तव्य ज्यान र आवेशप्रेरित हत्या बीच तथा आवेशप्रेरित हत्या र भवितव्य बीचको फरक वा भिन्नतामा स्पष्टता आवश्यक छ । आवेशप्रेरित हत्या अपराधमा प्रभावकारी अभियोजनको लागि भौतिक सवुदमुखी अनुसन्धान प्रणालीको विकास गर्दै अनुसन्धानकर्ता प्रहरी, विधिविज्ञान विज्ञ र अभियोजनकर्ता सरकारी वकीलका बीच पारस्परिक सहयोग, विश्वास र व्यावसायिक समन्वय महत्वपूर्ण हुन्छ ।

## सन्दर्भ सामग्री


१. नेपालको संविधान
२. मुलुकी ऐन, २०२०
३. मुलकीअपराध संहिता, २०७३
४. डा. शंकर कुमार श्रेष्ठ (सं.), नेपाली कानुनी शब्दकोष, २०६१, पैरवी प्रकाशन, काठमाण्डौ ।
५. प्रा. राजनारायण प्रधान, आधुनिक अंग्रेजी-नेपाली शब्दकोष, चौथो संस्करण २०५८, एजुकेशनल इन्टरप्राइज प्रा.लि., काठमाण्डौ ।
६. प्रा. डा. रजितभक्त प्रधानाङ्ग समेत, फौजदारी कानुनको परिचय, संस्करण २०६२, भृकुटी एकेडेमिक पब्लिकेसन्स, काठमाण्डौ ।
७. सुरेन्द्र भण्डारी, फौजदारी कानुन, तेस्रोसंस्करण २०५५, पैरवी प्रकाशन, काठमाडौं ।
८. नेपाल कानुन पत्रिकाका विभिन्न अंकहरु
९. न्यायदीप २०७४ अंक ३, सरकारी वकील समाज, काठमाण्डौ ।
१०. महान्यायाधिवक्ताको कार्यालयका वार्षिक प्रतिवेदनहरु


❋❋❋

# अंगभंग कुटपिट सम्बन्धी अपराधको प्रवृत्तिः एक विश्लेषणात्मक अध्ययन

✍दुर्गा खड्का
उपन्यायाधिवक्ता

## १. अवधारणा

अंगभंग कुटपिट गम्भीर प्रकृतिको अपराध हो । यसलाई अंग्रेजीमा Grievous Hurt भनिन्छ । नेपालमा सामान्य कुटपिट मुद्दा व्यक्तिवादी भएर चल्दछ भने अंगभंग कुटपिट सरकार वादी मुद्दा हुन्छ । सरकारवादी मुद्दा भएर चल्ने भएकाले कुटपिट अंगभंगमा मिलापत्र हुन सक्दैन ।[१] अंगभंग कुटपिटलाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्र राखेको छ ।[२] बेलायत कानुनले पनि कुटपिट अपराधलाई Assault and Battery / Grievous bodily harm गरी दुई भागमा विभाजन गरेको छ । मनसायपूर्वक अर्काको जीउ ज्यानमा गम्भीर हानी नोक्सानी पुर्‍याउनु Grievous bodily harm हो । यो नेपाल कानुनमा उल्लेखित अंगभंग अपराध ढाँचाकै जस्तै छ ।[३] भारतीय कानुनले पनि कुटपिटलाई गम्भीर कुटपिट (Grievous Hurt) र सामान्य कुटपिट (Hurt) गरी दुई भागमा विभाजन गरेको छ ।[४] यस गम्भीर कुटपिट (Grievous Hurt) गर्नेलाई सात वर्षसम्म कैद र जरिवाना हुने[५] प्रावधान छ भने मानिसको ज्यान जान सक्ने प्रकृतिको हतियार वा विष वा जनावर प्रयोग गरी गम्भीर कुटपिट भएमा जन्मकैद वा दश वर्षसम्म कैद र जरिवाना हुने[६] व्यवस्था छ । यस अध्ययनमा अंगभंग कुटपिटसँग सम्बन्धी नेपालको विद्यमान कानुनी व्यवस्था, विगत दश वर्षको मुद्दाको दर्ता विवरण र कारबाहीको अवस्था र सर्वोच्च अदालतबाट यस प्रकृतिका मुद्दामा भएका प्रतिपादित नजिरहरुलाई मात्र समावेश गरिएको छ ।

### १.१ अर्थ र परिभाषा

Meaning of **grievous bodily harm** a crime in which one person does serious physical injury to another.[७] Serious physical injury inflicted on a person by the deliberate action of another as called grievous bodily harm.[८] **भारतीय दण्ड सहिता अनुसार** पुरुषत्व हरण, आँखाको ज्योति स्थायी रुपले नष्ट गर्नु, कानको सुन्ने शक्ति स्थायी रुपले नष्ट गर्नु, शरीरको कुनै अंग वा जोर्नी भाँची फोरी विच्छेद गर्नु, शरीरको कुनै अंग वा जोर्नीको शक्ति नष्ट गर्नु वा स्थायी रुपले समाप्त गरिदिनु, शिर वा

---

[१] फौजदारी कानुनको समीक्षात्मक विवेचना, प्रा. माधवप्रसाद आचार्य समेत, भृकुटी एकेडेमिक पव्लिकेशन्स, २०६३, पृष्ठ १९७

[२] सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९, खण्ड २, २०७३, कानुन किताव व्यवस्था समिति, पृष्ठ १५१

[३] ऐ., पृष्ठ २१३

[४] Indian Penal Code, Article 319-335

[५] Indian Penal Code, Article 325

[६] Indian Penal Code, Article 325

[७] http://dictionary.cambridge.org, visited date 04.06.2017

[८] en.oxforddictionaries.com, visited date 04.06.2016

अनुहार स्थायी रुपले विकृति पारिदिनु, हाड वा दाँत फोरी दिन वा झारिदिनु वा सो रहने स्थानबाट हटाइदिनु र अन्य कुनै क्षति जुन जीवनको लागि संकट उत्पन्न गर्दछ, वा जसबाट पीडित व्यक्ति वीस दिनसम्म गम्भिर शारीरिक पीडामा रहन्छ वा जसबाट कुनै व्यक्ति आफ्नो साधारण कामकाज गर्न असमर्थ रहन्छ भने यस्ता अपराधहरु अंगभंग हुन भनी परिभाषा गरेको छ ।[९]

**मुलुकी ऐन, २०२० को कुटपिट महलको २ नं. ले** आँखाको हेर्ने शक्ति हिन गरी वा आँखा फोरी दृष्टिविहीन बनाइए दिएमा, नाकको सुँघ्ने शक्ति हरण गरिदिएमा, कानको सुन्ने शक्ति हरण गरी गरिदिएमा, जिब्रोको बोल्ने शक्ति हरण गरिदिएमा, महिलाको स्तन काटी दिएमा, महिलालाई बाँझोपन र पुरुषलाई पुरुषत्वहीन बनाएमा, मेरुदण्ड डँडाल्नु, हात, खुट्टा वा यिनैको जोर्नी भाँची फोरी फुकाली बेकम्मा पारिदिएमा अंगभंग हुन्छ भनी परिभाषा गरेको छ ।

**मुलुकी अपराध (संहिता), ऐन २०७४ अनुसार** नपुंसकता वा बाँझोपना हुने, आँखा, कान, नाक, जिभ्रो, मगज वा शरीरको अरु कुनै अंग वा जोर्नीको शक्ति क्षीण वा हरण हुने वा पागल वा मानसिक रोगी हुने, शरीरको कुनै अंग वा जोर्नी भाँच्ने, फोर्ने, छुट्टयाउने वा वेकम्मा हुने,अनुहार वा शरीरको अन्य कुनै अंग कुरुप हुने, ज्यान जान सक्ने कष्ट शारीरिक पीडा हुने चोट पुऱ्याउने, आफ्नो पेशाको काम गर्न नसक्ने तुल्याउने, शरीरको कुनै अंग झिक्ने वा चोर्ने कार्यलाई अंगभंग मानेको छ । त्यसैगरी  कुटपिटबाट तत्काल अंगभंग नभए तापनि सोही कामको परिणाम स्वरुप पछि उल्लेखित परिणाम निस्केमा पनि अंगभंग भएको मानिने । लापरबाहीपूर्ण काम गरी वा हेलचेक्र्याई गरी अंगभंग गर्न नहुने भनी प्रस्ताव गरेको छ । मुलुकी ऐन, २०२० मा भन्दा मुलुकी अपराध (संहिता), ऐन २०७४ ले अंगभंगको परिभाषा विस्तृत रुपमा प्रस्ताव गरेको छ ।

## २. अंगभंग कुटपिट सम्बन्धी कानुनी व्यवस्था

### २.१ मुलुकी ऐन, २०२०

यस ऐनको कुटपिट महल अन्तर्गत सामान्य कुटपिट र अंगभंग कुटपिटको प्रावधान राखेको छ । अंगभंग कुटपिट सरकारवादी मुद्दा भएकाले देहाय बमोजिम अंगभंग कुटपिटसँग सम्बन्धित नं. को मात्र यहाँ उल्लेख गरिएको छ ।

### २.१.१ अंगभंग कुटपिटको परिभाषा

कुटपिट गर्दा देहाय बमोजिम भएमा अंगभंगको खत ठर्हछ ।[१०]

- आँखाको हेर्ने शक्ति हीन गरी वा आँखा फोरी दृष्टिविहीन बनाइए दिएमा
- नाकको सुँघ्ने शक्ति हरण गरिदिएमा
- कानको सुन्ने शक्ति हरण गरी गरिदिएमा
- जिब्रोको बोल्ने शक्ति हरण गरिदिएमा

[९] Indian Penal Code, Article 320

[१०] मुलुकी ऐन, २०२०, कुटपिट महलको २ नं.

- महिलाको स्तन काटी दिएमा
- महिलालाई बाँझोपन र पुरुषलाई पुरुषत्वहीन बनाएमा
- मेरुदण्ड डँडाल्नु, हात, खुट्टा वा यिनैको जोर्नी भाँची फोरी फुकाली बेकम्मा पारिदिएमा ।

यस नं. ले यो-यो घाउ चोट पटक अंगभंग हुन्छ भनी अंगभंगको परिभाषा गरेको छ ।[११]

### २.१.२ **सजाय, क्षतिपूर्ति र घा खर्च सम्बन्धी व्यवस्था**

यसमा अंगभंग खतमध्ये दृष्टिविहीन बनाएको, महिलाको स्तन काटेको वा महिलालाई बाँझोपन वा पुरुषलाई पुरुषत्वहीन बनाएको खतमा जुनसुकै एक खत गरे पनि सो गर्नेलाई तीनलाख रुपैयाँ जरिवाना गरी आठ वर्ष कैद गर्नु पर्छ । ती खतहरु बाहेक अंगभंगको अरु खतमध्ये जुनसुकै एक खत गरेपनि सो गर्नेलाई दुई लाख रुपैयाँ जरिवाना गरी आठ वर्ष कैद गर्नु पर्छ । एउटै किसिमको काम लिने एउटा भन्दा बढी अंग हुनेमा सो मध्ये एउटा अंगमात्र बेकम्मा पारी दिएको भए माथि लेखिएको सजायको आधा सजाय गर्नु पर्छ । सो खत निको भई काम लाग्ने भएमा भने एक लाख रुपैया जरिवाना र दुई वर्ष कैद गर्नु पर्छ । जरिवाना वापत प्राप्त पूरै रकम पीडितलाई घा खर्च वापत दिइनेछ भन्ने व्यवस्था छ ।[१२] यस महल बमोजिमको कसुरबाट पर्न गएको पीडाको मात्रालाई विचार गरी अदालतले कसुरदारबाट पीडितलाई दुई लाख रुपैयाँसम्म क्षतिपूर्ति भराई दिन सक्नेछ भन्ने समेत व्यवस्था गरेको छ ।[१३] त्यसैगरी एकै दिन एकै वारदातमा एकै जनालाई कुटपिट अंगभंग रगतपच्छे समेत गैह्र गरेमा ठूलो खतको मात्र सजाय गर्नु पर्छ । अरु खत खाप्न हुँदैन[१४] भन्ने व्यवस्था छ ।

उल्लेखित ऐनका प्रावधानहरुमा ६ नं. ले अंगभंग भएकोमा प्रत्येक अंगको अंगभंग भएकोमा सजायको व्यवस्था गरेको छ । तर यसै महलको १५ नं. अंगभंग भएकोमा ठूलो खतको मात्र सजाय गर्नुपछ भनेको छ । त्यसैगरी २६ नं. ले सजायको हद दस वर्ष राखेको छ । यसले कानुनको प्रयोगमा दुविधा उत्पन्न भएको छ । यसमा व्याख्या हुन जरुरी देखिन्छ । त्यसैगरी यसै महलको २५ (क) नं. मा पीडाको मात्रा हेरी अदालतले पीडितलाई दुई लाखसम्म क्षतिपूर्ति भराई दिन सक्ने व्यवस्था थप गरेको छ । यसमा सरकारी वकीलले अभियोग मागदाबी लिएपछि मात्र क्षतिपूर्ति भराउने हो वा दाबी नलिएपनि अदालत आफैले पीडितलाई भराई दिने यसमा पनि दुविधाजनक हुन गएकाले व्याख्या हुन जरुरी देखिन्छ ।

### २.१.३ **घा जाँच सम्बन्धी व्यवस्था**

कुटपिट भएको इलाकाको नजिकको प्रहरी कार्यालय, गाउँ विकास समिति वा नगरपालिका वा सम्बन्धित मुद्दा हेर्ने अड्डामा गई जचाउँनु पर्ने व्यवस्था छ ।[१५] घा जाँचको कागज सबै सामेल

---

[११] मुलुकी ऐन, एक टिप्पणी, ज्ञाइन्द्रबहादुर श्रेष्ठ, पैरवी प्रकाशन, पृष्ठ ८४५

[१२] मुलुकी ऐन, २०२०, कुटपिटको ६ नं.

[१३] मुलुकी ऐन, २०२०, कुटपिटको २५(क) नं.

[१४] मुलुकी ऐन, २०२०, कुटपिटको १५ नं.

[१५] मुलुकी ऐन, २०२०, कुटपिटको २० नं.

गर्नुपर्ने समेत व्यवस्था रहेको छ ।[१६] घा जाँच केश फारामको नयाँ ढाँचा सरकारी मुद्दा सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७३ को अनुसूची -१० राखिएको अवस्था छ ।

### २.१.४ **कैदको हद**

अंगभंग पारेकोमा दश वर्ष भन्दा बढी कैद गर्न हुँदैन[१७] भनी कैदको हद तोकेको छ ।

### २.१.५ **हदम्याद सम्बन्धी व्यवस्था**

अंगभंग भएको तीन महिना भित्र[१८] नालिस गरिसक्नुपर्ने हदम्यादको व्यवस्था छ ।

## २.२ **मुलुकी अपराध (संहिता), ऐन २०७३**

यस संहिताको परिच्छेद १४ अन्तर्गत कुटपिट सम्बन्धी कसुरमा कुटपिट र अंगभंगको प्रावधान राखिएको छ । अंगभंगसँग सम्बन्धी विषयवस्तुको मात्र देहाय बमोजिम उल्लेख गरिएको छ ।

### २.२.१ **अंगभंग गर्न नहुने**[१९]

कसैले कसैको अंगभंग गर्न हुँदैन ।[२०] कसैले कसैलाई जानीजानी कुटपिट गरेको कारणबाट देहायको परिणाम निस्केमा अंगभंग मानिनेछ :[२१]

- नपुंसकता वा बाँझोपना हुने
- आँखा, कान, नाक, जिभ्रो, मगज वा शरीरको अरु कुनै अंग वा जोर्नीको शक्ति क्षीण वा हरण हुने वा पागल वा मानसिक रोगी हुने,
- शरीरको कुनै अंग वा जोर्नी भाँच्ने, फोर्ने, छुट्टयाउने वा बेकम्मा हुने,
- अनुहार वा शरीरको अन्य कुनै अंग कुरुप हुने
- ज्यान जान सक्ने कष शारीरिक पीडा हुने चोट पुऱ्याउने,
- आफ्नो पेशाको काम गर्न नसक्ने तुल्याउने, शरीरको कुनै अंग झिक्ने वा चोर्ने ।

कुटपिटबाट तत्काल अंगभंग नभए तापनि सोही कामको परिणाम स्वरुप पछि उल्लेखित परिणाम निस्केमा पनि अंगभंग भएको मानिनेछ ।[२२] लापरबाहीपूर्ण काम गरी वा हेलचेक्र्याइँ गरी कुटपिट गर्न, अंगभंग वा अन्य चोट पुऱ्याउन नहुने ।[२३]

### २.२.२ **दण्ड सजाय र क्षतिपूर्ति सम्बन्धी व्यवस्था**

यस अंगभंग कसुर गर्ने गराउने व्यक्तिलाई तीन वर्षदेखि दश वर्षसम्म कैद र तीस हजार रुपैयाँ देखि एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।[२४] गम्भीर उत्तेजना वा रिसको आवेशबाट कुटपिट

---

[१६] मुलुकी ऐन, २०२०, कुटपिटको २१ नं.

[१७] मुलुकी ऐन, २०२०, कुटपिटको २६ नं.

[१८] मुलुकी ऐन, २०२०, कुटपिटको २७ नं.

[१९] मुलुकी अपराध (संहिता), ऐन २०७४, दफा १९०

[२०] ऐ. दफा १९० (१)

[२१] ऐ. दफा १९० (२)

[२२] ऐ. दफा १९० (३)

[२३] ऐ. दफा १९२

गरी अंगभंग गरेकोमा दुई वर्ष सम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।[२५] लापरबाहीपूर्ण काम गरी अंगभंग भएकोमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।[२६] हेलचेक्र्याइँ गरी त्यस्तो कसुर गरेको रहेछ भने छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय[२७] हुनेछ भन्ने व्यवस्था प्रस्ताव गरिएको छ । उल्लिखित कसुरबाट कसैको जीउ वा ज्यानमा चोटपटक वा हानि नोक्सानी भएको रहेछ भने कसुरदारबाट पीडित व्यक्तिलाई मनासिव क्षतिपूर्ति भराई दिनु पर्नेछ ।[२८]

### २.२.३ हदम्याद सम्बन्धी व्यवस्था

कसुर भएको मितिले एक वर्ष नाघेपछि उजुर लाग्ने छैन भन्ने प्रावधान प्रस्ताव गरेको छ ।[२९]

## ३. विगत दश वर्षको मुद्दाको तथ्याक्त र सोको विश्लेषण

यसमा महान्यायाधिवक्ता कार्यालयबाट विगत १० मा प्रकाशित वार्षिक प्रतिवेदनमा सरकारी वकील कार्यालयहरु, उच्च सरकारी वकील कार्यालयहरु र महान्यायाधिवक्ता कार्यालयमा अंगभंग कुटपिट मुद्दाको लगतको स्थिति, फछ्र्यौट र कारबाहीको विवरणलाई देहाय बमोजिम छुट्टाछुट्टै उल्लेख गरिएको छ । यस तथ्याङ्कले विगत दश वर्षमा अंगभंग कुटपिट मुद्दाको अवस्था र कसुर कायमको स्थिति कस्तो रहेको छ, भन्ने बारेमा प्रष्ट गर्दछ ।

[२४] ऐ. दफा १९० (४)

[२५] ऐ. दफा १९१

[२६] ऐ. दफा १९२(२) (क)

[२७] ऐ. दफा १९२(२) (ख)

[२८] ऐ. दफा १९५

[२९] ऐ. दफा १९५

## ३.१ महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी गरिएका अंगभंग कुटपिट मुद्दाहरुको विवरण र सोको विश्लेषण

**तालिका नं. १**

| महान्यायाधिवक्तको कार्यालयमा रहेका कुटपिट अंगभंग मूद्दामा भएका कारबाहीको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आर्थिक वर्ष | | फछ्र्यौट | | | | | फछ्र्यौट प्रतिशत | कायम प्रतिशत |
| | जम्मा लगत | कसुर कायम | सफाइ | अन्य | जम्मा | बांकी | | |
| २०६३/०६४ | ३२ | १ | ७ | ० | ८ | २४ | २५.०० | १२.५० |
| २०६४/०६५ | ३५ | १ | ९ | ० | १० | २५ | २८.५७ | १०.०० |
| २०६५/०६६ | ३१ | २ | १ | ० | ३ | २८ | ९.६८ | ६६.६७ |
| २०६६/०६७ | २३ | १ | ९ | ८ | १८ | ५ | ७८.२६ | ५.५६ |
| २०६७/०६८ | २३ | ४ | २ | ० | ६ | १७ | २६.०९ | ६६.६७ |
| २०६८/०६९ | ११ | ० | १ | ० | १ | १० | ९.०९ | ०.०० |
| २०६९/०७० | १४ | १ | १ | ० | २ | १२ | १४.२९ | ५०.०० |
| २०७०/०७१ | १५ | ० | १ | ० | १ | १४ | ६.६७ | ०.०० |
| २०७१/०७२ | १५ | ५ | ९ | ० | १४ | १ | ९३.३३ | ३५.७१ |
| २०७२/०७३ | १७ | ० | ३ | ० | ३ | १४ | १७.६५ | ०.०० |
| जम्मा | २१६ | १५ | ४३ | ८ | ६६ | १५० | ३०.५६ | २४७ |
| औसत | २२ | २ | ४ | १ | ७ | १५ | ३०.५६ | २२.७३ |

(***स्रोतः** महान्यायाधिवक्ता कार्यालयको विभिन्न आर्थिक वर्षहरुको वार्षिक प्रतिवेदन)*

उल्लिखित तालिका नं. १ मा अंगभंग मुद्दामा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा दायर भएका विगत दश वर्षको लगत, फछ्र्यौट र कसुर कायम भएको अवस्था हेर्दा सबैभन्दा कम मुद्दाको लगत संख्या ११ र सबैभन्दा वढी लगत मुद्दा संख्या ३५ थान रहेको देखिन्छ । औषतमा २२ थान मुद्दा प्रतिवर्ष लगत देखिए पनि पछिल्ला वर्षहरुमा लगत कम रहेको देखिन्छ । फछ्र्यौटको प्रतिशत हेर्दा सबैभन्दा कम ६६.६७ % र सबैभन्दा बढी ९३.३३ % रही औषत ३०.५६ % देखिन्छ । यसैगरी कसुर कायमको अवस्था हेर्दा सबैभन्दा कम ५.५६% र सबैभन्दा बढी ६६.६७% देखिन्छ भने औषतमा २२.७३% देखिए पनि दुई आर्थिक वर्ष २०६८/०६९ र २०७२/०७३ मा ०.००% अर्थात कुनै पनि कसुर कायम नभएको अवस्था छ ।

### ३.२ उच्च सरकारी वकील कार्यालयबाट बहस पैरवी गरिएका अंगभंग कुटपिट मुद्दाहरुको विवरण र सोको विश्लेषण

**तालिका नं. २**

| उच्च सरकारी वकील कार्यालयहरुमा रहेका कूटपीट अंगभंग मूद्दामा भएका कारबाहीको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आर्थिक वर्ष | जम्मा लगत | फछ्र्यौट | | | | बांकी | फछ्र्यौट प्रतिशत | कसुर कायम प्रतिशत |
| | | कसुर कायम | सफाइ | अन्य | जम्मा | | | |
| २०६३/०६४ | ४३ | ६ | १५ | ० | २१ | २२ | ४८.८४ | २८.५७ |
| २०६४/०६५ | ४४ | ८ | ११ | ० | १९ | २५ | ४३.१८ | ४२.११ |
| २०६५/०६६ | ४४ | ६ | ११ | ० | १७ | २७ | ३८.६४ | ३५.२९ |
| २०६६/०६७ | ६० | ९ | २२ | ० | ३१ | २९ | ५१.६७ | २९.०३ |
| २०६७/०६८ | ७५ | १४ | २८ | ३ | ४५ | ३० | ६० | ३१.११ |
| २०६८/०६९ | ८० | १९ | ३६ | ० | ५५ | २५ | ६८.७५ | ३४.५५ |
| २०६९/०७० | ८९ | १३ | ३४ | ० | ४७ | ४२ | ५२.८१ | २७.६६ |
| २०७०/०७१ | ८३ | ७ | ४१ | ० | ४८ | ३५ | ५७.८३ | १४.५८ |
| २०७१/०७२ | १०४ | २३ | ४८ | ० | ७१ | ३३ | ६८.२७ | ३२.३९ |
| २०७२/०७३ | ८० | ११ | ३२ | ० | ४३ | ३७ | ५३.७५ | २५.५८ |
| जम्मा | ७०२ | ११६ | २७८ | ३ | ३९७ | ३०५ | ५६.५५ | २९.२२ |
| औसत | ७० | १२ | २८ | ० | ४० | ३१ | ५६.५५ | २९.२२ |

***(स्रोतः महान्यायाधिवक्ता कार्यालयको विभिन्न आर्थिक वर्षहरुको वार्षिक प्रतिवेदन)***

उल्लिखित तालिका नं. २ मा उच्च अदालतमा दायर भएका अंगभंग कुटपिट मुद्दाको विगत दश वर्षको लगत, फछ्र्यौट र कसुर कायम भएको स्थिति हेर्दा सबैभन्दा वढी मुद्दा लगत संख्या १०४ छ भने सबै भन्दा कम लगत संख्या ४३ देखिन्छ। फछ्र्यौटको अवस्था हेर्दा कम ४३.२% र सबैभन्दा बढी ६८.८ % देखिन्छ भने औषतमा ५६.५५% देखिन्छ। त्यसैगरी आर्थिक वर्ष २०६४/०६५ मा सबै भन्दा वढी ४४.११ % कसुर कायम भएको देखिन्छ भने सबैभन्दा कम आर्थिक वर्ष २०७०/०७१ मा १४.५८% कसुर कायम भएको अवस्था छ। औषतमा २९.२२ % कसुर कायम भएको देखिन्छ।

## ३.३जिल्ला सरकारी वकील कार्यालयबाट बहस पैरवी गरिएका अंगभंग कुटपिट मुद्दाहरुको विवरण र सोको विश्लेषण

**तालिका नं. ३**

| जिल्ला सरकारी वकील कार्यालयहरुबाट कूटपीट अंगभंग मूद्दामा भएका कारबाहीको विवरण | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आर्थिक वर्ष | जम्मा लगत | | फछ्र्यौट | | | | | | | | बांकी | | कसुर कायम प्रतिशत |
| | | | कसुर कायम | | सफाइ | | अन्य | | जम्मा | | | | |
| | मूद्दा | प्रतिवादी | मूद्दा | प्रतिवादी | मूद्दा | प्रतिवादी | मूद्दा | प्रतिवादी | मूद्दा | प्रतिवादी | मूद्दा | प्रतिवादी | |
| २०६३/०६४ | ७१ | ३०३ | १४ | ३३ | १५ | ४८ | ० | १ | २९ | ८२ | ४२ | २२१ | ४८.२८ |
| २०६४/०६५ | ८८ | ३९३ | १० | २९ | १७ | १०७ | ० | ० | २७ | १३६ | ६१ | २५७ | ३७.०४ |
| २०६५/०६६ | ११५ | ४७१ | १३ | ४२ | १४ | ४४ | ० | ० | २७ | ८६ | ८८ | ३८५ | ४८.१५ |
| २०६६/०६७ | १५१ | ६६४ | ३० | ९३ | २७ | १४५ | १ | ६ | ५८ | २४४ | ९३ | ४२० | ५१.७२ |
| २०६७/०६८ | १३२ | ५७७ | २१ | ५७ | ४६ | २१४ | २ | ९ | ६९ | २८० | ६३ | २९७ | ३०.४३ |
| २०६८/०६९ | १३१ | ४९१ | २१ | ६५ | ४५ | १६९ | ० | ० | ६६ | २३४ | ६५ | २५७ | ३१.८२ |
| २०६९/०७० | १३१ | ५६२ | २१ | ६२ | ३२ | १३६ | ० | ० | ५३ | १९८ | ७८ | ३६४ | ३९.६२ |
| २०७०/०७१ | १३७ | ५४५ | २४ | ८४ | ४७ | १७८ | ० | ० | ७१ | २६२ | ६६ | २८३ | ३३.८० |
| २०७१/०७२ | १३६ | ४७२ | २८ | ६२ | ६२ | २२१ | ० | ० | ९० | २८३ | ४६ | १८९ | ३१.११ |
| २०७२/०७३ | १३२ | ४३१ | २५ | ५९ | ४२ | १४९ | ० | ० | ६७ | २०८ | ६५ | २२३ | ३७.३१ |
| जम्मा | १२२४ | ४९०९ | २०७ | ५८६ | ३४७ | १४११ | ३ | १६ | ५५७ | २०१३ | ६६७ | २८९६ | १७३.६७ |
| औसत | १२२ | ४९१ | २१ | ५९ | ३५ | १४१ | ० | १.६ | ५६ | २०१ | ६७ | २९० | ३४.७ |


***(स्रोतः महान्यायाधिवक्ता कार्यालयको विभिन्न आर्थिक वर्षहरुको वार्षिक प्रतिवेदन)***

उल्लिखित तालिका नं. ३ मा जिल्ला सरकारी वकील कार्यालयहरुबाट जिल्ला अदालतमा दायर भएका अंगभंग कुटपिट मुद्दाको विगत दश वर्षको लगत, फछ्र्यौट र कसुर कायम भएको स्थिति हेर्दा कम लगत मुद्दा संख्या ७२ देखिन्छ भने कम प्रतिवादी संख्या ३०३ रहेको छ । सबैभन्दा बढी मुद्दा लगत संख्या १३७ र बढी प्रतिवादी संख्या ६६४ रहेको देखिन्छ । औषतमा हेर्दा दश वर्षको लगत मुद्दा संख्या १२२ र प्रतिवादी संख्या ४९१ देखिन्छ । कसुर कायम प्रतिशत हेर्दा सबैभन्दा बढी ५१.७२% र सबैभन्दा कम ३०.४३% छ औसतमा ३४.७ % देखिन्छ । कसुर कायमको प्रतिशत अन्य फौजदारी मुद्दाको भन्दा कम प्रतिशत हो । मुद्दा संलग्न प्रतिवादीको संख्या हेर्दा औसत मुद्दामा दुई वा सो भन्दा बढी प्रतिवादीहरुको संलग्नता रहेको देखिन्छ । वारदातमा प्रतिवादीको संलग्ता हेर्दा यो समूहगत रुपमा गरिने अपराधको रुपमा रहेको देखिन्छ ।

## ३.४ जिल्ला सरकारी वकील कार्यालयबाट अंगभंग कुटपिट मुद्दा र प्रतिवादीहरुको विवरण र सोको विश्लेषण

जिल्ला सरकारी वकील कार्यालयमा लगतका रुपमा रहेका दश वर्षको मुद्दा र प्रतिवादीको संख्यालाई हेर्दा लगभग दुई गुणा बढेको देखिन्छ (तल प्रस्तुत तालिका नं. ४) । वृद्धिको अवस्था हेर्दा कुनै आर्थिक वर्षमा बढ्ने, कुनैमा घट्ने र कुनैमा स्थिर रहेको देखिन्छ । यसर्थ यस सम्बन्धी अपराधको दरमा घट्ने, बढ्ने क्रम भैरहेको देखिन्छ ।


### तालिका नं. ४




(*स्रोत: महान्यायाधिवक्ता कार्यालयको विभिन्न आर्थिक वर्षहरुको वार्षिक प्रतिवेदन*)

## ३.५ महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयमा अंगभंग कुटपिट मुद्दाहरुको विवरण र सोको विश्लेषण

### तालिका नं. ५




***(स्रोत: महान्यायाधिवक्ता कार्यालयको विभिन्न आर्थिक वर्षहरुको वार्षिक प्रतिवेदन)***

उल्लिखित तालिकाबाट महान्यायाधिवक्ता कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुमा रहेका अंगभंग कुटपिट मुद्दाको लगत संख्या हेर्दा जिल्ला सरकारी वकील कार्यालयहरुमा बढी देखिन्छ भने उच्च सरकारी वकील कार्यालयहरु र महान्यायाधिवक्ताको कार्यालयमा मुद्दा लगत संख्या क्रमशः घट्दै आएको देखिन्छ । यसले के देखाउँछ भने पुनरावेदनको रोहमा आईपुग्दा मुद्दाको लगत संख्या क्रमशः घट्दै गएको देखिन्छ ।

## ४. सर्वोच्च अदालतबाट भएका फैसलाहरूको विश्लेषण

सर्वोच्च अदालतबाट कुटपिट र अंगभंग कुटपिट मुद्दाको बारेमा प्रष्ट गरी फैसला गर्ने गरेको पाइन्छ । यस सन्दर्भमा अंगभंग कुटपिट सम्बन्धी मुद्दामा सर्वोच्च अदालतले गरेका केही महत्वपूर्ण फैसलाहरुलाई देहायबमोजिम समावेश गरिएको छ ।

### ४.१ उपचारपश्चात् पहिलाको जस्तै अंगले काम गर्छ र काम गरिरहेमा बेकम्माको अर्थ गर्न नमिल्ने:

- वारदातका समयमा चोटको असरले गर्दा त्यो अंगले तत्कालिन अवस्थामा पहिलाको जस्तो काम गर्न नसक्नु एउटा पाटो हो भने उपचारपश्चात् त्यो अंगले पहिलाको जस्तै काम गर्न सक्नु अर्को पाटो हो । कुनै अंग कुटपिटबाट भाँच्चिएको वा फुक्लेकोमा उपचार पश्चात् पनि कुनै सुधार नभई त्यो अंग निष्क्रिय भई कुनै काम गर्न नसक्ने भएमा मात्र बेकम्मा भएको मान्न सकिन्छ । तर उपचार पश्चात् पहिलाको जस्तै त्यो अंगले काम गर्न सक्षम हुन्छ र काम गरिरहेको छ भने त्यस्तो अवस्थामा बेकम्माको अर्थ गर्न नमिल्ने ।[३०]
- मुलुकी ऐन, कुटपिटको महलको २ नं. बमोजिम भएको खत काम नलाग्ने भएको अवस्थामा मात्र वादी नेपाल सरकार भई मुद्दा चल्ने अवस्था देखिन्छ । उक्त खत अंगभंगको नभई निको भई काम लाग्ने अवस्थाकै देखिँदा प्रस्तुत मुद्दामा पीडित व्यक्ति स्वयम् वादी बनी मुद्दा चलाई प्रतिवादीलाई सजायको माग दाबी लिनुपर्ने अवस्था देखिन्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिरको सम्बन्धमा विश्लेषण गर्दा अंग निको भई काम लाग्ने भएमा पनि दुई वर्ष कैद सजाय हुने भनी व्यवस्था गरेको र हातखुट्टा भाँच्चिनु नै अंगभंगको कसुर हुन पर्याप्त हुने भनी लिएको जिकिरलाई कानुनसंगत मान्न मिल्ने देखिएन ।[३१]
- अन्धो बनाउनु, नाकको सुँघ्ने शक्ति हरण गर्नु, बहिरो बनाउनु, स्वास्नी मानिसको दुध काटी बेकम्मा पार्नु, नल फलको पुरुषत्व शक्तिहीन गरी नपुङसक गरिदिनु र मेरुदण्ड डँडाल्नु, हात खुट्टा वा यिनैको जोर्नी भाँची फोरी फुकाली बेकम्मा पारिदिएको कारण तत्कालिन अवस्थामा र त्यसको निरन्तरतामा कालान्तरसम्म त्यस अंगले कुनै काम नगर्नु हो । वारदातका समयमा परेको चोटको असरले गर्दा त्यो अंगले तत्कालिन अवस्थामा पहिलाको जस्तै काम गर्न नसक्नु एउटा पाटो हो भने उपचार पश्चात् त्यो अंगले पहिलाको जस्तै काम गर्न सक्नु अर्को पाटो हो । कुनै अंग कुटपिटबाट भाँचिएको  वा फुक्लेकोमा उपचार पश्चात् पनि कुनै सुधार नभई त्यो अंग निष्क्रिय भई कुनै काम गर्न नसक्ने भएमा मात्र बेकम्मा भएको मान्न सकिन्छ । तर उपचार पश्चात् पहिलाको जस्तै त्यो अंगले काम गर्न सक्षम हुन्छ र काम गरिरहेको छ भने त्यस्तो अवस्थामा बेकम्माको अर्थ गर्न नमिल्ने । वारदातको प्रकृति र त्यसबाट

---

[३०]नेपाल सरकार वि. सुरेन्द्रकुमार कविरथसमेत, मुद्दा : कुटपिट अंगभंग, ने.का.प. २०७१, अंक ६, नि.नं. ९१२५, पृष्ठ २९१

[३१] नेपाल सरकार विरुद्ध रामएकवाल यादव समेत, मुद्दाः कुटपिट अंगभंग, ०६७CR-११४०, सर्वोच्च अदालत बुलेटिन, २०७१, चैत्र १, पृष्ठ ३०

पीडितहरुलाई पर्न गएको चोटको मात्रा, भाँच्चिएको हातको हालतको अवस्थामा राय प्रतिवेदन समेतबाट प्रस्तुत वारदात अंगभंग कुटपिट अन्तर्गतको वारदात नेदेखिएबाट प्रतिवादीहरुले आरोपित कसुरगरेको ठहर गरेको शुरु सुनसरी जिल्ल अदालतको मिति २०६५।१०।२९ को फैसला बदर गरी कुटपिट अर्न्ात मुद्दा सकार गर्न आए सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सकार गराई कारबाही गर्न शुरुमा पठाउने ठहर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।७।२४ को फैसला मिलेको देखिँदा सदर हुने ।[३२]

- मौकामा दिएको जाहेरी कथन, मिसिल संलग्न घटनास्थल प्रकृति मुचुल्का एवम् प्रतिवादीहरु बीच कुटपिटको वारदात स्थापित भएको पाइन्छ । कुटपिटको वारदातबाट अंगभंग भएको हो होइन भन्ने सम्बन्धमा मिसिल संलग्न रहेको घा जाँच केश फाराम हेर्दा जाहेरवालाहरु मध्ये वीरेन्द्र ठाकुर लोहार, गान्धीदेवी र रामएकवाल ठाकुरको घा जाँच भएकोमा पीडित मध्ये गान्धीदेवीको हात भाँचिएको र वीरेन्द्र ठाकुरको हातमा चोट लागेको भन्ने देखिन्छ । वादी नेपाल सरकारले लिएको कुटपिटको २ नं. मा मेरुदण्ड, डडाल्नु, हातखुट्टा वा यिनैको जोर्नी भाँची फोरी फुकाली बेकम्मा पारिदिएमा भनी अंगभंगको परिभाषा गरेको देखिन्छ । जाहेरवालाहरुले अदालतमा आई बकपत्र गर्दा पीडित गान्धीदेवीको हात भाँचिएको बेकम्मा नभएको र वीरेन्द्र ठाकुरको हातमा चोट लागेको थियो भनी व्यहोरा लेखाएको देखिन्छ । हात भाँचिएको भनिएको पीडित गान्धीदेवीको हातको हाड जोडिइसकेको देखिएको र अन्य पीडितहरुलाई सामान्य चोट परेको भन्ने देखिएको छ । पीडित गान्धीदेवीको हात भाँचिएको भए पनि हाल सो जोडिइसकेको अवस्था मिसिल संलग्न कागजातहरुबाट देखिँदा हात भाँचिएको कारणले मात्र कुटपिटको २ नं. आकर्षित हुने देखिएन ।[३३]

### ४.२ **ऐनमा दामासाही हुने भनी स्पष्ट व्यवस्था गरेकोमा बाहेक दामासाही नगरी जनही गर्नु न्यायोचित हुने**[३४]

- फौजदारी कानुन र न्यायको एउटा महत्वपूर्ण उद्देश्य भनेको कसुरदारलाई सजाय गर्नुको साथै अपराधको रोकथाम र नियन्त्रण गरी समाजमा शान्ति र व्यवस्था कायम गर्नु पनि हो । कसुरदारलाई सजाय तोक्दा दण्ड गरे जस्तो मात्र देखिनु हुँदैन । कसुरको मात्रा र गाम्भीर्यता अनुसार दण्ड पाएको अनुभूति गरी पश्चातापको वातावरण पनि सिर्जना हुने किसिमले दण्ड गर्नुपर्ने ।
- ऐन कानुनले कैदको सजाय कसुरदारहरु बीच दामासाही हुने भनी स्पष्ट नभनेको अवस्थामा दामासाही गर्नु तर्क एवं न्यायपूर्ण देखिदैन । यदि एक व्यक्तिले गर्ने कसुर अपराधमा निजलाई हुने दण्ड सजाय नै सामूहिक रुपमा अपराध गर्ने व्यक्तिलाई तोकी

[३२] नेपाल सरकार विरुद्ध सुरेन्द्रकुमार कविरथसमेत, कुटपिट अंगभंग, ०६७CR.०७९०, सर्वोच्च अदालत वुलेटिन २०७१ जेष्ठ १, पृष्ठ १०

[३३]नेपाल सरकार विरुद्ध रापुकार ठाकुर समेत, कुटपिट अंगभंग, ०७०।CR.०६६१, सर्वोच्च अदालत वुलेटिन २०७३ जेष्ठ २, पृष्ठ २३

[३४]नेपाल सरकार विरुद्ध बैजनाथ साह तेलीसमेत, मुद्दाः अंगभंग, ने.का.प. २०६८, अंक ६, नि.नं. ८६३७, पृष्ठ ३१०

दण्ड सजाय कसुरदारहरुका बीच दामासाही गरी तोक्ने हो भने एक्लैले गरेको भए हुने सजाय भन्दा औसतमा कम सजाय हुन गई सजायको प्रभाव न्यून हुन जाने ।

- एक व्यक्तिले गर्ने अपराध भन्दा एक भन्दा बढी व्यक्तिहरु मिली सामूहिक तवरले गरिने अपराधमा कसुरको मात्रा र गुरुत्व बढी हुने हुँदा कसुरदारलाई दिइने कैदको सजायमा ऐनले कसुरदारहरुका बीच दामासाही हुने भनी स्पष्ट व्यवस्था गरेको अवस्था बाहेक कसुरदारहरुलाई कैदको सजाय गर्दा दामासाही नगरी जनही गर्नु न्यायोचित हुने ।

**४.३ जाहेरीको ९ दिन ढिलाई नै प्रतिवादीले सफाइ पाउने आधार बन्न नसक्ने**[३५]

- कुनै पीडितलाई लागेको घाउ चोटको पीडाको मूल्यांकन घाउ चोट लागेकै समयमा देखिएको चोटको प्रकृति र अवस्थाबाट नै गर्नुपर्ने ।
- अस्पतालका अभिलेखलाई अमान्य घोषित गर्नु कुटपिटको २० नं. को मनसाय होइन । कानुनका व्याख्या प्रयोग समयसापेक्ष रुपमा गरिनु पर्दछ । समयको परिवर्तन, विज्ञान र प्रविधिको विकास, सामाजिक रुपान्तरणलाई पनि कानुनले ठाउँ दिएसम्म लचिलो रुपमा व्याख्या गर्दै आत्मसात् गर्दै जानुपर्ने ।
- ढिलो जाहेरी पर्दा जाहेरवालाले असत्य तथ्यहरु समावेश गर्ने वा कसैसँग रिसइवी साध्न सक्ने सम्भावनालाई नकार्न सकिँदैन । तर, घटना र वारदातलाई स्वतन्त्र प्रमाणहरुले पुष्टि गरिरहेका छन् तथा सार्वजनिक निकायका अभिलेखले समर्थन गरिरहेका छन् भने जाहेरीको ९ दिनको ढिलाई नै प्रतिवादीले सफाइ पाउने आधार बन्न नसक्ने ।
- कानुनको प्रयोग गर्दा पीडित तथा पीडितका परिवारको तत्काल मानसिक पीडा पनि न्यायकर्ताले महसुस गर्न सक्नुपर्ने ।

**४.४ औषधी उपचारबापत र कुरुवा खर्चबापत खर्च गरेको प्रमाणित भएको रकम At Cost घा खर्चबापत भराई दिनुपर्ने**[३६]

- राज्यले कानुन बमोजिम सजाय नै गर्नुपर्दा पनि कैद वा जरिवानासम्म मात्र गर्न सक्छ । सजाय स्वरुप कुटपिट वा यातना दिन नसक्ने ।
- कुटपिट एक फौजदारी अपराध भएकाले कुटपिट व्यक्तिको शरीरमा यातना पीडा घाउँ आदि भई क्षति पुग्दछ । कसैको अनतिक्रमय शरीरमा कसैले कुटपिट गरी क्षति पुऱ्याउँछ भने त्यसरी क्षति पुऱ्याउने व्यक्तिलाई सजाय गर्नुका साथै कुटपिटको कारण कुटिने व्यक्तिको शरीरमा पुगेको क्षतिबापत क्षतिपूर्ति Compensation समेत पाउनु पर्ने ।
- क्षतिपूर्ति भराउने कार्य सजाय नभई यो कार्य Civil Liability अर्न्तगत पर्ने कार्य हो । त्यसैले दोषी ठहर भएपछि क्षतिपूर्ति भराउने सम्बन्धमा न्यायको रोहमा यस अदालतले पनि विगो रकम यकिन गर्न सक्छ । पीडितले उपचार गर्दा फलफुल र खाना खर्च समेतमा खर्च गरेको भनी विल भरपाइ समेत पेश गरेमध्ये औषधी उपचारबापत र

---

[३५] नेपाल सरकार विरुद्ध गणेशराम खर्बुजा समेत, मुद्दाः कुटपिट अंगभंग, ने.का.प. २०६७, अंक ६, नि.नं. ८३८७, पृष्ठ २८३

[३६] नेपाल सरकार विरुद्ध विपिन महरा समेत, मुद्दाः कुटपिट अंगभंग, ने.का.प.२०६७, अंक ५, नि.नं. ८३७४, पृष्ठ ३५२

कुरुवा खर्चबापत खर्च गरेको प्रमाणित भएको रकम At Cost घा खर्चबापत भराई दिनुपर्ने ।

### ४.५ आखाको हर्ने शक्ति नष्ट भई अंगभंग भएकोले सोही महलको ६ नं. बमोजिम दण्डसजाय हुनु पर्ने[३७]

- पीडितको एउटा आँखाको हर्ने शक्ति नष्ट भई अंगभंग भएकोले सोही महलको ६ नं. बमोजिम दण्डसजाय हुनु पर्ने ।

### ४.६ घाउँखत र हात भाँच्चिएको समेत निको भैसकी हाल काम नलाग्ने देखिएको नहुँदा कुटपिटको महलको ७ नं. बमोजिम सजाय हुने[३८]

कुटपिटको २ नं. को व्यवस्था हेर्दा हात खुट्टा वा यिनैको जोर्नी भाँची फोरी फुकाली बेकम्मा पारी दिएमा अंगभंग हुने देखिन्छ । हात भाँचिएको भनेको उपरोक्त व्यक्तिहरुको र केवल देविया देवी सुडिनीको हकमा मात्र पहिले जस्तो काम नलाग्ने भन्ने लेखिएकोसम्मको कारणले कुटपिटको महलको २ नं. को उक्त शब्दावली भित्रको भाँची फोरी फुकाली बेकम्मा पारी दिएको भन्ने अर्थ गर्न मिल्ने देखिएन । वारदातको वर्णित अवस्थालाई विचार गर्दा प्रस्तुत मुद्दामा एक्सरे रिपोर्ट र डाक्टरको राय अनुसार अंगभंगको खत भए गरेको पनि नदेखिएको वादीहरुको घाउखत र हात भाँचिएको समेत निको भैसकी हाल काम नलाग्ने देखिएको नहुँदा कुटपिटको महलको ७ नं. बमोजिम बचन दिने प्रतिवादी इलियास मियाँलाई रु. २०००। जरिवाना र ६ महिना कैद हुने ।

### ४.७ अंगभंग कुटपिट मुद्दामा मिलापत्र नहुने[३९]

यस मुद्दामा टेकबहादुर र जयप्रसाद लगायत अरु साथीहरु स्कुलबाट घर फर्कदा अघिपछि हिड्ने कुरामा टेकबहादुर र जयप्रसाद बीच भनाभन भई आवेशमा टेकबहादुरले जयप्रसादलाई अंगभंग हुने गरी खुकुरीले प्रहार गरेकोमा टेकबहादुर विरुद्ध ज्यान मार्ने उद्योगमा मुद्दा चलेकोमा पछि टेकबहादुर र जयबहादुर बीच मिलापत्र गर्ने प्रयत्न गरेकोमा अंगभंग मुद्दा भएकाले त्यस्तो मिलापत्रलाई अदालतबाट अस्वीकार गरी आवेशमा खुकुरी प्रहार गरेकाले ज्यान मार्ने नियत थियो भन्न मिल्दैन अंगभंग कुटपिटमा कारबाही हुनुपर्ने ।

हातको नसा काटी प्यारालाइसिस गराई दिएको, गोडाको हड्डी भाँची काम नलाग्ने गरिदिएको अंगभंग मानिन्छ । कानको पर्दा काट भएपनि सुन्ने शक्ति हरण नभएकोमा, कुइनाको रेडियम भन्ने हाडको हेड फुकालेकोमा अंगभंग मानिदैन ।[४०]

उल्लिखित सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तहरुको आधारमा गरिएको विश्लेषण यसप्रकार रहेको छ :

---

[३७]ब्राहिम मियाँ समेत वि. नेपाल सरकार, मुद्दाः ज्यान मार्ने उद्योग,ने.का.प.२०६६, अंक ३, नि.नं. ८१११, पृष्ठ ३३०

[३८]महादेव यादव समेत वि. वुदियादेवी सुडी समेत मुद्दाः कुटपिट,ने.का.प. २०५५, अंक ६, नि.नं. ६५५६, पृष्ठ २१५

[३९]जयप्रसाद वि. टेकबहादुर, ने.का.प. २०१५, पृष्ठ ३८, फु.वे.

[४०]मुलुकी ऐन, एक टिप्पणी, ज्ञाइन्द्रबहादुर श्रेष्ठ, पैरवी प्रकाशन, पृष्ठ ८४६

अंगभंग कुटपिट सम्बन्धी केही मुद्दामा दोषी ठहर भएपछि क्षतिपूर्ति भराउने सम्बन्धमा न्यायको रोहम अदालतले पनि बिगो रकम यकिन गर्न सक्ने, पीडितले उपचार गर्दा फलफुल र खाना खर्च समेतमा खर्च गरेको भनी विल भरपाइ समेत पेश गरेमध्ये औषधी उपचारबापत र कुरुवा खर्चबापत खर्च गरेको प्रमाणित भएको रकम At Cost घा खर्चबापत भराई दिनुपर्ने, ज्यान मार्ने उद्योग मुद्दामा आँखाको हेर्ने शक्ति नष्ट भएकामो अंगभंग कुटपिटमा सजाय हुने, जाहेरीको ९ दिन ढिलाई नै प्रतिवादीले सफाइ पाउने आधार बन्न सक्दैन । ऐनले प्रष्ट व्यवस्था गरेमा बाहेक कैदमा दामासाही नभई जनही हुने भनी फैसला भएपनि अधिकांश अंगभंग कुटपिट मुद्दामा अंगभंग भएपनि उपचार पश्चात पहिलाको जस्तै त्यस अंगले काम गर्न सक्षम हुन्छ र काम गरिरहेको छ भने त्यस्तो अवस्थामा बेकम्माको अर्थ गर्न नमिल्ने भनी अंगभंग कुटपिट मुद्दामा ठहर नभई सामान्य कुटपिटमा परिणत हुने गरी फैसला भएको देखिन्छ । यसले गर्दा अंगभंग कुटपिट मुद्दाका पीडितले शारीरिक क्षति र हानी नोक्सानी साथै मुद्दामा दोहोरो हैरानी व्यहोर्नु पर्ने बाध्यता सिर्जना हुने देखिन्छ ।

**५. अंगभंग कुटपिट सम्बन्धी अध्ययनको नतिजा**

अंगभंग कुटपिट सम्बन्धी कानुनी व्यवस्था, यससँग सम्बन्धित मुद्दाको अवस्था, न्यायिक दृष्टिकोण समेतका आधारमा देहाय बमोजिम तथ्यगत अवस्था देखिन्छ ।

- अंगभंग कुटपिटलाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची -१ भित्र राखेको छ । मुलुकी ऐन, २०२० कुटपिट महल अन्तर्गत २ नं. अंगभंग कुटपिटको परिभाषा गरी सोही महलको ६ नं. ले सजाय र जरिवानाको व्यवस्था गरी जरिवाना बापतको सबै रकम पीडितलाई घा खर्च वापत भराई दिने प्रावधान छ । यसै महलको २६ नं. मा सजाय अधिकतम हद दश वर्ष तोकेको छ । ठूलो खतको मात्र सजाय हुने भनी यसै महलको १५ नं. मा छ । उल्लेखित ऐनका छुट्टाछुट्टै प्रावधानहरुले यसमा दुविधा उत्पन्न भएको छ । त्यसैगरी यसै महलको २५ (क) नं. मा पीडाको मात्रा हेरी अदालतले पीडितलाई दुई लाखसम्म क्षतिपूर्ति भराई दिन सक्ने व्यवस्था थप गरेको छ । यसमा सरकारी वकीलले अभियोग मागदाबी लिएपछि मात्र क्षतिपूर्ति भराउने हो वा दाबी नलिएपनि अदालत आफैले पीडितलाई भराई दिने यसमा पनि दुविधाजनक हुन गएको छ ।

- यस अंगभंग कुटपिट मुद्दामा घाउ जाँच गराउनु पर्ने व्यवस्था गर्नुको साथै सरकारी मुद्दा सम्बन्धी (पहिलो संशोधन) नियमावली), २०७३ ले अनुसूची १० मा घाउ जाँच केश फारामको ढाँचाको व्यवस्था गरेको छ । तसर्थ अंगभंग कुटपिट मुद्दामा घा जाँचको प्रमाणिक महत्व रहेको छ । यस अंगभंग कुटपिट मुद्दामा उजुर गर्ने हदम्याद तीन महिना रहेको छ ।

- मुलुकी अपराध संहितामा अंगभंग कुटपिटको विस्तृत परिभाषा गरी रिस आवेग वा आवेशमा गरिएको अंगभंग, लापरबाही र हेलचेक्र्याइँबाट भएकोलाई कसुर मानी सजाय र जरिवानाको प्रस्ताव गरेको छ भने उजुर गर्ने हदम्यादलाई एक वर्ष प्रस्ताव गरेको छ । पीडितको घा जाँच सम्बन्धी प्रावधान र पीडितलाई घा खर्च उपलब्ध गराउने बारेमा

बोलेको छैन । क्षतिपूर्तिको हकमा रकम नतोकीकसुरदारबाट पीडितलाई मनासिव क्षतिपूर्ति उपलव्ध गराउन सक्ने भनी प्रस्ताव गरेको छ ।

- अंगभंग मुद्दामा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा दायर भएका विगत दश वर्षको लगत, फछ्र्यौट र कसुर कायम भएको तथ्याङ्कमा सबैभन्दा कम मुद्दाको लगत संख्या ११ र सबैभन्दा वढी लगत मुद्दा संख्या ३५ थान रहेको देखिन्छ । औषतमा २२ थान मुद्दा प्रतिवर्ष लगत देखिए पनि पछिल्ला वर्षहरुमा लगत कम रहेको देखिन्छ । फछ्र्यौटको प्रतिशत हेर्दा सबैभन्दा कम ६६.६७ % र सबैभन्दा बढी ९३.३३ % रही औषत ३०.५६ % देखिन्छ । यसैगरी कसुर कायमको अवस्था हेर्दा सबैभन्दा कम ५.५६% र सबैभन्दा बढी ६६.६७% देखिन्छ भने औषतमा २२.७३% देखिए पनि तीन आर्थिक वर्षहरु २०६८/०६९, २०७०/०७१ र २०७२/०७३ मा ०.००% अर्थात कुनै पनि कसुर कायम नभएको देखिन्छ ।

- उच्च अदालतमा दायर भएका अंगभंग कुटपिट मुद्दाको विगत दश वर्षको लगत, फछ्र्यौट र कसुर कायम भएको स्थिति हेर्दा सबैभन्दा वढी मुद्दा लगत संख्या १०४ छ भने सबै भन्दा कम लगत संख्या ४३ देखिन्छ । फछ्र्यौटको अवस्था हेर्दा कम ४३.२% र सबैभन्दा बढी ६८.८ % देखिन्छ भने औषतमा ५६.५५% देखिन्छ । त्यसैगरी आर्थिक वर्ष २०६४/०६५ मा सबै भन्दा वढी ४४.११ % कसुर कायम भएको देखिन्छ भने सबैभन्दा कम आर्थिक वर्ष २०७०/०७१ मा १४.५८% कसुर कायम भएको अवस्था छ । औषतमा २९.२२ % कसुर कायम भएको देखिन्छ ।

- जिल्ला सरकारी वकील कार्यालयहरुबाट जिल्ला अदालतमा दायर भएका अंगभंग कुटपिट मुद्दाको विगत १० वर्षको लगत, फछ्र्यौट र कसुर कायम भएको स्थिति हेर्दा कम लगत मुद्दा संख्या ७२ देखिन्छ भने कम प्रतिवादी संख्या ३०३ रहेको छ । सबैभन्दा बढी मुद्दा लगत संख्या १३७ र बढी प्रतिवादी संख्या ६६४ रहेको देखिन्छ । औषतमा हेर्दा दश वर्षको लगत मुद्दा संख्या १२२ र प्रतिवादी संख्या ४९१ देखिन्छ । कसुर कायम प्रतिशत हेर्दा सबैभन्दा बढी ५१.७२% र सबैभन्दा कम ३०.४३% छ औसतमा ३४.७ % देखिन्छ । कसुर कायमको प्रतिशत अन्य फौजदारी मुद्दाको भन्दा कम प्रतिशत हो । मुद्दा संलग्न प्रतिवादीको संख्या हेर्दा औसत मुद्दामा दुई वा सो भन्दा बढी प्रतिवादीहरुको संलग्नता रहेको देखिन्छ । वारदातमा प्रतिवादीको संलग्ता हेर्दा यो समूहगत रुपमा गरिने अपराधको रुपमा रहेको देखिन्छ ।

- जिल्ला सरकारी वकील कार्यालयमा लगतका रुपमा रहेका दश वर्षको मुद्दा र प्रतिवादीको संख्यालाई हेर्दा लगभग दुई गुणा बढेको देखिन्छ । वृद्धिको अवस्था हेर्दा कुनै आर्थिक वर्षमा बढ्ने, कुनैमा घट्ने र कुनैमा स्थिर रहेको देखिन्छ । यसर्थ यस सम्बन्धी अपराधको दरमा घट्ने, बढ्ने क्रम भैरहेको देखिन्छ । महान्यायाधिवक्ता कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुमा रहेका अंगभंग कुटपिट मुद्दाको लगत संख्या हेर्दा जिल्ला सरकारी वकील कार्यालयहरुमा बढी देखिन्छ भने उच्च सरकारी वकील कार्यालयहरु र महान्यायाधिवक्ताको कार्यालयमा मुद्दा लगत संख्या क्रमशः घट्दै आएको देखिन्छ । सफाइ पाउने संख्याको तुलनामा कसुर कायमको संख्या न्यून देखिन्छ ।

- सर्वोच्च अदालतबाट अंगभंग कुटपिट मुद्दामा दोषी ठहर भएपछि क्षतिपूर्ति भराउने, खर्चबापत भराई दिनुपर्ने, ज्यान मार्ने उद्योगको मुद्दामा आँखाको हेर्ने शक्ति नष्ट भएकोमा अंगभंग कुटपिटमा सजाय हुने, जाहेरीको ९ दिन ढिलाई नै प्रतिवादीले सफाइ पाउने आधार बन्न सक्दैन, ऐनले कसुरदारहरुका बीच दामासाही हुने भनी स्पष्ट व्यवस्था गरेकोमा बाहेक कसुरदारहरुलाई कैदको सजाय गर्दा दामासाही नगरी जनही गर्न न्यायोचित हुने भनी अंगभंग कुटपिट मुद्दाको पक्षमा फैसला गरेको भएपनि अधिकांश अंगभंग कुटपिट मुद्दामा अंगभंग भएपनि उपचार पश्चात पहिलाको जस्तै त्यस अंगले काम गर्न सक्षम हुन्छ र काम गरिरहेको छ भने त्यस्तो अवस्थामा बेकम्माको अर्थ गर्न नमिल्ने भनी अंगभंग कुटपिटमा ठहर नगरी सामान्य कुटपिटमा ठहर हुने गरी फैसला गर्ने गरेको सर्वोच्च अदालततबाट प्रतिपादित नजिरहरुबाट देखिन्छ ।

## ६. निष्कर्ष

अपराधको प्रकृति अनुसार सामान्य कुटपिट भन्दा अंगभंग कुटपिट गम्भीर प्रकारको अपराध हो । अंगभंग कुटपिटमा पीडितले शारीरिक र मानसिक रुपमा बढी हानी-नोक्सानी र क्षति व्यहोरेको हुन्छ । तसर्थ संविधानले परिकल्पना गरेको न्यायको मान्य सिद्धान्त र प्रचलित कानुनको अधीनमा रही अनुसन्धान, अभियोजन र न्याय निरोपण गरी यस प्रकारको अंगभंग कुटपिट अपराधको रोकथामका लागि कसुरदारहरुलाई दण्डित गरी अपराध गर्नबाट निरुत्साहित गर्न र पीडितलाई न्यायको अनुभूति दिलाउन परिपूरण, क्षतिपूर्ति उपलव्ध गराउनु पर्दछ । जसले गर्दा समाजमा  शान्ति र सु-व्यवस्था कायम रहने र नागरिकको जीउ ज्यानको सुरक्षाको प्रत्याभूतिमा मद्दत पुग्ने हुन्छ । तसर्थ यसमा सबै सरोकारवालाहरू उत्तिकै संवेदनशील र जिम्मेवार हुन आवश्यक छ ।

## ७. सुझाव

उल्लेखित तथ्यहरुको आधारमा देहाय बमोजिम सुझावहरु रहेको छन् :

- यस कुटपिट महलको ६ नं. ले अंगभंग भएकोमा प्रत्येक अंगको अंगभंग भएकोमा सजायको व्यवस्था गरेको छ । तर यसै महलको १५ नं. अंगभंग भएकोमा ठूलो खतको मात्र सजाय गर्नुपछ भनेको छ । त्यसैगरी २६ नं. ले सजायको हद दश वर्ष राखेको छ यसमा दुविधा उत्पन्न भएको छ । यसमा व्याख्या हुन जरुरी देखिन्छ । त्यसैगरी यसै महलको २५ (क) नं. मा पीडाको मात्रा हेरी अदालतले पीडितलाई दुई लाखसम्म क्षतिपूर्ति भराई दिन सक्ने व्यवस्था थप गरेको छ । यसमा सरकारी वकीलले अभियोग मागदाबी लिने सम्बन्धमा कानुनमा स्पष्ट व्यवस्था हुनुपर्ने देखिन्छ ।

- अंगभंग कुटपिट मुद्दामा घाउ जाँच फारामको प्रमाणिक महत्व हुने भएकाले सरकारी मुद्दा सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७३ को अनुसूची -१० बमोजिम घाउ जाँच केश फारामको ढाँचा बमोजिम घाउ जाँच गराउन सबै अनुसन्धानकर्ता, अभियोजनकर्ता लगायत सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराउन उपयुक्त हुने ।

- मुलुकी अपराध (संहिता), ऐन २०७४ ले कसुरदारलाई सजाय र जरिवाना हुने व्यवस्था गरेको भएपनि पीडितलाई घाउ खर्च उपलव्ध गराउने बारेमा बोलेको छैन । क्षतिपूर्तिको

हकमा कसुरदारबाट पीडितलाई मनासिव क्षतिपूर्ति उपलब्ध गराउन सक्ने भनी प्रस्ताव गरेको भएपनि रकम तोकेको अवस्था छैन ।

## सन्दर्भ सामाग्रीहरू


१. मुलुकी ऐन, २०२०
२. सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९
३. सरकारी मुद्दा सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७३
४. मुलुकी अपराध संहिता, २०७३
५. Indian Penal Code

**पुस्तक/प्रतिवेदन/लेख**

१. प्रा. माधवप्रसाद आचार्य र अधिवक्त बद्रीप्रसाद भण्डारी, **फौजदारी कानुनको समिक्षात्मक विवेचना**, भृकुटी एकेडेमिक पव्लिकेशन्स्, २०६३
२. सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९, खण्ड २, २०७३, कानुन किताव व्यवस्था समिति
३. ज्ञाइन्द्रबहादुर श्रेष्ठ, **मुलुकी ऐन, एक टिप्पणी**, पैरवी प्रकाशन
४. महान्यायाधिवक्ता कार्यालयको बार्षिक प्रतिवेदनहरु, २०६३/६४ देखि २०७२/०७३ सम्म

**कानुन पत्रिका**

१. सर्वोच्च अदालत बुलेटिन २०७३ जेष्ठ २, पृष्ठ २३
२. ने.का.प. २०७१, अंक ६, नि.नं. ९१२५, पृष्ठ २९१
३. सर्वोच्च अदालत बुलेटिन २०७१ जेष्ठ १, पृष्ठ १०
४. सर्वोच्च अदालत बुलेटिन, २०७१, चैत्र १, पृष्ठ ३०
५. ने.का.प. २०६८, अंक ६, नि.नं. ८६३७, पृष्ठ ३१०
६. ने.का.प. २०६७, अंक ६, नि.नं. ८३८७, पृष्ठ २८३
७. ने.का.प.२०६७, अंक ५, नि.नं. ८३७४, पृष्ठ ३५२
८. ने.का.प. २०६६, अंक ३, नि.नं. ८१११, पृष्ठ ३३०
९. ने.का.प. २०५५, अंक ६, नि.नं. ६५५६, पृष्ठ २१५
१०. ने.का.प. २०१५, पृष्ठ ३८, फु.व

**वेभसाइट**

१. en.oxforddictionaries.com
२. http://dictionary.cambridge.


❋❋❋

# ज्यान मार्ने उद्योग सम्बन्धी अपराधको प्रवृत्तिः एक विश्लेषणात्मक अध्ययन

✍सोमकान्ता भण्डारी
उपन्यायाधिवक्ता

## १. पृष्ठभूमि

मानव सभ्यताको सुरुवातमा अपूर्ण अपराधमा सजायको व्यवस्था गरिएको थिएन । आधुनिक फौजदारी कानुनको प्रयोगमा धेरै अवस्थामा अपराधको अपूर्णतामा समेत कसुर कायम गरी सजायको व्यवस्था गरिएको पाइन्छ । समाजलाई हानि पुऱ्याउने गम्भीर प्रकृतिका अपराधको जन्म वा अंकुरण हुँदा नै नियमन गर्न सकियो भने त्यसको पूर्णतामा हुने असर र प्रभाव रोक्न सकिन्छ भन्ने मान्यता अनुसार अपूर्ण अपराधलाई समेत फौजदारी कानुनको दायरामा ल्याइएको हो । कुनै पनि अपराध सम्पन्न हुनका लागि कर्ताले विभिन्न चरणहरु पार गर्नु पर्दछ । ती चरणहरु पार गरेपछि उसले इच्छित परिणाम प्राप्त गर्दछ । प्रायः इच्छित परिणाम प्राप्त नहुँदासम्म अपराधले पूर्णता नपाउने हुँदा सजाय गरिदैन । कर्ताले अपराध गर्दा पार गर्ने चरणहरुमा अपराध गर्ने मनसाय, अपराध गर्ने तयारी, अपराध गर्ने उद्योग र पूर्ण अपराध पर्दछन् । अवस्था, परिस्थिति, संलग्नता र प्रभाव समेतका आधारमा ती चरणहरुलाई कसुर कायम र सजाय गर्ने गरिन्छ ।

विशेष गरी मनसाय मात्रमा सजाय हुँदैन तर एक जना भन्दा बढी कसुरदारले अपराध गर्ने सल्लाह, योजना बनाएको पुष्टि गर्न सकियो भने त्यसलाई पनि कसुर कायम गरी सजाय गरिन्छ । उद्योगतर्फ सजाय गर्दा मनसाय र तयारी पश्चात् इच्छित परिणाम ल्याउन कार्य गरिएको तर परिणामले पूर्णता नपाएको अवस्था हो । यस अवस्थामा पनि समाजले हानिकारक ठानेका र मानव हित विपरीतका क्रियाकलापहरुलाई अपूर्ण अपराधको रुपमा लिई कसुर कायम गरी सजाय गरिन्छ । हाम्रो फौजदारी कानुनले पनि केही अपूर्ण अपराधलाई गैरकानुनी घोषित गरी सजायको व्यवस्था गरेको छ । त्यसमा अपहरण तथा शरीर बन्धक लिने अपराध, जबरजस्ती करणी अपराध, मानव बेचबिखन, कर्तव्य ज्यान लगायत धेरै अपराधहरु पर्दछन । हाम्रो कानुनी व्यवस्था हेर्दा अपूर्ण अपराध र पूर्ण अपराधलाई अलग अलग कसुर कायम गरी अलग अलग सजायको व्यवस्था गरिएको पाइन्छ । प्रस्तुत लेखमा अपूर्ण अपराध मध्येको ज्यान मार्ने उद्योगका सम्बन्धमा विद्यमान नेपालको कानुनी व्यवस्था, विगत दस वर्षको मुद्दाको दर्ता र कारबाही, सर्वोच्च अदालतबाट यस प्रकृतिका मुद्दामा भएका निर्णयहरु अवस्था र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## २. अपूर्ण अपराध र ज्यान मार्ने उद्योग

ज्यान मार्ने उद्योग अपूर्ण अपराध हो । यसमा कर्ताले इच्छित परिणाम हासिल गरेको हुँदैन तर सो प्राप्तिका लागि आफ्नो कार्य सम्पूर्ण रुपमा गरिसकेको हुन्छ । अभियुक्तले मनसाय राखी तयारी गरेको कुनै पनि अपराध आफूले सोचेको परिणाममा भौतिक वा मानसिक दुवै तत्वको

प्रयोग गरी घटाउँदछ भने त्यसैलाई पूर्ण अपराध भनिन्छ ।[१] तर कुनै आपराधिक मनसाय सहित कर्ताले कुनै कार्य गर्दछ तर कुनै कारणले गर्दा उसले इच्छित परिणाम प्राप्त गर्न नसकी अपराधले पूर्णता प्राप्त गरेन भने यस्तो अपराधलाई अपूर्ण अपराध भनिन्छ । मनसायपूर्वक कुनै अपराध गर्न कार्य प्रारम्भ गरिएको तर सोचिएको परिणाम प्राप्त नभई सकेको अवस्थालाई अपूर्ण अपराध (Inchoate Crime) वा प्रारम्भिक अपराध (Preliminary Crime) वा अधूरो अपराध (Incomplete Crime) भनी नामाकरण गरी सजाय गर्ने अवधारणालाई फौजदारी विधिशास्त्रले स्वीकार गरेको छ ।[२] अपूर्ण अपराधहरुमा आपराधिक षडयन्त्र, उद्योग, दुरुत्साहन, अपराधको परिपञ्च मिलाउने आदि पर्दछन् । मनसाय नभएको अवस्थामा अपूर्ण अपराध हुँदेन अथवा मनसायपूर्वक गरिएको कार्यमा मात्र अपूर्ण अपराध हुन्छ ।

फौजदारी कानुनको उद्देश्य भएका अपराधमा सजाय दिलाउने र अपराध घट्न नदिनु पनि हो । त्यसकारण अपराध घट्न नदिनको लागि यसको सुरुवातमा नै नियन्त्रण गरी अपराधलाई रोक्नका लागि अपूर्ण अपराधलाई कसुर कायम गरी सजाय गरिन्छ । यस्ता अपूर्ण आपराधिक कार्यहरुलाई अपराधको रुपमा परिभाषित गरी निषेध गर्नुको औचित्यमा संभावित हानिबाट पीडितलाई बचाउनु, आपराधिक मानसिकता भएका व्यक्तिले गर्न लागेको संभावित आपराधिक कामको लागि निजहरुले गरिसकेको कार्य प्रति निजहरुलाई जिम्मेवार बनाउनु, सार्वजनिक सुरक्षाको संरक्षणको औपचारिक माध्यमको विकास गर्नु, अपराध नियन्त्रणको एवं सुरक्षात्मक उपायहरुलाई लिने गरिन्छ ।[३] राज्यले पूर्ण अपराध घटुन्जेलसम्म पर्खिएर बस्नु हुँदैन सिद्धान्तको आधारमा मनसायपूर्वक गरिने यस्ता कार्यहरुलाई प्रारम्भिक वा अपूर्ण चरणमै भए पनि पृथक अपराध मानी निषेध गर्ने फौजदारी विधिशास्त्रको यो अवधारणाले राज्यलाई अपराध नियन्त्रण गर्न कानुनी र संस्थागत संरचना तयार गर्न समेत मद्दत गर्दछ ।[४]

## ३. अपूर्ण अपराध र आपराधिक दायित्व

फौजदारी कानुनले अपराधको घोषणा नगरी अपराधी घोषणा गर्न सकिदैन । फौजदारी कानुनले कसुरको घोषणा गरी सजायको व्यवस्था गरे बमोजिम कर्ताले आफूले गरेको कार्यको आपराधिक दायित्व बहन गर्नु पर्दछ । फौजदारी कानुनले अपराध घोषणा नगरी आपराधिक दायित्व बहन गराउन सकिदैन । मुलुकी अपराध (संहिता), ऐन २०७४ को दफा २९ र दफा ३० मा आपराधिक दायित्व भन्ने वाक्यांश प्रयोग गरेको भए तापनि स्वयं संहिताले यसलाई परिभाषित भने गरेको छैन । आपराधिक दायित्वलाई फौजदारी कानुनमा Criminal Liability भन्दै आएकोमा Model Penal Code, 2008 ले Criminal Responsibility भनी नामाकरण गरिएको छ । सो संहिताको Article 16 ले निम्न रूपमा परिभाषित गरिएको छ :[५]

---

१ प्रा.डा. रजितभक्त प्रधानाङ्ग, डा. लक्ष्मीप्रसाद मैनाली, (२०७३), फौजदारी कानुनको परिचय, काठमाडौं, लुम्बिनी प्रकाशन, पृ. २४० ।

२ ऐजन, पृ. २४२ ।

३ प्रा.डा. रजितभक्त प्रधानाङ्ग समेत, (२०७०), फौजदारी कसुर सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक अपराध संहिता, २०६७, दफावार व्याख्यात्मक टिप्पणी, ललितपुर, राष्ट्रिय न्यायिक प्रतिष्ठान, पृ. ८२ ।

४ ऐजन ।

५ Model Penal Code, 2008, Article 16.

कुनै व्यक्ति, जसले फौजदारी कसुर गरेको वा घटाएको छ ऊ निम्न अवस्थाहरुमा आपराधिक दायित्वका भागिदार हुन्छः (A person who commits a criminal offence is criminally responsible if):

(a) यदि उसले सो आपराधिक कसुर मनसाय, लापरबाही वा हेलचेक्र्याइँ पूर्ण गरेको छ (He or she commits a criminal offence with intention, recklessness or negligence),

(b) यदि त्यसमा कुनै कानुनी औचित्यताको विद्यमानता छैन (No lawful justification exists for the commission of the criminal offence),

(c) यदि त्यसमा आपाराधिक दायित्वबाट छुटकारा दिन सक्ने कुनै अवस्थाको विद्यमानता छैन, र (There are no grounds excluding criminal responsibility for the commission of the criminal offence) and

(d) यदि कानुनले निर्धारण गरेका अन्य कुनै दायित्वबाट उन्मुक्ति पाउने अवस्थाको विद्यमानता छैन (There are no other statutorgly defined grounds excluding criminal responsibility)

यसरी आपराधिक दायित्व भन्नाले प्रचलित फौजदारी कानुनद्वारा अपराध वा कसुर भनी निषेधित वा परिभाषित कुनै कार्य गरेबापत बहन गर्नुपर्ने दायित्वलाई आपराधिक दायित्व (Criminal Responsibility) भनिन्छ ।[६]

## ४. ज्यान मार्ने उद्योग अपराध सम्बन्धी प्रचलित कानुनी व्यवस्था

फौजदारी कानुन सार्वजनिक कानुनको त्यो भाग हो जसले राज्यको शक्ति प्रयोग गरी अपराध गर्ने व्यक्तिलाई दण्ड सजायको निर्धारण गर्दछ । (Criminal law is the branch of public law regulating the exercise of state power to punish a person having committed an offence (crime).;"[७] ज्यान मार्ने उद्योग र कर्तव्य ज्यानमा आवश्यक पर्ने आपराधिक तत्व आपाराधिक कार्य बाहेक सबै आवश्यक पर्दछ । ज्यान मार्ने उद्योग अपूर्ण अपराध भएको हुँदा कर्ताले यो अपराध गर्दा मनसाय, तयारी सहित कार्य गर्दछ । तर कुनै कारणवश कार्य गर्न भने हुन नपाएको हुन्छ । विशेष गरी अपूर्ण अपराधमा कर्ताले हरसंभव इच्छित कार्य गरेको तर त्यसको पूर्णता उसको काबु बाहिरको परिस्थिति, कारणले प्राप्त हुन नपाएको अवस्था हुन्छ । मनसायप्रेरित वारदात भएकोमा अपराध पूरा हुन कानुनद्वारा निर्धारित परिणाम निस्कन असफल भयो भने त्यस्तो वारदातलाई अपराध गर्ने उद्योग भनिन्छ । यही सिद्धान्त अनुसार मनसायप्रेरित हत्याको वारदात असफल भयो भने त्यसलाई ज्यान मार्ने उद्योग भनिन्छ ।[८]

मुलुकी ऐन, ज्यान सम्बन्धी  महलको १ नं. कानुन बमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नाको उद्योग गर्न हुँदैन । सोही महलको १५ नं. मा देहायको कानुनी व्यवस्था रहेको देखिन्छ ।

---

६ महान्यायाधिवक्ताको कार्यालयको बुलेटिन, पूर्णाङ्क १५ वर्ष ४ अंक १ २०७१, वैशाख/जेष्ठ, काठमाडौं, महान्यायाधिवक्ताको कार्यालय, पृ. ९५ ।

७ ऐजन, पृ. ९३ ।

८ आजको बदलिँदो सन्दर्भमा ज्यान मार्ने उद्योग : एक विवेचना, प्रा.डा. रजितभक्त प्रधानाङ्ग, डिल्लीराम श्रेष्ठ, कानुन, कानुन व्यवसायी क्लब, काठमाडौं, अंक ५४, पृ. २८ ।

*ज्यान मार्नेमनसायले गोली चलाउने वा बम हान्ने वा घातक हतियारले काट्ने वा मार्नका लागि अरु जुनसुकै कुराको उद्योग गरी मर्नेसम्मको काम गरेकोमा कुनै कारणले ज्यान मर्न पाएको रहेनछ भने त्यस्तो काम गर्ने र गर्न लगाउने तथा सो ठाउँमा गई बचन दिने वा मद्दत गर्नेलाई पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद गर्नु पर्छ ।*

यसैगरी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उदफा (१) मा देहायको व्यवस्था रहेको छ ।

*कसैले सवारी चलाई कुनै मानिसलाई किची, ठक्कर दिईवा कुनै किसिमले सवारी दुर्घटना गराई सवारीमा रहेको सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिस त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै वा मुलुकी ऐन ज्यान सम्बन्धीको महलमा उल्लेखित म्यादभित्र मरेमा त्यस्तो कार्य ज्यान मार्ने मनसाय लिई गरेको भए त्यसरी सवारी चलाउने व्यक्तिलाई सर्वस्व सहित जन्मकैद हुनेछ । कसैले ज्यान मार्ने मनसाय लिई त्यस्तो कार्य गरेकोमा ज्यान मर्न पाएको रहेनछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसुरको मात्रा अनुसार पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद हुनेछ ।*

*यसैगरी मुलुकी अपराध (संहिता), ऐनको १८५ नं. मा “कसैले कसैको ज्यान मार्ने नियतले सोको उद्योग गर्न हुँदैन” “सो कसुर गर्ने व्यक्तिलाई दस वर्षसम्म कैद र एक लाख रुपियाँसम्म जरिवाना हुने” कानुनी व्यवस्था गरेको छ ।*

## ५. ज्यान मार्ने उद्योग मुद्दाको लगत, फछ्र्यौट र कसुर कायमको स्थिति

जिल्ला सरकारी वकील कार्यालय देखि महान्यायाधिवक्ताको कार्यालयसम्म ज्यान मार्ने उद्योगको लगतको स्थिति, फछ्र्यौट र कारबाहीको विवरणलाई विगत दस वर्षका तथ्याङ्क अलग अलग शीर्षकमा उल्लेख गरिएको छ । यस तथ्याङ्कले विगत दस वर्षमा ज्यान मार्ने उद्योग मुद्दाको अवस्था कस्तो रहेको थियो भन्ने र कसुर कायमको स्थिति समेत स्पष्ट पार्दछ ।

### ५.१ महान्यायाधिवक्ताको कार्यालयमा रहेका ज्यान मार्ने उद्योग मुद्दाको स्थिति

महान्यायाधिवक्तको कार्यालयमा रहेका ज्यान मार्ने उद्योग मूद्दामा भएका कारबाहीको विवरण

| आर्थिक वर्ष | जम्मा लगत | फछ्र्यौट | | | | बांकी | फछ्र्यौट प्रतिशत | कसुर कायम प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | कसुर कायम | सफाइ | अन्य | जम्मा | | | |
| २०६३/०६४ | ९० | ७ | ११ | ० | १८ | ७२ | २०.०० | ३८.८९ |
| २०६४/०६५ | ९२ | १८ | २१ | ० | ३९ | ५३ | ४२.३९ | ४६.१५ |
| २०६५/०६६ | ८९ | १५ | २५ | ० | ४० | ४९ | ४४.९४ | ३७.५० |
| २०६६/०६७ | ५८ | ११ | १९ | ० | ३० | २८ | ५१.७२ | ३६.६७ |
| २०६७/०६८ | ४६ | ५ | ७ | ११ | २३ | २३ | ५०.०० | २१.७४ |
| २०६८/०६९ | ४६ | ० | ४ | ० | ४ | ४२ | ८.७० | ०.०० |
| २०६९/०७० | ५९ | १ | १ | ० | २ | ५७ | ३.३९ | ५०.०० |
| २०७०/०७१ | ९६ | १ | ५ | ० | ६ | ९० | ६.२५ | १६.६७ |
| २०७१/०७२ | १११ | ६ | ४५ | ० | ५१ | ६० | ४५.९५ | ११.७६ |
| २०७२/०७३ | ३२९ | १० | २२ | ० | ३२ | २९७ | ९.७३ | ३१.२५ |
| जम्मा | १०१६ | ७४ | १६० | ११ | २४५ | ७७१ | २८३ | २९१ |
| औसत | १०२ | ७ | १६ | १ | २५ | ७७ | २४.११ | ३०.२० |

***(स्रोत : महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन (विभिन्न आर्थिक वर्षका), महान्यायाधिवक्ताको कार्यालय)***

नेपाल सरकारको तर्फबाट सर्वोच्च अदालतमा दायर भएका विगत दस वर्षको लगत, फछ्र्यौट, बाँकी र कसुर कायम भएको स्थिति हेर्दा ज्यान मार्ने उद्योग मुद्दामा सबैभन्दा कम लगत मुद्दा संख्या ४६ र सबैभन्दा बढी लगत मुद्दा ३२९ थान रहेको देखिन्छ । औषतमा १०२ थान मुद्दा प्रतिवर्ष लगत रहेको देखिए पनि पछिल्ला वर्षहरुमा लगत बढी रहेको देखिन्छ । फछ्र्यौटको प्रतिशत हेर्दा सबैभन्दा कम ३ प्रतिशत र सबैभन्दा बढी ५२ प्रतिशत रही औषतमा २४ प्रतिशत मुद्दा फछ्र्यौट भएको देखिन्छ । यसैगरी कसुर कायम अवस्था हेर्दा सबैभन्दा कम ११ प्रतिशत र सबैभन्दा बढी ५० प्रतिशत मुद्दामा कसुर कायम भएको देखिन्छ । विगत दस वर्षको कसुर कायमको अवस्था हेर्दा औसतमा ३० प्रतिशत मुद्दामा कसुर कायम भएको देखिन्छ ।

## ५.२ उच्च सरकारी वकील कार्यालयहरुमा ज्यान मार्ने उद्योग मुद्दाको स्थिति

उच्च सरकारी वकील कार्यालयहरुमा रहेका ज्यान मार्ने उद्योग मुद्दामा भएका कारबाहीको विवरण

| आर्थिक वर्ष | जम्मा लगत | फछ्र्यौट | | | | बांकी | फछ्र्यौट प्रतिशत | कसुर कायम प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | कसुर कायम | सफाइ | अन्य | जम्मा | | | |
| २०६३/०६४ | १९६ | १९ | १०३ | ० | १२२ | ७४ | ६२.२ | १५.५७ |
| २०६४/०६५ | १५५ | १२ | ५८ | ० | ७० | ८५ | ४५.२ | १७.१४ |
| २०६५/०६६ | २०४ | २२ | ७९ | ० | १०१ | १०३ | ४९.५ | २१.७८ |
| २०६६/०६७ | २६४ | ३३ | १२१ | ० | १५४ | ११० | ५८.३ | २१.४३ |
| २०६७/०६८ | ३५८ | ६१ | १४२ | १ | २०४ | १५४ | ५७ | २९.९० |
| २०६८/०६९ | ५६६ | ६९ | २७३ | ० | ३४२ | २२४ | ६०.४ | २०.१८ |
| २०६९/०७० | ७०० | ७८ | २८७ | २ | ३६७ | ३३३ | ५२.४ | २१.२५ |
| २०७०/०७१ | ७६७ | ७७ | २८८ | १ | ३६६ | ४०१ | ४७.७ | २१.०४ |
| २०७१/०७२ | ८९४ | १२५ | ४६० | २ | ५८७ | ३०७ | ६५.७ | २१.२९ |
| २०७२/०७३ | ९६९ | १३६ | ३९१ | १ | ५२८ | ४४१ | ५४.५ | २५.७६ |
| जम्मा | ५०७३ | ६३२ | २२०२ | ७ | २८४१ | २२३२ | ५५३ | २१५ |
| औसत | ५०७ | ६३ | २२० | १ | २८४ | २२३ | ५६.०० | २२.२५ |

***(स्रोत : महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन (विभिन्न आर्थिक वर्षका), महान्यायाधिवक्ताको कार्यालय)***

नेपाल सरकारको तर्फबाट सम्बन्धित उच्च अदालतमा दायर भएका विगत दस वर्षको लगत, फछ्र्यौट, बाँकी र कसुर कायम भएको स्थिति हेर्दा ज्यान मार्ने उद्योग मुद्दामा सबैभन्दा कम लगत मुद्दा संख्या १५५ र सबैभन्दा बढी लगत मुद्दा ९६९ थान रहेको देखिन्छ । औषतमा ५०७ थान मुद्दा प्रतिवर्ष लगत रहेको देखिए पनि पछिल्ला वर्षहरुमा लगत बढी रहेको देखिन्छ । फछ्र्यौटको प्रतिशत हेर्दा सबैभन्दा कम ४५ प्रतिशत र सबैभन्दा बढी ६५ प्रतिशत रही औषतमा ५६ प्रतिशत मुद्दा फछ्र्यौट भएको देखिन्छ । यसैगरी कसुर कायम अवस्था हेर्दा सबैभन्दा कम २० प्रतिशत र सबैभन्दा बढी ३० प्रतिशत मुद्दामा कसुर कायम भएको देखिन्छ । विगत दस वर्षको कसुर कायमको अवस्था हेर्दा औसतमा २२ प्रतिशत मुद्दामा कसुर कायम भएको देखिन्छ ।

## ५.३ जिल्ला सरकारी वकील कार्यालयहरुमा ज्यान मार्ने उद्योग मुद्दाको स्थिति


| जिल्ला सरकारी वकील कार्यालयहरुबाट ज्यान मार्ने उद्योग मूद्दामा भएका कारबाहीको विवरण | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आर्थिक वर्ष | जम्मा लगत | | फछ्र्यौट | | | | | | | | बांकी | | कसुर कायम |
| | | | कसुर कायम | | सफाइ | | अन्य | | जम्मा | | | | |
| | मूद्दा | प्रतिवादी | मूद्दा | प्रतिवाद | मूद्दा | प्रतिवादी | मूद्दा | प्रतिवा | मूद्दा | प्रतिवादी | मूद्दा | प्रतिवादी | प्रतिशत |
| २०६३/०६४ | ४६३ | ११३७ | ८१ | १२८ | १०१ | २३८ | ० | १६ | १८२ | ३८२ | २८१ | ७५५ | ४४.५१ |
| २०६४/०६५ | ५७२ | १६३९ | ७२ | १३८ | ११७ | ३२३ | ० | ३४ | १८९ | ४९५ | ३८३ | ११४४ | ३८.१० |
| २०६५/०६६ | ७५५ | २३५९ | ११७ | २३६ | २०५ | ५३८ | १ | ४२ | ३२३ | ८१६ | ४३२ | १५४३ | ३६.२२ |
| २०६६/०६७ | ९२१ | ३१३५ | १२४ | २५४ | २२२ | ७०५ | ९ | ९४ | ३५५ | १०५३ | ५६६ | २०८२ | ३४.९३ |
| २०६७/०६८ | १०७५ | ३६८० | १०९ | २२३ | ३८० | ११७९ | ११ | ९५ | ५०० | १४९७ | ५७५ | २१८३ | २१.८० |
| २०६८/०६९ | १२१६ | ४४१७ | १२१ | २८९ | ५०१ | १६६३ | १४ | ९५ | ६३६ | २०४७ | ५८० | २३७० | १९.०३ |
| २०६९/०७० | ११९९ | ४२३७ | ८९ | २३३ | ३५० | १२१० | ७ | ८२ | ४४६ | १५२५ | ७५३ | २७१२ | १९.९६ |
| २०७०/०७१ | १३५८ | ४३८५ | १९७ | ५२५ | ४७१ | १४०४ | ९ | ७९ | ६७७ | २००८ | ६८१ | २३७७ | २९.१० |
| २०७१/०७२ | १४८६ | ४७६५ | २३३ | ५९२ | ७२४ | २२४२ | १० | ७७ | ९६७ | २९११ | ५१९ | १८५४ | २४.१० |
| २०७२/०७३ | १३७५ | ४३५४ | २६८ | ५९० | ५०९ | १५६७ | १४ | ७० | ७९१ | २२२७ | ५८४ | २१२७ | ३३.८८ |
| जम्मा | १०४२० | ३४१०८ | १४११ | ३२०८ | ३५८० | ११०६९ | ७५ | ६८४ | ५०६६ | १४९६१ | ५३५४ | १९१४७ | १२६.०६ |
| औसत | १०४२ | ३४११ | १४१ | ३२१ | ३५८ | ११०७ | ८ | ६८ | ५०७ | १४९६ | ५३५ | १९१५ | २५.२ |

***(स्रोत : महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन (विभिन्न आर्थिक वर्षका), महान्यायाधिवक्ताको कार्यालय)***

नेपाल सरकारको तर्फबाट सम्बन्धित जिल्ला अदालतमा दायर भएका विगत दस वर्षको लगत, फछ्र्यौट, बाँकी र कसुर कायम भएको स्थिति हेर्दा ज्यान मार्ने उद्योग मुद्दाको सबैभन्दा कम लगत मुद्दा संख्या ४६३ र प्रतिवादी संख्या ११३७ रहेको देखिन्छ भने सबैभन्दा बढी लगत मुद्दा संख्या १४८६ र प्रतिवादी संख्या ४७६५ रहेको देखिन्छ । औषतमा हेर्दा दस वर्षको लगत मुद्दा १०४२ र प्रतिवादी संख्या ३४११ रहेको देखिन्छ । दस वर्षको सबैभन्दा कम कसुर कायम प्रतिशत १९ र सबैभन्दा बढी ४४ प्रतिशत मुद्दामा कसुर कायम भएको देखिन्छ । विगत दस वर्षको कसुर कायमको अवस्था हेर्दा औसतमा २५ प्रतिशत मुद्दामा कसुर कायम भएको देखिन्छ । यो कसुर कायमको प्रतिशत अन्य फौजदारी मुद्दाको भन्दा अत्यन्तै न्यून संख्यामा रहेको छ । मुद्दा संलग्न प्रतिवादीको संख्या हेर्दा औसत मुद्दामा ३ वा सो भन्दा बढी प्रतिवादीहरुको संलग्नता रहेको देखिन्छ । वारदातमा प्रतिवादीको संलग्नता हेर्दा यो समूहगत रुपमा गरिने अपराधको रुपमा रहेको प्रष्ट देखिन्छ ।


## ५.४ जिल्ला सरकारी वकील कार्यालयहरुमा ज्यान मार्ने उद्योग मुद्दा र प्रतिवादीको स्थिति

जिल्ला सरकारी वकील कार्यालयमा लगतका रुपमा रहेका विगत दस वर्षको मुद्दा र प्रतिवादीको सख्यालाई हेर्दा लगभग चार गुणा बढेको पाइन्छ । वृद्धिको अवस्था हेर्दा सामान्यतया: निरन्तर नै भएको देखिन्छ । प्रत्येक वर्षमा मुद्दाको लगत वृद्धि हुँदै गएबाट यस सम्बन्धी अपराधको दर बढेको देखिन्छ ।




**५.५ महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरुमा ज्यान मार्ने उद्योग मुद्दाको स्थिति**

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुमा रहेका ज्यान मार्ने उद्योग मुद्दाको लगत सख्या हेर्दा सबैभन्दा बढी जिल्ला तहमा र क्रमश: उच्च सरकारी वकील र महान्यायाधिवक्ताको कार्यालयमा कम हुँदै आएको देखिन्छ । तीनै तहमा क्रमश: मुद्दाको संख्या वृद्धि भएको देखिए पनि सामान्य रुपमा थपघट भएको तलको सूचकबाट समेत देखिन्छ ।



## आ.व. २०७२।०७३ मा ७५ जिल्लामा अभियोजन गरिएका ज्यान मार्ने उद्योगमुद्दाको जिल्लागत तथ्याङ्क स्थिति

| सि.नं. | जिल्ला | मुद्दा | प्रतिवादी | सि.नं. | जिल्ला | मुद्दा | प्रतिवादी | सि.नं. | जिल्ला | मुद्दा | प्रतिवादी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | ताप्लेजुङ | २५ | ७८ | २६. | चितवन | २८ | ४५ | ५१. | कपिलवस्तु | ८ | २६ |
| २. | पाँचथर | ११ | ३० | २७. | दोलखा | १९ | ४८ | ५२. | दाङ | ३९ | १६० |
| ३. | इलाम | १० | १५ | २८. | सिन्धुपाल्चोक | १९ | ८२ | ५३. | रोल्पा | ७ | १४क |
| ४. | झापा | ४१ | ९९ | २९. | काभ्रेपलाञ्चोक | ६ | १२ | ५४. | रुकुम | ९ | १८ |
| ५. | संखुवासभा | १२ | २१ | ३०. | भक्तपुर | २१ | ४१ | ५५. | सल्यान | ९ | १७ |
| ६. | भोजपुर | ६ | १५ | ३१. | ललितपुर | ११ | ३२ | ५६. | प्युठान | ४ | ८ |
| ७. | धनकुटा | १० | २९ | ३२. | काठमाडौं | १८७ | ४१९ | ५७. | जाजरकोट | २ | ९ |
| ८. | तेह्रथुम | १५ | १६ | ३३. | नुवाकोट | २६ | १०६ | ५८. | दैलेख | ७ | २३ |
| ९. | मोरङ | ४० | ८३ | ३४. | रसुवा | १ | १ | ५९. | सुर्खेत | ९ | १३ |
| १०. | सुनसरी | ८० | १८४ | ३५. | धादिङ | २६ | ९२ | ६०. | बाँके | ८१ | २४८ |
| ११. | सिराहा | ३१ | १३१ | ३६. | गोर्खा | ९ | २५ | ६१. | बर्दिया | २० | १०४ |
| १२. | सप्तरी | २८ | ९४ | ३७. | तनहुँ | १० | ६४ | ६२. | डोल्पा | ० | ० |
| १३. | ओखलढुंगा | ७ | ३३ | ३८. | लमजुङ | १ | २ | ६३. | जुम्ला | ४ | ६ |
| १४. | उदयपुर | १९ | ५० | ३९. | मनाङ | १ | ११ | ६४. | कालिकोट | ६ | ३० |
| १५. | खोटाङ | १३ | २७ | ४०. | कास्की | ४८ | १६६ | ६५. | मुगु | ७ | १५ |
| १६. | सोलुखुम्बु | ३ | ६ | ४१. | स्याङ्जा | ११ | २० | ६६. | हुम्ला | १ | १ |
| १७. | धनुषा | ५५ | २५४ | ४२. | पर्वत | ३ | २९ | ६७. | बझाङ | १० | ४६ |
| १८. | महोत्तरी | ५० | २२५ | ४३. | वाग्लुङ | ११ | ४१ | ६८. | बाजुरा | २ | ८ |
| १९. | सर्लाही | १४ | ६६ | ४४. | म्याग्दी | ५ | ११ | ६९. | डोटी | ० | ० |
| २०. | सिन्धुली | ३ | ९ | ४५. | मुस्ताङ | ० | ० | ७०. | अछाम | २ | ३ |
| २१. | रामेछाप | २ | १३ | ४६. | पाल्पा | १ | ८ | ७१. | कैलाली | १५ | ३७ |
| २२. | रौतहट | ६२ | ३०८ | ४७. | गुल्मी | ३ | ३ | ७२. | दार्चुला | १ | १ |
| २३. | वारा | २५ | १४३ | ४८. | अर्घाखाँची | ३ | ४ | ७३. | बैतडी | ३ | ५ |
| २४. | पर्सा | ३३ | १३२ | ४९. | रुपन्देही | २५ | ६५ | ७४. | डडेल्धुरा | ३ | ८ |
| २५. | मकवानपुर | २४ | ६९ | ५०. | नवलपरासी | २२ | ७५ | ७५. | कंचनपुर | १० | २४ |

उल्लेखित तथ्याङ्क हेर्दा आ.व.०७२।७३ मा ७५ जिल्लामा ज्यान मार्ने उद्योग मुद्दाको लगत मुद्दा १३७५ थान र प्रतिवादी ४३५४ रहेको देखिन्छ । मुस्ताङ्ग, डोल्पा, डोटी गरी ३ जिल्लामा यस सम्बन्धी कुनैपनि मुद्दाको लगत नरहेको देखिन्छ । सबैभन्दा बढी ज्यान मार्ने उद्योग मुद्दाको लगत काठमाडौंमा रहेको देखिन्छ । काठमाडौंमा मुद्दाको लगत १८७ र ४१९ प्रतिवादी संख्या रहेको छ ।काठमाडौं बाहेक अन्य मुद्दाको लगत बढी हुने जिल्लाहरुमा मोरङ्ग (४०), सुनसरी (८०), धनुषा (५५), महोत्तरी (५०), रौतहट (६२), कास्की (४८), बाँके (८१) थान मुद्दाको लगत रहेको देखिन्छ । यसबाट काठमाडौं र पोखरा उपत्यका बाहेक ज्यान मार्ने उद्योगको मुद्दाको अपराध तराइँका जिल्लाहरुमा बढी रहेको देखिन्छ ।

## ६. ज्यान मार्ने उद्योग मुद्दामा सर्वोच्च अदालतबाट भएका महत्वपूर्ण निर्णयहरूको विश्लेषण

सर्वोच्च अदालतले अपूर्ण अपराध सम्बन्धमा विभिन्न निर्णयहरू गर्दै पूर्ण अपराध र अपूर्ण अपराधमा आवश्यक तत्व, चरणका सम्बन्धमा स्पष्ट पारेको छ । साथै यससँग सम्बन्धित कानुनी व्यवस्थाको व्याख्या गरेको छ । यस सन्दर्भमा ज्यान मार्ने उद्योग सम्बन्धी मुद्दामा सर्वोच्च अदालतले गरेका केही महत्वपूर्ण निर्णयहरुलाई समेट्ने प्रयास गरिएको छ ।

### ६.१ मार्ने नियतले चोट नपुऱ्याएको हुँदा उद्योग नठहर्ने:[९]

कुनै अन्य काबु बाहिरको तत्वले निजलाई रोकेको नभई निज आफैले दर्शनकला लडेपछि छाडेको देखिन आएबाट दुई थरीका बीच मुखामुख भनाभन हुँदा रिसको झोँकमा सामुन्ने मुख आँखाको भागमा सानु गाउँ घरडा भिरी हिड्ने खुकुरीको टुप्पादारले घोच्ने आदि कार्यसम्म गरेको बाट मार्ने नियतले नै सांघातिक चोट पुऱ्याएको नहुँदा मार्नेसम्मको इवी थियो भन्न नमिल्ने ।

### ६.२ उद्योग ठहर्न बाहिरी तत्वको हस्तक्षेप हुनुपर्ने:[१०]

मुलुकी ऐन ज्यान सम्बन्धीको महलको कानुनी व्यवस्था समेतलाई विचार गर्दा ज्यान मार्ने उद्योगको अपराध ठहर हुनका लागि ज्यान मार्ने मनसाय, सो मनसाय अभिव्यक्त गर्न ज्यान मार्नेसम्मको कार्य गरी कुनै बाहिरी तत्वको हस्तक्षेपले गर्दा ज्यान मार्न नसकेको हुनुपर्ने ।

### ६.३ मार्नेसम्मको मनसाय नभएको हुँदा ज्यान मार्ने उद्योग नहुने[११]:

प्रतिवादीले मार्नेसम्मको इवी राखी छुरी हानेको र अन्य व्यक्तिहरुको अवरोधको कारण मार्न भने नपाएको भन्ने अवस्थाको पुष्टि हुन सकेको भन्न मिलेन । त्यसैले मार्नेसम्मको काम गरी सकेको भन्ने अवस्था नदेखिँदा ज्यान सम्बन्धीको १५ नं. आकर्षित नहुने ।

### ६.४ प्रहारकर्ताको मनसाय र नियत छुट्ट्याउने आधार कार्य र क्रिया हुने[१२]:

ज्यान मार्ने उद्योगको कसुर हुनका लागि पीडितलाई लागेको चोट वाघाउको मात्रा र परिमाण महत्वपूर्ण र निर्णायक तत्व हुने नभई ज्यान मार्ने मनसायले प्रहार गरिएको र ज्यान मर्न नपाएको बाधक तत्वको विद्यमानता थियो थिएन भन्ने नै महत्वपूर्ण हुन आउने ।

प्रहारकर्ताको मनसाय र नियत छुट्ट्याउने आधार उसको कार्य र आपराधिक क्रियाबाट नै पत्ता लगाउनु पर्ने । ज्यान सम्बन्धी महलको १५ नं. को अवस्था कार्य र आपराधिक क्रिया प्रतिवादीबाट देखिन आएको अवस्थामा प्रतिवादीको ज्यान मार्ने मनसाय थिएन भनी भन्न नसकिने साथै लागेको घाउको परिमाण रमात्रा सानो प्रकृति र मर्न नसक्ने प्रकृतिको छ भन्ने आधारमा प्रतिवादीको ज्यान मार्ने मनसायको तथा अवरोध पुऱ्याउने तेस्रो तत्वको विद्यमानतामा निजलाई कसुरबाट उन्मुक्ति दिन सकिने अवस्था नदेखिने ।

---

९ महेन्द्रराज बम वि. श्री ५ को सरकार, नेकाप (२०५१), नि.नं. ४८९०, पृ. २२६ ।

१० ईश्वरी बोहजु वि. श्री ५ को सरकार, नेकाप (२०५१), नि.नं. ५०१७, पृ. ९४५ ।

११ श्री ५ को सरकार वि. दिवाकर पण्डित, नेकाप (२०६०) अंक १/२ नि.नं ७१६७, पृ. ६४ ।

१२ नेपाल सरकार वि. रामबहादुर पौडेल, नेकाप (२०६५) अंक २ नि.नं ७९३६, पृ. २५१ ।

### ६.५ आँखाको हेर्ने शक्ति नष्ट भई अंगभंग भएकोले ज्यान मार्ने उद्योग नहुने[१३] :

ज्यान मार्ने मनसाय (mens rea) रहको नदेखिएको र प्रतिवादीहरूको कार्य तेस्रो पक्षको हस्तक्षेपबाट रोकिएको अवस्था पनि नहुँदा ज्यान मार्ने उद्योग अन्तर्गतको कसूर मान्ने अवस्था रहेको भन्न नसकिने ।

पीडितको एउटा आँखाको हेर्ने शक्ति नष्ट भई अंगभंग भएकोले सोही महलको ६ नं. बमोजिम दण्ड सजाय हुनुपर्ने ।

### ६.६ फायर गर्नु नै ज्यान मार्ने प्रयास गर्नु हुने[१४] :

वारदातमा प्रयोग भएका हतियार बन्दुक प्रतिवादीहरूबाट वरामद हुन नसक्नुबाट वारदात नै घटित भएको होइन भन्ने निष्कर्ष निकाल्न नमिल्ने ।

सामान्यतः ज्यान मार्ने उद्योगको वारदातमा तेस्रो पक्षीय अवरोधको सिद्धान्त Doctrine ofthird party intervention को विचार गर्नुपर्ने ।

ज्यान मार्ने उद्योग गर्नु भनेको कसैको ज्यान मार्ने प्रयास गर्नु हो । टाढैबाट बम वा बन्दुकको गोली प्रहारबाट पनि कसैको ज्यान मार्ने प्रयास वा उद्योग गर्न सकिन्छ । त्यस्तो प्रहार संवेदनशील ठाउँमा र प्रहारकर्ताले ताकेको निशानामा लागेमा ज्यान मर्न सक्दछ । तर निशानामा वा मर्मस्थानमा नलागेमा ज्यान मर्दैन । यस्तोमा कुनै तेस्रो पक्षीय अवरोधको सिद्धान्त लागू नहुने ।

फायर गर्नु नै ज्यान मार्ने प्रयास गर्नु हो । यसमा Third party intervention को सिद्धान्त ज्यान मार्ने उद्योगका अरु वारदात जस्तै गरी लागू हुन सक्दैन । अवरोधको पुष्टि नभएबाट ज्यान मार्ने उद्योगको वारदात घटित भएको होइन भनी भन्न मिल्ने ।

### ६.७ अपराधले पूर्णता पाएमा उद्योग नठहर्ने:[१५]

आपराधिक कार्य भैसकेको तर पूर्णता नपाएको अवस्था भएमा मात्र त्यो उद्योग हुने हो । यदि त्यस्तो कार्यले पूर्णता पाएको अवस्था भएमा सो कार्यले पूर्ण अपराध नै स्थापित हुन जाने हुन्छ, यस्तो अवस्थालाई उद्योग मात्र मान्न नमिल्ने ।

### ६.८ सामूहिक आत्महत्याको प्रयास प्रमाणित हुने अवस्थालाई ज्यान मार्ने उद्योग भन्न नहुने[१६] :

ज्यान मार्ने उद्योगको अपराधका लागि पनि ज्यान मार्ने सरहकै सबै तत्व विद्यमान देखिनु पर्दछ । केवल तेस्रो पक्षको हस्तक्षेप लगायतका कुनै कारणले ज्यान भने मर्न नपाएको अवस्थामा सो अपराध उद्योग मात्र हुने ।

---

१३ ब्राहिम मियाँ समेत वि. नेपाल सरकार, नेकाप (२०६६) अंक ३ नि.नं ८१११, पृ. ५२० ।

१४ कुमेश्वर गुर्मैता वि. नेपाल सरकार, नेकाप (२०६६) अंक १२ नि.नं ८२८५, पृ. २०३१ ।

१५ नेपाल सरकांर वि. राजेन्द्रसिंह सिख, नेकाप (२०६८), नि.नं. ८५९९, पृ. ६५८ ।

१६ जीतेन्द्र त्रिपाठी वि. नेपाल सरकार, नेकाप (२०६८) अंक ११ नि.नं ८७२३, पृ. १९३८ ।

अरूलाई मार्ने मात्र मनसाय राख्ने व्यक्तिले आफूलाई पनि सोही स्थानमा सोही रुपमा मार्ने प्रयास गर्दैन । अपराध गर्नेले सो उद्देश्य पूरा पनि होस् र आफू कानुनका आँखा छल्न सफल पनि हुन सकियोस् भन्ने सोचाइ राख्दछ भन्ने अपराध मनोविज्ञानको सामान्य सिद्धान्तहो भन्ने कुरा बिर्सेर न्याय गर्न नसकिने ।

आफू समेत मर्ने मनसाय र आफू बाहेक अरुलाई मार्ने मनसायमा आधारभूत अन्तर हुन्छ । चोटको गाम्भीर्यता नै मार्ने मनसायको द्योतक हुन नसक्ने ।

शरीरमा रहेको घाउहरूको प्रकृतिले मात्रमार्ने मनसाय रहेको प्रमाणित हुँदैन । सामूहिक आत्महत्याको प्रयास भन्ने प्रमाणित हुने अवस्थालाई ज्यान सम्बन्धी महलको १५ नं.को कसुर भनी सजाय गर्न न्यायोचित नहुने ।

### ६.९ सबै अवस्थामा तेस्रो पक्षको उपस्थिति समान रुपमा रहन नसक्ने[१७] :

कुटपिटको वारदात र ज्यान मार्ने उद्योगको वारदात नितान्त फरक अवस्थाका कसुर हुन् । कुटपिटको वारदातमा सामान्य घाइते बनाउनेसम्मको मनसाय भए पनि ज्यानै लिने गरी प्रहार गर्ने इच्छा निहित रहेको हुँदैन र त्यस्तो परिणामको अपेक्षा पनि गरिएको हुँदैन, जुन ज्यान मार्ने उद्योगमा अन्तर्निहित रहने ।

सामान्य कुटपिटको वारदातमा सामान्य हतियारको प्रयोग गरी पीडितलाई शारीरिक चोट पुऱ्याई घाइतेसम्म पार्ने उद्देश्यले सो क्रिया गरिएको हुन्छ भनेज्यान मार्ने उद्योगमा पीडितको ज्यानै लिने उद्देश्यले हतियारको प्रयोग गरिएको हुन्छ । यसरी कुटपिट र ज्यान मार्ने उद्योगको वारदातमा उल्लिखित कुराहरूको अलावा नियत र मनसाय तत्व प्रमुख रुपमा विचारणीय हुने ।

ज्यान मार्ने उद्योगमा ज्यान मार्ने मनसाय थियो वा थिएन भन्ने कुरा पीडित उपरको प्रहारको पद्धति र हतियार प्रयोग गरिएको भए सो हतियारको प्रकृति र त्यसको प्रयोगको अवस्थाबाट पहिचान गर्न सकिने ।

वारदातमा धार नभएको र धार भएको हतियार तथा गोली फायर हुने हतियारको प्रयोग र पद्धतिको अवस्था समान हुँदैन । धार नभएको वा भएको हतियार कुन हदसम्म कहाँ प्रहार गर्ने भन्ने प्रहारकर्ताले अनुभव गर्न सक्छ । पीडितलाई सामान्य घाउ चोट पार्ने वा प्रहार घातक बनाउने भन्ने कुरा प्रहारकर्ताको इच्छामा निर्भर गर्दछ । प्रहार घातक र ज्यान मार्न सक्ने किसिमको छ भने त्यस अवस्थामा ज्यान मार्ने उद्योगको कसुर हुन वारदातको अवस्था र प्रकृति अनुसार तेस्रो पक्षको उपस्थिति आवश्यक हुन सक्ने अवस्था पनि रहन जान्छ । तर गोली फायर गर्ने हतियारको प्रयोगको अवस्था भने अन्य हतियार प्रयोगको अवस्था जस्तो हुँदैन । गोली प्रहार गर्दा प्रहारकर्ताले चाहेको हदसम्म गोलीको असरलाई सीमित गर्न नसक्ने ।

कुनै मानिसलाई ताकेर गोली प्रहार गरिएको छ भने त्यो निश्चित रुपले सो मानिसको ज्यानै मार्नका लागि प्रहार गरिएको भनी स्वाभाविक निष्कर्षमा पुग्न सकिने ।

---

[१७] नेपाल सरकार वि. राजीनन सहनी, नेकाप (२०६८), अंक १२ नि.नं ८७३४, पृ. २०४५ ।

बन्दुकको गोली प्रहार सामान्य शारीरिक क्षतिको लागि वा कुटपिटबाट पर्न सक्ने जस्तो चोट पुऱ्याउनका लागि हुँदैन । ज्यान मार्ने नै नियतले गोली प्रहार गरिएको भए पनि निशाना गलत भएमावा पीडितको तत्कालको छलछाम वा आफूलाई बचाउन शरीरलाई गतिशील तुल्याएर होस् वा हान्ने मानिसको निशाना छल्न अन्य उपाय गरेर होस, प्रहारकर्ताको प्रहार सही ठाउँमा लाग्न नसकी पीडित मर्न नसकेको हुन्छ वा घाइते भए पनि तत्काल प्राप्त उपचारको कारण मर्न नपाएको हुन सक्छ । यी कुराहरू कुटपिटर ज्यान मार्ने उद्योगको कसुर कायम गर्ने सन्दर्भमा न्यायिक विश्लेषण र प्रमाण मूल्याङ्कनको विषय हुने ।

ज्यान सम्बन्धी अपराधमा ज्यान मार्ने उद्योगको कसुरमा अक्सर तेस्रो पक्षको उपस्थितिलाई गम्भीरताका साथ हेरिने गरिन्छ । तर सबै अवस्थामा तेस्रो पक्षको उपस्थिति समान रुपमा रहन नसक्ने ।

बन्दुकबाट गोली फायर गर्न लागेको पीडकलाई सो फायर गर्न रोक्न नसक्ने अवस्थामा सो गोलीलाई छल्नु बाहेक त्यसबाट बच्न अन्य हस्तक्षेपको विकल्प रहनसक्ने अवस्था नरहने हुँदा ताकेर गोली फायर गरेको अवस्थामा मृत्यु नभएकै कारण मार्ने मनसाय राखेको थिएन भन्नु न्यायसंगत रतर्कपूर्ण नहुने ।

### ६.१० तेस्रो पक्षको उपस्थिति अनिवार्य होइनः[१८]

ज्यान सम्बन्धी अपराधहरूमा कर्तव्य ज्यान रयसको उद्योगको बीचमा अपराध स्थापित गर्ने तत्वहरूको रुपमा रहेको कार्य (Actus reus), मनसाय (Mens rea) र वैध प्रतिरक्षाको अभाव (Absence of valid defense) को दृष्टिकोणबाट हेर्दा कुनै भिन्नता रहेको हुँदैन । केवल परिणामको दृष्टिले अपराधले पूर्णता पाउन मात्र बाँकी रहेको हुन्छ । कुनै अपराधको सन्दर्भमा सो अपराध गर्ने उद्योगको प्रश्न मनसायपूर्वक गरिएको आपराधिक कार्यमा मात्र सान्दर्भिक हुन आउने ।

मनसायपूर्वक गरिएको अपराधमा मनसाय, तयारी, उद्योग र पूर्ण अपराधका चार चरणहरू मध्ये मनसाय र तयारिसम्मको चरणमा त्यस्तो अपराध गर्न चाहने व्यक्तिले आपराधिक कार्य घटाउनको लागि कुनै कार्य नगरेको हुनाले यो चरणसम्म अपराधको उद्योगको प्रश्न नउठ्ने ।

अपराध गर्न चाहने व्यक्तिले मनसाय अनुसारको तयारी पूरा गरी मनसायलाई कार्यरुप दिन सारवान रुपमा (Substantially) कुनै आपराधिक कार्य गरेको तर कुनै कारणले निजको कार्यबाट निजले अपेक्षा गरेको परिणाम प्राप्त नभएको अवस्थालाई उद्योगको रुपमा लिन सकिन्छ । यस्तो अपूर्ण कार्यलाई छुट्टै अपराधको रुपमा परिभाषित गरी कानुनले दण्डनीय बनाएको अवस्थामा सो कार्य गर्ने व्यक्तिले कानुनमा उल्लिखित आपराधिक दायित्व बहन गर्नुपर्ने ।

ज्यान मार्ने उद्योगको अपराधमा कर्तव्य ज्यानको अपराधको लागि आवश्यक पर्ने आपराधिक कार्य, आपराधिक मनसाय र वैध प्रतिरक्षाको अभाव समेतका सबै तत्वहरू विद्यमान हुनु पर्दछ । तर, परिणामका दृष्टिले पीडितको मृत्यु भएको हुन भने नहुने ।

---

[१८]नेपाल सरकार वि. अशोक सितिखु समेत, नेकाप (२०६९), अंक १, नि.नं. ८७६१, पृ. १४९ ।

ज्यान मार्ने मनसाय राखेर पीडित माथि कुनै किसिमको प्रहार वा अन्य कुनै प्रकारको आपराधिक कार्य गर्दछ र उसलाई वैध प्रतिरक्षा उपलब्ध छैन भने त्यस्तो प्रतिवादीले ज्यान मार्ने उद्योगको अपराध गरेको मान्नुपर्ने ।

ज्यान मर्न नपाएको अवस्था हुनको लागि तेस्रो पक्षको उपस्थिति अनिवार्य भने होइन ।तेस्रो पक्षले हस्तक्षेप गरेको हुन पनि सक्दछ र नगरेको पनि हुन सक्दछ । कारण जेसुकै भएपनि ज्यान मर्नबाट बच्नु र कर्तव्य ज्यानको वारदातको लागि आवश्यक सबै तत्वहरूको विद्यमानता हुनु नै ज्यान मार्ने उद्योगको वारदात स्थापित हुन पर्याप्त हुने ।

वारदातस्थलमा हातहतियार सहितका समूहमा प्रवेश गरेको अवस्थामा निजहरूले मार्ने मनसायले नै पीडित माथि हतियारप्रहार गरेको भए बाँच्न सक्ने अवस्था देखिन आउँदैन । यसबाट प्रतिवादीहरूमा जाहेरवालालाई मार्नेसम्मको मनसाय (Intention) थियो भन्ने स्थापित हुन नआउने ।

**६.११ ज्यान मार्ने उद्योगमा पीडितको चोट नहेरी मार्नेसम्मको कार्य हो होइन हेरिन्छः**[१९]

ज्यान मार्ने उद्योग मुद्दामा पीडितलाई पर्नगएको चोट र त्यसको असरलाई मात्र ज्यान मार्ने उद्योग गरेको हो होइन भनी ठहर गर्ने निर्णायक प्रमाण मानिदैन, ज्यान मर्नेसम्मको कार्य गरिसकेको हो होइन भन्ने कुरामहत्वपूर्ण हुन्छ । तथापि घाउको अवस्थाले सांघातिकताको वस्तुगत रुपमा मूल्याङ्कन गर्ने आधार हुने हुँदा त्यस्तो प्रमाणलाई अदालतले महत्वपूर्ण प्रमाणको रुपमा ग्रहण गर्नुपर्ने ।

**६.१२ ज्यान मार्ने उद्योगमा मनसाय तत्व हुनुपर्नेः**[२०]

ज्यान सम्बन्धी अपराधहरु मध्ये कर्तव्य ज्यान र यसको उद्योगको बीचमा अपराधका तत्वहरुको रुपमा रहेका आपराधिक कार्य र आपराधिक मनसायको संयोजनात्मक उपस्थितिको दृष्टिबाट भिन्नता रहेको हुँदैन । दुवै प्रकृतिका अपराधमा सो अपराध गर्ने व्यक्तिले पीडितको मृत्युको मनसाय राखेर आफ्नो कार्यबाट आपराधिक कार्य सम्पन्न गरेको हुन्छ । ज्यान मार्ने उद्योगको अपराध कायम हुनको लागि कुनै कारणले कर्ताको अपेक्षा अनुसार पीडितको मृत्यु भएको हुँदैन । ज्यान सम्बन्धी महलको १५ नं. बमोजिम मनसाय तत्वको विद्यमान्यता आवश्यक हुन्छ र यस्तो मनसाय अभियुक्तको क्रियाबाट स्पष्ट हुन्छ । ज्यान मार्ने मनसाय रहेको अवस्थामा ज्यान मार्न नपाएको स्पष्ट कारण र अवस्था देखिनु पर्ने ।

सर्वोच्च अदालतबाट ज्यान मार्ने उद्योग मुद्दामा भएका निर्णयहरुको विश्लेषण गर्दा **महेन्द्रराज बम वि. श्री ५ को सरकार** भएको मुद्दामा कर्ताले मार्ने नै नियतले पीडितलाई चोट पुऱ्याएको हुनुपर्ने र सामान्य घाउ चोटको अवस्थालाई ज्यान मार्ने उद्योगको रुपमा स्वीकार गर्न नसकिने उल्लेख गरेको छ । **ईश्वरी बोहजू वि. श्री ५ को सरकार** भएको मुद्दामा ज्यान मार्ने उद्योगको अपराध ठहर हुनका लागि ज्यान मार्ने मनसाय, सो मनसाय अभिव्यक्त गर्न ज्यान मार्नेसम्मको कार्य गरी कुनै बाहिरी तत्वको हस्तक्षेपले गर्दा ज्यान मार्न नसकेको हुनुपर्ने उल्लेख गरेको छ ।

---

१९नेपाल सरकार वि. सीता चौलागाई, नेकाप (२०६९), अंक ५, नि.नं. ८८२५, पृ. ७२४ ।

२०नेपाल सरकार वि. वीरबहादुर सार्की, नेकाप (२०७०), अंक १०, नि.नं. ९०६५, पृ. १२५९ ।

**श्री ५ को सरकार वि. दिवाकर पण्डित** भएको मुद्दामा मार्नेसम्मको इवी र अवरोधको कारण पुष्टि हुन नसकेको अवस्थामा ज्यान सम्बन्धीको १५ नं. आकर्षित नहुने निर्णय गरेको पाइन्छ ।

यसैगरी **नेपाल सरकार वि. रामबहादुर पौडेल** भएको मुद्दामा ज्यान मार्ने उद्योगको कसुर हो होइन भन्ने निर्धारणका लागि ज्यानमार्ने मनसायले प्रहार गरिएको रज्यान मर्न नपाएको वाधक तत्वको विद्यमानता थियो थिएन भन्ने नै महत्वपूर्ण हुन आउने उल्लेख गरेको छ । **ब्राहिम मियाा समेत वि. नेपाल सरकार** भएको मुद्दामा ज्यान मार्ने मनसाय (mens rea) रहकोनदेखिएको र प्रतिवादीहरूको कार्य तेस्रो पक्षको हस्तक्षेपबाट रोकिएको अवस्था पनि नहुँदा ज्यान मार्ने उद्योगको कसूर नभई पीडितको एउटा आँखाको हेर्ने शक्ति नष्ट भई अंगभंग ठहर्ने निर्णय भएको पाइन्छ । **कुमेश्वर गुर्मैता वि. नेपाल सरकार** भएको मुद्दामा पहिलो पटक सर्वोच्च अदालतले सबै अवस्थामा तेस्रो पक्षको हस्तक्षेप लागू नहुने उल्लेख गर्दै बम वा बन्दुकको गोली प्रहार गर्नु नै ज्यान मार्ने मनसाय र कार्य हो । त्यस्तो कार्यबाट ज्यान नमरेको अवस्थामा तेस्रो पक्षीय अवरोधको सिद्धान्त लागू नहुने स्पष्ट पारेको छ । **नेपाल सरकांर वि. राजेन्द्रसिंह सिख** भएको मुद्दामा उद्योग हुन आपराधिक कार्य गरेको तर पूर्णता नपाएको हुनु पर्ने स्पष्ट पारेको छ ।

यसैगरी **जीतेन्द्र त्रिपाठी वि. नेपाल सरकार** भएको मुद्दामा अरुलाई मार्ने मनसाय र आफूलाई मार्ने मनसाय फरक फरक कुरा हुन भन्दै परस्पर सहमतिमा आत्महत्या गर्दा कुनै एकको मृत्यु भएको र अर्को बाँच्न पुगेको अवस्थामा बाँच्ने व्यक्तिलाई ज्यान मार्ने उद्योगमा सजाय गर्न नसकिने उल्लेख गरेको छ । **नेपाल सरकार वि. राजीनन सहनी** भएको मुद्दामा कुटपिटको वारदात र ज्यान मार्ने उद्योगको वारदात नितान्त फरक हुन् भन्दै कुटपिटको वारदातमा सामान्य घाइते बनाउनेसम्मको मनसाय भए पनि ज्यानै लिने मनसाय हुँदैन तर ज्यान मार्ने उद्योगमा पीडितको ज्यानैलिने उद्देश्यले आपराधिक कार्य गरिएको हुन्छ । कुटपिट र ज्यान मार्ने उद्योगको वारदातमा नियत र मनसाय तत्व नै प्रमुख रुपमा फरक हुन्छ । ताकेर गोली फायर गरेको अवस्थामा मृत्यु नभएकै कारण मार्ने मनसाय राखेको थिएन भन्नु न्यायसंगत र तर्कपूर्ण नहुने भन्दै यस्तो वारदात कुटपिटको नभई ज्यान मार्ने उद्योगको नै हुने निर्णय गरेको छ । **नेपाल सरकार वि. अशोक सितिखु समेत** भएको मुद्दामा कर्तव्य ज्यान र यसको उद्योगको बीचमा अपराध स्थापित गर्नेतत्वहरूको रुपमा रहेको कार्य (Actus reus), मनसाय (Mens rea) र वैध प्रतिरक्षाको अभाव (Absence of valid defense) को दृष्टिकोणबाट हेर्दा कुनै भिन्नता हुँदैन । केवल परिणामको दृष्टिले अपराधले पूर्णता पाउन मात्र बाँकी रहेको हुन्छ । ज्यान मर्न नपाएको अवस्था हुनको लागि तेस्रो पक्षको उपस्थिति अनिवार्य भने होइन । तेस्रो पक्षले हस्तक्षेप गरेको हुन पनि सक्दछर नगरेको पनि हुन सक्दछ । कारण जेसुकै भएपनि ज्यान मर्नबाट बच्नु र कर्तव्य ज्यानको वारदातको लागि आवश्यक सबै तत्वहरूको विद्यमानता हुनु नै ज्यान मार्ने उद्योगकोवारदात स्थापित हुन पर्याप्त हुने स्पष्ट पारेको छ । **नेपाल सरकार वि. सीता चौलागाई** भएको मुद्दामा ज्यान मार्ने उद्योगमा पीडितलाई पर्न गएको चोट र त्यसको असरलाई निर्णायक प्रमाण मानिदैन, ज्यान मर्नेसम्मको कार्य गरिसकेको हो होइन भन्ने कुरा महत्वपूर्ण हुने उल्लेख गरेको छ । **नेपाल सरकार वि. वीरबहादुर सार्की** भएको मुद्दामा ज्यान मार्ने उद्योग ठहर्न ज्यान मार्ने मनसाय रहेको र ज्यान मार्न नपाएको स्पष्ट कारण र अवस्था देखिनु पर्ने उल्लेख गरेको छ ।

## ७. अध्ययनको नतिजा

ज्यान मार्ने उद्योग सम्बन्धी कानुनी व्यवस्था र प्रयोगको अवस्था सम्बन्धमा अध्ययनका प्राप्तिहरु देहाय बमोजिम रहेका छन् :

१. हाम्रो कानुनी व्यवस्थामा ज्यान मार्ने उद्योगलाई विगत लामो समय देखि कसुर कायम गरी सजायको व्यवस्था गरिएको पाइन्छ ।

२. विगत दस वर्षको महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयमा रहेका मुद्दाको कसुर कायमको स्थिति हेर्दा कसुर कायमको दर न्यून रहेको देखिन्छ ।

३. नेपाल सरकारको तर्फबाट अदालतमा दायर भएका (जिल्ला प्रशासनमा दायर हुने सार्वजनिक अपराध समेत बाहेक गर्दा) झण्डै ७० प्रतिशतसम्म मुद्दामा कसुर कायम भएको महान्यायाधिवक्ताको विभिन्न वर्षमा प्रकाशित वार्षिक प्रतिवेदनले देखाएको छ ।

४. अदालतबाट निर्णय हुँदा ज्यान मार्ने उद्योगको वारदातलाई दुनियाँ वादी फौजदारी मुद्दाको रुपमा हेरिने गरी सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सामान्य कुटपिटमा परिणत गर्ने गरिन्छ । यस अवस्थामा पीडितले आफैले पुनः मुद्दाको कारबाही अगाडि बढाउने र कारबाही टुंगाउने गरेको व्यवहारमा प्रायः पाइदैन । यस्तो अवस्थामा ज्यान मार्ने उद्योगको कसुर र सजायको व्यवस्था कानुनमा मात्र रहेको छ भने यसबाट पीडितले न्याय र पिडकले सजाय पाउन सकेको देखिदैन ।

५. सर्वोच्च अदालतले सबै अवस्थामा तेस्रो पक्षको हस्तक्षेप लागू नहुने उल्लेख गर्दै बम वा बन्दुकको गोली प्रहार गर्नु नै ज्यान मार्ने मनसाय र कार्य हो । त्यस्तो कार्यबाट ज्यान नमरेको अवस्थामा तेस्रो पक्षीय अवरोधको सिद्धान्त लागू नहुने स्पष्ट पारेको छ ।

## ८. निष्कर्ष

ज्यान मार्ने उद्योग परम्परागत अपाराध हो । मानिसको ज्यान लिने उद्देश्यले कर्ताले गरेको कार्य उसको काबु बाहिरको परिस्थिति परी परिणाम प्राप्त नभएको अवस्था हुनु नै ज्यान मार्ने उद्योगको वारदात हुनु हो । कसुर ठहरको दर अन्यत्नै न्युन भए पनि दायरीको अवस्था हेर्दा यसको संख्या निकै रहेको देखिनछ । साथै जुन अनुपातमा यस कसुरम सफलता प्राप्त हुन सकिरहेको छैन । त्यसको विपरित लगतको सख्या बढ्दै गएको महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदनबाट देखिन्छ । अपूर्ण अपराधको सफलता प्रतिशत अरु अपराधको तुलनामा कम हुने गर्दछ । संख्यात्मक रुपमा अपराध बढ्दै जाने र मात्रात्मक रुपमा अदालतबाट कसुर ठहर नभएको यथार्थता हो । कर्ताको मनसाय पुष्टि गर्दै कारणवश इच्छित कार्यको परिणाम निस्कन नपाएको पुष्टि अभियोजनकर्तामा रहने र सो कार्य आफैमा जटिल हुने हुँदा समस्या देखिएको हो । प्रचलित कानुनले कसुर कायम गरी सजायको भागिदार कर्तालाई गराउन अपराध अनुसन्धान देखि नै विशेष ध्यान दिनु पर्ने हुन्छ । साथै ज्यान मार्ने उद्योग र कुटपिट अपराधका तत्वहरु पहिचान गरी कानुनका आधारमा सजायको मागदाबी गर्नु पर्दछ । ज्यान मार्ने उद्योग मुद्दा अदालतबाट ठहर नभएको अवस्थामा प्रायः कुटपिटमा परिणत गर्ने हाम्रो अदालती अभ्यास रहेको छ । यसले कानुनको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । साथै पीडितले न्याय पाउन समेत नसकेको यथार्थता हो । लामो अदालती प्रक्रिया पछि वारदात

ज्यान मार्ने उद्योग नठहरी कुटपिटमा परिणत गर्दा मुद्दामा ढिलाई मात्र हुने नभई मुद्दाको प्रक्रियामा पीडितलाई अन्यौलता पनि रहेको हुन्छ ।

## ९. सुझाव

ज्यान मार्ने उद्योग सम्बन्धी अपराध, कानुनी व्यवस्था, मुद्दाको लगत तथा कारबाही समेतका आधारमा देहायका सुझावहरु प्रस्तुत गरिएको छ :

१. सामान्य कुटपिटको वारदातलाई पनि ज्यान मार्ने उद्योगको रुपमा अभियोजन गर्ने प्रचलनलाई तत्कालै सुधार गर्नु पर्दछ ।

२. अनुसन्धानकर्ता र अभियोजनकर्ताले ज्यान मार्ने उद्योग पुष्टि हुने गरी (ज्यान मार्ने मनसायले नै वारदात घटाएको) प्रमाण संकलन र सो बमोजिम अभियोजन गर्नु पर्दछ,

३. ज्यान मार्ने उद्योगमा हाल विद्यमान कानुनमा पाँच वर्ष देखि बाह्रसम्म सजाय हुने व्यवस्थाले ठहर गर्नासाथ ठूलो मात्रामा सजाय गर्नुपर्ने अवस्था हुँदा सजायको तल्लो हद नराखी माथिल्लो हद मात्र राख्नु पर्दछ,

४. ज्यान मार्ने उद्योग मुद्दाको सुनुवाइ गरी निर्णय हुँदा कुटपिटमा परिणत हुने गरी निर्णय भएमा त्यसको जानकारी पीडितलाई तुरुन्त र अनिवार्य रुपमा दिने व्यवस्था गरिनु पर्दछ,

५. कर्ताले ज्यान मार्ने मनसाय सहित आपराधिक कार्य गरेको तर सो अपराधले पूर्णता पाउन कुनै कारण, परिस्थिति, अवथाले नसकेमा (जस्तैः तत्काल उपचार संभव भएको हुँदा)ज्यान मार्ने उद्योग हुने कानुनी व्यवस्थालाई वारदात अनुसार नै न्यायिक व्याख्या हुनु पर्ने,

६. ज्यान मार्ने उद्योग मुद्दा घट्दा पीडितको शरीरमा विभिन्न घाँ चोट लाग्ने तर सो घाँ चोटको उपचारको व्यवस्था कानुनमा गरिएको छैन । पीडितलाई न्याय दिलाउन उचित क्षतिपूर्तिको व्यवस्था समेत कानुनमा गरिनु पर्दछ ।

## सन्दर्भ सामग्रीहरु


१. प्रा.डा. रजितभक्त प्रधानाङ्ग, डा. लक्ष्मीप्रसाद मैनाली, (२०७३), फौजदारी कानुनको परिचय, काठमाडौं, लुम्बिनी प्रकाशन ।

२. प्रा.डा. रजितभक्त प्रधानाङ्ग समेत, (२०७०), फौजदारी कसुर सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक अपराध संहिता, २०६७, दफावार व्याख्यात्मक टिप्पणी, ललितपुर, राष्ट्रिय न्यायिक प्रतिष्ठान ।

३. महान्यायाधिवक्ताको कार्यालयको बुलेटिन, पूर्णाङ्क १५ वर्ष ४ अंक १ २०७१, वैशाख/जेष्ठ, काठमाडौं, महान्यायाधिवक्ताको कार्यालय ।

४. प्रा.डा. रजितभक्त प्रधानाङ्ग, डिल्लीराम श्रेष्ठ, “आजको बदलिँदो सन्दर्भमा ज्यान मार्ने उद्योग : एक विवेचना”, कानुन, काठमाडौं, कानुन व्यवसायी क्लब, अंक ५४, पृ. २७।

५. सर्वोच्च अदालतबाट प्रकाशित नेपाल कानुन पत्रिका र सर्वोच्च अदालत बुलेटिनका विभिन्न अंकहरु ।

६. महान्यायाधिवक्ताको कार्यालयबाट प्रकाशित विभिन्न आर्थिक वर्षका महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनहरु ।

७. Model Penal Code, 2008,Article 16.

# हातहतियार र खरखजाना अपराधको प्रवृत्ति : एक विश्लेषणात्मक अध्ययन

✍प्रतिमा दाहाल
शाखा अधिकृत

## १. परिचय

राज्यमा शान्ति सुरक्षा कायम गर्नु र नागरिकको हक अधिकारको संरक्षण गर्नु राज्यको मुख्य दायित्व हो । त्यसका लागि राज्यले विभिन्न निकायको स्थापना र कानुनी प्रबन्ध समेत गर्दछ । राज्यको शान्ति एवं सुरक्षा व्यवस्था कायम गर्नलाई हातहतियार र खरखजनाको प्रयोग र व्यवस्थापन दुवै आवश्यक मानिन्छ । शान्ति सुरक्षा विरुद्धका कार्य गर्नेलाई कानुनी दायरमा ल्याउन पनि हातहतियारको प्रयोग राज्यले गर्नु पर्दछ तर कुनै व्यक्तिले गैरकानुनी रुपमा हातहतियारको प्रयोग गर्न पाउँदैन । यसरी हतियारको प्रयोग राज्यको स्थापनासँग जोडिएको विषय वस्तु हो । आधुनिक राज्य व्यवस्थाको प्रारुप अगाडि ढुंगे युगमा हातहतियारको प्रयोग जंगली जनावरबाट बच्न र तिनीहरुलाई मार्नको निमित्त प्रयोग भएको मानिन्छ ।आधुनिक समयमा औपचारिक राज्य संयन्त्रको व्यवस्था पश्चात् हातहतियारको जथाभावी प्रयोग गर्ने कार्यनिषेध गरियो । हातहतियारको प्रयोग जथाभावी गर्नाले नागरिक नागरिक बीचमा, समाज समाज बीचमा र देश देश बीचमा द्वन्द्व सृजना भई हत्या हिंसाले स्थान लिने भएकोले उक्त कार्यलाई नियन्त्रण गर्नको निमित्त हरेक राज्यले यसलाई नियमन र नियन्त्रण गरेको देखिन्छ । नेपालमा पनि त्यस्ता खालका क्रियाकलापलाई व्यबस्थित र सुरक्षित गर्नको लागि हातहतियार खरखजाना ऐन, २०१९ लागू भएको हो ।

## २. हातहतियार र खरखजानाको परिभाषा

हातहतियार र खरखजानालाई अंग्रेजीमा Arms and Ammunitions भनिन्छ । हातहतियार खरखजाना सम्बन्धी ऐन, २०१९ लाई संशोधन गर्दै हाल पछिल्लो पटक केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२[१] ले संशोधन गरी कार्यान्वयनमा रहेको छ । यो ऐनको मुख्य उद्देश्य नेपालको सुरक्षा एवं शान्ति र व्यवस्था कायम राख्नको निमित्त रहेको देखिन्छ । यस ऐनले हातहतियार र खरखजानालाई अलग अलग परिभाषा गरेको छ । हातहतियार[२] खरखजाना भन्नाले राइफल, बन्दुक, पिस्तौल, रिभल्भर, माइनिङ्ग र ग्रिनेड, त्यसका पाटपुर्जाहरु र त्यस्तो हातहतियार बनाउने कल मेशिनलाई समेत जनाउँछ भन्ने परिभाषा गरेको छ र खरखजाना[३] भन्नाले फगसिग्नल (धुमिका संकेत) फ्युज बारुद, केप, गोला छर्रा, पडकाउने वस्तु (डटोनेटर) कार्तुस, त्यस्तै किसिमको विष्फोटक पदार्थ र अरु खरखजानाहरुलाई समेत जनाउँछ । हातहतियार र खरखजाना सम्बन्धी कार्य सरकार वादी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसुची १ अन्तर्गतको मुद्दा हुन्[४] । कसैले विना अनुमति हातहतियार राख्नु, हिडाल्नु वा अन्य कुनै कार्य

[१] प्रमाणीकरण मिति २०७२/११/१३ ।

[२] हातहततियार खरखजाना ऐन, २०१९ दफा २ (ग)

[३] हातहततियार खरखजाना ऐन, २०१९ दफा २ (घ)

[४] सरकार वादी मुद्दा सम्बन्धी ऐन, २०४९

गर्नु हुँदैन । सो कार्य गरेमा कानुन विपरितको कार्य  हुन्छ र कानुन बमोजिम निजलाई दण्ड र सजाय हुने कानुनी व्यवस्था रहेको पाइन्छ ।

### ३. हातहतियार खरखजाना सम्बन्धी कसुरहरु

सामान्यतयाः हातहतियार र खरखजाना सम्बन्धी कानुनद्वारा निषेध गरेका हातहतियार र खरखजाना अनुमति विना वा अनुमतिमा तोकिएको शर्त विपरित हातहतियार विदेशबाट नेपाल ल्याउन वा लैजाने बनाउने, मर्मत गर्ने लगायतका कार्य हातहतियार खरखजाना सम्बन्धी कसुर मानिन्छ । हातहतियार खरखजाना ऐन, २०१९ अनुसार निम्न कार्य हातहतियार खरखजाना सम्बन्धी कसुर अपराध मानिएको छ ।

(१) तोप, मेशिन गन र लाइसेन्स नभई हातहतियार खरखजाना बनाउन, आफूसँग राख्न वा अन्य स्थानमा राख्न लगाउन, एक रुपबाट अर्को रुपमा परिणत गर्न विक्री गर्ने जस्ता कार्य गरेमा,[५]

(२) लाइसेन्स बेगर वा लाइसेन्समा तोकिएको शर्त बमोजिमको विपरित हातहतियार लिएर हिड्ने कार्य गरेमा,[६]

(३) निर्वाचन अवधीमा हातहतियार लिएर हिड्ने कार्य गरेमा निर्वाचन आयोगले प्रचलित कानुन बमोजिम गराउने निर्वाचनमा सुरक्षा सम्बन्धी सरकारी कर्मचारी बाहेक अरु कसैले निर्वाचन क्षेत्रमा लाइसेन्स प्राप्त हातहतियार पनि लिई हिड्ने कार्य गरेमा[७],

(४) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको ठाउँमा तोकिएको हातहतियार कुनै व्यक्तिले राख्ने गरेमा[८],

(५) सार्वजनिक शान्ति सुरक्षाको लागि आवश्यक देखिएमा प्रमुख जिल्ला अधिकारीले आफ्नो अधिकारक्षेत्र भित्र लाइसेन्स रद्ध गर्न सक्ने कार्यलाई बाधा गरेमा[९],

(६) कसुरको सम्बन्धमा सूचना दिने कार्य जानीजानी इन्कार गरेको प्रमाणित भएमा कसुर ठहर्छ[१०],

(७) हातहतियार वाखरखजाना राख्ने कुनै पनि व्यक्तिको लाइसेन्सको अवधि समाप्त भएमा वा लाइसेन्स बदर गरिएमा वा अरु कुनै तरिकाबाट त्यस्तो हातहतियार खरखजाना राख्न गैरकानुनी हुनआई स्थानीय प्रहरी कार्यलयमा तुरुन्त नबुझाएमा[११],

(८) नेपाल सरकारले समयसमयमा सूचना प्रकाशित गरी नेपालभरमा सोही सूचनामा तोकिएको कुनै ठाउँमा कुनै हतियार वा खरखजाना राख्ने व्यक्तिले ल्याएको लगत तोकिएको अधिकारीलाई नदिएमा वा तोकिएको अधिकारीले मागे बमोजिमको लगत

---

[५] हातहतियार खरखजाना ऐन २०१९, दफा ३

[६] हातहतियार खरखजाना ऐन २०१९, दफ ३ (२)

[७] हातहतियार खरखजाना ऐन २०१९, दफा ५ (क)

[८] हातहतियार खरखजाना ऐन २०१९, दफा ८

[९] हातहतियार खरखजाना ऐन २०१९, दफा ११

[१०] हातहतियार खरखजाना ऐन २०१९, दफा १६)

[११] हातहतियार खरखजाना ऐन २०१९, दफा ९

दाखिला नगरेमा वा त्यस्तो हातहतियार वा खरखजाना नै हेर्न चाहेमा सो समेत नदेखाएमा[१२],

(९) जानी जानी अनाधिकृत व्यक्तिलाई हातहतियार खरखजाना दिएमा वा त्यस्तो व्यक्तिबाट खरिद गरेमा[१३],

(१०) कसैले लाइसेन्सको शर्त वा नियम उल्लघन गरी काम गरेमा[१४],

## ४. कसुर, दण्ड सजाय र मुद्दा हेर्ने अधिकारी सम्बन्धी व्यवस्था

हातहतियार खरखजाना ऐन, २०१९ ले कसुरको प्रकृति, इजाजतपत्रको प्रकार र कसुरको मात्रा अनुसार अलग अलग रुपमा देहाय बमोजिमको सजायको व्यवस्था गरेको पाइन्छ । त्यसैगरी कसुरको मात्रा तथा दण्ड जरिवानाको आधारमा मुद्दा हेर्ने अधिकारीको क्षेत्राधिकार समेत यसै ऐनमा नै स्पष्ट व्यवस्था भएको देखिन्छ ।

| क्र.सं. | कसुर | दण्ड तथा जरिवाना | मुद्दा हेर्ने अधिकारी |
|---|---|---|---|
| १. | लाइसेन्स नभई कसैले तोप वा मेशिनगन बनाउन, मर्मत गर्न, आफू साथ राख्न वा अन्य स्थानमा राख्न लगाउन, बिक्री गर्ने गरेमा,<br>लाइसेन्स नलिई वा लाइसेन्समा तोकिएको शर्त बमोजिममा नरही कुनै व्यक्तिले हातहतियार वा खरखजाना बनाएमा[१५], | ३ देखि७ वर्ष वा ६० हजार देखि १ लाख ४० हजार वा दुवै सजाय हुने,[१६] | मुद्दाको शुरु कारबाही किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुने[१७], |
| २. | लाइसेन्स नलिई वा तोकिएको शर्त बन्देजमा नरही कुनै व्यक्तिले हातहतियार वा खरखजाना बनाउन, मर्मत गर्न,आफू साथ राख्न वा अन्य स्थानमा राख्न वा बिक्री गर्ने गरेमा[१८],<br>लाइसेन्स नलिइए कुनै व्यक्तिले हातहतियार वा खरखजाना विदेशबाट नेपालभित्र ल्याउन वा नेपालबाट विदेश लान वा एक जिल्लाबाट र अर्को जिल्लामा ल्याउने लैजाने कार्य गरेमा,[१९] | ६ महिना वा १ वर्षसम्म कैद वा साठी हजार देखि एक लाखसम्म जरिवाना वा दुवै सजाय हुनेछ[२०] | ➢ मुद्दाकोशुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।[२१]<br>➢ प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर जिल्ला |

[१२] हातहतियार खरखजाना ऐन २०१९, दफा १५

[१३] हातहतियार खरखजाना ऐन २०१९, दफा २१

[१४] हातहतियार खरखजाना ऐन २०१९, दफा २२

[१५] हातहतियार खरखजाना ऐन २०१९, दफा ३ (१) (क)

[१६] हातहतियार खरखजाना ऐन २०१९, दफा ३ (१)

[१७] हातहतियार खरखजाना ऐन २०१९, दफा २४ (१)

[१८] हातहतियार खरखजाना ऐन २०१९, दफा ३ (२)

[१९] हातहतियार खरखजाना ऐन २०१९, दफा ४

[२०] हातहतियार खरखजाना ऐन २०१९, दफा २०(२)

[२१] हातहतियार खरखजाना ऐन २०१९, दफा २४ (२)

| क्र.सं. | कसुर | दण्ड तथा जरिवाना | मुद्दा हेर्ने अधिकारी |
|---|---|---|---|
| | | | अदालतमा पुनरावेदन लाग्नेछ ।[२२] |
| ३. | लाइसेन्स वेगर हातहतियार लिएर हिड्ने कार्य गरेमा,[२३]<br>कुनै निश्चित ठाऊँमा हातहतियार वा खरखजाना राख्ने कार्य गरेमा,[२४]<br>लाइसेन्स बदर गरिएमा वा लाइसेन्स अवधि समाप्त भएमा वा अरु कुनै तरिकाबाट त्यस्था हातहतियार वा खरखजाना गैर कानुनी रुपमा आफू सित राख्ने कार्य गरेमा,[२५]<br>लाइसेन्स नलिई वा लाइसेन्समा तोकिएको बन्देजमा नरही हातहतियार तथा खरखजाना विदेशबाट नेपाल ल्याउने वा नेपालबाट विदेश लैजाने जस्तो कार्य गरेमा,[२६]<br>जानी जानी अनधिकृत व्यक्तिलाई हातहतियार वा खरखजाना दिएमा वा त्यस्तो व्यक्तिबाट खरिद गर्ने कार्य गरेमा,[२७] | ३ महिनादेखि ९ महिनासम्म कैद वा २० हजार देखि साठी हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ[२८] | |
| ४. | विक्रि गर्ने अख्तियार नभएको व्यक्तिसँग खरखजाना खरीद गरेमा वा खरखजाना राख्ने अधिकार नभएको व्यक्तिलाई जानीजानी हस्तान्तरण<br>गरेमा,[२९] | २ महिना देखि ६ महिनासम्मकैद वा १० हजार देखि २० हजारसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।[३०] | |
| ५. | लाइसेन्सको शर्त उल्लंघन गरेमा,[३१] | ३ महिनासम्म कैद वा ७५० रुपैंया सम्म जरिवाना वा दुवै सजाय हुने ।[३२] | |

[२२]हातहतियार खरखजाना ऐन २०१९, दफा २४ (३)

[२३]हातहतियार खरखजाना ऐन २०१९, दफा ५

[२४]हातहतियार खरखजाना ऐन २०१९, दफा ८

[२५]हातहतियार खरखजाना ऐन २०१९, दफा ८

[२६]हातहतियार खरखजाना ऐन २०१९, दफा ४(२)

[२७]हातहतियार खरखजाना ऐन २०१९, दफा २१

[२८]हातहतियार खरखजाना ऐन २०१९, दफा २०(३)

[२९]हातहतियार खरखजाना ऐन २०१९, दफा २(१)(क)(ख)

[३०]हातहतियार खरखजाना ऐन २०१९, दफा २१(२)

[३१]हातहतियार खरखजाना ऐन २०१९, दफा २२

[३२]हातहतियार खरखजाना ऐन २०१९, दफा २२

| क.सं. | कसुर | दण्ड तथा जरिवाना | मुद्दा हेर्ने अधिकारी |
|---|---|---|---|
| ६. | कसुरको सम्बन्धमा सूचना दिनुपर्ने कार्य नगरेमा,[33] हातहतियार खरखजानाको लगत लिने अधिकारी समक्ष हातहतियार राख्ने सबै व्यक्तिहरुले तोकिएको अधिकारीले मागे बमोजिमको लगत दाखिला गर्ने कार्य सूचनामा तोकिएको समयावधिमा लगत दाखिला नगरेमा वा नदेखाएमा,[३४] | १ महिनासम्म कैद वा २५० रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।[३५] | |
| ७. | यस ऐन अन्तर्गत बनेको नियमको कुनै कुरा उलंघन गरे बापत दण्ड नतोकिएको खण्डमा,[३६] | १ महिनासम्म कैद वा रु ५० सम्म जरिवाना वा दुवै सजाय हुने ।[३७] | |

## ५. अनुमतिको व्यवस्था र प्रक्रिया

हातहतियार खरखजाना ऐन, २०१९ कार्यान्वयनका लागि हातहतियार खरखजाना नियमावली २०२८ तर्जुमा गरिएको छ । उक्त नियमावलीले इजाजतपत्र लिनुपर्ने हातहतियार तथा खरखजानाको व्यवस्था गरेको छ[३८]। इजाजतपत्र लिन चाहने व्यक्तिले नियमावलीको अनुसुचीमा तोकिएको ढाँचामा प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनुपर्छ[३९] । प्रमुख जिल्ला अधिकारीले कुनै इजाजतपत्रको लागि आफूसँग परेका निवेदनमा आवश्यक सबै कुराको जाँचबुझ गरी इजाजतपत्र दिन ठहराए बापत लाग्ने दस्तुर लिई अनुसुची ६, ७, ८, ९, १०, ११ बमोजिमको इजाजतपत्र गरी दिनु पर्दछ । तर हातहतियार बिक्री गर्ने र हातहतियार उत्पादन गरी बिक्री गर्ने इजाजतपत्र दिँदा प्रमुख जिल्ला अधिकारीले नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र दिनुपर्छ[४०] । कुटनीतिक सुविधा प्राप्त व्यक्तिको हातहतियार खरखजानाको इजाजतपत्र गर्ने सम्बन्धमा परराष्ट्र मन्त्रालयले लेखी पठाएमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो हातहतियार खरखजानाको इजाजतपत्र दिनुपर्दछ र त्यस्ता कुटनैतिक सुबिधा प्राप्त व्यक्तिहरुलाई इजाजतपत्र दिँदा वा इजाजतपत्र नवीकरण गर्दा कुनै दस्तुर लिइने छैन[४१] । हातहतियार खरखजाना बिक्री गर्ने, उत्पादन गरी बिक्री गर्ने वा मर्मत गर्ने इजाजतपत्र प्राप्त व्यक्तिले प्रत्येक महिनामा उत्पादन गरेको वा बिक्री गरेको वा मर्मत गरेको हातहतियार

[३३]हातहतियार खरखजाना ऐन २०१९, दफा १८

[३४]हातहतियार खरखजाना ऐन २०१९, दफा १५

[३५]हातहतियार खरखजाना ऐन २०१९, दफा २३

[३६]हातहतियार खरखजाना ऐन २०१९, दफा २३(३)

[३७]हातहतियार खरखजाना ऐन २०१९, दफा २३(३)

[३८]हातहतियार खरखजाना नियम, २०२८, दफा २६

[३९]हातहतियार खरखजाना नियमावली, २०२८ नियम ५

[४०]हातहतियार खरखजाना नियमावली, २०२८ नियम ७

[४१]हातहतियार खरखजाना नियमावली, २०२८ नियम १८

खरखजानाको लगत अनुसूची १२ बमोजिमको ढाँचामा गरी प्रत्येक महिना भुक्तान भएको ७ दिन भित्र जिल्ला प्रशासन कार्यलय मार्फत गृह मन्त्रालयमा पठाउनु पर्छ[४२]।

### ६. मुलुकी अपराध संहितामा हातहतियार खरखजाना सम्बन्धी व्यवस्था

फौजदारी कसुर सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको संहिताको परिच्छेद ६ को हातहतियार तथा खरखजाना सम्बन्धी कसुर दफा १२७ देखि दफा १३५ सम्म व्यवस्था गरेको छ ।[४३] यसमा इजाजतपत्र प्राप्त नगरी हातहतियार उत्पादन गर्न नहुने[४४], इजाजत प्राप्त नगरी हातहतियारको कारोबार गर्न नहुने[४५], खास किसिमका हातहतियार प्राप्त गर्न नहुने[४६], इजाजतपत्र विना हातहतियार राख्न वा लिएर हिड्न नहुने[४७], हातहतियार खरखजानाको कारोबारको अभिलेख राख्नु पर्ने[४८], आणविक, रासायनिक, जैविक (जीवाणुयुक्त) वा विषालु हातहतियार उत्पादन वा कारोवार गर्न नहुने[४९], कसुरसँग सम्बन्धित चल अचल सम्पत्ति जफत हुने[५०], क्षतिपूर्ति भराउने[५१] र दफा १३५ मा हदम्याद[५२] सम्बन्धी व्यवस्था रहेको छ ।

इजाजतपत्र प्राप्त नगरी हातहतियार उत्पादन गर्न नहुने भन्ने व्यवस्था रहेकोमा यदि कसैले कानुन विपरितको कार्य गरेमा कसुर गर्ने व्यक्तिलाई हातहतियार तथा खरखजानाको जोखिमको गम्भीरता हेरी दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था गरेको छ । इजाजत प्राप्त नगरी हातहतियारको कारोबार गर्न नहुने विपरितको कसुर गर्ने व्यक्तिलाई सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिवाना हुनेछ । खास किसिमका हातहतियार प्राप्त गर्ने कार्य गरे कसुर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ । इजाजतपत्र विना हातहतियार राख्न वा लिएर हिड्ने कार्य गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । यदि विपरितको कार्य गरेमा उक्त कसुर गर्ने व्यक्तिलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । हातहतियार खरखजानाको कारोबारको अभिलेख राख्ने विपरितको कार्य गरेमा कसुर गर्ने व्यक्तिलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ भन्ने व्यवस्था मुलुकी अपराध संहिताले गरेको पाइन्छ । जसको क्षतिपूर्तिको व्यवस्था र इजाजतपत्र विना

---

[४२] हातहतियार खरखजाना नियमावली, २०२८ नियम १६

[४३] मुलुकी अपराध संहिता, २०७३ परिच्छेद ६

[४४] ऐजन, दफा १२७

[४५] ऐजन, दफा १२८

[४६] ऐजन, दफा १२९

[४७] ऐजन, दफा १३०

[४८] ऐजन, दफा १३१

[४९] ऐजन, दफा १३२

[५०] ऐजन, दफा १३३

[५१] ऐजन, दफा १३४

[५२] ऐजन, दफा १३५

हातहतियार राख्न वा लिएर हिड्न नहुने विपरीतको कसुरको हदम्याद तीन महिनाभित्र र हातहतियार खरखजाना सम्बन्धी बाँकी कसुरमा थाहा पाएको मितिले छ महिनासम्मको हदम्यादको व्यवस्था गरेको छ ।

### ७. हातहतियार र खरखजाना सम्बन्धी अपराधको दश वर्षको प्रवृत्ति


हातहतियार खरखजाना मुद्दाको शुक्ष्म र तथ्याङ्कगत रुपले अध्ययन गर्दा फरक/फरक वर्षमा मुद्दाको दायरी भई त्यसको संख्यामा उतार चढाव भएको तलका निम्न तालिकाले प्रस्ट्याउँछ ।

**(क)** महान्यायधिवक्तको कार्यलयमा रहेका हातहतियार खरखजाना मुद्दाको आर्थिक वर्ष २०६३/०६४ देखि २०७२/०७३ सम्मको विवरणलाई अध्ययन गर्दा मुद्दाको दायरी वा लगत संख्यामा बढोत्तरी भएको देखिन्छ । जम्मा लगतको आर्थिक वर्ष २०६३/०६४ मा ८, २०६४/०६५ मा ७, २०६५/०६६ मा ९, २०६६/०६७ मा १०, २०६७/०६८ मा १९, २०६८/०६९ मा ३७, २०६९/०७० मा ४३, २०७०/०७१ मा ५१, २०७१/०७२ मा ६१, २०७२/०७३ मा ८६ देखिन्छ । मुद्दाको फछ्र्यौट प्रवृत्तिलाई हेर्दा आ.व. २०६३/०६४ देखि आ.व. २०७२/०७३ सम्मको तुलनात्मक अध्ययनबाट २०७२/०७३ मा सतप्रतिशत कसुर ठहर भएको देखिन्छ तर अन्य आर्थिक वर्षहरुमा कसुर ठहर हुन नसकेको तालिका नं.१ को तथ्याङ्कबाट देखिन्छ । उक्त तथ्याङ्कलाई हेर्दा १० वर्षको फछ्र्यौट प्रतिशतमा उतारचढाब भएको देखिन्छ ।

**तालिका नं. १**

| आ.ब. | लगत | फछ्र्यौट | | | | बांकी | कसुर ठहर प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | कसुर कायम | सफाइ | अन्य | जम्मा | | |
| २०६३/०६४ | ८ | | १ | | १ | ७ | ० |
| २०६४/०६५ | ७ | | | | | ७ | ० |
| २०६५/०६६ | ९ | १ | ३ | ० | ४ | ५ | २५ |
| २०६६/०६७ | १० | १ | ३ | | ४ | ६ | २५ |
| २०६७/०६८ | १९ | ० | १ | ४ | ५ | १४ | ० |
| २०६८/०६९ | ३७ | ० | ० | ० | ० | ३७ | ० |
| २०६९/०७० | ४३ | २ | ४ | ० | ६ | ३७ | ३३.३३ |
| २०७०/०७१ | ५१ | ० | २ | ० | २ | ४९ | ० |
| २०७१/०७२ | ६१ | ४ | १३ | ० | १७ | ४४ | २३.५२ |
| २०७२ /०७३ | ८६ | ३ | ० | ० | ३ | ८३ | १०० |

**(महान्यायाधिवक्ताको कार्यालयबाट विभिन्न आ.व. मा प्रकाशित वार्षिक प्रतिवेदनबाट)**





तालिका नं. १ को तथ्याङ लाई Bar Diagramमा देखाइएको छ ।

**(ख)** उच्च सरकारी वकील कार्यलयमा रहेका हातहतियार रखरखजाना मुद्दाको आर्थिक वर्ष २०६३/०६४ देखि २०७२/०७३ सम्मको १० वर्षको विवरणलाई अध्ययन गर्दा मुद्दाको दायरी वा लगत संख्यामा उतार चढाव भएको देखिन्छ । जम्मा लगतको आर्थिक वर्ष २०६३/०६४मा १८, २०६४/०६५ मा २२, २०६५/०६६ मा ८०, २०६६/०६७मा १७७, २०६७/०६८ मा १९७, २०६८/०६९ मा २०६, २०६९/०७० मा २१६, २०७०/०७१ मा २०२,२०७१/०७२ मा १४७,२०७२/०७३ मा १३५ देखिन्छ । मुद्दाको फछ्र्यौट प्रवृत्तिलाई हेर्दा आ.व. २०६३/०६४ देखि आ.व. २०७२/०७३ सम्मको तुलनात्मक अध्ययनबाट २०६७/०६८ मा ५३.५% कसुर ठहर अन्य आर्थिक वर्षहरुमा कसुर ठहर प्रतिशतमा एकरुपता हुन नसकेको तालिका नं. २ को तथ्याङ्कबाट देखिन्छ । आ. व. २०६६/०६७ मा सबैभन्दा कम २३.७६% कसुर ठहर भएको देखिन्छ ।

| आ.ब. | लगत | फछ्यौट | | | | बाँकी | कसुर ठहर प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | कसुर कायम | सफाइ | अन्य | जम्मा | | |
| ०६३/०६४ | १८ | ४ | १२ | | १६ | २ | २५ |
| ०६४/०६५ | २२ | १ | ३ | | ४ | १८ | २५ |
| ०६५/०६६ | ८० | ५ | १० | | १५ | ६५ | ३३.३३ |
| ०६६/०६७ | १७७ | २४ | ७७ | | १०१ | ७६ | २३.७६ |
| ०६७/०६८ | १९७ | ६९ | ५९ | १ | १२९ | ६८ | ५३.५० |
| ०६८/०६९ | २०६ | ४१ | ३६ | १ | ७८ | १२५ | ५२.५६ |
| ०६९/०७० | २१६ | ५३ | ४९ | १ | १०३ | ११३ | ५१.४५ |
| ०७०/०७१ | २०२ | ३२ | ५९ | ० | ९१ | १११ | ३५.१६ |
| ०७१/०७२ | १४७ | ४७ | ४५ | १ | ९३ | ५४ | ५०.५३ |
| ०७२/०७३ | १३५ | २५ | ३५ | ० | ६० | ७५ | ४१.६६ |

तालिका नं. २ (महान्यायाधिवक्ताको कार्यालयबाट विभिन्न आ.व. मा प्रकाशित वार्षिक प्रतिवेदनबाट)





माथिको तालिका नं. २ को तथ्याङ लाई Bar Diagram मा प्रस्तुत गरिएको छ ।

**(ग)** जिल्ला सरकारी वकील कार्यलयमा रहेका हातहतियार र खरखजाना मुद्दाको आर्थिक वर्ष २०६३/०६४ देखि २०७२/०७३ सम्मको १० वर्षको विवरणलाई अध्ययन गर्दा मुद्दाको दायरी वा लगत संख्यामा उतार चढाव भएको देखिन्छ । जम्मा लगतको आर्थिक वर्ष २०६३/०६४मा ५३८, २०६४/०६५ मा ९०९, २०६५/०६६ मा ११७९, २०६६/०६७मा १२४०, २०६७/०६८ मा ११५६, २०६८/०६९ मा ११३७, २०६९/०७० मा ९१४, २०७०/०७१ मा ९०१, २०७१/०७२ मा ७६९, २०७२/०७३ मा ६२८ देखिन्छ । मुद्दाको फछ्र्यौट प्रवृत्तिलाई हेर्दा आ.व. २०६३/०६४ देखि आ.व. २०७२/०७३ सम्मको तुलनात्मक अध्ययनबाट २०६३/०६४ मा ९८.९४% कसुर ठहर भएको देखिन्छ भने अन्य आर्थिक वर्षहरुमा कसुर ठहर प्रतिशतमा करिब करिब एकरुपताको नजिक हुन सकेको तालिका नं. ३ को तथ्याङ्कबाट देखिन्छ ।

**तालिका नं. ३**

| आ. ब. | लगत सख्या | फछ्यौट | | | | बांकी | कसुर ठहर प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | कसुर कायम | सफाइ | फिर्ता,मुल्तबी, तामेली,अन्य | जम्मा | | |
| ०६३/०६४ | ५३८ | १०६ | २ | | १०८ | ४३० | ९८.१४ |
| ०६४/०६५ | ९०९ | १७६ | १८ | | १९४ | ७१५ | ९०.७२ |
| ०६५/०६६ | ११७९ | ३५७ | ५२ | | ४०९ | ७७० | ८७.२९ |
| ०६६/०६७ | १२४० | ४६६ | ५९ | ३ | ५२८ | ६१२ | ८८.२५ |
| ०६७/०६८ | ११५६ | ३८२ | ३६ | २ | ४२० | ७३६ | ९०.९५ |
| ०६८/०६९ | ११३७ | ३८२ | २३ | ५ | ४१० | ७२७ | ९३.१७ |
| ०६९/०७० | ९१४ | ३२३ | १६ | ० | ३३९ | ५७५ | ९५.२८ |
| ०७०/०७१ | ९०१ | ३६५ | ३४ | १ | ४०० | ५०१ | ९१.२५ |
| ०७१/०७२ | ७६९ | ३०५ | ४३ | ० | ३४८ | ४२१ | ८७.६४ |
| ०७२/०७३ | ६२८ | ३११ | ४५ | १ | ३५७ | २७१ | ८७.१२ |

*(महान्ययाधिवक्ताको कार्यालयबाट विभिन्न आ.व. मा प्रकाशित गरिएको वार्षिक प्रतिवेदन)*




माथिको तालिका नं. ३ को तथ्याङ लाई Bar Diagramमा प्रस्तुत गरिएको छ ।

समग्रमा: महान्यायाधिवक्ताको कार्यालयबाट प्रकाशित १० वर्षको वार्षिक प्रतिवेदनको तुलानात्मक अध्ययनबाट हातहतियार र खरखजाना सम्बन्धी मुद्दाको सख्या जिल्ला सरकारी वकील कार्यलयमा बढी रहेको पाइयो । सबै तहमा मुद्दाको लगत र कसुर ठहर संख्या वार्षिक रुपमा बढोत्तरी रहेको तथ्याङ्कबाट दखिन्छ । सुरु तहमा कसुर ठहर प्रतिशत बढी रहेको छ भने उच्च सरकारी वकील कार्यलयको कार्यसम्पादनलाई नियाल्दा मुद्दाको लगत तथा ठहर प्रतिशत कम रहेको देखिन्छ । माहान्यायधिवक्ताको कार्यलयसम्म आई पुग्दा यसको संख्या न्यून रहेको छ । सर्वोच्च अदालतसम्म आइपुगेको अवस्था तथ्याङ्कबाट नगन्य देखिन्छ । नेपालको संविधानको धारा १५२ को उपधारा (२) ले एक वर्ष भन्दा बढी कैद सजाय हुने फौजदारी कसुर सम्बन्धी मुद्दा अदालत वा विशिष्टीकृत अदालत वा सैनिक अदालत वा न्यायिक निकाय बाहेक अन्य निकायको अधिकार क्षेत्रमा नपर्ने व्यवस्था गरेको छ । यसैगरी उक्त संविधानको धारा ३०० को उपधारा (७) ले संविधान प्रारम्भ हुदाँका बखत अदालत बाहेक अन्य निकायमा विचाराधीन रहेका एक वर्ष भन्दा बढी कैद सजाय हुने फौजदारी कसुर सम्बन्धी मुद्दा संविधान प्रारम्भ भएपछि सम्बन्धित जिल्ला अदालतमा सर्ने व्यवस्था गरेको छ । सो अनुसार नेपालको संविधान जारी भएपछि हातहतियार र खरखजानामा भएको सजायको व्यवस्थाले तीमुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतको क्षेत्राधिकारभित्र परेको थियो । मिति २०७२/११/१३ मा केही नेपाल ऐन संशोधन गर्ने ऐन,२०७२ ले ती कसुरहरुमा एक वर्ष भन्दा कम कैद सजाय हुने गरेका कसुरहरुको सुरु कारबाही किनारा गर्ने प्रमुख जिल्ला अधिकारीलाई हुने र एक वर्ष भन्दा बढी कैद सजाय हुने कसुर संविधान बमोजिम सम्बन्धित जिल्ला अदालतलाई हुने अवस्था गरेको छ । यस्ता मुद्दाका अभियुक्तलाई तत्काल प्राप्त प्रमाणका आधारमा थुनामा राखी कारबाही गर्नुपर्ने व्यवस्था छ[५३] ।

[५३]हातहतियार खरखजाना ऐन २०१९, दफा २४क

कानुनमा भएका व्यवस्थालाई व्याख्या गर्ने कार्य अदालतको हो । सर्वोच्च अदालत अभिलेख अदालत समेत भएको र यस अदालतको फैसला वा आदेश सबैले पालन र कार्यन्वयन गर्नु पर्ने संवैधानिक व्यवस्था छ । हातहतियार र खरखजाना सम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट भएका निर्णयले कानुनको कार्यान्वयनमा एकरुपता, स्पष्टता समेत भएको देखिन्छ । विभिन्न समयमा सम्मानित सर्वोच्च अदालतले हातहतियार र खरखजाना सम्बन्धी मुद्दामा प्रतिपादित गरेका तथा निर्णयहरु देहाय बमोजिम रहेका छन् ।

**८.१ प्रभात कुमार कुशवाहा विरुद्ध नेपाल सरकार, ने.का.प. २०७१ अंक १०, नि.नं. १२६८**

फौजदारी कसुर जस्तो गम्भीर किसिमको अपराधमा तथ्ययुक्त एवं ठोस सबुद प्रमाणको अभावमा सहअभियुक्तले पोल गर्ने र सो पुष्टी नभएको र केवल हचुवाको आधारमा अभियोग लगाउने पक्षले अभियोग लगाएकै भरमा मात्र कसुरदार कायम गर्नु फौजदारी न्यायको सिद्धान्तको मर्म र भावनाविपरित हुने ।

**८.२ नेपाल सरकार विरुद्ध प्रविण मिश्र, ने.का.प. २०७०, अंक ८, नि.नं. ९०४२**

गाडीमा सवार भइरहेको अवस्थामा अभियोगपत्रमा उल्लेखित अवैध हातहतियारहरु बरामद भएको तथ्यलाई स्वीकार गरेको भए पनि अदालतमा बयान गर्दा सो गाडीमा आफूलाई अवैध हतियार रहेको भन्ने थाहा नभएको भनी उल्लेख गरेको देखिएको र निजलाई सो गाडीमा अवैध हातहतियार रहेको भन्ने कुराको जानकारी थियो भनी अन्य प्रतिवादीहरुले समेत भन्न नसकेको स्थितिमा अवैध हातहतियार राखेको गाडीमा चढेको कारणले मात्र निजले आरोपित कसुर गरेको भन्न नमिल्ने ।

**८.३ नेपाल सरकार विरुद्ध मनोरथ रिजाल, ने.का.प. २०४४ अंक २, नि.नं. २९८४**

प्रमुख जिल्ला अधिकारीलाई शुरु कारबाही किनारा गर्न तोकेको मुद्दामा प्रमुख अधिकारी स्वयं कार्यलयमा उपस्थित रहे भएको अवस्थामा निमित्त प्रमुख जिल्ला अधिकारीले आफ्नो इजलास कायम गरी बयान गराउन पाउने अधिकार कुनै कानुनले प्रदान गरेको देखिन्न ।

दायर भएको प्रहरी प्रतिबेदन दाबी नै खारेज हुने ठहरी निर्णय नभएसम्म इन्साफ दिनुपर्ने काम बाँकी नै रहन्छ । मुद्दामा कुनै एउटा कारबाही बेरित भएको कारणबाट वा कुनै कर्मचारीले आफूलाई प्राप्त नभएको अधिकार प्रयोग गरी बेरीतको कुनै काम कारबाही गर्दैमा वादीले दाबी लिएकोका कुरामा कारबाही किनारा नै हुन नपर्ने होइन । (प्रकरण नं १९)

**८.४ नेपाल सरकार विरुद्ध सोनु कुमार सिंह समेत, ने.का.प. २०७२ साल अंक ६, नि.नं. ९४२०**

हातहतियार बोकेर हिड्ने अपराध देशभर फैलिएको अवस्थामा अदालतले हलुका रुपमा लिएको भन्ने जस्ता आत्मगत तर्कहरु पुनरावेदनमा लिएको सन्दर्भमा विचार गर्दा न्यायसम्पादन कानुन बमोजिम कानुनले तोकेको प्रकृया अनुरुप कानुनी सिद्धान्तहरुले पृष्ठभूमिमा गरिन्छ । फगत कुरै कुराको संवेदनशिलताको आधारमा निर्णय सबुद प्रमाण र यसको परीक्षणबाट न्याय निर्धारित हुन्छ । अन्यथा बेकारको संवेदनशिलता देखाई बिना आधार परीक्षण गरी सजाय गर्दै

जाने हो भने सरकार निरङ्कुश हुँदै जाने र जनताको मानवअधिकार संकटमा पर्दै जाने अवस्था आउँदैन भन्न नसक्ने ।

**८.५ स.प्र.स.ह. महेन्द्रविक्रम शाहसमेत विरुद्ध नेपाल सरकार, ने.का.प.२०७०, अंक ४,नि.नं. ९१३९**

प्रतिवादीहरुले सरकारी गोलीगठ्ठा बिक्री गर्ने योजना र तयारी समेत गरेको देखिए पनि बिक्री गरिसकेको अवस्था नहुँदा ऐन बमोजिमको सजाय गर्दा चर्को पर्न जाने देखिंदा अ.व.१८८ नं. बमोजिम प्रतिवादीहरुलाइ पाँच वर्ष मात्र कैद हुने ।

**८.६ नेपाल सरकार विरुद्ध जोगेन्द्र मरिक यादवसमेत, स.अ.बु., २०७२ वैशाख २, मुद्दा नं ६८CR–०१२९**

बरामद भएका हातहतियार आफूहरुबाट बरामद नभएको भनी यी प्रत्यर्थी प्रतिवादीहरु जोगेन्द्र मरिक यादव र शिवजी भन्ने शिवनारायण भिनवार यादवले अनुसन्धान अधिकारी समक्ष र जिल्ला प्रशासन कार्यालयमा इन्कारी वयान गरेको अवस्था तथा प्रतिवादीहरुले आरोपित कसुर गरेको भन्ने तथ्यलाई संका रहित तवरले पुष्टि गर्ने किसिमका प्रमाण वादी पक्षले गुजार्न नसकेको हुँदा प्रतिवादीहरुलाई हातहतियार खरखजाना ऐन, २०१९ अन्तर्गतको कसुरमा सजाय गर्न मिल्ने नदेखिने ।

**८.७ नेपाल सरकार विरुद्ध सोविराम झाँकी, स.अ.बु. २०७३ भदौ १, मुद्दा नं २०६७–CR–०४९९**

कुनै व्यक्ति उपर कुनै कसुरको अभियोग लगाउँदैमा सो पयाप्त हुँदैन । सो कसुर गम्भीर हुने बस्तुनिष्ठ हुने ठोस आधार प्रमाण, वादी पक्षले पक्षले पेश गरेको हुनुपर्छ । प्रस्तुत मुद्दामा पक्षले लगाएको कसुर प्रमाणित हुने कुनै वस्तुनिष्ठ प्रमाण पेश वा दाखिल गर्न सकेको अवस्था नदेखिँदा निजले अभियोग दावीबाट सफाइ पाउने ।

**८.८ शुभराम बस्नेत समेत विरुद्ध महानगरीय प्रहरी परिसर हनुमानढोका, ने.का.प. २०७०, अंक १२, नि.नं. ९०९६**

अनुमति प्राप्त गर्ने जो कोहीले जुनसुकै समयमा जुनसुकै स्थानमा हातहतियार बोकेर हिड्ने अनुमति दिने हो भने समग्र समाजमा त्रासदीको वातावरण सृजना हुन गई नेपालको अन्तरिम संविधानले परिकल्पना गरेको कानुनी राज्यको अवधारणा नै ओझेलमा पर्न गई समाजमा अशान्ति र अव्यवस्था उत्पन्न नहोला भन्न सकिन्न । संविधानले प्रत्याभूत गरेको वैयक्तिक स्वतन्त्रताको हक निरपेक्ष हक होइन । सो हकलाई कानुनले यथोचित रोक लगाउन नसक्ने हुँदैन । त्यसैले नेपालको अन्तरिम संविधान, २०६३ को धार १२ को उपधारा २ मा कानुन बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रत अपहरण गरेको छैन भन्ने देखिन्छ ।

**८.९ नारायण कुमार तिमिलसिना विरुद्ध नेपाल सरकार समेत, ने.का.प. २०४७ अंक ११, नि.नं ४५२२**

अरुको जिम्मामा रहेको सरकारी हातहतियारको वदनियत चिताई दुरुपयोग गर्ने अभिप्राय लिएको देखिएकोले प्रहरी ऐन, २०१२ को दफा ३६ बमोजिम गठन भएको प्रहरी विशेष अदालतबाट भएको कैद सजायलाई सदर गर्ने गरेको अञ्चल प्रहरी विशेष अदालतको निर्णय कानुन बमोजिमको भएको देखिदा रिट निवेदन खारेज हुने ।

**८.१० जयदेव गहिवार विरुद्ध नेपाल सरकार, ने.का.प. २०३६, अंक ४, नि.नं. १२५७**

हातहतियार खरखजाना ऐन, २०१९ को दफा १२ मा व्यवस्था भए अनुसार खानतलासी गर्न स्थानीय अन्चलाधीशज्यूबाट कारण सहितको पर्चा खडा गरी खानतलासी गर्दा घर खानतलासी भएको देखिएन । खानतलासीको कार्य प्रमुख जिल्ला अधिकारीबाट अन्चलाधीशको अधिकार प्रत्यायोजन विना गरेको देखिएकोले उक्त कार्य अनधिकृत देखिन्छ ।

## ९. अध्ययनको नतिजा

हातहतियार खरखजनाको दश वर्षको विष्लेषणात्मक, तुलनात्मक र अदालतका कार्यहरुलाई समेत अध्ययन गर्दा जिल्ला तहमा यस्ता मुद्दाहरुको लगत संख्या बढी रहेको र कसुर ठहर प्रतिशत पनि बढी रहेको छ । उच्च सरकारी वकिल कार्यलयमा जिल्लाको तुलनामा उक्त मुद्दाहरुको लगत संख्या र कसुर ठहर कम देखिन्छ भने महान्यायाधिवक्ताको कार्यलयको कार्यसम्पादनमा यस किसिमका मुद्दाहरुको संख्या धेरै नै निम्न रहेको पाइएको छ । यस्ता मुद्दाहरुको बारेमा समयमा नै जनचेतना जगाई कानुन विपरितको क्रियाकलापलाई दण्ड सजाय हुने व्यवस्था गर्नु र तल्काल प्राप्त प्रमाणका आधारमा मात्र थुनामा राखी मुद्दा चलाउनु मात्र समस्यको समाधान नभई यस्था खालका कसुरलाई वैज्ञानिक तबरले नै खोज अनुसन्धान गरी अपराध गरेको अभियुक्तलाई अभियुक्त हो भनी प्रमाणित भए कानुनले निर्धारण गरे बमोजिमको सजाय गर्नु जरुरी देखिन्छ ।

## १०. निष्कर्ष

कानुनले तोकेको प्रकृया बाहेक हातहतियार वा खरखजाना बोकेर हिडने कार्य गैरकानुनी कार्य हो । हातहतियार वा खरखजानाको व्यवस्थापन विश्वव्यापी चुनौतीको रुपमा रहेको छ । नेपालको सर्न्दभमा हातहतियार वा खरखजानाको गैर कानुनी प्रयोगलाई राक्ने कार्य चुनौतीको रुपमा रहेको देखिन्छ । सो कार्य रोक्न तर्जुमा भई कार्यान्वयनमा आएको हातहतियार खरखजाना ऐन झण्डै ५४ वर्ष भइसकेतापनि यसको उद्देश्य अनुसार शान्ति सुरक्षा कायम गर्न र गैरकानुनी हातहतियार खरखजानाको प्रयोगको रोकथाम गर्न सकेको पाइदैन । हातहतियार वा खरखजाना सम्बन्धी कसुर मात्र नभई सोको प्रयोगले अन्य फौजदारी कानुनले निषेध गरेका कार्यहरु समेत गरेको परिपेक्ष्यमा यसलाई सोही बमोजिम हेरिनु पर्दछ । यसैगरी पछिल्ला सयमयमा देखा परेका नवीनतम् आपराधिक क्रियाकलाप गर्नमा हातहतियार र खरखजानाको प्रयोगको अवस्थालाई नियन्त्रण गर्न राज्य प्रशासन सचेत र सजग हुनुपर्ने देखिन्छ । हातहतियार र खरखजाना सम्बन्धी अपराध आफैमा अपराध हुँदै हो । साथै यसको सहारामा गरिने अपराध झनै गम्भीर हुने हुँदा त्यसतर्फ समेत ध्यान दिनु पर्दछ । यस सम्बन्धी गैरकानुनी गतिविधिले समाजमा शान्ति सुरक्षा कायम गर्न, कानुनी शासन र लोकतन्त्र संरक्षण र सुदृढीकरणमा समेत आघात पुग्दछ ।

**सन्दर्भ सामाग्री**


१. हातहतियार खरखजाना ऐन, २०१९
२. हातहतियार खरखजाना नियमावली, २०२८
३. नेपाल कानुन पत्रिकाका विभिन्न अंकहरु,सर्वोच्च अदालत
४. सर्वोच्च अदालत बुलेटिनका विभिन्न अंकहरु, सर्वोच्च अदालत
५. सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९
६. मुलुकी अपराध (संहिता), ऐन २०७४


❋❋❋